CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पु. सं. ५



अरुणोदय

नेपाली साहित्यिक त्रैमासिक

तीनधारा संस्कृत छात्रावास

दरबारमार्ग, काठमाडौं

वर्ष - ३५/३६ वि.सं. २०५७ संयुक्ताङ्क : ३,४,१,२,३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२७९ औं पृथ्वी जयन्ती

तथा

राष्ट्रिय एकता दिवसको उपलक्ष्यमा समस्त देशवासी दाजुभाइ तथा दिदीबहिनीहरूमा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

शाही नेपाल वायुसेवा निगम

परिवार

२७९ औं पृथ्वी जयन्ती

तथा

राष्ट्रिय एकता दिवसको उपलक्ष्यमा समस्त देशवासी दाजुभाइ तथा दिदीबहिनीहरूमा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

डावर नेपाल लिमिटेड

परिवार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्र·स·५ By K.P.Bhattarai Balmeeki Campus

अरुणोदय

नेपाली साहित्यिक त्रैमासिक

बर्ष - ३५/३६ वि.सं. २०५७ संयुक्तङ्क : ३,४,१,२,३

सम्पादक मण्डल
राजु सत्याल
ज्ञानप्रसाद आचार्य
शान्त खरेल

अरुणोदय सञ्चालक समिति
अध्यक्ष - विष्णुप्रसाद पन्थी
सचिव - नन्दऋषि जोशी
कोषाध्यक्ष - निराजन काफ्ले
सदस्य - भीष्मप्रसाद अर्याल
पदेन सदस्य - सम्पादक मण्डल

प्रकाशक
छात्र कार्य समिति
संस्कृत छात्रावास

संरक्षक
लीलानाथ पौडेल
प्राचार्य
वाल्मीकि विद्यापीठ

कार्यालय
तीनधारा संस्कृत छात्रावास
दरवारमार्ग, काठमाण्डौ
फोन नं. : २२३८८४

कम्प्यूटर एंव मुद्रण :
श्रीरामकृष्ण प्रिन्टर्स
पुतलीसडक, काठमाण्डौ
फोन : ४३०७३२

मूल्य : व्यक्तिको लागि रु. ५०/- संस्थाको लागि रु

ऐतिहासिक समूह छात्र स्थापनाकालदेखि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४५०७५८

सम्पादकीय

साहित्यले समाजका यावत् पक्षहरूलाई कलात्मक ढाँचामा उतारेर सत्यतथ्यलाई प्रसारित गर्दछ । समाजका घटनाक्रमको प्रतिच्छाया साहित्यमा मुखरित हुन्छ । समाज अनेक मानवीय पक्षसँग सम्बन्धित हुन्छ। मानवीय सूक्ष्म विश्लेषणमा साहित्य रम्दछ । सिर्जना स्वच्छ र सतत् कल्पनामा आधारित हुन्छ । सामान्य विषयलाई विलक्षण कल्पनाशीलताले प्राञ्जलित गराउनु साहित्यिक क्रिया हो । साहित्य अनन्त भावधार पनि हो, यो शाश्वत् र हृदयस्पर्शी बन्छ । जो कोही सहृदयीका मनमा साहित्यको प्रभाव प्रगाढ भइरहन्छ। त्यसैले पनि साहित्य सोझै समाज र सभ्यतासँग जोडिएको हुन्छ । "रामादिवत् प्रवर्तितव्यं न रावणादिवत्" भन्दै साहित्यले नैतिक पक्षलाई आधार बनाएको हुन्छ, संरचना र व्यवहारसँग मितेरी लगाएको हुन्छ। समय र सन्दर्भका आधारमा साहित्यको रचनात्मक शैली र ढाँचामा फरकपन देखा पर्नसक्छ तर यसको प्रयोजन सदैव कल्याणकारी र जागरणमूलक हुन्छ । साहित्यको अभीष्ट सर्वदा सत्यं, शिवं र सुन्दरं नै हुने गर्दछ ।

नेपाली साहित्यको अखण्ड शृङ्खलाबद्ध सिन्धुप्रवाहमा अनेकन् प्रभावयुक्त झरनाहरू मिसिन आएका छन् तथापि एउटा गौरव र साखको कुरा हाम्रो सनातन मान्यता, सभ्यता र वैज्ञानिक सामाजिक संरचना र व्यवहारले हाम्रो चिन्तनधारालाई विश्वसामु आदर्शयुक्त र अनुकरणीय बनाएको छ । सिर्जनात्मक काल्पनिकतामा रचनात्मक र सभ्यतामूलक विषयवस्तुलाई सुव्यवस्थित गर्नुले हाम्रो साहित्य थप जीवन्त बन्न पुगेको छ । कल्पना अराजक बन्न सक्छ तर चेतना र सिर्जना सदैव शाश्वत् र नैतिकवान् हुन्छ । त्यसैले यस्तै चेतना र सिर्जनात्मकताको संगमको रूपमा साहित्यलाई चिनाउन प्रौढ व्यक्तित्व र समसामयिक तीव्रचेतनशील सर्जकहरूको साझा चौतारी बनेर 'अरुणोदय' प्रस्तुत भएको हो । सिंगो पूर्वीय वाङ्मय र समग्र नेपाली साहित्यिक भाण्डागारको संमृद्धि र सौभाग्यमा पूर्णरूपेण समर्पित ऐतिहासिक धरोहर तीनधारा संस्कृत छात्रावासमा अध्ययनरत छात्रहरूको समूह 'छात्र कार्य समिति' को साहित्यिक त्रैमासिक प्रकाशन 'अरुणोदय' आफ्नो स्थापनाकालदेखि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आजसम्म विशुद्ध साहित्यिक खुराकका साथ साहित्यानुरागी भावकहरूको अपार माया र असीम सद्भावसँगै लामो एवं गौरवशाली इतिहास निर्माण गर्न समर्थ भइरहेको छ।

'अरुणोदय' सिर्जनशील छटाहरूलाई माझेर हाम्रो सभ्यता र व्यवहारिकतामा देखिएका किञ्चित् विश्रृङ्खलतालाई प्रष्ट्याउन सक्षम हुँदै आएको छ। प्रकाशन र जागरणको अर्को अर्थ विचलन र विकारलाई निमिट्यान्न पार्दै र कल्पनालाई अझ व्यापक बनाउँदै जीवन्त सभ्यतालाई परिपोषण गर्न अग्रसर हुनु पनि हो। यस्तै अभूतपूर्व अभीष्ट र संकल्पप्राप्तिमा 'अरुणोदय' तप्त रश्मिको तीक्ष्ण रापतुल्य नेपाली साहित्यिक क्षितिजमा आफ्नो अविरल प्रवाहसँगै समर्पित हुँदै आएको इतिहास विज्ञ पाठकहरूसमक्ष जगजाहेर नै छ र यसले भोलिका दिनमा समेत आफ्नो भूमिका र गाम्भीर्यलाई थप अग्रगामी तुल्याउँदै जानेछ भन्ने कुरामा हाम्रो दृढ विश्वास छ। साहित्यका आधारभूत विधाहरू समेट्न सफल 'अरुणोदय'को ऐतिहासिक धरातल बजारमा छ्याप्छ्याप्ती प्रकाशित अन्य पत्रिकाहरूको भन्दा नितान्त पृथक् र गौरवशाली छ। तसर्थ इतिहासको कालखण्डमा असंख्य अवरोध र प्रताडनाका बावजुद हरदम स्वतन्त्रता र सिर्जनशीलताको पक्षमा स्वतः स्फूर्त विचारहरू प्रवाहित गर्दै वर्तमानसम्म आइपुगेको 'अरुणोदय'लाई आगामी दिनमा समेत विगतको झैं विज्ञ पाठकहरूको न्यानो ममता र अपार सद्भावमा कुनै कमी आउने छैन भन्ने पूर्ण विश्वास लिएका छौं।

अन्तमा 'अरुणोदय' प्रकाशनार्थ आफ्ना अमूल्य लेख-रचनाहरू प्रदान गरी हामीलाई सहयोग गर्नुहुने सहृदयी लेखकवृन्दप्रति हामी सदैव आभारी छौं। यसैगरी आर्थिक सहायता प्रदान गर्नुहुने संघ संस्था एवं व्यक्तित्वहरूप्रति पनि हामी कृतज्ञता प्रकट गर्दछौं। यसका साथै 'अरुणोदय'लाई यस रूपमा पाठकसमक्ष ल्याउन सहयोग पुऱ्याउने आत्मीय मित्रहरू रुद्र मिश्र, डिल्लीराम उपाध्याय, शंकरमणि नेपाल, अवतार सुवेदी, गोपाल रिजाल, मेघनाथ रिमाल, कृष्णहरि कोइराला, उत्तम ढुङ्गाना, राजु रिमाल, राजु सिंह तथा अन्य साथीहरूलाई हृदयदेखि धन्यवाद दिँदै भविष्यमा समेत यस्तै प्रकारको अनन्य सहयोगको अपेक्षा गर्दछौं ।

अस्तु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषय सूची

	शीर्षक	लेखक	पेज
	लेख/समालोचना/खोज		
१)	श्रीकृष्ण र भागवतको प्राचीनता	सं.डा.स्वामी प्रपन्नाचार्य	२
२)	नाटक र रङ्गकर्मका समस्या र समाधानका ...	डा. केशवप्रसाद उपाध्याय	६
३)	साहित्यकार विश्वेश्वरप्रसाद कोइरालाः विशिष्ट ...	प्रा.डा. हरिप्रसाद शर्मा	९
४)	संस्कृत शिक्षाको परम्परा	डा.राजाराम सुवेदी	१९
५)	संस्कृत र यूरोपेली भाषाका शब्दहरूको ...	मोदनाथ प्रश्रित	२८
६)	बौद्ध र वैदिक दर्शनका केही समान ...	डा. काशीनाथ न्यौपाने	३१
७)	गण्डकीक्षेत्र साझापना र समन्वयको भूमि	डा. टीकाराम पन्थी	३८
८)	आधुनिक समालोचनाः परिचयात्मक आलेखन	डा. दुर्गाप्रसाद अर्याल	४१
९)	अरुणोदयःप्रत्येक नयाँ कार्य र नयाँ चिन्तन	डा. तुलसी भट्टराई	४६
१०)	वेदमा शक्ति (देवी) उपासना वा नारीको ...	प्रा.डा.ऋषिराम पोखरेल	४८
११)	नेपालको राष्ट्रिय जीवनमा तीनधारा ...	डा. भूपहरि पौडेल	५०
१२)	पहेंलो गुलाफ	उप प्रा. नवराज कट्टेल	५९
१३)	कालीदासीय सिर्जना मेघदूतः एक दृष्टि	विष्णुप्रसाद पन्थी	६३
१४)	एघारवटा मन्त्रालय भए पुग्छ	डा. जयराज आचार्य	६६
१५)	नाटक वर्गीकरणका आधारहरू	शेषनाथ पौडेल	६८
१६)	फ्रायड र यौन सिद्धान्त	ज्ञानप्रसाद आचार्य	७३
१७)	आफैंलाई उपदेश	"गाउँले" बलदेव अधिकारी	७८
१८)	जादूमय रहस्यकी अपार भण्डार गंगाजी	चिन्तामणि भट्टराई "उदपुरे"	७९
१९)	शतपथ ब्राह्मण परिचय	रुद्रप्रसाद मिश्र	८१
२०)	नृत्यको उत्पत्ति	हरिप्रसाद लुईटेल	८४
२१)	संस्कृत शिक्षा	लेशमणि दहाल"शशी"	८५
२२)	पूर्वमीमासा परिचय	रामप्रसाद रिमाल	८६
२३)	सिद्धान्त ज्योतिष र यसको विलक्षणता	नेत्रप्रसाद अधिकारी	८७
२४)	मेरो देश नेपाल	रामचन्द्र अधिकारी	८९
२५)	आजको कान्तिपुर	नारायण खतिवडा	९१
	कविता/गीत		
२६)	अरुणोदय	जनकविकेशरी धर्मराज थापा	१
२७)	बाबुको वेदना	प्रा.घनश्याम कँडेल	९२
२८)	पृथ्वी	प्रा.डा. अभि सुवेदी	९३
२९)	तरुणवयसी	दैवज्ञराज न्यौपाने	९५
३०)	सन्ध्या	भुवनहरि सिग्देल	९५
३१)	...प्रेमको के कुरा	पीताम्बर शर्मा दहाल	९६
३२)	प्रण	देवीप्रसाद सुवेदी "देवराज"	९७
३३)	खानेछ जिन्दगी सारा ईर्ष्या र अभिमानले	अच्युतरमण अधिकारी	९७
३४)	फूलको बस्ती उजाड बनेपछि	इश्वरबल्लभ	९८
३५)	कुहिरोको घुम्टो	सुस्मिता नेपाल	९८
३६)	जल्जला लेक मेरो	जगन्नाथ रेग्मी	९९
३७)	अखण्ड आस्थाको उपासना	कृष्ण ज्ञवाली	१००

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३८)	रमेश पातालतिरै विलायौ	कोषराज न्यौपाने	१०१
३९)	सक्दिन विसंन नेपाल आमा	रमेश खकुरेल	१०१
४०)	गाउँ फेरियो रे !	प्रभा भट्टराई	१०४
४१)	व्यङ्ग्यका चार टुक्रा	प्रल्हाद पोखेल	१०४
४२)	विजया दशमी	लक्ष्मीप्रसाद रिजाल	१०४
४३)	म देश निम्ति लड्दछु	नन्दऋषि जोशी	१०५
४४)	युवा	श्यामराज सुवेदी	१०५
४५)	तिमी आज	आनन्द घिमिरे	१०५
४६)	माटो	अवतार सुवेदी	१०६
४७)	शारदी ! तिमी योद्धा बन	यदु पन्थी	१०७
४८)	प्रिये म जान्छु जान द्यौ	शिवराज सुवेदी	१०८
४९)	वर्तमानका विद्यार्थी	सुयोग श्रेष्ठ	१०८
५०)	मलाई मन पर्छ	दीपकराज घिमिरे	१०८
५१)	यो कस्तो मिलन हो	कृष्णहरि कोइराला	१०९
५२)	शहीद	केशवप्रसाद घिमिरे	१०९
५३)	गरीवको कोखमा हजुर जन्म लिन पुगें	रेवती निरौला	११०
५४)	नेपालको प्राकृतिक वर्णन	फनेश्वर शर्मा काफ्ले	११०
५५)	मान्छे यरियरिका	पीताम्वर लम्साल	११०
५६)	दशैं	गणेशप्रसाद घिमिरे	१११
५७)	तिमी	राजु रिमाल	१११
५८)	मेरो कवितामा "म"	अच्युतप्रसाद रेग्मी	११२
५९)	के लेखौं कविता	वलराम दाहाल	११२
६०)	कर्मठ नेपाली	वालकृष्ण पौडेल	११३
६१)	गौरीको मृत्युमा कविको वेदना	गोविन्द दाहाल	११३
६२)	विद्यार्थी साथीहरू	धीमन्तराज न्यौपाने	११४
६३)	म	अधुरो ज्योत्स्ना	११४
६४)	साक्षात्कार	प्रकाश "बाबु" निरौला	११५
६५)	म के गरुँ	बोधराज अधिकारी	११५
६६)	आयामै छ वसन्तको तर यहाँहिमन्त पो आउछ	मुकुन्दप्रसाद लामिछाने	११६
६७)	मायाको सम्झना कुर्कुरे वैशमा	खेमराज ओझा	११६
	कथा/लघु कथा		
६८)	प्रधानको भतिजो	नारायण ढकाल	११७
६९)	उज्यालोको खोजी	सनत रेग्मी	१२०
७०)	कस्तो न्याय ?	डा. वद्री पोखरेल	१२१
७१)	निम्मो	रमेश तूफान	१२३
७२)	विद्याप्रताप	अतुलराज पौडेल	१२५
७३)	अनायासै वर्षिएका भावनाहरू	रामचन्द्र ढकाल	१२७
७४)	परिस्थिति	चेतनाथ अधिकारी	१२९
	नाटक/चिनारी/टिपोट		
७५)	शास्त्रीय टिपोट	हरिराज अधिकारी	६५
७६)	ऐतिहासिक नाला शहर	दीपक शर्मा दाहाल "निशान"	१३०
७७)	उपहार	लक्ष्मी "निराला"	१३३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अरुणोदय

- जनकविकेशरी धर्मराज थापा

अरुणोदयको पहिलो झुल्का
पर्दा हिमचुली मस्कियो
झुल्का देखी उल्का लागी
यो कवि पनि ता झस्कियो ।

*

यस्ता झुल्का धेरै आए
धेरै धेरै अस्ताए
कर्म नगर्ने धर्म नगर्ने
धेरै जनता पछुताए ।

*

यो अरुणको पहिलो झुल्को
पूर्वीय दर्शन छर्ने हो
धरती सेवक कृषकहरूका
शून्य भकारी भर्ने हो ।

*

लहलह झुल्छन् पुतली झुल्छन्
फूलका थुंगा-थुंगामा
अरुणोदयले भरदछ बुट्टा
कुँदै ढुङ्गा-ढुङ्गामा ।

*

अरुणोदयको ज्योति समाते
म पनि पुग्छु धरतीमा
जीवनभारी यतै विसाई
हृदय मिलाई पिरतीमा ।

*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीकृष्ण र भागवतको प्राचीनता

✍ सं. डा.स्वामी प्रपन्नाचार्य
राजपरिषद् स्थायी समिति

'कृष्णस्तु भगवान्' भागवत महापुराणले भगवान् श्रीकृष्णको वारेमा भगवत्ता सिद्ध गरिसकेको छ । अरु अवतारहरू पन्द्रहकलाका छन् भने भगवान् कृष्ण सोरहकला पूर्ण छन् । भागवतले कृष्णलाई रसिक विहारी सिद्ध गरेको छ भने कतै 'रास' नै सिद्ध गरेको छ । कतै चांहि 'रासभः' सिद्ध गरेको छ । यी प्रकरणहरू विश्लेषण गर्नु भन्दा पूर्व भागवतको 'रासपञ्चाध्यायः' मननपूर्वक स्वाध्याय गर्नुपर्ने हुन्छ । यहाँ विचार गर्दा रसिक विहारी शब्दमा परेको 'रसिक' शब्दले रसको आस्वादन लिनेलाई 'रसिक' भनिन्छ भने आफैं 'रास' कसरी हुन सक्छ ? तर श्रुतिले स्पष्ट गरेर 'रसो वै सः' भनेको छ । एक पाइला अगाडि बढेर 'रसतम एव' पनि भनिएको छ । त्यसैले उही नै 'रस' हो भने त 'रस्यते आस्वाद्यते इति रसः' जसको आस्वादन गर्छौं त्यही नै रस हो । तर यहाँ पनि प्रश्न हुन्छ, 'रसनया आस्वाद्यते वा नयन कर्णाभ्याम् ?' जिब्रोले लिने रस हो कि आँखा र कानले लिने रस हो ? उत्तरमा भन्दछन् जिब्रोले लिने अन्नादि परिपाकका षड्रस हो भने आँखा र कानले लिने नवरस हुन् । शास्त्रले नवरसलाई श्रवणपुटपेय भन्ने गरेको छ । दुवै प्रकारले घटित हुँदा 'रस एव रासः, रसानां समूहो रासो वा' लाई नै रास हो भन्ने एक पक्षका व्याख्याकार छन् भने अपर पक्षकाले 'रसानां समूहो रासः' अर्थात् समग्र रसहरूको समूह नै रास हो भनेका छन् । 'रासेन भातीति रासभः' जो रससमूहले व्यक्त हुन्छ त्यसलाई 'रासभ' भनिन्छ । यहाँ 'रासभ' शब्दले गर्धव भन्ने भ्रम पनि हुन सक्छ । तर रुढ अर्थ र व्युत्पत्तिलभ्य अर्थ हुन्छ भने नाम सादृश्य र व्युत्पत्ति सादृश्यमा प्रकरणार्थ वलवान् हुन्छ । जस्तै 'सैन्धवम् आनय' वाक्यमा सिन्धु देशमा हुने घोडा र नून दुवै हुन् र दुवैको प्रकृति र व्युत्पत्ति एकै प्रकारले हुन्छ । तर यात्राको प्रकरण अथवा प्रसङ्ग छ भने घोडा ल्याउने । भोजन भान्सा आदिका प्रकरण छ भने 'नून' ल्याउनु पर्ने हुन्छ । यस्तै 'रासभः' आदि पदहरूमा अर्थ गर्नु पर्ने तर यहाँ कृष्णलाई रसिक र रासभ शब्दहरूले सम्बोधित गर्नु उचित नै देखिन्छ भने 'रास' त लीला विशेष हो । जो रङ्गमञ्चमा प्रस्तुत गरिन्छ । नाटकका पात्र अलग हुन्छन् भने नाटक हेर्नेहरू अलग हुन्छन । 'रास' लीला अर्थात नाटक हो । स्वयं सूत्रधार अनि पात्रविशेष भएर रासलीला गर्नु पर्ने हुन्छ । त्यसैले 'रसतम एव रासः' रसतम नै रास हो भन्ने वाक्यांश कसरी अर्थसङ्गतीकरणमा आउँछ त ? यस विषयमा आचार्य धरणीधरले भागवत टिप्पणीमा 'तत्सृष्ट्वा तदेवानुप्राविसत्' भन्ने श्रुतिलाई घटाएर सुन्दर समाधान गरेको छ ।

उदाहरणको लागि हेर्नुहोस् कुनै मिस्त्री वा बडई कलाकारले फल्याक लकडीको सुन्दर डेक्स, मेच, कुर्सी आदि बनाएर विक्री गर्ने गर्छ अथवा आफूले उपयोग गर्छ । तर उ स्वयं कुर्सी, मेच , डेक्स आदिमा अनुस्यूत अर्थात् व्यापक भएर वस्न सक्दैन । तर सर्वशक्तिमान परमेश्वर आप्तकाम आत्माराम भएको हुनाले आफैं सृष्टि गर्छ र आफैं व्यापक रुपमा प्रवेश पनि गर्छ । यही भगवान्को भगवत्ता र सर्वशक्तिमत्ता पनि हो ।

त्यसैले कृष्ण आफू स्वयं रास रचाउने र आफै स्वयं रसहरूको समूह मिलेर 'रास' हुने गर्छ । उपनिषद्मा-

कृषिर्भूवाचकशब्दः नरुच निर्वृतिवाचकः ।
तयोरैक्यं परंब्रह्म कृष्ण इत्यभिधीयते ॥
(गो.पू.उ. १पृ.५९१)

सम्पूर्ण चराचर जगत्लाई उत्पादन गर्ने 'कृ' को अर्थ हो । आधा 'ष्' को अर्थ पालना गर्नु हो । 'न' को अर्थ 'निर्वृति' माने मोक्ष हो । अर्को शब्दमा भन्दा सत्व, रजस् र तमस् नै 'रास' हो र गुणत्रयको साम्य अवस्था प्रकृति हो । जो 'सृष्टि' हुनुमा प्रकृति र विकृति भई विघर्षण उत्पादनको हेतु र अभिन्न निमित्तोपादान कारण नै कृष्ण हो भन्दछन् प्राज्ञजन । यसैलाई गोपाल-उत्तरतापिन्युपनिषद्मा यस प्रकारले व्यक्त गरेको छ ।

एको देवः सर्वभूतेषु गूढः सर्वव्यापी सर्वभूतान्तरात्मा ।
कर्माध्यक्षः सर्वभूताधिवासः साक्षी चेता केवलो निर्गुणश्च ॥
(गो.उ.ता.उ. १८)

विचित्रै कुरा छ । उ एकै देव सम्पूर्ण चराचरमा गूढरुपले सर्वव्यापी सम्पूर्ण प्राणीहरूको अन्तरात्मा शुभाशुभ कर्मको अध्यक्ष, फेरी साक्षी, चेता र केवल निर्गुण भइकन पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सर्वभूतहरुमा वास गर्ने उनै कृष्ण हुन् । यही नै रस समूह हो भने रसहरूको समूहले रास हुनु आश्चर्यको कुरा होइन । यस्तो मधुर श्रवणपुटपेय भागवती कथा श्रीमद्भागवत महापुराण, पुराणहरू मध्ये ज्यादै प्रचलित र लोक विख्यात पुराण हो । व्यासको नाममा कुनै अज्ञात पुराण विशेषज्ञ कविले भागवतको रचना गरेको हो । तर वोपदेवले रचना गरेको चाँहि होइन । किनभने वोपदेवको रचनाशैली र ऐतिहासिक काल मिल्दैन । मुग्धवोधव्याकरण आदिका रचयिता वोपदेव वि.सं. १३ वां शताब्दीमा विद्यमान थिए भने भागवतको दशवां स्कन्धको उद्दरणहरू वि.स. दशौं, एघारौं तथा वाह्रौं शताब्दीका ग्रन्थहरूमा उल्लेख पाइन्छ । त्यसैले वोपदेवको रचना होइन भन्ने इतिहास सिद्ध भइसकेको छ । यस विषयलाई अगाडि वढाउने आवश्यक्ता देखिदैन ।

यहाँ भागवत पुराणले प्राचीन हुने कुरामा विद्वानहरूले भागवतको उद्धरण कहाँ-कहाँ कसले दिएका छन् भन्ने प्रमाणहरू प्रस्तुत गर्नु नै युक्तिपूर्ण ठानेर प्रस्तुत गरिदैछ । ताकि विद्वानहरूको यस विषयमा अझ खुलस्त विचार प्रस्तुत होस् । तर शोधखोजपूर्ण हुनु पर्छ । यो भन्दा पूर्व पनि वलदेव उपाध्याय, पं. माधवाचार्य आदि विद्ववानहरूले आ-आफ्नैढङ्गले विचार र गवेषणाहरू प्रस्तुत गरेका छन् । यी सवै भारतीय विद्वानहरू हुन् । नेपाली विद्वानहरूले अहिले सम्म पौराणिक कथा र पौरोहित्यमात्र गर्दैछन् । गवेषणा र शोधखोजसम्ममा पुगेका छैनन् ।

यहाँ भागवतको निर्माणकालको वारेमा विचार गर्दा बलदेव उपाध्याय र प्रसिद्ध भागवत वक्ता स्वामी अखण्डानन्द आदिले भागवत पुराणको स्थिति वि.सं. आठवां शताब्दी सम्म पुऱ्याएका छन् । उपर्युक्त दुवै पुराणका आधिकारिक विद्वान थिए । तर इतिहास पक्ष र शोधखोज तथा गवेषणा पक्ष दुर्वल थियो । प्रसिद्ध अद्वैत दार्शनिक आद्यशङ्कराचार्यका बाजे गुरु गौडपादाचार्य सातवां शताब्दीको उत्तरार्धमा विद्यमान थिए । गौडपादाचार्यले 'पञ्चीकरणव्याख्यान' भन्ने ग्रन्थमा भा.पु.प्र.स्क.तृ.अ. १।१ को 'जगृहे पौरुषं रुपम् ... ... ' भन्ने श्लोक प्रमाणस्वरुप उद्धृत गर्नु भएको छ । अर्को उत्तरगीताको टीका पनि गौडपादाचार्यके बताउँछन् । त्यसमा भा.पु.१०।१४।४ को 'श्रेयः श्रुतिं भक्तिमदस्य ते विभो ... ... ' भन्ने श्लोक उद्धरण दिनु भएको छ । त्यसैले श्रीमद्भागवत पुराण वि.सं. आठवां शताब्दी भन्दा पूर्व नै लेखिएका थिए । त्यसैले गौडपादको समय सम्म भागवतले ख्याति प्राप्त गरिसकेको थियो भनेर वलदेव आदिले लेखेका छन् ।

परन्तु शोधखोज गर्दै लैजाँदा 'पञ्चीकरण' को व्याख्यान गर्ने र उत्तरगीतामा टीकालेख्ने वि.स. १५ शताब्दीका अर्के गौडपादा निक्ले । यो गौडपादाचार्य गुर्जरप्रान्तको जूनागढका क्षत्रियकुलका थिए । प्रमाणका लागि महाराजा हरिसिंहका हस्तलिखित पुस्तकालय हरिपुर हजारा हिमाचल प्रदेश, पुरानो हस्तलिखित पुस्तकालय, पुरानो राजदरवार टिहरी गढवाल, तथा गायकवाड, हस्तलिखित पुस्तकालय आदिमा प्राप्त हस्त लिखित पुस्तकहरूवाट प्राप्त प्रमाणहरूले भागवतको प्रमाण दिने अथवा उद्धरण दिने आद्य गौडपाद होइन अपितु अर्के गौडपाद रहेछ भन्ने प्रष्टै बुझिएको छ । ती पुस्तकालयहरूमा पाइने 'पञ्चीकरणव्याख्यान' र 'उत्तरगीताटीका' मा यस्तो लेखिएको-'द्राविडक्षात्रियपुङ्गवेन गुर्जर-प्रान्तीयजूनागढवास्तव्येन श्रीमद्गौडपादाचार्येण कृतं पञ्चीकरणव्याख्यानं समाप्तम्' भनेर ग्रन्थसमाप्तिको अन्तिम पुष्पिकामा लेखेको छ ।

यस्तै अर्को 'द्राविडक्षात्रियपुङ्गवेन जूनागढवास्तव्येन श्रीमद्गौडपादाचार्येण कृतमुत्तर गीताव्याख्यानं समाप्तम्' भनेर लेखेको छ । तर यसमा 'गुर्जरप्रान्तीय' भन्ने शब्द छैन । अरु सवै समानरूपमा उल्लेख भएको छ । त्यसैले गौडपादाचार्य दुइटा थिए र पछिका गौडपादाचार्यले 'पञ्चीकरणव्याख्यान' र 'उत्तर गीताटीका' लेखेका रहेछन् भन्ने वुझिन्छ ।

तर छापिएका पुस्तकहरूमा 'गुर्जरप्रान्तीय र जूनागढवास्तव्य' पद छैन । त्यसैले उपर्युक्त ग्रन्थहरूको टीका र व्याख्यान लेख्ने गौडपाद उत्तरकालिक अर्के गौडपाद हो भन्ने निश्चय प्रमाण प्राप्त भए पछि भागवतको उद्धरण आद्य गौडपादाचार्यले लेखेको होइन भन्ने कुरा प्रष्ट छ ।

नत्र वेदान्त सम्वन्धी प्रकरणहरू भागवतमा थुप्रै छन् । आद्य गौडपादाचार्यले आफ्नै रचना 'माण्डूक्यकारिका' मा पनि भागवतको उद्धरण दिनु पर्ने हो, किन दिएनन् ? गौडपादाचार्यले त के नाती चेला आद्यशङ्कराचार्यले पनि भागवतको उद्धरण प्रमाणरूपमा कतै उद्धृत गरेका छैनन् । त्यसैले भागवतको अस्तित्व प्राचीन हो भनेर सिद्ध गर्न चाहनेहरूले उपयुक्त प्रमाणहरूमाथि पनि दृष्टिपात गर्ने पर्ने हुन्छ । शोधखोज

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भनेको शोधखोज नै हो ।

अर्को ध्यानमा राख्नुपर्ने कुरा के छ भने 'गौडपादीयवृत्ति' वाराणसीबाट प्रकाशित भएको छ । माथि कारिका र तल वृत्ति लेखिएको छ । गौडपादाचार्यको 'कारिका' माथि 'गौडपादीय वृत्ति' लेखेको छ । यस 'वृत्ति'मा पनि १६ शताब्दीका प्रसिद्ध विद्वान स्वामी स्वयंप्रकाशानन्दले 'इति श्री गौडपादीयवृत्तौ श्रीमत्परमहंस परिव्राजकाचार्य स्वयम्प्रकाशानन्द सरस्वती कृतायां मिताक्षरायां चतुर्थप्रकरणम्' भनेर लेखेका छन् । यस प्रकरणमा गौडपादका 'कारिका' माथि 'वृत्ति' लेख्ने गौडपादाचार्य आद्य गौडपादाचार्य होइन वि. सं. १५ शताब्दीका गौडपादाचार्य हुन् र त्यस गौडपादीय वृत्तिमाथि स्वामी स्वयम्प्रकाशानन्द सरस्वतीले 'मिताक्षरा' टीका लेखेका थिए ।

अत एव वि.सं सातौं शताब्दीका गौडपादाचार्य भन्दा भिन्न वि. सं. १५ शताब्दीका गौडपादाचार्यले 'गौडपादीय वृत्ति' लेखेका थिए भन्ने प्रमाणहरूले श्रीमद्भगवत महापुराणको स्थिति वि.सं. दशवां शताब्दीको हो भन्ने जानकीशरणदासले 'भागवत कालनिर्णय' भन्ने ग्रन्थमा उल्लेख गर्नु भएको छ। यसको अतिरिक्त ११ शताब्दीका माध्वाचार्य र १०१७ वि.सं. का रामानुजाचार्य आदिले भागवतका श्लोकहरू उद्धरणमा दिएका छन् । त्यसैले भागवत रचनाकाल जे होस् तर वि. सं. नवमा शताब्दीतिर विस्तारै ख्यातिमा आउँदै थिए होला । त्यसैले दशवां शताब्दीदेखि यताका विद्वानहरूले भागवत्का प्रमाण दिएका छन् । तर आद्य गौडपादाचार्यका समयमा भागवत थिएन भन्ने प्रमाणहरूले प्रष्ट पारेका छन् ।

१- यति मात्र होइन अपितु स्वयं भागवत भित्रको अनुशीलन गर्दा पनि भागवत अत्याधुनिक देखिन्छ । अठारह पुराणहरुको शैलीगत अनुशीलन र गवेषणा गर्दा १७ पुराणहरूको शैली एउटै छ, तर भागवत नवीनतम काव्य शैलीमा लेखिएको छ ।

२- भागवतको पञ्चम स्कन्ध पूरा ८ शताब्दीका वाणभट्टको कादम्बरी र हर्षचरितको गद्यशैलीमा ढालिएको छ ।

३- अरु पुराणहरूमा अनुष्टुप छन्दमा लेखिएका श्लोकहरूको संस्कृत विभक्ति ज्ञान हुनेले अर्थ सजिलै लगाउन सक्छन् भने भागवतमा अनुष्टुप छन्दमा लेखिएका श्लोकहरूको अर्थ गर्न निकै ठूला पण्डितहरूलाई पनि हम्मे पर्छ ।

४- अरु पुराणहरूमा अनुष्टुप छन्दमा मात्रै पुराण रचना भएका छन् भने भागवतमा काव्य-महाकाव्यात्मक छन्दहरू प्रयोग भएका छन् । उदाहरणका लागि नरकुटक, शार्दूलविक्रीडित, स्रग्धारा आदि छन्दहरू लिन सकिन्छ । यति मात्रै होइन अपितु क्लिष्ट भन्दा क्लिष्ट शब्दजाल फिंजाएको देखिन्छ ।

५-भागवतको द्वादश स्कन्धमा गुरुण्ड र गुरुण्डिका आदि अत्याधुनिक शब्दहरू प्रयोग भएका छन् । ईस्वी सन् १५ शताब्दी तिर अंग्रेज भारतमा आएको हो । गुरुण्ड र गुरुण्डिका शब्द अंग्रेजहरूलाई प्रयोग गरेको पाइन्छ । यस्ता धेरै आधुनिक प्रक्षिप्त शब्द र विषयहरूले भागवतको रचनाकाल ९ र १० शताब्दीतिर मानेका हुन्, तर बलदेव उपाध्याय आदिका कथन हास्यास्पद देखिन्छ । यस्ता सन्देहजालमा माकुराले जाल बुने जस्तै भए ता पनि भागवतको प्रतिपाद्य विषय लीलानायक श्रीकृष्ण नै हो । भागवतमा ज्ञान, भक्ति, वैराग्य, आदि विषयहरूमा प्रधान भक्ति नै प्रतिपाद्य विषय रहेको छ । भक्ति पनि दुई प्रकारका छन् । जसलाई वैधी रागानुगा शब्दले व्यवहार गरिन्छ । भागवतको भक्ति रागानुगा भक्ति हो । रागानुगामा प्रधान रासलीला नै हो ।

यसरी पुराणहरूकै प्रतिपाद्य विषय भागवतमा पनि प्रतिपादित गरेको छ । सर्ग, विसर्ग , वंश मन्वन्तरादि पञ्चलक्षण घटित यस पुराणमा अरु पुराणहरू भन्दा कृष्णलीला विशेष प्रतिपाद्य भएको छ । भगवान् कृष्णले आद्यशक्ति राधासँग लीला गरे जस्तो रसिक विषय अरु पुराणहरूमा छैन । यस भागवत भित्र अद्वैत , विशिष्टाद्वैत आदि सिद्धान्त पनि दार्शनिक रुपमा प्रतिपादित भएको छ । त्यसैले भागवतका संस्कृत भाषामा १८ वटा टीका प्रकाशित भइसकेका छन् भने हस्तलिखित पुस्तकालयहरूमा अप्रकाशित टीकाहरू थुप्रै पढ्न पाइन्छन् । अब भक्तिवेदान्तप्रभुपाद (स्कोन) को माध्यमबाट भागवतको प्रचार हिन्दूहरूमा मात्र सीमित नरहेर विश्व विख्यात साहित्य भइसकेका छन् । यसरी आज भन्दा पाँच हजार वर्ष पूर्व भगवानको रचना काल वि. सं. नवौ शताब्दी भन्दा पूर्व अन्तः प्रमाण र वाह्य प्रमाणहरूले जान दिएका छैनन् पुराण र साहित्यका उद्भट विद्वानले व्यासको नाममा रचना गरेको भएता पनि 'यद्दैष्णवानां धनम्'को सट्टामा 'विश्वेषां धनम् ' भइसकेको छ भागवत। पुराणहरूमा शिरोमणि भागवत आज जहाँ जहाँ स्कोन पुगेको छ ती सबै देशहरूमा भागवतको प्रवचन कृष्णलीला र भक्तिको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपपादन वेल्जियम, फ्रान्स, इङ्गल्याण्ड, जर्मन, स्विजर ल्याण्ड आदिमा स्वयं लेखकले नै सुन्ने सौभाग्य पाएको प्रसङ्ग झलझलति याद छ। तर भागवत आधुनिक वैज्ञानिक युगमा पनि नेपाल भारतमा मात्रै नभएर विश्वलाइनै प्रभावित पार्न पुगेका संस्कृत भाषामा लेखिएका अद्भुत पुराणरत्न हो भन्नुमा अत्युक्ति हुने छैन। फेरि पनि आज पनि यसको विषयमा योग्य विद्वानहरूले शोध खोज गरीनै राखेका छन् किनभने जतिजति भागवतको प्रचार हुदै जान्छ उति उति आलोचना प्रत्यालोचना हुन स्वभाविकै हो भने शोध खोज जिज्ञासा र अवुझ शठहरूवाट निन्दा चुकली पनि स्वभाविकै हुने कुरा हो तर सुनको परीक्षा आगैमा हुन्छ। आगो नभई सुनको सुनपना कसरी जान्न सकिन्छ त ? हिन्दूधर्म र हिन्दूत्वको प्रतिपाद्य भगवत्ता हजारौ होइन अपितु लाखौं वर्ष देखि आलोचना र प्रत्यालोचनाका कसौटिहरूमा कसिदै खरा कञ्चन सुन भएर विश्व सामु आज पनि उभिएकै छ र आफ्नै स्वरूपमा छ।

सुनहावाले उड्दैन। हावाले उड्ने त धुलो मात्रै हो। यसरी भगवान श्रीकृष्णको लीलामृत वर्षा गर्ने श्रीमद्भागवत महापुराणलाई आस्तिक र नास्तिक दृष्टिकोणले दुवै पाटालाई वरावर घाम दिइराखेता पनि यसको उज्यालो पाटा भने अत्यन्तै चहकिला देखिन्छन् तर भागवतको प्राचीनतामा भने विद्वानहरूको गवेषणा छँदैछ र भइरहनु पर्छ। सुन हो भने कसौटीवाट डर वा धर्मर गर्ने आवश्यकता छैन। यो मेरो भागवतमाथिको सानो दृष्टिकोण राख्नाले दुवै धारामा कसौटी लाग्ला र वस्तुसत्यको स्वाद आउला भन्ने ठानेको छु। यो सानो लेख यहीं टुङ्गयाउँछु।

इत्यलं पल्लवितेन।

२७९ औं पृथ्वी जयन्ती

तथा राष्ट्रिय एकता दिवसको उपलक्ष्यमा

समस्त देशवासी दाजुभाइ तथा दिदीबहिनीहरूमा

हार्दिक मंगलमय शुभकामना

व्यक्त गर्दछौं।

हेमराज ज्ञवाली

अध्यक्ष, तथा

कान्तिपुर पब्लिकेशन्स प्रा. लि.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नाटक र रङ्गकर्मका समस्या र समाधानका उपायहरू

✍ डा. केशवप्रसाद उपाध्याय

नाटक साहित्यको दृश्यभेद अन्तर्गत पर्ने लोकप्रिय काव्यविधा हो। यो अभिनयात्मक हुन्छ र यसलाई रङ्गकला भनिन्छ । त्यसैले यसको प्रस्तुतीकरणका लागि रङ्गमञ्च र रङ्गकर्मीहरूको आवश्यकता पर्छ भने त्यसको अवलोकन गर्ने प्रेक्षकवर्गको आवश्यकता पनि पर्छ । नाटकसँग रङ्गमञ्च, रङ्गकर्मी र प्रेक्षकवर्ग सम्बन्धित हुन्छन् भने नाटककार पनि सम्बन्धित हुन्छ भन्ने बिर्सनु हुँदैन । यसरी नाटक रङ्गकला हो भने यो सामूहिकता कला हो र यसको आयोजना सामूहिक अनुष्ठानका रूपमा हुन्छ । महाकवि कालिदासले चाक्षुषयज्ञं (मालविकाग्निमित्रम्, १:४) भनेर नाटक एक पवित्र सामूहिक धार्मिक अनुष्ठान हो भन्ने संकेत दिएका छन् ।

नाटकलाई कहीँ 'लोकवृत्तको अनुकरण' र कहीं 'त्रैलोक्यको भावानुकीर्तन' भन्ने भरतले यसबाट धर्मार्थीलाई धर्म कामार्थीलाई काम, अर्थार्थीलाई अर्थ र उद्विग्न चित्त भएकाहरूलाई धैर्य प्राप्त हुन्छ भन्ने विचार व्यक्त गरेर (ना.शा. १: १०७/१०८) यसको महत्त्व दर्शाएका छन् । नाटकले जीवनको यथार्थलाई प्रत्यक्षरूपमा आँखाका सामु प्रस्तुत गर्दछ, यसले जीवनको यथार्थ देखाउनका साथै जीवनमा परिवर्तन वा सुधारको आवश्यकता छ भन्ने संकेत गर्छ, यसले जीवन किन सुखद् वा दुःखद् हुन्छ त्यो देखाउँछ, यसले सत्यको साक्षात्कार गराउँछ र जीवनबारे सोच्न प्रेरित गर्दछ , यसले जीवनका दैनिक रापतापबाट उत्पन्न मानसिक तनावबाट मुक्ति दिन्छ र मनोरञ्जन प्रदान गर्छ ... ... ।

नाटक रङ्गकर्म हो र रङ्गकर्म भनेको रङ्गमञ्चमा रङ्गकर्मी वा नटनटी (अभिनेता-अभिनेती) द्वारा गरिने नाट्यकर्म हो । रङ्गकर्म वा नाट्यकर्म नटनटी (अभिनेता-अभिनेत्रीद्वारा रङ्गमञ्चमा सम्पन्न गरिने अभिनयकर्म हो तापनि यसमा सूत्रधार, स्थापक वा निर्देशकको संलग्नता अपेक्षित हुन्छ । रङ्गकर्म रङ्गमञ्चविना सम्भव नहुने र रङ्गकर्मविना नाटक सार्थक नहुने हुँदा नाटकको प्रस्तुतिका लागि कुनै न कुनै प्रकारको रङ्गमञ्चको आवश्यकता पर्दछ । रङ्गशिल्पीको सहयोग पनि अपेक्षित रहन्छ । फेरि रङ्गकर्म वा नाट्यकर्मका लागि नाट्यकृतिको आवश्यकता त अनिवार्य हुने भइहाल्यो । यसरी नाट्यविधामा नाटककार, नाट्यकृति, रङ्गमञ्च, रङ्गकर्म, रङ्गशिल्पी, निर्देशक र प्रेक्षक सबैको सहकारी भूमिका हुने गर्दछ ।

रङ्गकर्म वा नाट्यकर्म सामूहिक कर्म भएकाले यो सामूहिक प्रयासबाट जन्मेको हो र यो सामूहिक प्रयासबाट जीवित, विकसित र समृद्ध बन्न सक्छ। वास्तवमा रङ्गकर्म राष्ट्रिय संस्कृतिको एक महत्वपूर्ण र मूल्यवान् अङ्ग हो र यो राज्यकै चाख र चासोको विषय हो। विश्वको नाट्यसाहित्यको इतिहास हेर्दा जहाँ पनि जहिले पनि नाट्यविधा समाज र राज्यकै आश्रयमा संरक्षित रहेर विकसित हुँदै आएको छ ।

नेपाली रङ्गकर्म मूलतः भारतवर्षीय आदि नाट्याचार्य भरतमुनिकै रङ्गपरम्परालाई पछ्याएर आरम्भ भएको कुरो नेपालमा प्राचीनकालमा संस्कृतमा लेखिएका नाटकहरूबाट थाहा पाइन्छ । भरतको 'नाट्यशास्त्र' मा महादेव शिवको समक्ष नाट्यप्रदर्शन गरिएको र उनीबाट नाट्यसम्बन्धी निर्देशन पनि प्राप्त भएको चर्चा पाइनाले भारतवर्षमा पुराकालमा महादेव शिव नाट्यदेवता थिए भन्ने बुझिन्छ । नेपालमा प्रारम्भिक कालमा लेखिएका नाटकहरूको आदिमा नृत्यनाथको वन्दना गरिएको देखिन्छ र वास्तवमा यी नृत्यनाथ नटराज शिवकै प्रतिरूप हुन् भन्ने स्पष्ट छ । राजाहरू नाट्यप्रेमीमात्र नभएर स्वयं नाट्यलेखन अभिनय (रङ्गकर्म) मा संलग्न रहेकाले त्यस कालमा नाट्यलेखन र मञ्चन व्यापकरूपमा हुने गर्दथ्यो र यसरी राजा र राजदरबारको आश्रयले गर्दा त्यो काल नेपाली रङ्गमकर्मको स्वर्णकाल हुन पुगेको थियो । यस कालमा संस्कृत, नेवारी र मैथिली भाषामा नाटक लेखिने गर्दथे भने विविध भाषाहरूको प्रयोगले भरिएका बहुभाषिक नाटक पनि लेखिने गर्दथे र त्यस्ता नाटकहरूलाई खिचडी भाषाका नाटक भन्ने गरिएको छ ।

मल्लकालको अवसानका साथै मृतप्रायः हुन पुगेको हाम्रो रङ्गकर्म शाहकालको उदयको केही वर्षपछि सिंहप्रताप शाहका पालामा उनकी रानी र उनी स्वयंको सक्रियतावाट फारसी रङ्गपरम्पराको हिन्दी, उर्दू भाषाका नाटकको मञ्चनका साथ पुनर्जीवित भयो र राजदरबार एवं भारदारहरूको आश्रय पाएर गतिशील भयो । विक्रमी बीसौं शताब्दीको उत्तरार्धदेखि त्यस गतिशीलतामा तीव्रता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आयो। यस कालमा आरम्भमा नेपालका रङ्गमञ्चमा हिन्दी, उर्दूका नाटकहरूको बोलवाला रह्यो तर पछि नेपाली भाषामा लेखिएका नाटकहरूले तिनको स्थान लिँदै गए। रङ्गमञ्चीय गतिविधिले गर्दा यो समय नेपाली रङ्गकर्मको दोस्रो स्वर्णयुग हुन पुग्यो। यसकालमा नेपाली नाटक प्रायः अनूदित थिए र ती फारसी रङ्गशैलीका थिए। तिनमा गद्य-पद दुवै हुन्थे र गीत, संगीत र नृत्यको प्रचुरता हुन्थ्यो। तिनमा प्रायः प्रेम र भक्तिका विषय प्रस्तुत गरिन्थ्यो। तिनको उद्देश्य विलासी जनको मनोरञ्जन गर्नु र धार्मिक-आध्यात्मिक अर्ती र उपदेश दिनु थियो।

वि.सं. १९८६ मा बालकृष्ण समको 'मुटुको व्यथा'को प्रकाशनका साथ नेपाली नाट्यक्षेत्रमा आधुनिक युगको अवतरण भयो भने समको 'मुकुन्द-इन्दिरा' को मञ्चनका साथ मञ्चन वा रङ्गकर्मका क्षेत्रमा आधुनिकता आयो। वि.सं. २००७ सालमा प्रजातन्त्रको उदय भएपछि मुलुकमा यत्रतत्र रङ्गकर्मसम्बन्धी गतिविधि देखिँदै जान थाल्यो र सर्वत्र नेपाली भाषामा लेखिएका मौलिक नाटकहरूको मञ्चन गर्ने लहर चल्यो।

वि.सं. २०१७ मा प्रजातान्त्रिक संसदीय व्यवस्थालाई विस्थापित गरेर निर्दलीय पञ्चायती व्यवस्था स्थापित हुन गयो। पञ्चायतकाल नेपालको राजनीतिका निम्ति जे जस्तो दुर्घटनापूर्ण तथा दुःखद्-त्रासद रहे पनि रङ्गकर्मका लागि भने अनुकूल नै रह्यो। यस कालमा ठाउँ-ठाउँमा रङ्गशाला वा नाट्यशाला बने भने नयाँ-नयाँ नाटककारका विभिन्न धारा र प्रवृत्तिका नाटक लेखिएर मञ्चित पनि भए। ने.रा.प्र.प्र. द्वारा नाट्य महोत्सवको आयोजना हुन थाल्यो भने नेपाल साँस्कृतिक संस्थानका आयोजनमा पनि नाट्यमञ्चनको अटूट क्रम चल्यो। खास गरी विक्रमी वीसौं शताब्दीको तीसको दशक रङ्गकर्मको तेस्रो स्वर्णयुग हुन पुग्यो।

त्यसपछिका यताका वर्षहरू रङ्गमञ्चीय रङ्गकर्मका दृष्टिले शिथिलताका वर्षका रूपमा देखिएका छन्। नाटककार छन्, नाट्यगृह पनि छँदैछन् भने शिक्षण प्रशिक्षण प्राप्त नयाँ नयाँ रङ्गकर्मीहरू देखा पर्दैछन् र नयाँ नयाँ नाट्यसंस्था वा नाट्यसमूह पनि उदाएका छन् र उदाउँदै पनि छन्, तर विडम्बना के छ भने नाट्यगृहहरूमा नाट्यमञ्चनमा निरन्तरता देखिँदैन। हो, सडक नाटकको लहर भने देशभरि फैलिँदो छ। स्थायी वा अस्थायी रङ्गमञ्चमा रङ्गकर्मको निरन्तरता कायम नभएवाट प्रेक्षक र रङ्गमञ्चका बीच पूर्णतया सम्बन्ध विच्छेद नभएको भए पनि दुईका बीचको दूरी भने बढेको छ। सम्प्रति कुनै समयमा नाटकको आवश्यक अंगका रूपमा रहेको गीत, संगीत र नृत्यलाई केही होटलहरूले आश्रय दिएका छन् र कुनै कुनैले नाटकलाई पनि यदाकदा आश्रय दिने गरेका छन्, तर तिनमा जनसाधारणको पहुँच हुँदैन। यो नाट्यविधाका लागि सन्तोषजनक स्थिति होइन। नाटक सार्वजनिक विधा हो र यो समाजको संस्कृति झल्काउने सशक्त माध्यम हो। त्यसैले हामीले नाटक विधालाई जीवित र गतिशील तुल्याउन रङ्गकर्मलाई निरन्तरता दिनुपर्को छ र आफूमा नाटक हेर्ने संस्कार विकसित गर्नु परेको छ।

नाटक र रङ्गमञ्चको नङ् र मासुको सम्बन्ध हुन्छ र नाटकको परीक्षण रङ्गमञ्चमा नै हुने गर्दछ। आज नाटक र रङ्गमञ्चका बीच जुन दूरी आएको छ त्यसको कारण अनेक छन्, जस्तैः

१. रङ्गकर्मलाई प्रोत्साहित गर्न राज्य र समाजबाट जे जति सहयोग चाहिने हो त्यो त्यति मात्रामा नहुनु,
२. रङ्गकर्मीहरूमा रङ्गकलाप्रति प्रेम हुँदाहुँदै पनि त्यसमा मात्र लागेर आफ्नो र परिवारको भरणपोषण गर्नु सम्भव नहुनाले उनीहरू पर्याप्त आयआर्जन गर्न सकिने फिल्म वा टेलिफिल्मजगत्तर्फ पलायित हुनु,
३. स्तरीय र नाट्यगुणसम्पन्न रोचक एवं प्रभावकारी नाटक थोरै हुनु,
४. नाट्यशाला वा रङ्गमञ्च नगण्य हुनु र भएका नाट्यशाला वा रङ्गमञ्चको भाडा चर्को हुनाले सामान्य रङ्गकर्मी समुदायका लागि त्यो सुलभ नहुनु आदि।

यस समस्याको निवारणका लागि निम्नलिखित उपाय वाञ्छनीय छन्:

१. नाट्यलेखक तथा रङ्गकर्मी दुवैथरीलाई आवश्यक प्रशिक्षणका लागि नाट्यविद्यालय तथा नाट्यमहाविद्यालयको स्थापना गर्नु,
२. महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँ-गाउँमा नाट्यगृहको निर्माण गर्नु। यो काम सरकारी र गैरसरकारी दुवैबाट आर्थिक स्रोत जुटाएर गर्न सकिन्छ र त्यसका लागि स्थानीय रङ्गकर्मीहरूले उत्प्रेरकको भूमिका गर्नुपर्छ।
३. स्थायी रङ्गशालाको पर्याप्त व्यवस्था नभएसम्म अस्थायी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वा घुमन्ते रङ्गमञ्चको उपयोग गरी नाटकलाई नगरदेखि लिएर गाउँसम्म पुऱ्याउनु । यसका लागि रङ्गकर्मीहरूले कम्मर कसेर लागिपर्नु आवश्यक छ ।

४. मञ्चनका लागि सरल, सरस, गम्भीर, रोचक र प्रभावकारी, स्तरीय र उत्कृष्ट नाट्यकृतिको चयन गर्नु । किनभने यी नाटकले प्रेक्षकवर्गलाई रङ्गमञ्चतर्फ आकर्षित गर्दछ ।

५. नाटककारले प्रेक्षकको आयुवर्ग, ग्रहणशक्ति र रुचिलाई ध्यानमा राखेर नाट्यरचना गर्ने प्रयास गर्नु,

६. राष्ट्रिय नाट्यसंस्थाहरूसँग सम्बन्ध गाँसी रङ्गकर्मको आदान-प्रदान गर्नु ,

७. रङ्गकर्मीहरूलाई रङ्गकर्मबाट र नाट्यलेखकहरुलाई नाट्यलेखनबाट बाँच्न सक्ने परिस्थितिको निर्माण गर्नु,

८. रङ्गकर्मीहरूका लागि उपचार कोष खडा गर्नु,

९. नगरपालिका तथा गाउँ विकास समितिहरूले स्थानीय रङ्गकर्मी तथा लोक कलाकारहरूलाई उचित संरक्षण र सहयोग गर्नाका साथै रोजगारी दिएर प्रतिभा पलायन रोक्नेतर्फ ध्यान दिनु,

१०. लोकनाट्यको संरक्षण गरी त्यसलाई परिष्कृत पार्नु र आधुनिक प्रेक्षकका लागि रुचिकर तुल्याउनु,

११. मञ्चित नाटकहरूको दस्तावेज खडा गर्नु र रङ्गकर्मको इतिहास तयार पार्नु ,

१२. रङ्गकर्मीहरूको जीवनी तयार पार्नु,

१३. रङ्गकर्मीहरूलाई प्रशिक्षणकालागि वृत्तिको व्यवस्था गर्नु तथा तिनलाई पुरस्कृत र अभिनन्दित गर्नु आदि ।

प्राथमिक विद्यालय पौष्टिक आहार प्राप्त विद्यालयहरूमा पौष्टिक आहारको सदुपयोग गरी विद्यार्थी भर्ना र अध्ययन अध्यापनको विकास गरौं ।

प्राथमिक विद्यालय पौष्टिक आहार
परियोजना
शिक्षा तथा खेलकुद मन्त्रालय,
काठमाण्डौ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साहित्यकार विश्वेश्वरप्रसाद कोइरालाः विशिष्ट चिन्तक, स्रष्टा र शिल्पी

✍ प्रा.डा. हरिप्रसाद शर्मा

परिचय-

साधारण मानिसहरूको सोचाइ हुन्छ-जीवनको सार्थकता सुखोपभोगमा, फलप्राप्तिमा निर्भर रहन्छ। जीवन सार्थकताको पूर्ण अवस्था हो-राज्यशक्तिको निर्बाध परिचालन र सुखप्राप्ति तर विश्वेश्वरप्रसाद कोइरालाको जीवन-चिन्तन र व्यक्तित्वको ध्येय भने यी मान्यताहरूभन्दा ठीक विपरीत थियो । यिनी बीसौं सदीका एक विशिष्ट व्यक्तित्व थिए। यिनको व्यक्तित्वका विशेष गरी राजनीतिक, साहित्यिक र सामाजिक जीवन-धाराले हाम्रो राजनीति, साहित्य र समाज अनुप्रेरित थियो, छ र रहिरहनेछ ।

विश्वेश्वरप्रसाद कोइरालाको व्यक्तित्वका तीन जीवन-धारा अलग-अलग उद्देश्यद्वारा परिलक्षित थिए । कोइराला राजनीतिक जीवनमा विजय चाहन्थे। यस उद्देश्य-प्राप्तिका लागि यिनले सबैभन्दा उपयुक्त प्रजातान्त्रिक समाजवादी राजनीतिको बाटो अवलम्बन गरे र यसमा सफलता पनि प्राप्त गरे । कोइरालाले आफ्नो सामाजिक जीवनमा सत्सङ्ग, सदिच्छा, सत्य र न्यायलाई प्रमुख उद्देश्य स्वीकारेका थिए । यस उद्देश्य प्राप्तिका लागि यिनले सामाजिक जीवनमा मानसम्मान र मर्यादा, न्यायपरायणता, निस्वार्थता, अजातशत्रुता, सद्गुणको पहिचान र विस्तार तथा सार्थक जीवनको अभिप्रायलाई महत्त्व दिएका थिए । यस सामाजिक उद्देश्यमा कोइराला पूर्णतः सफल भएका छन्। कोइरालाका साहित्यिक जीवनको मूल ध्येय मानव-जिजीविषालाई कला प्रदान गर्नु हो। व्यक्तिको मनोवैज्ञानिक जीवनजगत् र चरित्र विश्लेषण, सामाजिक कुरीति र कुसंस्कारहरुको व्यङ्ग्यपूर्ण चित्रण, मानवतावादी विचार र चिन्तनको प्रतिपादन र आवश्यक कलासंयोजनका माध्यमबाट यिनले साहित्यमा मानिसको जीवनेच्छा अभिव्यक्त गर्ने सफलता पाएका छन् । तसर्थ विश्वेश्वर प्रसाद कोइरालाको व्यक्तित्व बहुश्रुत र बहुआयामिक थियो जसमा विराटता र व्यापकता पाइन्छ भने यिनको साहित्यिक व्यक्तित्व अझ दूरदृष्टिपूर्ण, नवीन, शाश्वत अनि प्रेरणाप्रद र अनुसरणीय पनि छ । यस अध्ययनमा कोइरालाको जीवनचिन्तनको सेरोफेरोमा यिनका विशुद्ध साहित्यसृजना र तटस्थ शिल्पकारिताको संक्षिप्त समीक्षा गरिएको छ । विश्वेश्वरप्रसाद कोइरालाको जीवन-चिन्तन नेपाल र नेपालीको निमित्त, अझ भनौं, मानवसमुदायकै निमित्त बर्बर तानाशाही व्यवस्था र हुकुमी शासनका विरुद्ध प्रजातन्त्र र मानवाधिकारको सर्वमान्य धर्मयुद्ध गर्न युद्धनीतिको पाठ सिकाउने कुशल अध्यापकको रुपमा विश्वेश्वरप्रसाद कोइरालाले आफ्नो सम्पूर्ण जीवन समर्पण गरे । पूर्वीय तथा पश्चिमी मानव चिन्तनलाई वर्तमान आधुनिक र परिवर्तनशील जीवन सापेक्ष रुपमा आत्मसात गर्ने कोइरालाको जीवनचिन्तन आध्यात्मिक र मानवतावादी भावनाद्वारा अभिप्रेरित थियो । यिनी एक सफल अध्यात्मवादी-मानवतावादी व्यक्ति, राजनीतिक, चिन्तक र साहित्य सर्जक मानिन्छन् ।

यहाँनिर स्पष्ट गर्नु पर्ने कुरा के छ भने सामाजिक तथा धार्मिक रुढ आदर्शमा विश्वास राख्ने व्यक्तिहरू कोइरालाको चिन्तनलाई नास्तिक दर्शनमा आधारित विचार भन्ठान्छन्। कोइरालाका राजनीतिक, सामाजिक, साहित्यिक अभिव्यक्ति प्रतिको आग्रही चञ्चुप्रवेश र यिनको नितान्त व्यक्तिगत चालचलन, रहनसहन, खानपिन र वेशभूषाको प्रभावपरक अवलोकनबाट यिनको जीवनचिन्तनप्रति आस्तिकता र नास्तिकताका निरर्थक प्रश्नहरु उठाइएका छन्। हो , कोइरालाको जीवनचिन्तन धर्मनिरपेक्ष र जीवन-सापेक्ष भएको हुँदा त्यहाँ ईश्वरीय आस्था अथवा अस्तित्व, अज्ञात वा अव्यक्त विषय र वेद-परलोकजस्ता परम्परागत धार्मिक वस्तुहरूको धर्मसापेक्ष स्वीकृति पाइदैन तर जीवनसापेक्ष रूपमा यिनले प्रकृति, मानवजीवन, सामाजिक सुधार तथा नेपाली धार्मिक प्रवृत्ति र सांस्कृतिक परम्पराप्रति प्रतिवद्धता प्रस्तुत गरेका छन् । कोइरालाका राजनीतिक विचार, साहित्यिक अभिव्यक्ति, सामाजिक धारणा, वैचारिक भेटवार्ता र सांस्कृतिक कथनहरूमा यिनको जीवन-चिन्तन अभिव्यक्त छ ।

कोइरालाले पूर्वीय तथ्य पश्चिमी राजनीतिक विचार,साहित्य, सङ्गीत र चिन्तनको अध्ययन तथा मर्मबोध गरेका थिए । मार्क्सको भौतिकवादी चिन्तन, डार्विनको विकासवादी दृष्टि, फ्रायडको मनोविश्लेषणात्मक पद्धति, गान्धीको सहृदयता, इमान्दारिता र आध्यात्मिक चेतनाबाट यिनको जीवन-चिन्तन अनुप्रेरित थियो। यिनले विसङ्गतिवादी र अस्तित्ववादी जीवनपद्धतिबाट पनि आवश्यक सङ्गत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वीकारेका थिए । प्राच्य ज्ञान, आधुनिक वैज्ञानिक विचार , प्रतीच्य चिन्तन र कलात्मक अनुभूतिको सह-सङ्गमबाट विकसित कोइरालाको जीवन चिन्तनमा नवीनता थियो र मौलिकता थियो । यिनले ईश्वरको अस्तित्व स्वीकारेका छन् तर प्रचलित अर्थमा होइन जस्तो कि हाम्रो नियतिको निर्माताको रुपमा होइन कोइरालाले ईश्वरलाई आध्यात्मिक अनुभवको साक्षीका रुपमा स्वीकारेका छन्, प्रकृतिको गहिराइभित्र देखेका छन्। यिनी विश्वास गर्छन्- "अनुभूतिमा ईश्वर विराजमान छन् । ईश्वर कवितामा हुन्छन्, ईश्वर सपनामा हुन्छन् । ईश्वरलाई विज्ञानको माध्यमले व्याख्या गर्न सकिदैन, मूर्त आकृतिमा देख्न सकिदैन। ईश्वर भन्नु एक आध्यात्मिक अनुभव हो।" हो, कोइरालाले हाम्रो धार्मिक भावना र आध्यात्मिक चेतनालाई जीवन-सापेक्ष रुपमा आत्मसात् गरे तापनि यिनले आत्माको अमरता, पुनर्जन्म, मानवजीवनमा आत्मा र कायको समन्वय तथा धार्मिक सहिष्णुताको सत्यता र अनिवार्यतामाथि विश्वास व्यक्त गरेका छन् । आत्मा अमर छ भन्ने आध्यात्मिक चिन्तनलाई जीवनमूलक रूपमा विस्तार गर्दै कोइरालाले 'मोदिआइन' उपन्यासमा मोदिआइन (महाभारत युद्धको एक मृत योद्धाकी श्रीमतीका आत्माको पुर्नजन्म पसल्नी) को चरित्रको वयान गरेका छन्। यिनको 'हिटलर र यहूदी' उपन्यासमा पनि मृत हिटलरको आत्माले ईश्वरसमक्ष आफ्नो कर्तव्य र गीता-आदर्शको सिङ्गो वयान गरेको छ । जीवनलाई सार्थक रूपमा गतिशील राख्न शरीर र आर्दश अथवा आध्यात्मपक्ष र भौतिकपक्ष अथवा आत्मा र कायको समन्वय अनिवार्य छ भन्ने कुराको कलापूर्ण नमूना 'सुम्निमा' उपन्यासले प्रस्तुत गरेको छ । 'हिटलर र यहूदी' उपन्यासमै कोइरालाले हिन्दू, इस्लाम र इसाई धर्मका बीच मानव-चिन्तनको सहिष्णुता र समन्वयको खोज पनि गरेका छन् । तसर्थ कोइरालाको जीवन चिन्तन सिद्धान्तको क्लिष्ट पदावली र व्याख्यान नभई व्यावहारिक सत्यता र उपादेयताको सहज अभिव्यक्ति मानिएको छ। यिनले आफ्नो चिन्तनमा सारपूर्ण मौलिकता भर्ने सफलता प्राप्त गरेका छन् ।

निश्चित उद्देश्यप्रति समर्पण कोइरालाका जीवन-चिन्तनको सार हो। चाहे राजनीतिक विचार अथवा व्यवहार होस् चाहे साहित्यिक क्षेत्र अथवा सामाजिक र पारिवारिक जीवन नै किन नहोस्-सच्चाइ र इमानदारितालाई कोइरालाले सर्वोच्च महत्त्व दिए । प्रजातन्त्र, राष्ट्रभक्ति, मानवधर्म , विश्ववन्धुत्व र साहित्यकलाप्रतिको सहज आकर्षण कोइरालाको जीवन-चिन्तनका राष्ट्रिय उपब्धिहरू हुन् । परम्परावादी अध्यात्मवादीहरू मृत्युपछिको मुक्तिको कल्पना गर्दछन् तर कोइरालाले यसमा विश्वास गरेनन्। यो भन्दा महत्वपूर्ण कुरा जीवनको मुक्ति खोजे र त्यो साझा मुक्ति सबैलाई सुम्पिदिए । कोइरालाको चिन्तन र व्यक्तित्व भन्नु भिन्न भिन्न कुरा होइनन्। यिनको चिन्तनकै प्रभाव र परिणाम यिनको व्यक्तित्व हो। यिनको राजनीतिक चेतना, साहित्य-साधना, सामाजिक पारिवारिक दृष्टि र व्यवहारहरू जसलाई हामी कोइरालाको व्यक्तित्व र यसको विकास - अन्तर्गत ग्रहण गर्दछौं सबै यिनको चिन्तनका सर्वसुलभ र सफल प्रयोगहरू हुन् ।

आस्तिक- आध्यात्मिक र मानवतावादी जीवनचिन्तनबाट अभिप्रेरित कोइराला नेपाल र नेपालीका राजनीतिक, सामाजिक तथा सांस्कृतिक मुक्तिका प्रतीक बनेका छन् , आधुनिक नेपाली साहित्यका कुशल स्रष्टा र तटस्थ शिल्पी सिद्ध भएका छन् । नेपालको हुकुमी शासन र आफूभित्रको क्यान्सर रोगका विरुद्ध एकैसाथ सङ्घर्ष गर्न पछि नहट्ने बौद्धिक र क्रान्तिकारी व्यक्तित्व कोइरालाका साहित्यिक आत्मस्वीकृतिहरूले कला- सौन्दर्य र साहित्यिक मर्मलाई आत्मसात् गरेका छन् ।

साहित्यकार कोइरालाका आत्मस्वीकृतिहरू -

एक राजनीतिक प्राणी र कलाकार कोइरालाले राजनीति र साहित्यका बीचमा स्पष्ट अन्तर्विरोध रहेको स्वीकारेका छन् । यिनका दृष्टिमा राजनीतिले नियमग्रस्त समाजलाई महत्त्व दिन्छ भने साहित्यले स्वतन्त्र व्यक्तिलाई महत्त्व दिन्छ । यिनको राजनीतिक व्यक्तित्वले सामाजिक समानता, व्यवस्था, तर्क, ऐन-कानुन,व्यवहार आदिलाई विषय-क्षेत्र चयन गरेको छ भने साहित्यिक व्यक्तित्वले नूतनता, अन्तः प्रेरणा, भावना र मनसायलाई जोड दिएको छ । कोइरालाको प्रष्ट स्वीकारोक्ति के छ भने मानिसमा दुई सहज वृत्तिहरू रहन्छन्-सामाजिक वृत्ति र आत्मिक वृत्ति । एउटा वृत्तिले व्यक्तिलाई समाजतर्फ आकृष्ट गर्छ र अर्को वृत्तिले आफूपट्टि आकर्षित गर्छ । एउटा व्यक्तिले दुई किसिमका अन्तर्विरोधी भूमिकाहरूको चयन वा निर्वाह गर्नुपरेको हुन्छ - सामाजिक सदस्य भएर समाजप्रति निर्वाह गर्नु पर्ने वफादारीको भूमिका र व्यक्ति भएर निर्वाह गर्नुपर्ने आफूप्रतिको वफादारीको भूमिका । साहित्यकार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कोइरालाका यी साहित्यिक स्वीकारोक्तिहरूको आधार यिनका स्वयंका अनुभवहरू हुन्। यिनले भनेका छन्-"म राजनीतिमा समाजवादी हुँ भने साहित्यमा अराजकतावादी हुँ।" त्यसैले कोइरालाका राजनीतिक व्यक्तित्वको उद्देश्य विजयेच्छा रह्यो। राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा राजनीतिक स्वतन्त्रता र आर्थिक समानताको विस्तार गरेर एक आर्दश कानुनी राज्यको संस्थापन गरी विजयेच्छा हासिल गर्नु यिनका राजनीतिक जीवनको प्रमुख ध्येय हो। साहित्यिक जीवनको कर्तव्य बोध गरेर कोइरालाले मानवजीवनको सर्वसम्मत नयाँ क्षितिजको उद्घाटन गरेका छन्। यिनी कलाकार अथवा साहित्यकारलाई हाम्रा व्यक्तिगत भावना र अनुभूतिहरुलाई विस्तार गरी हाम्रो बौद्धिकतालाई व्यापकता प्रदान गर्ने स्वतन्त्र व्यक्ति भन्ठान्छन्। कोइरालाले जिम्मेवार कलाकारका सामु कठोर शर्त पनि राखेका छन् - त्यो के भने कला-मान्यता, कला-धर्म, कला-शिल्प, कला-आदर्श, र कला-अनुशासनको अनुपालनको शर्त। साहित्यकार सामाजिक नियम र मर्यादाबाट मात्र उच्छृङ्खल हुनलाई स्वतन्त्र हुन्छ त्यस अवस्थामा मात्र जब ऊ आफ्नो नयाँ अनुभूति उसको अन्तश्चेतनाको नयाँ प्राप्ति र उसको भावनाको नयाँ खोजलाई कलाको उच्चकोटी गरी अथवा कला-सौष्ठवको सुन्दर आभूषणद्वारा पाठकले ग्रहण गर्न योग्य बनाएर ऊ समक्ष प्रस्तुत गर्न सकोस्। यस्तो महान् कलाकारप्रति कोइरालाको राजनीतिक चिन्तक र सामाजिक व्यक्तित्वको मुग्ध-कण्ठले आभार प्रकट गरेको छ ; यसको प्रशंसा गरेको छ-"संसारमा कुनै पनि व्यक्तिले नयाँ बाटो देखाउन सकेको छैन न गान्धीले सके न हिटलरले सक्यो। दुवै विरोधीका शिकार भए तर कलाकारले नयाँ बाटो देखाउन सक्छ नयाँ दिशा दिन समय लाग्छ। त्यो गर्न कलाकार मात्र सक्षम हुन्छ। सच्चा कलाकारका कोही दुश्मन या विरोधी हुदैनन्। तर कलाकारको स्वतन्त्रतामा राष्ट्रिय सम्मानको बहानाले आघात पार्न खोज्नु हुदैन। ठूला कलाकारले गरीबै भएर मर्नु पर्छ।"

साहित्यकार कोइराला "संगीत र भावनाको संमिश्रणबाट जन्मेको उच्चतम दर्शन " लाई साहित्य ठान्छन्। यिनका साहित्यिक अभिव्यक्तिहरूमा यिनै आत्मस्वीकृतिहरूको अनुपालन पाइन्छ। उदाहरणको लागि कलापूर्ण मूर्ति निर्माण गर्ने कलाकारले मूर्तिसँग बिल्कुलै सम्बन्ध नभएको पत्थरलाई कच्चा सामग्रीको रूपमा उपयोग गरेझैं साहित्यकार कोइरालाले पनि आफ्नो साहित्य-सृजनामा विषयको रूपमा सामाजिक-साँस्कृतिक र राजनीतिक विषयहरूलाई लिएका छन् तर त्यहाँ कोरा विषयहरूमा संगीत र भावनाको संमिश्रण गराई उच्चतम जीवन-दर्शन प्रस्तुत गर्ने लक्ष्य प्रतिपादित छ। कोइरालाका कथा, उपन्यास, निबन्ध र कविताहरूमा हामी यही कुराको सफल अभिव्यक्ति पाउन सक्छौं।

साहित्यकार कोइरालाको बनुप्रेरणा-

विश्वेश्वरप्रसाद कोइरालाको जन्म, शिक्षा-दीक्षा र राजनीतिक तथा साहित्यिक वातावरणको अनुप्रेरणाको मूलथलो वाराणासी नगरी रह्यो। जब कोइराला १३-१४ वर्षका थिए र ९-१० कक्षामा पढ्दै थिए, यिनी हिन्दी साहित्यका कवि र आलोचक शान्ति-प्रिय द्विवेदीको साहित्यिक सत्सङ्गमा पुगे। "हुने विरुवाको चिल्ला पात" भनेझैं कोइराला बाल-वयैदेखि प्रतिभासम्पन्न बालकको रूपमा परिचित थिए। यिनमा सृजनात्मक शक्ति छ र यसले प्रस्फुटित हुने वातावरण खोजिरहेको छ भन्ने कुरा द्विवेदीले बुझेका थिए। त्यसैले यिनले कोइरालाको साहित्यिक प्रतिभा अभिव्यक्त हुने चाँजो मिलाए, उपयुक्त बाटोको निर्देशन दिए। शान्तिप्रिय द्विवेदीकै सङ्गतले कोइरालाले काशीमा हिन्दी कविता साहित्यका मूर्धन्य व्यक्तित्वहरू-पन्त, प्रसाद र निरालाका कविता-प्रवृत्तिसँग परिचित हुने मौका पाए। त्यहाँ कोइरालाले हिन्दुस्तानका ठूला कला-सामालोचक राय कृष्णदाससँग परिचित हुने मौका पनि पाए। हिन्दी गद्यगीतका स्रष्टा राय कृष्णदास कवि र कथाकार पनि थिए। यिनको कथा 'अन्तःपुर का आरम्भ' बाट अनुप्रेरित भएर कोइरालाले प्रथम हिन्दी कथा 'त्यहाँ' (१९८७) र त्यसपछि 'पथिक'(१९८७),'आफैंले झैं' (१९८८) जस्ता कथाहरू लेखेका हुन् र गद्य गीतको अनुप्रेरणमा कोइरालाले हिन्दीमा 'बम्बई प्रति'(१९८७) प्रथम गद्य कविता (गद्य गीत) पनि लेखेका छन्। काशीमा द्विवेदीसँगको सङ्गतले कोइरालाले हिन्दीका कथासम्राट् प्रेमचन्दसँग पनि परिचय गर्ने अवसर पाए। यस अवस्थामा कोइरालाले लेखेका प्रारम्भिक कथा-कविताहरू प्रेमचन्दको सम्पादकत्वमा काशीबाट १९०६ देखि प्रकाशित हिन्दी मासिक पत्रिका 'हंस' मा प्रकाशित छन्। कलकत्ताबाट प्रकाशित हुने 'विशाल भारत' इन्दौरबाट प्रकाशित हुने 'वीणा' र पटनाबाट प्रकाशित हुने 'हिमालय' आदि मासिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पत्रिकाहरुमा पनि कोइरालाका प्रारम्भिक कथा लेखहरू जस्तै'भैया दाइ' (१९८८), 'जीवन-शक्ति' 'प्रेमको व्यवहार' (२००२) र 'होड' (२००३) आदि प्रकाशित छन् । काशीमा १३-१४ वर्षको उमेरमा शान्तिप्रिय द्विवेदीको सङ्गतमा वस्दाताकै कोइरालाले भारतीय साहित्य तथा चिन्तन र पश्चिमी साहित्य तथा चिन्तनको पनि अध्ययन गरे र अनुप्रेरित बने । यस अवस्थामा कोइराला साहित्यमा छायावादी-रोमाञ्चवादी र राजनीतिमा गान्धीको आदर्शवादी थिए तापनि यिनलाई समाजवादी राजनीतिक चिन्तक र अराजकतावादी साहितय सर्जक बनाउने काममा स्थान काशी र शान्तिप्रिय द्विवेदी व्यक्तिको अनुप्रेरणा अविस्मरणीय रहेको छ। शान्तिप्रिय द्विवेदीसँगको सङ्गतलाई कोइरालाले यसरी शब्द-वद्ध गरेका छन्-"साहित्यको उद्यानमा तिनताका म केवल भड्किइरहेको थिएँ । शायद अन्तश्चेतनमा त्यसको मनोरमतालाई अङ्कित गर्दै तर मलाई यो थाहा थिएन कि साहित्यमा पनि कलाको त्यस्तो नियम छ जसको अध्ययन हुन्छ र जसद्वारा मानिसको सौन्दर्य चेतना र संवेदनशीलता विस्तृत हुन्छ। ... ... शान्तिप्रिय द्विवेदीले मेरो हात समातेर साहित्यको उद्यानमा घुमाए; त्यहाँका फूलका क्यारीहरूसँग मेरो परिचय गराउँदै आफ्नो समालोचनात्मक विलक्षणताद्वारा तिनको कलात्मक गुण-दोष निरीक्षण गर्दै ... ... शान्तिप्रियको निर्देशनमा त्यसरी मैले साहित्यपट्टि पहिलो कदम चालें ।"

विश्वेश्वरप्रसाद कोइरालाको साहित्यिक व्यक्तित्व काशीको आवास, शान्तिप्रिय द्विवेदी र यिनीमार्फत भएको अन्य हिन्दी साहित्यकार तथा कला-समालोचकहरूसँगको सङ्गत अनि आफ्नै प्रतिभा, व्युत्पत्ति र अभ्यासको उपयोग र अनुशीलनबाट विकसित र प्रतिष्ठित बन्न गएको हो । साहित्यकै क्षेत्रमा पनि कोइराला एक युगान्तकारी कथा-प्रतिभा, सफल वैचारिक उपन्यासकार, सशक्त निबन्धकार र गद्य कवि अनि कुशल साहित्यचिन्तक समेत मानिएका छन् ।

कोइरालाको कथाकार व्यक्तित्व -

साहित्यका क्षेत्रमा विश्वेश्वरप्रसाद कोइराला सर्वप्रथम कथाकार हुन् । यिनले सङ्ख्याका दृष्टिले धेरै कथा लेखेनन् । यिनले प्रारम्भमा लेखेका चार हिन्दी कथा पाइएका छन् र जम्मा २६ नेपाली कथा यिनले लेखेका हुन् । यी कथाको माध्यमबाट विश्वेश्वरप्रसाद कोइराला नयाँ विषय, नयाँ युग-चेतना र नयाँ कलासौष्ठवका कथाकारका रूपमा प्रतिष्ठित बनेका छन् । आधुनिक नेपाली कथाको इतिहासमा नयाँ धाराको संस्थापन र विकास गर्न र उत्कर्ष प्रतिपादन गर्न कोइरालाको कथाकार व्यक्तित्व एक्लै सफल भएको छ ।

कोइरालाले कथा-लेखनका माध्यमबाट नेपाली कथामा व्यक्ति-मनलाई महत्त्व दिने परम्पराको सर्वप्रथम थालनी गरेका हुन् । हुन त त्यस भन्दा अगाडिको हिन्दी कथा-लेखन देखि नै कोइरालाले व्यक्तिको मनोवैज्ञानिक अध्यनलाई महत्त्व दिएका हुन् तापनि व्यक्ति-मनले नेपाली कथामा महत्त्व पाएको पहिलो क्षण कोइरालाको 'चन्द्रवदन' (१९९२) कथा हो । आधुनिक मनोविज्ञान-शास्त्री सिग्मण्ड फ्रायडको जीवन-चिन्तन अथवा मनोविश्लेषण पद्धतिको अनुप्रेरणामा नेपाली समाज सापेक्ष व्यक्ति मनले पहिलो पटक नेपाली कथा-कलामा अभिव्यक्ति हुने मौका पाएको शुभ-प्रभात थियो कोइरालाको 'चन्द्रवदन' कथा । कथाकार गुरुप्रसाद मैनालीले नेतृत्व दिएको परम्परागत सामाजिक कथानकमा नयाँ मनोवैज्ञानिक कथानकको चुनौती स्वीकारी कोइरालाले यो कथा लेखे । नेपाली कथा-साहित्यलाई कोइरालाले दिएका नयाँ मूल्यहरूको थालनी यही कथाबाट भएको छ ।

व्यक्तिको सामाजिक जीवन बाहिरै देखिने कुरा हो । यो पुस्तकको खुला पानाजस्तै सबैका अगाडि खुला हुन्छ । त्यसैले मानिसलाई उसको सामाजिक अथवा बाहिरी जीवनको अध्ययन गर्ने त्यति उत्सुकता रहँदैन जति उसको भित्री जीवनको जानकारी लिने उत्सुकता हुन्छ । मानिसको मानसिक अवस्थामा अथवा भित्री स्थिति बढी अदृश्य र रहस्यपूर्ण पनि हुन्छ जसलाई जान्ने जिज्ञासा मानिसमा बढी भन्दा बढी जागृत हुन्छ । कोइरालाले आफ्नो नेपाली कथा लेखनको थालनी 'चन्द्रवदन' कथाका माध्यमबाट व्यक्तिको रहस्यपूर्ण मनभित्र पसी पाठकको जिज्ञासालाई समाधान गर्ने कार्यको प्रथम पटक थालनी गरे । यिनको समग्र कथा-लेखनमा मूलभूत विशेषताको रूपमा यही प्रवृत्तिको विस्तार भएको छ । यस प्रवृतिको कलापूर्ण अभिव्यक्तिका दृष्टिले कोइरालाका 'शत्रु'(१९९५), 'प्रेम'पहिलो (१९९६), 'मधेसतिर'(१९९८), 'होड'(२००३), 'दोषी चश्मा' (२००५), 'कर्नेलको घोडा', 'पवित्रा' 'सखी', 'स्वेटर'(२००६) र 'श्वैत भैरवी'(२०२८) आदि कथाहरू उदाहरणीय छन् । यी कथाहरूमा नेपाली समाज-संस्कृति सापेक्ष व्यक्ति-पात्रका मनका अचेतन, चेतन, उपचेतन,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र इद, अहम तथा पराहम् तहबाट निःसृत प्रतिक्रियाहरूको विश्लेषण गरिएको छ । कथामा व्यक्तिमनको खोज र विश्लेषण कोइरालाका कथाको कथानक-सम्बन्धी प्रमुख विशेषता हो ।

समसामयिक सामाजिक युग-चेतना कोइरालाका कथाको अर्को प्रमुख विशेषता हो । यस दृष्टिले कोइरालाका कथाहरू यिनका समकालीन कथाकारका कथाभन्दा भिन्न र नवीन छन् । मैनाली, बालकृष्ण सम र पुष्कर शमशेरले आफ्ना कथामा केही मौलिक भिन्नताहरू दिन सके पनि यिनले तत्कालीन नेपाली समाजको सामाजिक र आदर्शवादी पवृत्तिलाई नै प्रमुख महत्त्व दिए तर कोइरालाका कथाले मानवतावादी युग-चिन्तनको सेरोफेरोमा समाजका गलत परम्परा, रुढीगत प्रचलन, धार्मिक - सांस्कृतिक कट्टरतालाई सामाजिक परिवेशका रूपमा स्वीकारेका छन् । कोइरालाका कथाभित्र पाइने मनोरोगी पात्रहरूको जीवनका पछाडि मूल कारक तत्त्वका रूपमा यिनै गलत सामाजिक प्रवृत्तिहरू विश्लेषित छन् । कोइरालाका प्रत्येक कथाले मानवतावादी जीवन-दर्शन प्रस्तुत गर्दछन् र सामाजिक कुरीति तथा विकृतिप्रति कलापूर्ण असहमति वा व्यंग्य जाहिर गर्दछन् । उदाहरणको लागि कोइरालाको कथा 'चनद्रवदन' की चन्द्रवदनको वैवाहिक जीवन सफल वा सुखमय बन्न सकेको भए उसको अचेतन मन नजिकको युवकतिर आकृष्ट हुने थिएन र उसले मनोरोगी बन्नु पर्ने थिएन । जात भात र सामाजिक आडम्बरको कारणले 'प्रेम' (पहिलो) कथाकी राजकुमारीको दमित यौन अचेतन विष्फोटक भएर अभिव्यक्त भएको छ । हाम्रो समाजका बाल-विवाह, अनमेल विवाह जात-भात र सामाजिक कट्टरताका परिणामको रूपमा 'मधेसतिर','विहा','कर्नेलको घोडा','पवित्रा','स्वेटर' र 'श्वेतभैरवी' आदि कथाका पात्रहरूको मानसिकताको अध्ययन गर्न सकिन्छ । हाम्रो समाजमा चाकरीप्रथाको बोलवाला नभएको भए र पुनर्विवाहको प्रावधान भएको भए 'मधेसतिर' कथाकी विधुवी र 'दोषी चश्मा' कथाको केशवराजले मनोरोगी बन्नु पर्ने थिएन । सामाजिक-सांस्कृतिक र धार्मिक कट्टरताका दुष्परिणामहरू हुन्- 'हरिदत्त' 'रिक्सावाले' 'श्वेतभैरवी' र 'बौलाहा' कथा ।

कोइरालाले सामाजिक असङ्गति र कुसंस्कारहरूलाई एक मनोवैज्ञानिक कथाकारका हैसियतले ग्रहण गरेका छन् । यिनका कथामा सामाजिक-सांस्कृतिक परिवेश घटनाको पृष्ठाधारको रूपमा रहन्छ , कथा-पात्रको मानसिकताको अनुप्रेरकका रूपमा रहन्छ तर मैनाली, सम र पुष्करका कथामा झैं सामाजिक घटनाका रूपमा रहँदैन । मानव-मूल्य र सम्मानलाई कथा विचारको रूपमा स्वीकार्दै कोइरालाले नेपाली समाज र संस्कृति- प्रभावित पात्रका मानिसिक र यौन मानसिक अवस्थाका सामान्य तथा असामान्य अवस्थाको चयन र विश्लेषण गरेका छन् । यस प्रवृत्तिलाई कथाकार कोइरालाको नेपाली समाज-सापेक्ष नवीन युग-चेतनाको कलापूर्ण अभिव्यक्ति मान्नु पर्छ ।

कथाकार कोइरालाको उल्लेखनीय नयाँ र मौलिक वैशिष्ट्य कला-सौष्ठव हो । साहित्यकार कोइरालाले आत्मस्वीकृतिमा स्वीकारेझैं शिल्पलाई बढी महत्त्व दिएका छन् । शिल्पको कारण यिनका कथा परम्परागत अझ भिन्न र नवीन बन्न सकेका हुन् । पत्थर अथवा चट्टान कुशल कलाकारको शिल्पको कारण सुन्दर मूर्ति बन्दछ । कोइरालाको कथाकारले व्यक्ति-मन र सामाजिक-साँस्कृतिक तथा राजनीतिक विषयका खस्रा चट्टानलाई कुशल शिल्पले आवेष्टित गरेको छ ।

कोइरालाले कथाको आकार-विस्तारमा विश्वास गर्दैनन् । यिनी आफ्ना समकालीन कथाकारहरूभन्दा छोटो कथा लेख्ने कथाकार हुन् । यिनले सरदर दुई दृश्य-विधानमा कथा लेखेका छन् । सरल, संक्षिप्त र अभिधात्मक अभिव्यक्तिमा व्यक्तिमनका जटिल भन्दा जटिल ग्रन्थिहरूको विश्लेषण र विमोचन कोइरालाका कला-सञ्चेतनाको अनुपम निष्ठा हो । यिनले कथा विधाको आधुनिक स्थापत्य कला राम्ररी बुझेका थिए । यिनका कथाको कुनै पनि पाठक आकारको लघुता, मनोवैज्ञानिक वास्तविकता, मानवीय सत्यता, संक्षिप्त, सघन र संप्रेषणीय प्रस्तुतिले गर्दा कथा पढिरहने इच्छाले व्याकुल हुन्छ । कोइरालाको कथा लेखनमा शिल्प सञ्चेतना सम्बन्धी मोहनी नै पाइन्छ जसले पाठकलाई निरन्तर मन्त्रमुग्ध पार्दछ, संवेदित तुल्याउँछ र आफूतर्फ आकर्षित गर्दै रहन्छ । कोइराला मानव जीवनलाई अथवा जिजीविषालाई कथाको माध्यमबाट अभिव्यक्त गर्न अधिक सफल भएका छन् ।

कोइरालाको उपन्यासकार व्यक्तित्व-

साहित्यकार कोइराला सफल मनोविश्लेषणवादी कथाकार जस्तै सफल विचारवादी उपन्यासकार हुन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यिनका उपन्यासमा मानव जिजीविषाले कुशल कला प्राप्त गरेको छ। कोइरालाको उपन्यास लेखन यिनका साहित्य-यात्राको उत्तरार्धको अभिव्यक्ति हो। यिनी जब राजनीतिक जीवनको उत्कर्षमा थिए यही अवस्थामा उपन्यास लेखे। यिनका उपन्यासमा जीवन-समस्या र जीवन चिन्तनले जुन सहज र उत्कृष्ट कलाकारीगरी प्राप्त गरेको छ त्यो उचाइ अन्य उपन्यासकारका उपन्यासहरूमा कमै पाइन्छ। कलामा नित्य नवीनता र विशेष मार्गदर्शनको अपेक्षा राख्ने कोइरालाले उपन्यासका माध्यमबाट यही सङ्कल्प पूरा गरेका छन्।

कथाको संक्षिप्त, स्वयंमा पूर्ण र सघन आकार-विस्तारमा विश्वास राख्ने कोइरालाले उपन्यास लेखनमा पनि यही प्रविधिको अनुपालन गरेका छन्। कोइराला लघु र मध्यम आकारका उपन्यासकार हुन् तर यिनका उपन्यासहरूले स्वयंमा पूर्ण सघन कला-कारीगरी प्राप्त गरेका छन्। २०१७ सालको राजनीतिक परिवर्तनपूर्व कोइराला उपन्यास लेखनमा प्रवृत्त भए भन्ने कुरा यिनी आफैंले स्वीकारेका छन् र 'हिटलर र यहूदी' उपन्यासलाई प्रथम औपन्यासिक कृति मानेका छन् तापनि पञ्चायती शासनको प्रथम दशक नै कोइरालाका उपन्यास लेखनको उर्वर र अन्तिम क्षण हो। यस अवस्थामा यिनी सुन्दरीजल जेलमा राष्ट्रिय राजनीतिक जीवन बिताइरहेका थिए। यही अवस्थालाई यिनले उपन्यास-लेखनको उपयुक्त क्षण स्वीकारे। यिनले जम्मा ६ वटा उपन्यासहरू लेखेका छन्। पहिलो उपन्यास 'तीन घुम्ति' (२०२५) हो र अन्तिम उपन्यास 'बाबु, आमा र छोरा' (२०४५) हो। यिनका अन्य उपन्यासहरू हुन्-'नरेन्द्रदाई' (ई.१९७०), 'सुम्निमा' (२०२७), 'मोदिआइन' (२०३६) र 'हिटलर र यहूदी (२०४०)। उपन्यासकार कोइरालाले मानव-जिजीविषालाई औपन्यासिकता दिने सन्दर्भमा मनोविश्लेषणात्मक चिन्तनमूलक र तर्कपूर्ण अभिव्यक्ति अङ्गीकार गरेका छन्। यिनका सम्पूर्ण उपन्यासमा मानवीय समस्या, नियति र चिन्तनलाई सर्वोपरि महत्त्व दिइएको छ।

कोइरालाको 'तीन घुम्ती' उपन्यासले नेपाली नारीको जीवनमा आइपरेको नियति-निर्दिष्ट तीन सङ्कटको अध्ययन गरेको छ। इन्द्रमाया यस उपन्यासमा ज्यादै विद्रोहीणी छे। प्रेमिका,भार्या र माताका घुम्तीहरू पार गरेर यसले विद्रोह गरेकी छे तर इन्द्रमायाले कुनै पनि अवस्थामा सहारा पाउँदिन। यति सम्म कि मातृत्वको अन्तिम प्राप्ति वोकेर घर छोडी हिंडेकी इन्द्रमाया असहाय नै देखिन्छे। यसैले 'तीन घुम्ति' ले नारी अस्तित्वको समस्याको अध्ययन गरेको छ र नियति-निर्दिष्ट समस्याहरूको झोरमा मानव जीवनको चित्रण गरेको छ। यिनको 'नरेन्द्र दाइ' उपन्यास मानव नियतिको सफल अभिव्यक्ति हो। यस उपन्यासमा यथार्थ घटना छ। नरेन्द्र, गौरी, र मुनरिया कसैको दोष छैन तर ती पूर्ण रूपले दोषभाजन भएका छन्, ती एक अर्कालाई बाँच्न पनि दिदैनन् र स्वयं पनि सुखी छैनन्। कसैलाई दोष दिन पनि सक्दैनन्। मानिसले आफूले गल्ती नगरे पनि यदि नियतिले निर्देशन गरेको छ भने त्यसले सजायको भागी बन्न पर्छ भन्ने कुरा यस उपन्यासबाट उद्घाटित भएको छ। आध्यात्मिक र भौतिक तत्त्वहरूको सहसङ्गममै मानवजीवन सार्थक बन्न सक्छ भन्ने विचार प्रतिपादनको निमित्त कोइरालाले 'सुम्निमा' लेखका हुन्। यस उपन्यासमा आर्य र आर्येतर संस्कृतिको बीचमा विमर्श प्रस्तुत गरिएको छ। यस उपन्यासमा चित्रण गरिएको राई सभ्यताले भौतिकवादी प्रवृत्ति र ब्राह्मण सभ्यताले अध्यात्मवादी प्रवृत्तिको प्रतिनिधित्व गरेका छन्। यस उपन्यासले मानिसलाई शरीर र आत्माको सङ्गम स्थल ठान्छ। 'सुम्निमा'को वैचारिक पक्षका सन्दर्भमा उपन्यासकारले स्वीकारेका छन् -"शुद्ध आदर्शले सामाजिक उन्नति-प्रगति गर्दैन किनभने त्यसको शरीर पक्ष निष्क्रिय रहन्छ। त्यसरी नै आदर्श (लक्ष्य) नै हुँदैन। जीवनको लागि तिनको समन्वय आवश्यक छ।" तर्कपूर्ण मनोवैज्ञानिक विश्लेषण र सुगठित कला-संरचनका माध्यमबाट मानव जीवनलाई अभिव्यक्त गर्नु 'सुम्निमा' उपन्यासको उपलब्धि हो।

कोइरालाको 'मोदिआइन' र 'हिटलर र यहूदी' उपन्यास गीता दर्शनमा आधारित छन्। 'गीता'- ले मानव-जीवनमा धर्म सापेक्ष उपदेश दिन्छ। धार्मिक भावनाले अभिप्रेरित भएर गीता पढ्ने व्यक्तिको लागि गीताको उपदेश आवश्यक कुरा होइन। धर्मनिरपेक्ष भएर 'गीता'को अवलोकन गर्दा त्यहाँ कर्तव्य-पालना र धर्म रक्षाको बहानामा अतिमानवीय शक्तिद्वारा अभिप्रेरित तथा निर्देशित मानव-संहार, मानवताको अपमान र हानिकारक युद्ध-विभीषिकाको दृश्य देख्न पाइन्छ। 'मोदिआइन' र 'हिटलर र यहूदी' उपन्यासले हामीलाई असल बन्ने औपन्यासिक सन्देश दिएका छन्। आफ्नो हैसियत नभुली मानिसले राम्रो काम गर्न र असल बन्न सके मानव-समाजमा शान्ति र समुन्नति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कायम गर्न सकिन्छ भन्ने कुरा यी उपन्यासको आशय देखिन्छ ।

'मोदिआइन'मा कृष्णको निर्देशनले अर्जुनलाई मानव-हैसियतमा रहन दिएन । जब अर्जुनले कृष्ण निर्देशित गीताको धर्म-सापेक्ष दर्शन र यिनको विराट् रूप सुने र देखे अनि अर्जुनको मानव-संवेदनले भरिएको हृदयमा दैवी शक्ति सवार भयो । अब अर्जुनको मानवीय हैसियत रहेन । ठूलो, वीर र विजयी बन्ने महत्त्वाकाङ्क्षाले यिनको असल गुणमाथि आक्रमण गऱ्यो । अर्जुनले गाण्डीवमा प्रत्यञ्चा चढाए । मानव इतिहासको सर्वसंहारक महाभारत युद्ध जुध्यो । परिणाम विस्फोटक र मानवताको लागि लज्जाजनक बन्यो । 'हिटलर र यहूदी' उपन्यासमा गीता-चिन्तनबाट अनुप्रेरित हिटलरले कर्तव्य, राष्ट्रियता र स्वाभिमानको नाममा ठूलो, वीर र विजयी बन्ने महत्त्वाकांक्षा राखी युद्ध घोषणा गऱ्यो । ६० लाख यहूदीहरूको आम हत्या गऱ्यो, मानव इतिहासमा अर्को सर्व संहारक लज्जा निम्त्यायो । कोइरालाले गीताको धर्म-निरपेक्ष चिन्तन गरेर यी उपन्यासहरू लेखेका हुन् । यिनको जीवनमा पनि 'कर्तव्यपरायणता' अथवा 'कर्मण्येवाधिकारस्ते' को मूल मन्त्र सिकाउने गुरु ग्रन्थ 'श्रीमद्भगवद्गीता' नै थियो । तर कोइरालाले 'मोदिआइन' र 'हिटलर र यहूदी' उपन्यासमा गीताको अभिप्रायलाई धर्मवाद, कर्मवाद र कर्तव्यवादको रुढ अर्थमा होइन , नियतिवादको यथार्थ अर्थमा अङ्गीकार गरेका छन् । यी उपन्यासहरूमा 'गीता' सन्देशको अनास्था भएको छैन वरु जीवन- सापेक्ष उपयोग भएको छ । नियतिको दास मानिस जुनसुकै चाहे त्यो असल होस् वा खराब-निर्णय लिन बाध्य हुन्छ । कठोर मानव नियति-निर्देशनका परिणामहरू थिए, महाभारत युद्ध , हिटलरवाद र यहूदीवाद । कोइरालाका दुई वैचारिक उपन्यासले हामीलाई दिएको कलापूर्ण सन्देश यही हो ।

मानवनियतिको प्रबलतम नमुना र कठोर दण्डको कलात्मक अभिव्यक्ति कोइरालाको आन्तिम उपन्यास 'बाबु आमा र छोरा' हो । चिन्तनमूलक, तर्कपूर्ण, संस्मरणात्मक अभिव्यक्तिमा नियतिको शिकार नारीका तीन मनोदशाको अध्ययनमा यो उपन्यास केन्द्रित छ । उपन्यासकी मूल पात्रा उमा नियति (भाग्य) निर्देशनमा तीनवटा निर्णय लिन बाध्य हुन्छे । पहिलो उसले बनारसमा सँगै पढ्ने केटो शिवप्रसादसँग प्रेम-विवाह गर्ने निर्णय लिई र गर्भधारण गरी । त्यसपछि विधुर ४५ वर्षीय प्रौढ वस्नेत (शिवप्रसादको बाबु) सँग उमाको विवाह भयो र उसले पुत्र प्राप्त गरी अन्तमा छोरोका रूपमा शिवप्रसादसँग उमाको भेट भयो । उमाले जीवनमा भोग्न बाध्य हुनु परेका प्रेमिका, भार्या र माताका मोडहरूलाई उसका स्वेच्छिक चाहनाका परिणति नमानेर नियतिको कठोर निर्देशन ठान्नु पर्छ । नियति-निर्दिष्ट मानिस जीवनमा दुःखद्-सुखद् भङ्गिमाहरूलाई अङ्गीकार गर्न विवश हुन्छ । उमाजस्तै 'बाबु, आमा र छोरा' उपन्यास कोइरालाको नियतिवादी जीवनदृष्टिलाई कला सौष्ठव प्रदान गर्न सफल भएको छ ।

कोइरालाको कवि-निबन्धकार र द्रष्टा व्यक्तित्व -

विश्वेश्वरप्रसाद कोइराला कथा, उपन्यासकार मात्र थिएनन् । यिनले कविता,निबन्ध लेखन र आलोचकीय दृष्टि-प्रतिपादनमा पनि रुचि लिएका छन् । यिनको कविव्यक्तित्व र निबन्धकार व्यक्तित्व कथाकार र उपन्यासकार व्यक्तित्वजस्तै श्रेष्ठ नभएपनि ज्येष्ठ व्यक्तित्व हुन् । यिनको द्रष्टा व्यक्तित्व अथवा कला पारखी दृष्टि अझ उदाहरणीय छ । कोइराला जब साहित्यसृजनतर्फ प्रवृत्त भए यिनले कविता र निबन्ध पनि लेख्न थाले । यिनको पहिलो गद्य कविता 'बम्बई-प्रति'(१९८७) , 'हंस' नामक मासिक पत्रिकामा प्रकाशित छ । प्रारम्भमा कोइरालाले हिन्दी कथा लेखेजस्तै कविता, निबन्ध पनि लेखेका छन् । यिनका 'जीवन-शक्ति' र 'प्रेमको व्यवहार' (२००२) निबन्धरचनाहरू विचार आत्मपरकता र तर्कपूर्ण अभिधात्मक अभिव्यक्तिका दृष्टिले निकै सफल छन् । यिनको प्रथम निबन्धले जीवन शक्तिको गतिशीलता स्वीकार्दै अपूर्ण मानवबुद्धिलाई पूर्णता प्रदान गर्ने काम जीवन-शक्तिले गर्दछ भने विचार प्रस्तुत गरेको छ । 'प्रेमको व्यवहार' निबन्धले चाहि तर्कपूर्ण , बौद्धिक र आत्मपरक अभिव्यक्तिमा कस्तो व्यवहारलाई वास्तविक अर्थमा प्रेमको व्यवहार मान्ने भन्ने समस्याको समाधान प्रतिपादन गरेको छ । विशुद्ध निबन्ध कला प्रस्तुतिका दृष्टिले कोइरालाका यी निबन्धहरू निकै सफल छन् ।

कोइरालाले व्यक्त गरेका राजनीतिक अभिव्यक्तिहरूमा पनि निबन्धका तत्त्वहरू पाउन सकिन्छ । यिनका साहित्यिक समालोचनात्मक टिप्पणी र लेखहरूमा आलोचकीय रूपमा निबन्ध कला अभिव्यक्त भएको छ । यिनको 'कला,कलाको दायित्व र मानव-जीवन' निबन्ध तर्कपूर्ण बौद्धिक प्रस्तुतिमा समालोचकीय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दृष्टि प्रस्तुत गर्दै कला र यसको दायित्वको चिनारीका साथै कला र जीवनबीचको अन्तः सम्बन्धको खोज गर्न सफल देखिन्छ । कोइराला निबन्धका माध्यमबाट पनि जीवन-अभिव्यक्त गर्न सफल भएका छन् ।

साहित्यिक अभिव्यक्तिहरूमा कोइरालालाई मन पर्ने विधा कविता हो । यिनी कविताबाटै प्रभावित साहित्यकार हुन् तापनि यिनले कविता-लेखनलाई निरन्तरता दिएनन् र खास उपलब्धि पनि ठानेनन् तापनि यिनी कविहृदयी थिए भन्ने कुरा यिनले १३-१४ वर्षकै उमेरमा लेखेको गद्य कविताले प्रमाणित गरेको छ । ओजपूर्ण सहज-कविता गद्यमा स्वतन्त्रताकाङ्क्षी कविको हृदय यसरी प्रस्फुटित भएको छ ।

"ए कुवेरकी भव्य पुरी !
एकदिन तँ हाँस्थिस् घमण्डले
आज तँ हाँस्तैछस् स्वाभिमानले
आज तेरो सौभाग्यशाली शिर
कति ऊचा, कति विशाल छ
आज आकाश पनि तेरो सौभाग्यमा
मुग्ध भएर, नतमस्तक भएर
तँलाई चुम्बन गर्न चाहन्छ ।"

कोइरालाले यसपछि पनि सुन्दर, भावपूर्ण, प्रतीकात्मक नेपाली गद्य कविताहरू लेखे । यी कविताहरूमा 'दुई कविता' (२०२६), 'छोरी र छाया' (२०२७), 'एउटा सन्धि एक सम्झौता' (२०२९), 'पोखरा' (२०३९) महत्वपूर्ण छन् । यी कविताहरूमा कोइरालाले जीवन चिन्तनहरूलाई तर्कपूर्ण, बौद्धिक-प्रतीकात्मक गद्य कविता अभिव्यक्ति प्रदान गरेका छन्, यिनका प्रकाशित एक दर्जन कविताका आधारमा यिनलाई प्रकृति परायण र मानवताका गद्य कविको रूपमा स्वीकारिए पनि कोइरालाको कवि-व्यक्तित्व र कृतित्वको, विशद अध्ययन आवश्यक देखिन्छ ।

विश्वेश्वरप्रसाद कोइराला साहित्यिक व्यक्तित्वका रूपमा एक स्रष्टा मात्र थिएनन्, कुशल द्रष्टा पनि थिए । विश्व प्रसिद्ध साहित्यकारहरूको जीवनीको अध्ययन गरेको खण्डमा हामी कमै मात्र त्यस्तो व्यक्तित्व पाउन सक्छौं जसले सर्जक र विवेचक दुवैको दायित्वको सफल निर्वाह गरेको होस् । कोइराला त्यस्ता विशिष्ट साहित्यिक व्यक्तित्व थिए जसले उच्च साहित्य-सृजन गरे र कलाको सही पारख पनि गरे । साहित्य के हो ? यो कस्तो हुनुपर्छ ? साहित्यमा सीपको भूमिका कुन किसिमको रहन्छ ? इत्यादि जिज्ञासाहरूको समाधान कोइरालाको साहित्य-चिन्तनमा पाइन्छ । कोइरालामा द्रष्टा-स्रष्टा व्यक्तित्वको सङ्गम थियो जसले कला साहित्यको सही अनुहार चिनेको थियो त्यसको उदाहरणको लागि आफ्नो सृजन प्रस्तुत गर्न सफलता आर्जन गरेको थियो अथवा सृजनाभित्रको जीवन कलाको अध्ययन गर्न साहित्य चिन्तन प्रतिपादन गरेको थियो । कोइरालाका 'साहित्यमा प्रगतिशीलता' (२०१ नामक समालोचनात्मक लेख-निबन्ध, 'कला कलाको दायित्व र मानवजीवन' नामक आलोचनात्मक निबन्धकृति पत्रपत्रिकामा यत्रतत्र प्रकाशित साहित्यिक अन्तर्वार्ता भाषणहरू, अत्युत्कृष्ट जीवनचरित 'आफ्नो कथा' हाँ प्रकाशित दैनिकी साहित्य 'जेल जर्नल' ले यिनको विशे गरी द्रष्टा व्यक्तित्वलाई मुखरित गरेका छन् । 'साहित्य प्रगतिशीलता' लेख रचनाले साहित्यमा प्रगतिशीलताव राजनीतिक प्रवेशलाई ठाडो चुनौती दिँदै त्यहाँ मानव अनुभूति, भावना, संवेदनशीलता, कल्पना, सौन्दर्य र सीपव अनिवार्य वर्चस्व स्वीकारेको छ भने 'कला कलाको दायित्व र मानवजीवन' निबन्धले साहित्य र राजनीतिलाई जीवनव अनिवार्य तर पृथक् पृथक् पक्ष स्वीकार्दै कलाको परिच त्यसको प्रयोजन, कला र मानव जीवन बीचको अन्त सम्बन्ध प्रस्तुत गरेको छ । त्यति मात्र होइन, यस निबन्ध स्वनाम घोषित आधुनिक साहित्यले कलाको दायित्व पू गर्न नसकेको कमजोरी प्रति दृष्टि दिँदै कुशल द्रष्टा दृ प्रस्तुत गर्ने सफलता पनि पाएको छ ।

कोइरालाको 'आफ्नो कथा' यिनको पारिवारि राजनीतिक र सामाजिक जीवनमा आधारित रच मानिन्छ । यसले कोइरालाको रहस्यपूर्ण, रोमाञ्चक करुणामय र अनुप्रेरक राजनीतिक सामाजिक जीवनव सुन्दर चित्र प्रस्तुत गरेको छ भने साहित्यकार कोइरालाव चिन्तनको विकास, साहित्य सृजनको अनुप्रेरणा र प्रा तथा साहित्य कला पारख गर्ने, द्रष्टा-दृष्टि प्रस्तुत उच्च सफलता पनि प्राप्त गरेको छ । यस रचना कोइरालाको विश्व साहित्यका महत्त्वपूर्ण रचनाहरू अध्ययन गरी तिनको गुणदोष पारख गर्दै आफ्ना साहित्यि मान्यताहरूको विकासको तथ्य प्रतिबिम्ब झल्किने हु यसलाई समालोचना साहित्यको रूपमा पनि अध्ययन सकिन्छ ।

साहित्यकार कोइरालाका द्रष्टा दृष्टिको म महत्त्वपूर्ण उदाहरण हो 'जेल जर्नल' दिनपञ्जी । राष्ट्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उल्लेखनीय भाषा तथा साहित्यसेवी संस्था मदन पुरस्कार गुठीद्वारा सञ्चालित जगदम्बा प्रकाशनवाट प्रकाशित 'जेल जर्नल' रचनाले पाठकको आकर्षणमा इतिहास कायम गरेको छ। यसको श्रेय रचनाका सम्पादक तथा भव्यताका साथ प्रकाशित गर्‍यौ भने प्रकाशकलाई जाँदैन, लेखकको अमर लेखनलाई जान्छ। यो रचना महान् लेखकको महान कृति लेखकका आफन्तहरू (सर्वसाधारण सम्पूर्ण नेपाली र स्वतन्त्रताप्रेमी तथा शिक्षा र स्वास्थ्यका पक्षधर जनसमुदाय) समक्ष पुर्‍याएर लेखकको चाहना पूरा गर्ने उद्देश्य अनुरूप आउन सकेन। पुस्तकको मूल्य पक्ष र अशुद्ध छपाइले कृतिकारको भावनामा प्रतिकूल आघात पारे पनि प्रकाशनमा आएर यस रचनाले कोइरालाको राजनीतिक र साहित्यिक छविलाई अझ उच्च पार्ने काम भने पक्कै गरेको छ। यसमा देखिएको विषयगत तथा तदनुसार भाषागत पुनरुक्तिको प्रसङ्गले दोषवादी पाठकलाई दोषदर्शन-आग्रह प्रस्तुत गर्ने अवसर दिए पनि 'जेल जर्नल' नेपाली साहित्यको नौलो र महत्वपूर्ण उपलब्धि हो। यसले न केवल नेपाली राजनीति र साहित्यका शीर्ष पुरुषको जेल-जीवनको खुला दिनचर्यालाई सहज रूपमा नेपालीसमक्ष ल्याएको छ त्यो भन्दा वढी राजनेता र साहित्यकारले अनुभव गरेका रहस्यपूर्ण तथ्यहरूको समुद्घाटन पनि गरेको छ। त्यति मात्र होइन, यो रचना नेपाली दैनिकी साहित्यको आदर्श नमूना हो भने कुशल साहित्य पारखीले साहित्यलाई हेरेको यथार्थ समलोचना पनि हो। कोइरालाको 'आत्मवृत्तान्त' रचनाले पनि यही उद्देश्य समाहित गरेको छ।

यस रचनाले कोइरालाको सादा जीवन, उच्च विचार, चिन्तन र अध्ययन प्रस्तुत गरेको छ। यसले पाठकलाई सच्चा पाठक वन्ने सल्लाह र सुझाव दिन्छ, लेखकलाई सफल बन्ने आदर्श सिकाउँछ, उच्च साहित्यिक विशेषताहरूको मर्मबोध र विश्व साहित्यका उत्कृष्ट र चनाहरूलाई हेर्ने र प्रतिक्रिया व्यक्त गर्ने कौशल पनि प्रदान गर्दछ। त्यसैले 'जेल जर्नल' तत्कालीन तानाशाही राज्यशासकले गरेको राजनीतिक अपराधको त्रासपूर्ण र रोमाञ्चकारी कथा मात्र होइन, साहित्यकार कोइरालाले नेपाली साहित्य र साहित्य चिन्तनलाई दिएको महत्त्वपूर्ण श्रीवृद्धि पनि हो। यस रचनाको छुट्टै र समग्र अध्ययन आवश्यक छ।

यसरी कोइरालाले साहित्यका क्षेत्रमा कथा, कविता, निवन्ध र उपन्यासहरू, लेखी कुशल साहित्य शिल्पीको परिचय दिएका छन् भने लेखनिबन्ध, चिठी, अन्तर्वार्ता, जीवनी र दैनिकीका माध्यमवाट साहित्य-दृष्टि प्रस्तुत गरेर कुशल साहित्य द्रष्टाको दायित्व पूरा गरेका छन्। कोइराला साहित्यकै क्षेत्रमा पनि वहुमुखी प्रतिभा हुन्।

उपसंहार-

अत एव अन्तमा संक्षेपमा के भन्न सकिन्छ भने विश्वेश्वरप्रसाद कोइराला साहित्यिक व्यक्तित्वले नेपाली साहित्यको सृजन र चिन्तनको इतिहासमा महत्त्वपूर्ण स्थान आर्जन गरेको छ। यिनका कथा र उपन्यासमा पाइने विषय, सामाजिक परिवेश, विचार-विश्लेषण पक्ष र कला शिल्पका सम्वन्धमा खोज र विवेचनाको आवश्यकता छ। यसै गरी यिनका कवि निबन्धकार र द्रष्टा व्यक्तित्वको गम्भीर पहिचान, अनुसन्धान र मूल्याङ्कन अझ वढी आवश्यक भएको छ। कोइराला राजनीतिक प्राणी भएको कारण नेपालमा राजनीतिक परिवेश प्रतिकूल रहँदा यिनको उच्च साहित्य-सृजनको अध्ययनले महत्त्व पाएन। पञ्चायतकालीन राजनीतिक परिवेशमा नेपालमा कोइरालाको साहित्यकार अथवा कलाकार पनि राजनीतिक एकाग्रह, दुराग्रह र मूढाग्रहकै सिकार वन्यो। यस वीचमा साहित्यकार कोइरालाको जे जति अध्ययन भयो, स्वान्तसुखाय मात्र भयो, जीवन र समाज निरपेक्ष रूपमा अध्ययन गर्नु पर्‍यो तैपनि कला पारखी नेपाली अध्येता र पाठकहरूले कोइरालाको सुन्दर कलासँग सङ्गत गरेरै छाडे, उत्सुकता र चाहना पूरा गरे। यस अवधिको साहित्यकार कोइरालाको अध्ययन नेपाली अध्येता र पाठकको यही वैयक्तिक मानसिकताको अभिव्यक्ति थियो। अहिले राजनीतिक परिवेश वदलिएको छ। अव राष्ट्रिय प्रतिभाको खोज र मूल्यांकन गर्न एकाग्रही, दुराग्रही र मूढाग्रही वन्नु पर्ने आवश्यकता छैन। यसर्थ स्वान्त सुखाय होइन, नेपाली जीवन, समाज, भाषा र संस्कृतिको सम्मानको निमित्त कोइरालाका साहित्यिक अभिव्यक्ति, चिन्तन र समग्र कृतित्वको अध्ययन र अनुसन्धान आवश्यक भएको छ। कोइरालाको विशिष्ट चिन्तन, सृजन र विशुद्ध शिल्पकारिताको अध्ययनले यिनका साहित्यिक व्यक्तित्वको नयाँ क्षितिज उद्घाटित हुने सम्भावना छ। यसले नेपाली साहित्य स्रष्टा र द्रष्टालाई अभिप्रेरित प्रभावित तुल्याउने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छ । नवीन युग चेतना र कला आदर्शका अनन्त स्रोतका रूपमा प्रतिष्ठित कोइरालाका साहित्यिक अभिव्यक्तिहरूको अध्ययन र विवेचन गरी नेपाली जनमानस समक्ष अर्थात् कोइरालकै शब्दमा 'वास्तविक नेपाल' समक्ष पुऱ्याउने अठोट चाहिएको छ ।

यो जिम्मेवारी हामी साहित्यका सर्जक-विवेचकहरूको हो, राष्ट्रकै पनि हो । यो जिम्मेवारी साहित्यकार कोइरालाले हामीलाई 'नासो'को रूपमा सुम्पिएर गएका छन् । यसलाई हामीले जीवन-उपहारको रूपमा स्वीकार्नुपर्छ तर स्वीकार्न बाँकी छ । वैचारिक आग्रह र राजनीतिक स्वार्थको कारण राष्ट्रिय चिन्तन, साहित्यसृजन र अध्ययनको सम्मान हुनुपर्छ, यिनका साहित्यिक व्यक्तित्वको सही मूल्यांकन हुनुपर्छ र राष्ट्रको सम्मान गर्ने परम्परा अक्षुण्ण हुनुपर्छ ।

तेलको थोपा थोपा जोगाऔं
इन्धन खर्च घटाऔं

घर खर्च घटाउन, गृहिणीहरूलाई सल्लाह –

-चुलो बाल्नु भन्दा पहिले पकाउने कुराहरू सबै ठिक्क पार्नुहोस् ।
-चामल , दाल, गेडागुडी पकाउनु भन्दा पहिले नै भिजाएर राख्नुहोस ।
-इन्धनको बचतका लागि चिज उम्लिन थालेपछि आँच कम गर्नुहोस ।
-इन्धनको बचतका लागि सकेसम्म प्रेसर कुकरमा नै खानेकुरा पकाउने गर्नुहोस् ।
-सदैब राम्रो गुणस्तरको, कम इन्धन खर्च हुने स्टोभ प्रयोग गर्नुहोस् र स्टोभ वा ग्याँस चुलोलाई नियमित सफा राखी इन्धन खर्च घटाउनुहोस् ।
-भोजन तयार भईसकेपछि परिवारका सबै सदस्यहरू एकै चोटी खान बस्नुहोस् ।
-यसबाट खानेकुरालाई पटक पटक तताइरहने झंझटबाट मुक्त भई इन्धनको खर्च कम गर्नुहोस् ।

नेपाल आयल निगम लिमिटेड
फोन नं. २६२९७०, फ्याक्स : २६३४७१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संस्कृत शिक्षाको परम्परा

✍ डा. राजाराम उपाध्याय सुवेदी

संसारमा बहुमूल्य वस्तुमा जसरी पुष्पराज मानिन्छ त्यहाँभन्दा पनि मूल्यवान् संस्कृत भाषा मानिन्छ । संस्कृतलाई अनादि भाषा, देवभाषा, शास्त्र भाषा, संस्कारित भाषा, परिष्कृत भाषा, पूर्ण भाषा, आर्य भाषा, प्राचीन भाषा, प्राच्य भाषा, वैदिक भाषा, त्रुटिहीन भाषा, हानिरहित भाषा, लोककल्याणकारी भाषा, पावन भाषा, माउ भाषा, मूल भाषा, ईश्वरीय भाषा, अपौरूषेय भाषा, सभ्य भाषा, स्तरीय भाषा, विश्वभाषा, स्रोत भाषा, अपरिहार्य भाषा, ज्ञान भाषा, भक्ति भाषा, वैराग्य भाषा, इष्ट भाषा, धर्म भाषा, अर्थ भाषा, काम भाषा, मोक्ष भाषा, र आत्मीय भाषा भनिएको पाइन्छ । जमाना यस्तो पनि गुज्रेको थियो कि संसारको एक मात्र भाषा संस्कृत नै थियो र संस्कृतलाई साम्राज्यशाली भाषा पनि भनिन्थ्यो । तर अब "बाजेले घ्यू खाए मेरो कुइनो सुङ्सुङ् " भन्नु पर्ने अवस्था आइसक्यो । हुँदा-हुँदा अब संस्कृत त वाहुन बाजेको कर्मकाण्डी र पिण्डतर्पण दिने पुरेतको भाषामा तुर्लुङ्ग हुन थाल्यो । आजकल संस्कृतलाई विधर्मीवाट, स्वधर्मीवाट पनि त्याज्य भाषाको व्यवहार हुन थालेको छ "चाँहिदाको भाँडो नचाहिँदाको ठाँडो" भने झैं ।

संसारका भाषामध्ये वैदिक र सरल रूपको संस्कृत भाषा नै मानव सभ्यताको प्राचीन भाषा हो । हालमा यूरोपीय भाषाको माउ भाषा रोमन र ल्याटिन भाषा मानिन्छ । रोमन र ल्याटिन भाषाको माउ युनानी भाषा हो । युनानी भाषाको माउ मिश्रको भाषा हो । मिश्रको भाषाको पनि माउ भाषा तुर्की भाषा हो भने तुर्की भाषाको माउ संस्कृत वैदिक भाषा हुनाले आजकल पनि पुराना मानिस आदिवासीको भाषाका अधिकतम शब्दहरू ऋगवैदिककालीन भाषासँग मिल्दाजुल्दा छन् । हामीलाई यो कुरा नौलो लाग्न सक्दछ र अचम्म लाग्न सक्दछ । अंग्रेजी, जर्मन, रोमन,रूसी, हङ्गेरी, फारसी भाषामा ९०% संस्कृत शब्द प्रयुक्त भइरहेका छन् । त्यस्तै मंगोली भाषा चीनि, जापानी, कोरियाली, भियतनामी, कम्पूचियाली, फार्मेसी, हङ्कङ् जस्ता देशका भाषामा ८५%संस्कृत भाषाका शब्द छन् । भोट वर्मेली भाषामा पनि ८७% संस्कृत भाषाका शब्दहरू छन् । त्यस्तै पैशाची, सौरसेनी, मागध, कन्नड, मराठी, तमिल, तेलगु, मलयालम्, हिन्दी, सिंहाली, गुरूमुरी, अरवी, भोजपुरी, मैथली, अवधी भाषामा ९५% संस्कृत भाषाका शब्दहरू छन् । यसैले संस्कृत नभएका भाषा नै छैनन् ।

जहाँ कहीं पनि सं-साना नानीदेखि पाकाहरूसम्मलाई पढाउँदा प्रयोग गरिने भाषा संस्कृत रहन्छ भने त्यसलाई संस्कृत शिक्षा भनिन्छ । आजकल संस्कृत शिक्षा अपूर्ण छ, नोकरी पाइन्न, भन्ने दोष लगाएको सुनिन्छ । तर नारी या पुरुष जसले संस्कृत पढ्छन त्यो नोकर हुनै नपर्ने हुनाले त्यसलाई नोकरी खोज्न जानु पर्दैन, घरै बसेर जीविका चल्दछ । संस्कृत भाषा र शास्त्र नै अपूर्ण र अपूरो छ भन्ने आरोप मिथ्या छ किनभने मानव जिन्दगी रहेसम्म आवश्यक पर्ने यावत् कुराहरू संस्कृतका भण्डारमा खोजिन्छन् । संस्कृत त स्वयं साधन मात्र होइन, साध्य पनि हो किनभने यस लोकको समृद्धिका साथै परलोक सुधार हुने कुराको ढोका संस्कृतवाट मात्रै खुल्दछ । त्यसो हुनाले नै संस्कृत भाषाको अवशेष रहेका मुलुकमा विभिन्न धर्मावलम्वी भनिएका मानिसहरू भौतिकरूपले सम्पन्न हुँदा-हुँदै पनि आत्मसन्तुष्टी र आत्मशान्तिका अभावले तड्पिएर शान्तिका निम्ति प्रशस्त खर्च लगानी गरेर जाने गर्दछन् । संस्कृतमा के त्यस्तो जादू छ र मानिस त्यसरी झुम्मिने गर्छन भन्ने कुरा पनि अलिकति स्पर्श गर्नु सान्दर्भिक नै होला ।

संस्कृत भाषामा चारवटा तत्वको वर्णन छ जसलाई चार पुरुषार्थ भनिन्छ । पुरुषार्थको खास अर्थ मानव मात्रको जीवनको परम लक्ष्य, मानव मात्रका लागि अभीष्ट धर्म, अर्थ, काम र मोक्ष भन्ने बुझ्नु पर्दछ । धर्म भन्ने कुरा चेतनशील शरीरधारी जीवको लागि आवश्यक तत्त्व मानिन्छ । प्राण पहिलो धर्म हुन्छ भने व्यक्ति , समाज देश र विश्वको आवश्यक तत्त्व भन्नु पनि धर्मतत्त्व नै हो । त्यसकारण जसलाई प्राणीले प्राकृत नियमसाथ धारण गर्दछन्, त्यही धर्म हो ।

धर्मभन्नाले उद्योग, श्रद्धा, मैत्री, दया, शान्ति, तुष्टि, पुष्टि, क्रिया, बुद्धि, मेधा, तितिक्षा, लज्जा, र मूर्तिको स्रोत भनेर बुझ्न सकिन्छ । ती सबै कार्यवाट मानिसलाई प्रशन्नता प्राप्त हुन्छ । त्यो प्रशन्नता अरुलाई बाँड्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सकिन्छ । उदाहरणको निम्ति उद्योगलाई लिँदा त्यहाँ काम गर्ने मानिसलाई रोजगार मिल्दछ, उत्पादन हुन्छ, सबै सुखी हुन्छन् । अरुको सेवा गर्ने अवधारणा धर्म तत्त्वबाटै प्राप्त भएको हुन्छ ।

अर्थ भन्ने कुरा उत्पादन हो, जसबाट प्राणीको कल्याण हुन्छ । जसबाट आय आर्जन हुन्छ र प्राणीको जीविका चल्दछ, त्यसैलाई अर्थ भनिन्छ । आजकल अर्थ तत्त्वलाई एक्लै राख्ने प्रयत्न भएको पाइन्छ । धर्मविनाको अर्थ क्षणिक र अपूर्ण हुन्छ । पाश्चात्य संसार धर्म विना अर्थोपार्जन गर्न पट्टि झुकेको हुनाले भ्रष्टाचार, हत्या, हिंसा, ठगी, घाटा, र अशान्ति बढेको हो । धर्म तत्त्वलाई परिपूर्ति गर्ने उद्देश्यले अर्थतत्त्वको प्रयोग गरेमा त्यो स्थायी र स्थिर हुन्छ । आजकल हाम्रो जस्तो मुलुकमा पनि आय आर्जन, रोजगारीमूलक शिक्षा दिने चाहना बढदो छ, तापनि त्यो आय आर्जन गर्दा चाहिने धर्मतत्व बोध गराउने परम्परा छैन । त्यसै हुनाले पाश्चात्य शिक्षा दास, नोकर, सेवक बनाउने शिक्षा भनिएको हो ।

धर्ममार्गबाट आर्थिक उपार्जन भएपछि नयाँ कार्य गर्ने चाह बढ्दछ । त्यसैलाई काम या कामना भनिन्छ । कामना शब्दलाई विषयवासनासँग लगेर जोड्ने प्रयत्न आजकल बढेको छ । समाज कल्याण गर्नु, सत्कार्यको सकल्पमा दृष्ट रूपले दृढ रहनु र त्यसैको परिपूर्ति गर्ने मार्गमा लाग्नु काम तत्व हो । धर्म र अर्थ विनाको काम तत्व वैशाखी विनाको लंगडो हुन जान्छ ।

धर्म अर्थ र काम उपलब्ध भएपछि मानिस अत्यन्तै अनुभवी हुन्छ । मानिसले त्यसरी यत्नपूर्वक प्राप्त अनुभवलाई आफ्नो जीवन र जगत्लाई निरीक्षण गरी वाँकि जीवनको मार्ग सफा गर्ने इच्छा लिएको हुन्छ । विषय भोग, र सुख, सुविधाको चाहना पूर्णविराम लागेपछि मानिसलाई मृत्युको इच्छा हुन्छ । त्यो मृत्यु कष्टकारी नहोस् भनी योगादि अभ्यास गर्ने चलन संस्कृत शिक्षाबाट आश्रम प्रणालीमा दिइएको छ । पतञ्जलीको योगसूत्रमा योगमार्गबाट मानिसले त्यो सहजमृत्यु प्राप्त गर्नसक्ने वर्णन छ । मृत्यु मानिसको कष्टदायक, भयकारी र अन्तिम सत्य हो । मृत्यु अपरिहार्य हुँदा हुँदै पनि त्यो सर्वस्वीकार्य कुरा छैन । त्यसलाई मोक्षतत्व मनन नगरी सुख छैन । मोक्षतत्व प्राप्ति पछि सुख नै सुख हुन्छ, त्यही सुखानुभूति जीवन हातमा छँदै गर्नुलाई मोक्षको द्वार मानिन्छ । जन्म र मृत्युको चक्रबाट छुट पाउनुलाई नै मोक्ष भनिन्छ । त्यो काम अरु धर्मशास्त्रमा अपूरो छ, त्यसैले संस्कृत नै पुरुषार्थको शिक्षा दिने एकलौटी स्रोत हो ।

त्यस प्रकारको पूर्ण शिक्षा संस्कृत शिक्षा प्रदान गर्ने परम्परा पहिले ऋषिकुल, गुरुकुल विद्यापीठ आदिमा सञ्चालित थिए तर आजकलको शिक्षा आर्यकुल नभई इशाईकुल भएकाले स-साना नानीहरू इशाईकुल वा स्कूलमा तोतेवोली फुटाल्छन् अनि संस्कृत शिक्षाको आँकुरो, टूसो, कोपिलो, पिपिरो त्यहीबाट चुडियो र संस्कृत उनीहरूको निम्ति विरानो हुदै गएको छ । संस्कारबाटै संस्कृत शिक्षा हटेपछि यसको पतन निश्चित छ । त्यसैले सावधान संस्कृत प्रेमीहरू संस्कृत हराउन नपाओस्, अल्छी नगरियोस् । संस्कृत पढ्नेले संस्कृतलाई नै उपेक्षा भावले हेरी त्यहाँबाट पलायन नगरियोस् ।

हाम्रो नेपाललाई हिन्दू राष्ट्र भनिन्छ, त्यसैमा हामीलाई गौरव छ, तर दूध पोखियो र ढुंग्रो मात्र रहेझैं जसरी पछुतो पर्छ अब नेपालमा त्यस्तै पछुतो पर्नेवाला छ । "मुती पनि सकियो दैलो पनि भेटियो" भएमा अनर्थ हुने छ । आवासीय विद्यालय खोल्ने, अस्पताल स्थापना गर्ने कुष्टरोगीलाई हिन्दू धर्म त्याग्न लगाउने, अछुतता माथिल्ला जातकाले दमन गरेको कुरा गरी इशाई बनाउने बुद्धधर्मावलम्बीलाई हिन्दू विरोधी बनाई इशाई धर्म लगाउने, धन संगठन, समाज, संस्थाहरू गठन गरी धर्म परिवर्तन गराउने, धन र आर्थिक चन्दा दिई आतङ्ककारीलाई मद्दत गर्ने र यो हिन्दू राष्ट्रलाई इशाई बाहुल्य राष्ट्र बनाउने आन्तरिक योजना गहिरोसँग ताछ भइसेकको छ, नेपालमा इशाई मिशनले (शिष्ट मण्डल जहाँ दुःख पाएका, असन्तुष्ट विद्रोही, शरणार्थी छन् पहिले त्यहीं हात हाल्दछ । एक पटक इशाईको साङ्लाले बाँधेपछि छुटकारा मिल्दैन, मरेपछि मात्र छुटकारा मिल्छ त्यस हाम्रै स्वदेशी वन्धु र बहिनीहरू बहकिएका छन् र उनीहरू नै हाम्रा विरोधी र हाम्रै हत्या गर्न तल्लीन हुँदैछन् त्यसलाई रोक्ने एउटै उपाय संस्कृत शिक्षा हो अर्को उपाय छैन । संस्कृतले जति परिष्कार, विरेचन गर्छ अरु भाषा गर्न सक्तैन । विश्वका धेरै ठाउँमा संस्कृत मरिसक्यो आर्य जाति अनार्य भई गयो । जे छ त्यो बचाउँ नत्र टुईको पनि मच्यो भने सकिन्छ । सकिएपछि गुमेको कदापि आउने छैन । हाम्रो पहिचान यस ब्रह्माण्डमा हराउँछ, हामी हराउँछौ, अरु नै आउनेवाला छन् ।

नेपाल अनादिकालदेखि आर्यभूमि हिन्दूभूमि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भएको कुरा यहाँका ठाउँहरूका वर्णन हिन्दू ग्रन्थहरूमा पाइएवाटै प्रमाणित हुन्छ । त्यसैले नेपाल एउटा पावन तपोभूमि हो भन्ने कुरामा शंका गर्ने पर्दैन । यहाँ सभ्यताको आरम्भदेखि संस्कृत शिक्षा आरम्भ भयो । नेपालमा आर्य संस्कृत शिक्षा प्राचीनकालमा अत्यन्तै प्रचलित भएको कुरा तत्कालिन पाषाण उत्कीर्ण अभिलेखवाट प्रमाणित हुन्छ । त्यस अवस्थामा संस्कृत भाषा नै राज्य भाषा भएको कुरा तत्कालिन हजारौं प्रमाणवाट जानकारी हुन्छ । अव अलिकति ज्ञान गर्नु पर्ने भएको छ कि, संस्कृत शिक्षा कसरी दिइन्थ्यो भन्ने । संस्कृत शिक्षा राज्यकै रेखदेखमा दिने परम्परा थियो । पछि त्यो शिक्षा मध्यकालमा आएर पिंडी पाठशालाको रूपमा विकसित भएको पाइन्छ । त्यो कुरा अर्घाखाँचीको खिदिम, कास्कीको सिंपाली, डोटीको अजयमेरु रोल, दार्चुलाको देथला, वैतडीको देहीमाडौं, दैलेखको ज्वालाजी, जाजरकोटको पैंक, रुकुमको रुकुमकोट, जुम्लाको सिंजा, रोल्पाको गजूल, प्यूठानको दाखाक्वाडी, डोल्पाको जुक्याकाईगाउँ, मुगुको छापु, मुस्ताङको राखु, गलकोटको ग्वालिचौर, लमजुङको गाउँशहर, गोर्खाको ठूलाआगन, गुल्मीको ठूलाआगन, तनहूँको सुरकोट र सेपा, कान्तिपुरको हनुमानढोका, ललितपुरको विसङ्खु र कीर्तिपुर भक्तपुरको सुँडाल थाकलमठ, जनकपुरको प्राणेश्वरनाथ र मटिहानी, सल्यानको खैरावाङ, दाङको सैंडियार,कैलालीको वेडावावा, पाल्पाको हाडथोक, तेह्रथुमको साव्ला, झापाको शतासीधाम, अछामको वरदादेवी जयगढ , भोजपुरको हतुवा र दलगाउँ, वाजुराको मालिका, उदयपुरको झाँगाझोली, धादिङको सल्यानकोट, नवलपरासीको पाल्ही, कपिलवस्तुको भवानीपुर, मनाङको थोचे, सोलुखुम्वुको सल्ले, नुवाकोटको भैरवी, पर्सामा आलखियामठ, चितवनको सोमेश्वर, दोलखाको सुनखानी, सुनसरीको पिण्डेश्वर, सर्लाहीको पत्थरकोट, काभ्रेको साँगाकोट र पलाञ्चोक, वाराको सिमरौनगढ, महोत्तरीको जलेश्वर, सिराहाको सलहेष, खोटाङको हलेसी, रामेछापको केवलेश्वर , ओखलढुङ्गाको नर्मदेश्वर र तीनकन्या, पाँचथरमा लोङ्वेकुटी, रसुवामा धैवुङ्कालीका, ताप्लेजुङको फुरुम्वा र हाडपाङ जस्ता ठाउँमा संस्कृत शिक्षा दिने परम्परा मध्यकालमा अत्यन्तै व्यवस्थित रुपको थियो। त्यसैगरी वझाङको जुजी र सुवेडा, सिन्धुलीको दुम्जा, मोरङको भेडियारी, सिन्धुपाल्चोकको वलेफी, संखुवासभाको मादी, मकवानपुरको टिस्टुङ, हुम्लाको सार्की, धनकुटाको अर्खौले र लेगुवा, रुपन्देहीको सूर्यपुरा कोटीमाई , रौतहटको पुरेनवा, स्याङ्जाको सतहूँकोट र सप्तरीको लालपट्टिमा संस्कृत शिक्षा दिने परम्परा कायमै थियो ।

उपर्युक्त ठाउँका पाठशालाहरूमा संस्कृत शिक्षा दिइने कुरा हालसम्म पनि त्यहाँ प्राचीन देवस्थल, पाटीपौवा गुठी र धर्मशालाको व्यवस्था भएवाट जानकारी हुन्छ। यो क्रम नेपालको एकीकरणसम्म पनि कायम रहेको थियो । नेपालको इतिहासमा एकीकरणपछिको अवस्थालाई आधुनिककाल भनिन्छ । आधुनिककालको आरम्भ भएपछि पनि संस्कृत शिक्षाको क्षय भएको थिएन । परम्परागत शिक्षा र परम्परागत कला, सीप, पेशा नेपालको एकीकरणपछिसम्म कायमै थियो । तर रणवहादुर शाहको समयमा अलिकति संस्कृत शिक्षालाई उपेक्षाभावले हेर्न थालिएको भएपनि प्राचीन संस्थाहरू यथावतै थिए ।

संस्कृत शिक्षालाई अंग्रेज नेपाल युद्ध वि.सं. १८७१-७३ ले ठूलो धक्का पुऱ्याउन थाल्यो । काठमाडौंमा अंग्रेज राजदूत वस्न थालेपछि इशाईहरूले अनेक तरहवाट अंग्रेजी प्रभाव भित्र्याए तापनि पुराना खाँडो जगाउने परम्परामा "कुइरेको थाप्लामा ट्याक्क" भनी अंग्रेज सिपाहीका थाप्लामा तरवार हान्ने प्रशिक्षण श्री ३ जंगवहादुर राणाका पालासम्म रहेको प्रमाणित हुन्छ । तर अंग्रेज नेपाल युद्धमा नेपालले ठूलो पराजय भोग्नु परेको हुनाले नेपाली समाजमा आंशिक विचलन आउन थालेको थियो। तर जनरल भीमसेन थापाले संस्कृत शिक्षालाई मर्न दिएका थिएनन् । यद्यपि उनले संस्कृतको धरोहर धान्ने वर्गको वृत्ति हरेका थिए । त्यसवाट उनलाई पश्चाताप नै हात लागेको थियो ।

श्री ३ जंगवहादुर कूँवर राणाजीको नेपालको राजनीतिमा पकड भएपछि अंग्रेजी शिक्षाको आरम्भ थापाथली दरवारवाटै भयो । राज्यकै खर्चमा राणा, शाह र खानदानीका सन्तानले त्यहाँ पढ्न थाले । त्यसवाट मानिसको आकर्षण अंग्रेजी शिक्षातर्फ वढ्यो । अंग्रेजी शिक्षा अपूरो, आश्रित तथा अशान्तिको भण्डार रहेको कुरा त्यो वेला थाहा थिएन वरु छिमेकी राष्ट्र भारतमा वेलायती शासन हुनाले राणाहरूले आफ्नो सत्ता वचाउन उनीहरूकै सिको गरे । अंग्रेजहरूले नेपाललाई आफ्नो सानो उपनिवेश वनाई तिव्वती व्यापारको लाभ नेपालका घाँटीहरूवाट उठाउन चाहन्थे । पछि उनीहरूले त्यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मुराद, सिक्किम, ग्यान्तोक, ज्ञाजे, चुम्बीघाँटी हुँदै खासा, ल्हासा व्यापार गर्न थाले । त्यसबाट नेपाललाई आर्थिक क्षति भयो । सबैभन्दा क्षति नेपाली संस्कृति र संस्कृत शिक्षाले बेहोर्नु पऱ्यो । सरकारी तवरबाट संस्कृत शिक्षा संरक्षण हुन छाडेको राणाकालमा नै हो ।

संस्कृत शिक्षामा शिथीलता आउनुको एउटा कारण नितान्त धार्मिक कर्मकाण्डी र कट्टर जातीय प्रथाको विकास हुनु थियो । हिन्दूहरूमा जति पनि पुराना अन्धपरम्पराहरूको आरम्भ यवन र इश्लामहरूको आक्रमणबाट भएको हो त्यस पूर्व हिन्दूहरूमा न बालविवाह, न सतिप्रथा, न जातिपाति भेद, न छुवाछुत केही पनि थिएन । मानिसको जात पेशाका आधारमा निर्धारित हुन्थ्यो । उदाहरणको लागि शिक्षा क्षेत्रमा संलग्न सबै शिक्षक, प्राध्यापक र कारिन्दा उपाध्याय ब्राह्मण हुन्थे, युद्धकला र सुरक्षामा संलग्न क्षत्री हुन्थे, उद्योग वाणिज्य, व्यवसाय, कृषि, पशुपालन पेशामा लाग्ने जति वैश्य हुन्थे । भने जागिरे, निमके गर्ने अरुवाट पारिश्रमिक तोकी अर्काको खेताला जानेलाई शुद्र भनिन्थ्यो । समाजका पम्परामा विरोधाभास गर्ने र अव्यवस्था फैल्याउनेलाई चाण्डाल, म्लेच्छ, अनार्य, दस्यू, दास भनी घृणा र उनीहरूको कर्मलाई उपेक्षा गर्ने परम्परा थियो । यसरी जुन पेशामा पनि सबैलाई छुट र समान विहावारी चलेकोमा मुसलमानी आक्रमण, आतंक, त्रस्त र धर्ममा आघात परेकाले र शास्त्रको मर्यादा विर्सन थालेबाट बाबुबाजे पुर्खाले जे जस्तो गरे त्यही रक्षा गर्ने भन्ने आधारले स्थीर जातीय परम्परा आर म्भ भयो । मुसलमानहरूले हिन्दू नारीलाई अपहरण गर्ने हुँदा बालविवाह र सतीप्रथा विधवा धर्मको थालनी हुन गयो, जुन कमजोरी हिन्दूहरूको होइन वाध्य अतिक्रमणको फल हो । अब यस्तो अत्याचार हिन्दूहरूमा छैन वरु इशाई युवतीहरूले हिन्दू युवकहरूलाई मोहपासमा जकड्याई इशाई हुने भय बढ्दै गएको छ । अनि नेपालको विकासका नाउँमा आउने वैदेशिक सहयोग र विदेशीहरूले हाम्रो हिन्दू र बुद्धधर्मका परम्परालाई नष्ट पार्दैछन् । कमजोरी हाम्रो पनि ठूलै छ । अब उप्रान्त हामीले हाम्रै भाइवैनी सँग छुवाछुत हुने गलत परम्परा छोड्नु पर्छ । इशाई र इश्लामसँग हात मिलाई हिडने, जुठो खाने हामी जस्ताले कामी, दमाई, सार्की, पोडे, च्यामे, गाइने, वाधी, सुनार, मुसहर, डोम, भनी हेला गर्ने तुक मिल्दैन । हाम्रो धर्म संस्कृति र परम्परालाई संरक्षण गर्ने ती जातिलाई अब उप्रान्त छुवाछुत भन्नु शोभा हुँदैन । वरु छुवाछुत आफ्नो धर्म छोडी ईशाई भएका र लोभमा परी धर्म परिवर्तन गर्नेहरू माथि गर्नु पर्ने हुन्छ । मानिसलाई पशु भन्दा तल्लो मान्यता गर्नु मानवतावादी हिन्दू धर्मावलम्वी हामीहरूले गर्न हुने कुरा होइन । तसर्थ हिन्दूहरूमा छुवाछुत, बुद्ध धर्ममा जातीय भेद हुनाले विधर्मीहरू अनेक बहानाले हाम्रो समाजलाई भाँड्न आइरहेका छन् । त्यसैले हाल हाम्रो पूर्वीय शास्त्रीय सामाजिक परम्परा तथा यूरोपीय परम्पराको युद्ध चलेको छ । हामी पराजीत मनस्थितिमा पुग्नै आँटेका छौं । यस्तो "अल्लाराम" पनबाट हामीलाई बचाउनेकाम संस्कृत शिक्षाले अवश्य गर्छ ।

वि.सं.२००७ सालसम्म नेपाललाई परमपरागत आधारमा शासन गर्ने परम्परा थियो । त्यसबेला गलतकुरा धेरै थिए, तापनि हिन्दू संस्कति र धर्मरक्षाका दृष्टिबाट ज्यादै उर्वरकाल या स्वर्णयुग भन्नु अतिरञ्जित हुँदैन । वि.सं. १८४९ मा चिनीया आक्रमणमा वसाईं सर्दै आएका र सबैभन्दा पछि नेपालमा वसोवास गर्न थालेका जातिले आफूलाई आजकल आदिवासीको नक्कली खोल ओडेर शासनसत्ताले ठगेको हल्ला पिटाउनेका अनुयायी हामी हुनु आफ्नो प्राचीन गरिमालाई विर्सनु नै हो । नेपालका आदिवासी राउटे, चेपाङ, दराई, दूरा, कुसुण्डा, किरात, मगर, गुरुङ, नेवार बाहेक धेरैजसो नक्कली आदिवासी नै हुन् । किनभने उनीहरूको न भाषा न संस्कृति न पूर्णतः पेशामा संलग्न (सबै पेशा गर्ने) जाति नै त्यहाँ छन् । कुनै ठाँउबाट चोइटिएर आएको कुनै समूहले अरुसँग जुटेर आदिवासी भनी हिन्दू आर्यहरूको परम्परालाई ओझेल पार्न खोज्दा आफू इशाईहरूको लट्ठीकारुपमा प्रयोग भएका कुरा विर्सन मिल्ने छैन । आफ्नो पहिचान नहुनेले अर्काको पहिचान विगार्न खोज्नु वानर संस्कृति जस्तो भएको छ ।

नेपालका राजा र जनता ज्यादै उदार हुनाले धर्मप्रचारका नाउँमा प्राचीन संस्था, संस्कृति, स्मारक, परम्परालाई ध्वस्तपारी समूल नष्ट पारी रगत फेर्नुपर्ने संस्कृतिको प्रचार गर्नेका तुलनामा नेपालमा सबै धर्म, जाती र परम्परा प्रति ज्यादै उदार रहनुको लाभ उठाई आफू वसेको घरको भित्ता र खाँवा भत्काउन खोजेकै ठहरिन्छ । त्यस्ता जातीय नारा, कुनै एक जातप्रतिको प्रहार र प्रजातान्त्रिक राष्ट्रमा संकीर्ण सांप्रदायिक र क्षेत्रीय प्रचार गरी मानिसको बुद्धि उडाउनु कहाँसम्म दीर्घकालीन योजन हो र यसको परिणति के हुन्छ ? त्यस विषयमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विचार गर्न सकिन्छ। त्यसैले बुद्धिमानले आ-आफ्नो धर्म र संस्कृतिलाई बचाउनु पर्ने हुन्छ। त्यसका सट्टामा लाखौं पुस्तादेखि मानेर आएको परम्परालाई चटक्क त्यागेर सामान्य लोभमा फसी अर्का सम्प्रदायको दासता स्वीकार्नु कुनै उपलब्धिपूर्णकार्य ठहरिने पक्का पनि छैन । तसर्थ त्यतापट्टि लाग्ने मन, मष्तिस्क र खर्चलाई संस्कृत शिक्षातर्फ लगानि गर्नु नै वर्तमानमा बुद्धिमानी कार्य हो। संस्कृत नै सर्वप्राचीन परम्परा हो।

वि.सं. १९२५ मा श्री ३ जंगबहादुर राणाले नेपालमा सरकारी तवरबाट संस्कृत शिक्षालयको स्थापना गरेका थिए। त्यस कार्यमा जंगबहादुरका कान्छाभाइ धीर शम्शेर राणा (जनरल) ले विशेष रुचि देखाएका थिए।

काठमाडौं उपत्यकाका राजा जयस्थिति मल्लले समसुद्दीनको आक्रमण पछि त्यहाँको समाजमा सुधार गरेका थिए। उनले कुनै नौलो, नयाँ, नभएको, नपच्ने कानुन र नियम नबनाई समाजमा प्रचलित परम्परालाई निवन्धन मात्र गरेका थिए। गोरखाका राजा राम शाहले र कान्तिपुरका राजा महीन्द्र मल्लले पनि समाजमा फैलिदै गएको अव्यवस्थालाई सुधार गरी सामान्य व्यवहारिक नियम बनाएका थिए। राजा यक्ष मल्लले उत्तरभारतमा पूरै मुसलमानी दवदवा भई काशी वाराणसीमा समेत मुसलमानी कब्जा भई मठमन्दिर भत्काइदिएकाले विद्वानहरू खोज्दै जाँदा दक्षिण भारतबाट भट्ट ब्राह्मणहरूलाई पशुपतिका पूजारी बनाई शिवश्व उठाई खान पाउने परम्परा बसाले। यसरी नेपालमा विद्वान्, वेद, आर्यशास्त्र, पौरस्त्य वाङ्मय, पूर्वीय परम्परालाई बाँधी नियम बनाउने चाहना वडामहाराजा श्री ५ पृथ्विनारायण शाहको पनि रहेको थियो। तर उनी अलि छिट्टै मरिहालेकाले त्यो काम हुन पाएन वरु वेलायतबाट आफू फर्केर नेपाल आएपछि जेठा मावली बाजे भीमसेन थापाले गरेका सुधारहरूलाई अक्षरशः पछ्याई वि.सं. १९१० मा जंगबहादुर कूँवर राणाजीले "मुलुकी ऐन" को सम्पादन गराए। त्यसमा जङ्गबहादुरले नयाँ कुरा लागू गर्नु भन्दा सामाजिक परम्परालाई नियम बनाएर सरकारी पक्षबाट लागू गराएका मात्र हुन्। वरु उनले सती प्रथालाई प्रतिबन्ध गरेपछि आफू मर्दा उनकै पत्नीहरूले टोपी, भोटो र जुत्ता समातेर सति गएका थिए। तसर्थ जंगबहादुरले नै सरकारी तवरबाट त्यसैवर्ष थापाथली दरबारको एउटा कोठामा दरबार स्कूलको स्थापना गरेको कुरा माथि पनि उल्लेख गरियो।

केवल अंग्रेजीमा मात्र सरकारी लगानी गरी मि. रोसलाई खटाई क्यानिडलाई प्रधान अध्यापक बनाएकोमा आफ्नो बाल्यकालमा धनकुटा अर्खौले लेगुवाघाटका ब्राह्मणहरूकहाँ बाह्रखरी चिनेको र डोटी वस्दा डडेल्धुराका काजी भट्टहरूकहाँ रोल्ले, जिजोडा, चमोडा गाउँमा वस्दा परेको छापलाई जंगबहादुर राणाले विर्सन नसकी संस्कृत भाषा पढाई गराउने एउटा पाठशालाको स्थापना गराएका थिए। त्यतिवेला बबरजंग राणालाई शिक्षाको निर्देशक (डाइरेक्टर) पदमा नियुक्त पनि उनैले गरे। त्यो विद्यालय प्रधानमन्त्रीका निम्ति निर्माण भएको नारायणहिटी धारादेखि उत्तरपट्टिको नारायण मन्दिरको सत्तलमा चलाइएको थियो। त्यसलाई नारायणहिटी पाठशाला (हिटीपाठशाला)पनि भनिन्थ्यो। हिटीपाठशाला स्थापनाको एउटा आधार छ। वि. सं. १८८१ मा वरपति आचार्य र शिवमायका तर्फबाट जन्मेका शिरोमणि आचार्य जनरल धीरशम्शेरको विशेष कृपापात्र थिए। ती शिरोमणि आचार्य वनारसमा वसी निष्टापूर्वक भीषण यज्ञ गर्दै थिए। वि.सं. १९०३ को कोतपर्वपछि प्रधानमन्त्री वन्न सफल, कास्की र लमजुङका महाराज श्री ३ जंगबहादुर कुँवर राणाजी भएपछि उनका कान्छा भाइलाई कहिले श्री ३ हुन पाइएला भन्ने महत्वाकांक्षा उब्जेको थियो। त्यस हेतुले धीरशम्सेरले ब्राहमण शिरोमणि आचार्यसँग सल्लाह गुप्तरितले गर्दा नेपालमा संस्कृत शिक्षा दिई उपाध्याय ब्राह्मणका कुमारहरूलाई भोजन गराउन सकेमा पुण्य वढ्ने र मनकामना पूरा हुने कुरा वताए। त्यसै सल्लाह बमोजिम एक वर्ष पछि जनरल धीरशम्शेर कुँवर राणाजीले आफ्ना दाजु जंगबहादुरलाई बक्साई नारायण मन्दिरको हिटी (धारो) नेर रहेको सानोपाटीमा पाठशालाको दरवन्दी गराउन सफल भए। त्यो कुरा राजगुरु जुनानाथ पण्डित र उहाँका अनुजमित्र पं. नरपति उपाध्यायबाट जानकारी भए अनुसार यहाँ उल्लेख गरिएको हो। वि.सं. १९२५ मा सरकारी तवरबाट स्थापित पाठशाला सञ्चालनका निम्ति चारजना पण्डितहरूको दरवन्दी पनि तोकिएको थियो। त्यो क्रम १९२७ सम्म रहेको कुरा गोपीनाथ शर्माद्वारा लिखित "नेपालमा शिक्षा" नामक कृतिमा उल्लेख गरिएको छ।

वि.सं. १९२५ मा धीरशम्सेरका प्रेरणाले संस्कृत पाठशाला स्थापना गरेको चालपाएर श्री ३ जंगबहादुरका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

माहिला छोरा जितजंगले राजेश्वरी घाटमा एउटा संस्कृत विद्यालयको स्थापना गराएका थिए। वि.सं. १९३१ सालमा स्थापित त्यो विद्यालय वि.सं. १९४२ सम्म सञ्चालित थियो। त्यसपछि भने नेपालमा भातृहत्याको श्रृङ्खला चलेको हुनाले त्यो विद्यालय निरन्तर रहेन। १९३२ सालमा पूर्व ४ नम्वर भोजपुरमा पर्ने दिङ्ला गाऊँमा बालब्रह्मचारी षडानन्द उपाध्याय अधिकारीले एउटा संस्कृत पढाउने पाठशाला खोलेका थिए। त्यस्तै वि.सं. १९७५ मा कास्की जिल्लाको सिंपालीमा चलीआएको पिंडी पाठशालालाई दमैडिलको डिलमुनी कटेरो तुल्याई मुखिया गंगाधर, जिम्मावाल देवानन्द पाध्या, अमाली वृहस्पति उपाध्याय र पं. हरिप्रसाद उपाध्यायहरू मिलेर खर्च उठाई चलाई आएकोमा सरकारी दरवन्दी पाए। पछि त्यही विद्यालय पाड्दुर रयाले पुग्यो र आजकल धारापानीमा विलयीकरण भएको छ।

वि.सं. १९९६ सालमा अर्घाखाँचीको खिदिम पोखराथोकमा चलिआएको पिंडी, पटाहा पाठशालालाई सरकारी मान्यता ल्याई जमिन्दार हरिहर गौतमले नयाँ भवन निर्माण गराई पण्डितलाई मासिक तलव दिने कार्यको आरम्भ गरे। त्यस ठाउँमा पण्डित दधिराम मरासिनीको ठूलो योगदान रहेको कुरा सर्वविदित छ।

कर्मकाण्डसँग सम्बद्ध संस्कृत शिक्षाको कारणले श्री ५ गीर्वाणयुद्ध विक्रम शाहदेवलाई पढ्नका निम्ति सतहूँ ज्ञादी वितलवका जयमङ्गल पण्डितका नाति, ब्रजनथ पण्डितका छोरा पण्डित रङ्गनाथ उपाध्याय पौडेलले "राजविधानसार" नामक संस्कृत श्लोक र टीकासहितको ग्रन्थ तयार पारेका थिए। त्यो पुस्तक ३०० विक्रमपूर्वका विष्णु शर्माले राजकुमारहरूलाई पढाउन तयार पारेको "पञ्चतन्त्र" नामक पुस्तक तयार गरेजस्तै मान्न सकिन्छ। त्यसरी विचार गर्दा संस्कृत शिक्षा अत्यन्तै प्राचीनकालवाट समाजमा प्रचलित पाठ्यसामग्रीका रूपमा रहेको कुरा विदित हुन्छ। त्यसरी हिन्दू परम्परामा संस्कृत शिक्षा गहिरोसँग रही आएको बुझिन्छ। हिन्दू धर्मावलम्वीले जीवनमा गर्नुपर्ने अनेक कर्मकाण्डहरू यसै संस्कृत शिक्षासँग सम्बन्धित थिए र यसै आधारमा व्यवासायिक शिक्षा दिने परम्परा वंशपरम्परा अनुसार चलिआएको थियो। सवै पेशाका मानिसले संस्कृतका ग्रन्थका आधारमा उन्नति गर्दथे। भवन, घर, दरबार, मन्दिर, पाटी, पौवा सवै निर्माणकार्य संस्कृत वास्तुशास्त्रका आधारमा हुन्थे। रोगव्याधी लागेमा आयुर्वेद काश्यपसंहिता चरक, सुश्रुति धनञ्जय शास्त्रवाट निदान र उपचार हुन्थ्यो। कृषि, वाणिज्य, गोपालन, वार्हस्पत्य अर्थशास्त्रका आधारमा हुन्थे। राजकाज चलाउन शुक्रनीति, मनुस्मृति आदिवाट हुन्थे। दैनिक आचरण कर्मकाण्डीय अग्निहोत्र वैदिक विधिवाट हुन्थे। कनकनिर्माण विधिवाट सुन वनाइन्थ्यो, योगाभ्यासबाट शक्ति आर्जन हुन्थ्यो। पूजा अनुष्ठानवाट आत्मिक शक्ति मजबूत पारिन्थ्यो। त्यसैले संस्कृतशास्त्र कसै कहाँ गएर ज्ञान चोरी गर्न र पैंचो माग्न पर्ने अवस्थामा छैन, थिएन, हुनेछैन।

वि.सं. १९३२ मा श्री ३ जंगवहादुर राणाले कम्याण्डिङ जनरल धीरशम्सेर राणालाई शिक्षाको डाइरेक्टर पदमा पनि नियुक्त गरिदिएर शिक्षाको मामला उनैका जिम्मामा छोडिदिए। वि.सं. १९३४ मा श्री ३ जंगवहादुर राणाको पत्थरघट्टामा मृत्यु भएपछि अनेक प्रपञ्च गरेर धीरशम्सेरले रणोद्दीपसिंहलाई नेपालका श्री ३ र प्रधानमन्त्री वनाई आफू कमाण्डर इन चिफ भए। त्यसपछि धीरशम्सेरले आफ्ना जेठा दाजुका छोराहरूलाई खेद्न थाले। तदनुसार उनी कर्मकाण्ड विधिवाट अनुष्ठानका शक्तिले आफू र आफ्ना सन्तानलाई नेपालको शक्तिमा रहिरहने वनाउन चाहन्थे। त्यो चाहनालाई शिरोमणि आचार्यले बुझी जनरल कमाण्डर इन चिफ धीरशम्सेरकै नाउँमा दूरुह सोमयाग गर्ने पहिलो संकल्प गरे। नेपालमा १९३८ साल पर्व परेपछि धेरैजसो धीरशम्सेरविरोधी जंगवहादुरका सन्तानका समर्थकहरू मारिएका र जंगवहादुरका छोराहरूकासाथै वलिअहद (श्री ५ युवराज) त्रैलोक्यवीरविक्रम शाह पनि त्यस काण्डमा मुछिएका थिए। तसर्थ वलिअहदलाई विष प्रयोग गरी मृत्यु गराइएको कुरा पनि खुलेको छ। तर आफू श्री ३ महाराज हुन नपाउँदै वि.सं. १९४१ मा धीरशम्सेरको मृत्यु ज्यादै कष्टसाथ कुखुराको करङले घाँटी छेडेर त्यसको भित्रीघाउ सुन्निएर कुहिएर सासफेर्न नहुँदा मृत्यु भएको थियो। त्यसवेला उनले आफ्ना छोराहरूलाई सत्ताको खेल सिकाए।

वि.सं. १९२५ मा नारायणहिटी पाठशालामा ५४ जना छात्र र ४ जना गुरुज्यूहरूको दरवन्दीवाट स्थापित संस्कृत विषयको पढाई हुन्थ्यो। कमाण्डर इन चिफ धीर शम्शेर राणाको मृत्यु भएपछि वि.सं. १९४२ मा उनका पाँच भाइ छोराहरूले आफ्नै वडाबावु श्री ३ रणोद्धिपसिंह

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुँवर राणाजीको नारायणहिटी राजदरवारमा हत्या गरे । तसर्थ गोत्रहत्या, भ्रातृहत्या राम्रो काम होइन भन्ने उनीहरूलाई पनि थाहा थियो तर सत्ताको खेल यस्तै हुन्छ । एउटाको जरा नउखेली अर्काको रोग निको हुदैन । शम्सेर खलकलाई सत्तामा आउन जंग खलकको जरै उखेल्नु पर्ने थियो । त्यसपछि २००७ सालसम्म एकटंकार शम्सेर खलककै हातमा श्री ३ महाराज र प्रधानमन्त्रीको पद रही रह्यो ।

वि.सं. १९४२ मा वनारसमा सोमयाग आरम्भ गरेको वाह्रवर्ष पूरागरी शिरोमणि आचार्यले समापन गरेका थिए । एउटा एकवर्णे वोकालाई वलि दिएर टुक्रा टुक्रा पारी त्यसका लाख, सवालाख टुक्रा पारी वैदिक मन्त्रोच्चारण गर्दै हवन गरेर खाक भएपछि त्यसको प्रसाद तिलक लगाइदिन शिरोमणि आचार्य काठमाडौं आए । उनले श्री ३ वीरशम्सेरलाई भेटेर सोमयागको प्रसाद दिदै उनका वावु कमाण्डर इन चिफ धीरशम्सेरको आज्ञा मुताविक आफ्ना सन्तानको उन्नतिका खातिर यज्ञ गरी दीक्षित भएको सूचना गरे । त्यसपछि शिरोमणि आचार्य दीक्षित कहिन थाले र उनका सन्ततिहरूले दीक्षित भनी थर राख्न थाले । श्री ३ वीरशम्सेर आफू शक्तिशाली भइसकेका थिए । तर उनका मनमा आफ्नो हातले गरेको वंशहत्या, गोत्रहत्या, भातृहत्या गरेको प्रत्यवाय अपराधको प्रायश्चित्त गर्नु अत्यन्तै आवश्यक लागेको थियो । तसर्थ शिरोमणिलाई वीरशम्सेरले गोत्रहत्याको प्रायश्चित्त कसरी हुनसक्ने हो भनी सोध्न थाले । शिरोमणि आचार्यले प्रतिदिन १०८ ब्राह्मण कुमारलाई तृप्त हुने गरी भोजन गराउन सकेमा त्यो पाप सहजै कटनी हुने कुरा बताए । वि.सं. १९२५ मा ५४ जना ब्राह्मणका वालकहरू नारायणहिटी पाठशालामा धीरशम्सेरद्वारा पाकशाला तयार पारी भोजन दिलाउन थालिएको थियो ।

वि.सं. १९४३ साल वैशाख शुक्लपक्ष तृतीया वुधवारका दिनमा श्री ३ वीरशम्सेरले एउटा ताम्रपत्र तयार पारी ५४ जना पहिलेका र अरु ५४ थप गरी जम्मा १०८ ब्राह्मण कुमारहरूलाई लुगा, कपडा, भोजन, पठनपाठन र पर्वपर्वमा पूजापाठ गर्न र हिन्दू सनातन धर्म कायम राख्ने संकल्प गरे । त्यो कुरा सोही तीनधारा पाकशालाको सुपरिवेक्षक कार्यालय उत्तरतिरको भित्तामा टाँसिएको चाक्लो लामो उत्कीर्ण ताम्रपत्रबाट स्पष्ट जानकारी हुन्छ । ताम्रपत्रको आरम्भमा श्री ३ वीरशम्सेरको प्रशस्ति उत्कीर्ण गरिएको छ भने त्यसपछि कमाण्डर इन चिफ देवशम्सेरको प्रशस्ति रहेको छ । त्यसपछि व्यहोरामा पाकशाला तीनधारा क्षेत्र ब्राह्मण भोजन गुठीमा अधि धीरशम्सेरवाट दानपत्रगरी ५४ ब्राह्मण र थप ५४ जना ब्राह्मण समेत गर्दा १०८ लाई वि.सं. १९४३ सालवाट नित्य विहान वेलुका भोजन र वर्षको २ जोर लुगा र ३ वर्षमा १ फेर राडीपाखी खात् र कारिन्दालाई तलव र परि आएमा कामलाई खर्च गर्नलाई गुठीवाट रहेको जगेडावाट पुऱ्याउने कुरा छ । ताम्रपत्रमा लामो तपसिल दिनुकासाथै जमीनको उब्जनी र पसल भाडामा दिएवाट उठेको र कमको वाडफाँड गरी गुठीवाट आउने जति त्यतैवाट र नपुग्ने वजारवाट किनमेल गरी काम चलाउने कुरा उल्लेख गरिएको छ । छात्रावास भत्के विग्रेमा वनाउने रकम जगेडावाट ल्याउने र जिन्सी अन्नको आम्दानीवाट भण्डार दाखिल गरी आम्दानी वाह्नु र खेतमा खोलोपैढो लागेमा वा वाली मासिएमा मोहीलाई मिनाहा दिने कुरा लेखिएको छ । त्यसरी वालिविग्रेका वर्षमा ब्राह्मणलाई तोकेजति नपुगेमा जगेडावाट खर्च गर्नु र फछ्यौंट गर्नु भनिएको छ । त्यो परम्परालाई धीरशम्सेर र श्री ३ वीरशम्सेरले आफ्ना सन्तानलाई धर्म सम्झेर थाम्ने निर्देशन गरेका छन् तीनधारा पाकशालामा टाँसिएको ताम्रपत्रमा । ताम्रपत्रलाई वि.सं. १९४५ साल वैशाखवदी ४ रोज २ मा हालको ठाउँमा लगी टाँसिएको थियो ।

वि.सं. २०२५ सालमा तीनधारा संस्कृत छात्रावासको शतवार्षिकी वा सयौंवर्ष उत्सव मनाइएको थियो । संस्कृतलाई जीवित राख्नका निम्ति भएको सत्प्रयासस्वरूप अद्यापि सो छात्रावास जीवित छ । सयवर्षसम्म पारगर्दा अनेकौं उथलपुथल तथा इतिहासको साक्षी रहेर द्रष्टा भएको छ, तीनधारा पाकशाला । छात्रावासको विकासका निम्ति विविध चरणहरूमध्ये २०२५ सालमा पनि महत्वपूर्ण अध्याय थपिएको कुरा शतवार्षिकीमा उल्लेख गरिएको छ । स्वर्गीय श्री ५ महेन्द्रवाट तीनधारा संस्कृत छात्रावासको पुनर्निर्माण भएको थियो छात्रावास जीर्णोद्धार कार्य सम्पन्न भएपछि त्यहाँआयोजित राजार्चन समारोहमा श्री ५ महेन्द्रको उपस्थिति थियो, त्यहाँ श्री ५ महेन्द्रलाई अभिनन्दन गरिएको थियो । त्यसै अवसरमा त्यहाँ उत्कीर्ण शिलापत्रमा त्यसबारे वर्णन गरिएको छ । उक्त शिलापत्र छात्रावासको मूलढोकावाट वाहिर निस्कदा वायाँपट्टि माथिल्लो भागमा रहेकाले सडकवाटै यसरी पढेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बुझ्न सकिन्छ। संस्कृत श्लोकमा प्रस्तुत त्यो शिलापत्रलाई रामनाथ आचार्यले तयार पारेको कुरा पनि त्यहाँ उल्लेख छ। त्यो शिलालेखको आरम्भमा श्री ५ को स्तुति छ भने त्यसपछि हिन्दूराज्य हिमालको छायामुनि श्री पशुपति क्षेत्रमा छात्रहरूलाई देववाणी पढाइ सिकाइ गराउने र खान लाउन दिइने छात्रावास भवन अत्यन्तै जीर्ण भएको हुनाले स्थायीरूपबाट त्यसको निर्माणकार्य गरिएको कुरा उल्लेख छ। २०२५ साल पौष १ गतेका दिन नवजीर्णोद्धार तीनधारा संस्कृत छात्रावासको समुद्घाटन भएको थियो। काठमाडौं घण्टाघरमाथि अवस्थित नारायणहिटी तीनधारा पाकशाला (संस्कृत छात्रावास) एउटा महत्वपूर्ण ठाउँ हो। यस छात्रावासमा पठनपाठनमा संलग्न विद्यार्थीहरूले नेपालको चौतर्फी विकासमा ठूलो योगदान पुऱ्याएका छन्। त्यस छात्रावासमा बसेर सरस्वतीको वरदान प्राप्त विद्वान एवं सपूतहरूको पुनर्मिलन कार्यक्रम बेलाबेलामा गरिरहनुपर्ने हुन्थ्यो, जसबाट नयाँ पुस्ता र पुराना पुस्ताको बीचमा आदानप्रदान भई राम्रो वातावरण बन्ने थियो। त्यस छात्रावासलाई वन्द गराउन त्यसमा बस्ने अवसर नपाउनेहरूबाट विभिन्न भूमिका हुन सक्छ, जसबाट बच्न र आफ्नो जीवन स्वच्छ, योग्य, आदर्श र सफल पार्न त्यहाँ बसी पठनपाठनमा संलग्न छात्रहरूले सतर्कतासाथ योग्य हुन सक्नैपर्ने हुन्छ नत्र "पृथ्वीका भार अन्नका काल" मात्र हुनेछन्।

काठमाडौं घण्टाघरमाथि तीनधारा पाकशाला छात्रावासको आफ्नै स्तरीय परम्परा रही आएको छ। वि.सं. १९४३ को दरबन्दीअनुसार यथाक्रम सञ्चालन भइआएको त्यस छात्रावासमा अद्यापि १०६ ब्राह्मण कुमारहरू बसी देववाणीको अध्ययन गरिरहेका छन्। हाल २०५७ सालमा छात्रावासको स्थापना भएको १३३ वर्ष भइसकेको छ। त्यस अन्तरालमा त्यस छात्रावासबाट उत्तीर्ण प्रशस्त विद्वानहरू, राजनीतिज्ञ, प्रशासक, प्राध्यापक, राजदूत, शिक्षक, समाजसेवी, प्रहरी, सेना तथा राष्ट्रिय र अन्तरराष्ट्रिय क्षेत्रमा संलग्न रही विशिष्टता हासिल गरेका छँदै छन्। उपर्युक्त कुराहरूलाई छात्रावासका उपलब्धिका रूपमा लिन सकिन्छ। संस्कृत छात्रावासले राजनीतिका क्षेत्रमा मात्रै पारेको सकारात्मक प्रभावलाई चर्चा गर्ने हो भने पनि छुट्टै ग्रन्थ तयार गर्न सकिन्छ। सर्वप्रथम संस्कृत छात्रावासले गरेको २००४ सालको "जयतु संस्कृतम्" आन्दोलनलाई कोशेढुङ्गाको रूपमा प्रस्तुत गर्न सकिने स्थिति छ।

तीनधारा संस्कृत छात्रावासबाट २०२१ सालबाट "अरुणोदय" नामक तीनमहिने मुखपत्र प्रकाशित हुँदै आएको छ। २००४ सालको "जयतु संस्कृतम्" आन्दोलनबाट संस्कृत भाषाका विद्वान्हरूमा राजनीतिक चेतना प्रखर हुने रहेछ भन्ने प्रमाणित गरिदिएको छ। अंग्रेजी पढेका मानिस पैसामा विक्री हुने तर संस्कृतज्ञ ज्यान गएपनि सिद्धान्तमा अडिग रहने, सत्यनिष्ठामा रहने प्रवृत्तिका हुने कुरा प्रमाणित भएको छ। हुन त संस्कृत पढेकाहरूले प्रशस्त धन कमाएका हुँदैनन्, किनभने उनीहरू इमान्दार हुनाले भ्रष्टाचार गर्दैनन्।

राणाकालमा चारपासे, अंग्रेजी माष्टर, मुन्सी, बहिदार र अर्जबेगीका भन्दा पनि कम तलब हुन्थ्यो तापनि संस्कृत पढेका विद्वान् सन्तोष मानेर सेवा गर्थे। संस्कृतको अपमान भएको थिएन, तर पढेकाको अपमान थियो। हालमा पढेकाको मान छ तापनि संस्कृतको अपमान हुँदै गएको देखिन्छ। २००४ सालको "जयतु संस्कृतम्" आन्दोलन चल्दा २९ जना छात्रहरू चारभञ्ज्याङ् कटाइएका थिए। त्यसबेला नेतृत्वहीन भएर आन्दोलन त्यसै थन्किएपछि २००६ सालमा छात्रावासमा प्रवचन गर्ने परम्पराको आरम्भ भयो। २००७ सालको क्रान्तिमा पनि संस्कृतका विद्यार्थीले ठूलै सहभाग गरेका थिए। २००८ सालमा संस्कृत छात्रसंघको स्थापना भएर अंग्रेजीका सरह मान्यता लिन २००९ सम्म सफल भयो। २०१० सालसम्म खुकुरीदलकै विरोध गर्दै आएका संस्कृतका विद्यार्थीले २०१३ सालमा आएर संस्कृतका छात्रहरू पुनः आन्दोलनमा उत्रेका थिए। तर संस्कृत छात्रावासमा खास सुधार भने हुन सकेन। २०१४ सालमा छात्रसंघको अधिवेशन पछि २०१५ सालमा छात्रसंघको महाधिवेशन सम्पन्न भयो। २०१७ सालमा संस्कृतका छात्रहरूले पञ्चायतको विरोध गरेका थिए। २०१९ सालमा २ महिनासम्म पञ्चायत विरोधी आन्दोलनको नेतृत्व संस्कृत छात्रावासले गऱ्यो। २०२० सालमा अन्तर कलेज सम्मेलन पश्चात २०२१ को निर्वाचनमा प्रजातान्त्रिक छात्र पक्षको विजय भयो। २०२२ मा र २०२६ मा छात्र समितिले सचेतन आन्दोलन गरेका थिए। २०२७ मा ने.वि.संघ गठन भई २०२८ मा नारायणघाटमा अधिवेशन बस्यो। २०२९ देखि २०३९ सम्म ने.वि.संघले चरणबद्ध आन्दोलन गऱ्यो। २०३३ मा राष्ट्रिय मेलमिलाप नीति लिई नेपाली कांग्रेसले नयाँ अभियान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रतिपादन गरेपछि २०३६ मा विद्यार्थी आन्दोलन भयो । २०३६ मा वी.पी. कोइराला विरामी भई २०३९ साउन ६ गते स्वर्गे हुँदा विशाल जुलुस भयो । २०४० मा सुरजपूरा हत्याकाण्ड र ने.वि.संघको चौथो महाधिवेशन काठमाडौमा भयो ।२०४२ को सत्याग्रहमा २५ जना संस्कृत छात्रावासका विद्यार्थी गिरफ्तार गरिए । २०४४-४५ मा ने.वि.संघले गणेशमानको अभिनन्दन गऱ्यो । २०४६ को जनआन्दोलनमा संस्कृत छात्रावासका सबैजसो विद्यार्थीले बहुदलको पक्षवाट भागलिएका र गिरफ्तारी दिएका थिए ।

उपर्युक्त कुराहरूबाट जब-जब मुलुकमा संकट र अन्याय बढदै जान्छ तब संस्कृतका विद्वान्हरू जाग्न थाल्दछन् । संस्कृत परिपक्व भाषा र संस्कृतका ग्रन्थ, ज्ञान, भक्ति र वैराग्यले भरिएका हुँदा त्यस विद्याका अध्यार्थीहरू मृत्युञ्जयी, कालजयी र युगद्रष्टा हुन्छन् । अरु विद्याको संस्कृतसँग तुलना हुनै नसक्ने हुँदा अब आउने युवा पिंढीले पटक्कै अल्छी र उपेक्षा नगरी अनिवार्य संस्कृत पढ्नै पर्ने देखिन्छ ।

सन्दर्भ ग्रन्थ र सामग्री स्रोत :

- राजेश गौतम, "राणाकालीन नेपालको एक झलक" काठमाडौः रत्नपुस्तक भण्डार, २०५०
- प्रेमरमण उप्रेती र कृष्णवहादुर थापा, "नेपालको संक्षिप्त सामाजिक, आर्थिक तथा कूटनीतिज्ञको इतिहास" काठमाडौः साझा प्रकाशन, २०५३ ।
- राजाराम सुवेदी,"कमनीय कनकोत्सव स्मारिका" २०४४ हरिहर मा. वि., अर्घाखाँची ।
- राजाराम सुवेदी "विद्या हराए कास्की जानु" उपासना २०५० पुस-माघ, त्रैमासिक ।
- भूपहरि पौड़ेल, "तीनधारा संस्कृत छात्रावासको ताम्रपत्र प्राचीन नेपाल" ७७, २०४० । उही लेख अरुणोदय वर्ष १४ अंक ३,४ (२०३५ चैत्र) मा प्रकाशित छ ।
- वावुराम आचार्य, "अव यस्तो कहिल्ये नहोस्" काठमाडौः श्रीकृष्ण आचार्य, २०५५ ।
- सं. वालकृष्ण पोखरेल, "नेपाली वृहत् शब्दकोश" काठमाडौः ने.रा.प्र. प्रतिष्ठान, २०४० ।
- ज्ञानमणि नेपाल, "नेपालको महाभारत" काठमाडौः साझा प्रकाशन, २०५० ।
- सं. यदु पन्थी, "अरुणोदय" वर्ष २१-२२, अंक १-४ (२०४२)
- नवराज कट्टेल, "संस्कृत छात्रावासको संक्षिप्त राजनीतिक इतिहास" अरुणोदय-वर्ष २६ अंक १-२ (२०४७ असोज)
- राजाराम सुवेदी, "कर्णाली प्रदेशको मध्यकालीन इतिहास" काठमाडौः साझा प्रकाशन, २०५४ ।
- राजाराम सुवेदी, "गुल्मीको ऐतिहासिक झलक" तम्घास, किरण पुस्तकालय, २०५५ ।
- राजाराम सुवेदी, "वाइसी राज्यको ऐतिहासिक रूपरेखा" काठमाडौः ने.एअ.सं. २०५५ ।
- राजाराम सुवेदी, "कर्णाली प्रदेशमा मध्यकालीन डोटी राज्य" भोजपुरः रणवहादुर राई , दुर्जकुमार राई, २०५६ ।
- राजाराम सुवेदी, "कास्की राज्यको ऐतिहासिक रुपरेखा" काठमाडौः विद्यार्थी पुस्तक भण्डार, २०५७ ।
- राजाराम सुवेदी, "सिंपालीको देवाली" रत्नश्री अंक १४९ (२०४९) ।
- राजाराम सुवेदी, "विजयपुर राज्य" नेपाल वर्ष २३, अंक ४ (२०४९)
- राधाकृष्ण अधिकारी, "धार्मिक विज्ञान-पुरुषार्थको साधन" वैद्यनाथ क्षेत्र स्मारिका अछामः वैद्यनाथ क्षेत्र विकास संस्था (२०५०)
- राजाराम सुवेदी, "गलकोटको ऐतिहासिक चिनारी" संगालो (वाग्लुङ, कर्मचारी मिलन केन्द्र, २०३८)
- सं. पुण्यप्रसाद निरौला, "सांस्कृतिक सम्पदाको प्रारंभिक सर्वेक्षण प्रतिवेदन" काठमाडौः पुरातत्व विभाग २०४१-२०४६ ।

विद्या विवादाय धनं मदाय, शक्ति परेषां परिपीडनाय ।
खलस्य साधोर्विपरीतमेतत् ज्ञानाय दानाय च रक्षणाय ॥

दुष्टहरूलाई विद्या विवादको लागि, धन मोजमस्तिका लागि र शक्ति परपीडाको लागि हुन्छ भने साधुहरूलाई त्यसको विपरीत विद्या ज्ञानको लागि, धन दानको लागि र शक्ति अरुको रक्षा गर्नका लागि हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संस्कृत र यूरोपेली भाषाका शब्दहरूको तुलनाबाट निस्कने केही निष्कर्ष

✍ मोदनाथ प्रश्रित
(साहित्य, आयुर्वेदाचार्य)

संस्कृत र यूरोपेली भाषाका शब्दहरूमा देखिने कतिपय समानताको प्रसङ्ग चल्दा मलाई संस्कृत व्याकरणका महान भाष्यकार पतञ्जलीको यो भनाइ संझना हुन्छ-

" एकः शब्दः सम्यग्ज्ञानः सुप्रयुक्तः स्वर्गे लोके च कामधुग्भवति"- पतञ्जली महाभाष्य

(एउटा शब्द राम्ररी जानियो र ठीक ढंगले प्रयोग गरियो भने त्यो यस लोकमा र स्वर्ग लोकमा पनि कामधेनु जस्तै हुन सक्छ ।)

वास्तवमा मान्छेको विचार, भावना, अनुभूति, आकांक्षा आदि सारा कुराको अभिव्यक्ति आधारभूत रुपमा शब्दद्वारा नै त हुन्छ ।

बुटवल (तिनाउको किनार) मा भेटिएको एउटा दाँतको अवषेशबाट एक करोड दशलाख वर्ष पुरानो नर-वानरको अस्तित्व बारे थाहा लाग्यो । पाकिस्तानमा भेटिएको त्यस्तै अवशेषले त्यो जानकारी अरु पाँच लाख वर्ष पर पुग्यो । त्यसरी नै एउटा शब्दले इतिहास र प्राग्इतिहासको हजारौं वर्ष पुरानो अनेकौं विलुप्त तथ्यहरूको दहिलो खोलिदिन सक्छ ।

मैले निकै वर्ष अघि योगी नरहरिननाथको "अंग्रेजी संस्कृताज्जाता" (अंग्रेजी संस्कृतबाट हो) भन्ने पद्यमय संस्कृत लेख पढेको थिएँ । त्यसमा वहाँले "मातरःमदर प्रोक्तः पितरः फादर स्मृतः" आदि रूपमा संस्कृत र अंग्रेजीमा देखिने शब्द सादृश्यहरूको उल्लेख गर्नुभएको थियो ।

प्राचीन भारतीय उपमहाद्वीपमा चलेको संस्कृत भाषाबाट यूरोपको माथिल्लो किनारको समुद्री टापूमा चल्ने अंग्रजी भाषा कसरी जन्मे होला भन्ने प्रश्न मेरो मथिङ्गलमा धेरै समयसम्म नाचिरह्यो । पछि जब मैले प्राचीन घुमन्ते जंगली गण र जनहरूको बारेमा अध्ययन गर्दै गएँ र खासगरी नव पाषाणकालपछि मध्य एसियामा रहेका आर्य मूलका जनगण (कवीला) हरू त्यहाँबाट चारैतिर छरिएको कथा बुझ्दै गएँ, मलाई संस्कृत र अंग्रजीमा देखापर्ने कतिपय शब्दहरूको सादृश्यको रहस्य केही मात्रामा खुल्दैगयो । अनि मलाई लाग्यो , संस्कृत र अंग्रेजीमा केही शब्दसादृश्य छ भने यूरोपका अरु भाषाहरू र संस्कृतमा पनि त्यस्तो सादृश्य हुनुपर्छ । ठूलाठूला भाषा शास्त्रीहरूले विश्वका विभिन्न भाषा र तिनका शब्दहरूको तुलनात्मक अध्ययन गरेका छन् र त्यसकै आधारमा 'भारोपेली भाषा परिवार,' 'भोटबर्मेली भाषा परिवार' आदि जस्ता वर्गीकरण गरिएको छ । तर मैले त्यो तुलना पढ्ने अवसर पाएको छैन । मैले आफ्नो मनको खुल्दुली मेट्न यूरोपेली भाषाविद् विभिन्न मित्रहरूको सहयोगबाट यूरोपका प्रमुख भाषाका कतिपय शब्दहरू संकलन गरें । तिनीहरूको र संस्कृतका शब्दहरूको तुलना गर्दा यी सबै भाषा एउटै मूल भाषाबाट जन्मेका रहेछन् भन्ने कुरा बुझ्न गाह्रो परेन ।

अर्को पेजमा दिइएको तालिकाबाट संस्कृत र यूरोपेली भाषाका अनेकौं शब्दहरूमा रहेको समानता प्रष्ट हुन्छ ।

अझ वैदिक संस्कृत र प्राचीन ल्याटिन ग्रीक तथा फारसी भाषाहरूको तुलनात्मक खोजी गरेमा धेरै शब्दहरूमा समानता भेटिन सक्छ । उदाहरणको रूपमा प्राचीन जन कवीला वाचक शब्दलाई हेरौं । वैदिक संस्कृत-जन, ल्याटिन-जेन्स, ग्रीक-जेनोस्, प्राचीन नार्दिक र एंग्लोशाखा-क्विन (कतिपय प्राचीन यूरोपेली भाषामा 'ज'को 'क' बन्ने नियम अनुसार) गौथिक-कुनि, अंग्रेजी-किन, जर्मनी-कन आदि । आर्य मूलका मान्छेहरू मुख्य रूपले यूरोप, अरब, इरान, इराक, रुस, अमेरिका, इजिप्ट, अफगानिस्तान, भारत र नेपाल आदिमा छरिएका छन् ।

भारत-नेपालमा बस्ने वैदिक या हिन्दू धर्मको बढी प्रभाव परेका व्यक्तिहरू इसाई धर्म मान्ने र इस्लाम धर्म मान्नेहरूलाई एकदमै विजातीय र विरोधी जस्तो ठान्दछन् । तर ईसाई धर्म मान्ने यूरोप र अमेरिका निवासीहरू र इस्लाम धर्म मान्ने अरवदेखि पाकिस्तान वंगलादेशसम्मका निवासीहरूका आर्य मूलकै मानिसहरूको संख्या अत्याधिक छ । लामो समयक्रममा एउटै मुलका मान्छेहरू द्वीप द्वीपान्तरहरूमा छरिँदै गए । तिनीहरूका भाषा, धर्म र संस्कृतिहरू फरक फरक हुँदै गए र मान्छेलाई लाग्न थाल्यो-यी सबै हाम्रा विजातीय हुन्, विरोधी हुन् । तर यथार्थ कुरा भने त्यस्तो होइन । माथिका शब्दहरूको तुलनाबाट निम्न अनुसारका कतिपय निष्कर्षमा पुग्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संस्कृत	अंग्रेजी	फ्रेन्च	जर्मनी	इटालियन	स्पेनिस	रुसी	पोलीस
मातर्	मदर	माम,म्येर	मूटर	माद्रे	माद्रे	माच	
पितर्	फादर	प्येर	फातर	पाद्रे	पाद्रे		
भ्रातर	ब्रदर	फ्रोर	ब्रूडर	फ्रातेलो		व्रात	भ्रात
दुहितर्	डटर		टोक्टर्				
स्वशुर				स्वचुर			
सूर्य	सन्	सलै	सोन्ने	सोरे	सोल		
एक	ए,एन्	ए					यदन्
द्वि		दे	च्वाइ			दोमा	द्वा
त्रि	थ्री	ट्रेर,दे	ड्राइ			त्रि	त्रि
पञ्च			फ्यू			प्याच	प्याञ्च
मनुष्य	म्यान		मेनस,मिन्न				
गौ	काउ		क्यूह्				
दिन	डे	दि					
मनु			मनस				

सकिन्छ ।

१. संस्कृतभाषी हाम्रा पूर्वज र यूरोपका अंग्रेज, फ्रेन्च, जर्मन, इटालियन, स्पेनिस, रुसि र अमेरिकनहरूका पूर्वजहरू आजभन्दा झण्डै छ हजार वर्ष अघिसम्म सगोलमै या सगोलबाट भर्खर फाटेका जन कवीलाका रूप थिए ।

२. उनीहरू जंगली मातृतन्त्री अवस्थाभरी सँगै थिए । निश्चय नै आर्यमूलका कतिपय कवीलाहरू मातृतन्त्री अवस्थामै काटे होलान् । किनभने अदिति, दिति, दनु आदि महामाताका नामबाट बनेका आदित्य, दैत्य,दानव, आदि कुल र कवीलाहरूमा ठूलो विरोध र युद्धहरू भएका वैदिक र पौराणिक कथा प्रसंगहरूबाट हामी परिचित छौं । तर माथिका शब्दहरूमा मातृवाचक शब्दमात्र हैन बाबु, भाइ र ससुरा बोधक शब्दमा समेत समानता देखिएको छ ।

आजभन्दा साढे चार हजार वर्ष पुरानो समय ओगट्ने ऋग्वेदको समाज मातृतन्त्रलाई पछाडि छोडेर पितृसत्तात्मक अवस्थामा आइपुगेको थियो । समग्र ऋग्वेदको अध्ययनले यही कुरा देखाउँछ । मध्यएसिया, यूरोप, इरान र भारतीय उपमहाद्वीपतिर लागेको वैदिक समाजका पुर्खाहरू ऋग्वेदको समयभन्दा कम्तीमा एक-दुई हजार वर्ष पहिले छुट्टिएको हुनसक्छ । तत्र यस्तो सबैमा पिता बोधक शब्दमा समानता हुन सक्ने थिएन ।

३. तिनीहरू छुट्टिनु भन्दा पहिले गाईबाट परिचित भैसकेका थिए ।

४. उनीहरूमा एक, दुई , तीन चार आदि गन्तीका अंकहरूको प्रचलन भैसकेको थियो ।

५. भाषिक तुलनाको अर्को महत्वपूर्ण निष्कर्ष के हो भने संस्कृत भाषाबाट अंग्रेजी वा यूरोपका अन्य भाषाहरू बनेका हैनन् किन्तु अहिलेको संस्कृत भन्दा पुरानो वैदिक संस्कृत तथा यूरोपेली भाषाका प्राचीन रूप भन्दा पनि पहिले सबैको एउटा साझा भाषा थियो । त्यसैबाट विभाजित भएर वैदिक,ल्याटिन, ग्रीक आदि भाषा बने भने तिनै संस्कृत, अंग्रेजी, जर्मनी, फ्रेन्च आदि भाषा बने ।

संस्कृतबाट मागधी, पाली, ब्रज, सौरसेनी आदि प्राकृत बन्दै अहिले नेपाली, हिन्दी, मैथिली, भोजपुरी, अवधी, बंगाली, पंजाबी, राजस्थानी, आदि अनेकौं भाषा र भाषिकाहरू बनेका छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संस्कृतका विद्वान् शिक्षक वा विद्यार्थीहरूलाई आफ्नो धर्म, परम्पराप्रति संस्कृत भाषा र यसका प्राचीन ग्रन्थहरूप्रति बढी अन्धआस्था राख्ने, ती कुराको विश्लेषण नगर्ने, संसारमा आफ्नो जातिलाई सर्वश्रेष्ठ र अरुलाई हीन ठान्ने, भविष्यप्रति भन्दा भूतप्रति बढी गर्व गर्ने, वैज्ञानिक र प्रगतिशील दृष्टिप्रति जागरुक नरहने, संकीर्ण, रुढ आदि जस्ता आक्षेप प्रायः देखिन्छ। संस्कृतको पढाइमा यस्तो विश्लेषणात्मक प्रणाली नरहेको र ऐतिहासिक कारणवश संस्कृत शिक्षाको परम्परा एक दुई जातिमा मात्र सीमित रहेकोले त्यस्ता आक्षेपहरूमा आंशिक सत्यता पनि रहेको छ। तर संस्कृत क्षेत्रका विद्वान्, शिक्षक, र विद्यार्थीहरूले के कुरा विर्सन हुँदैन भने, वाद-विवाद-संवाद (वादे वादे जायते तत्ववोधः) को दार्शनिक परम्परा संस्कृत वाङ्मयमा अत्यन्त समृद्ध छ। संस्कृतमा अध्यात्मवादी, अर्ध अध्यात्मवादी र भौतिकवादी दर्शनहरूको साहचर्यको लामो परम्परा छ। त्यसैले यस क्षेत्रका बुद्धिजीवीहरू सवभन्दा तार्किक, विश्लेषणशील र भविष्यप्रति पूर्ण जागरुक भएर आफ्नो प्राचीन विद्या र आधुनिक विद्यालाई समन्वित गरेर लैजान कुशल वन्न सक्नुपर्छ।

२७९ औं पृथ्वी जयन्ती
तथा
राष्ट्रिय एकता दिवसको उपलक्ष्यमा
समस्त देशवासी दाजुभाइ तथा
दिदीबहिनीहरूमा हार्दिक
मंगलमय शुभकामना
व्यक्त गर्दछौं।

गगन कुमार थापा

सभापति

तथा स्व.वि.यू. परिवार

त्रि-चन्द्र क्याम्पस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बौद्ध र वैदिकदर्शनका केही समान चिन्तन आधारहरू

✍ डा. काशीनाथ न्यौपाने

हिन्दू दर्शन र बौद्ध दर्शनका बीच धेरै विषयमा समता, एकीभाव, समान गन्तव्य र लक्ष्य आदि प्राप्त गर्न सकिन्छ । प्रस्तुत निबन्धमा ती सबै विषयमा चर्चा गर्ने कुनै अवसर छैन तर दार्शनिक रूपमा हामी कहाँ खडा छौं ? बुद्धको मूल देशनाको तात्पर्य, मूल मान्यता कुन अर्थमा कसरी प्रस्तुत गर्ने गरिएको छ र साथै उपनिषद्मा तत्त्वको निरूपण कसरी गरिएको छ, कुन लक्ष्यका लागि श्रुति-वेदान्तको तात्पर्य परिलक्षित भएको छ । श्रुति प्रतिपादित द्वैत, अद्वैत, विशिष्टाद्वैत आदि दर्शनहरूमा कसरी जगत् र जगद्देखि निर्लिप्त रहने तत्त्वको विषयमा विवेचना गरिएको छ । साथै बौद्धदर्शनका विभिन्न चिन्तनप्रणालीमा दार्शनिक चिन्तनको धरातल कसरी खडा गरिएको छ त ? माध्यमिक दर्शनको परमार्थ शून्यतत्त्व र अद्वैतको ब्रह्मतत्त्व कस्तो छ त ? योगाचार दार्शनिक अवस्थामा कसरी खडा गरिएको छ । सौत्रान्तिक आदि प्रणालीमा कसरी जगत्, असत् र सत्को विवेचना गरिएको छ । यी दुवै दर्शनको परमलक्ष्य के हो त ? इत्यादि प्रश्नहरूमा यो सानो निबन्ध केन्द्रित रहने छ ।

श्रुति प्रतिपादित तत्त्व र बुद्धप्रतिपादित तत्त्वको बीचमा रहेका समान धारा, विचारसरणि, समान बिन्दु र लक्ष्यैकतालाई ध्यानमा राखेर यो निबन्ध प्रवृत्त भएको छ । दुवै दर्शनलाई माण्डूक्योपनिषद् कारिकामा गौडपादले समन्वय गर्ने ठूलो र सार्थक प्रयास गर्नुभएको थियो र श्रुतिको व्याख्या गर्दा धेरै ठाउँमा बुद्धलाई नमस्कार गरिएको छ र तत्त्वप्रतिको लगाव, पूर्वजहरूले प्राप्त गरेको ज्ञानप्रतिको तीक्ष्ण चासो र दुबैको चरम लक्ष्य एउटै हो भन्ने सन्देश दिदै पूर्वाग्रहमुक्त भएर ईशाको पाँचौं शताब्दीको गंभीर प्रयासलाई म यहाँ स्मरण गर्दै यस निबन्धलाई अगाडि सार्दछु । यस निबन्धको उद्धेश्य दार्शनिक धरातलमा एकताको अन्वेषण मात्र हो न कि व्यावहारिक पृष्ठभूमिमा ।

अष्ट्याई दार्शनिक *माननाग*को भनाई छ संसार मा जे जति पनि छ त्यो सत्य हो र हाम्रो बेतुक भन्दा बेतुक कल्पना पनि सविषय हुन्छ, त्यो सत्य हो र यथार्थ हो । यस्ता दर्शनमा आभास र सत्मा भेद रहन्न । एउटा अवस्थामा दर्शनको शून्यवादी परम्परामा पनि तथागत जगत्, निर्वाण र संसारमा सूक्ष्म भन्दा सूक्ष्म पनि भेद छैन -

तथागतो यत्स्वभावः तत्स्वभावमिदं जगत् ।
तथागतो निःस्वभावो निःस्वभावमिदं जगत् ।
न संसारस्य निर्वाणात् किञ्चिदस्ति विशेषणम् ।
निर्वाणस्य च या कोटिः कोटिः संसरणस्य च ।
न तयोरन्तरं किञ्चित् सुसूक्ष्ममपि विद्यते ॥[1]

हिन्दू दर्शन अन्तर्गत प्रसिद्धार्थख्यातिवादी, साङ्ख्यसम्प्रदाय, प्रभाकर र रामानुजले पनि सबै विज्ञानलाई (ज्ञान) यथार्थ मानेका छन् ।

अर्कातिर तीनै आभास र सत् संवृति र परमार्थ, व्यवहार-परमार्थका भेदलाई मान्यता दिने दर्शन हुन जान्छन् ।

पाश्चात्य दार्शनिकहरूमा पार्मेनिदिस , प्लातोन, कान्ट, हेगेल आदि, पूर्वीय दर्शनमा अद्वैत, महायान, सत्यसिद्धि, जैन आदि सत् र असत् उभयत्र यस भेदका पोषक छन् । अद्वैतदर्शन र महायानदर्शनमा भेदको विशेष महत्त्व छ । एकातिर पराविद्या र अपराविद्या, अविद्या र विद्या, सत्य र सत्यस्य सत्यम्को अर्कातिर अपरोक्ष र परोक्षको वैदिक-औपनिषदिक विभाग यसका मूलमा गोचर हुन्छन् । लोकायतिक दार्शनिक जयराशि भट्टको तत्त्वोपप्लवसिंहमा नै यो[2] व्यवहार परमार्थ भेद देख्न सकिन्छ । आर्यदेवको कथन छ यदि इन्द्रियगोचर नै तत्त्व हुने हो भने वच्चाहरू पनि तत्त्वदर्शी हुनेछन्-

इन्द्रियैरुपलब्धं यत् तत् तत्त्वेन भवेद् यदि ।
जाता तत्त्वविदो बालाः तत्त्वज्ञानेन किं तदा ॥[3]

व्यवहार-परमार्थको भेद प्रायः तारतम्य भेद नभएर प्रकारभेदका कोटिको प्रतीत हुन्छ । यदि हामी कुनै वस्तुलाई निकटबाट हेर्दछौं भने उसको स्वरूप अर्को हुन्छ र टाढाबाट हेर्दा अन्य हुन्छ । व्यवहार र परमार्थको भेद भने यस्तो होइन । त्यो दुई प्रकारका सत् र असत् सँग सम्बन्धित हुने गर्छ । वस्तुतः व्यवहार र परमार्थको भेद स्वयं व्यावहारिक हो । व्यवहार चाहे परमार्थको नै विकृत अथवा अध्यस्त रुप होस् या पृथक् नै किन नहोस्, त्यसको प्रभाव परमार्थका प्रभाववाट अभिन्न नै हुन्छ ।

१. मध्यमकशास्त्रम्, २२.१६, २५.१९-२०
२. तत्त्वोपप्लवसिहः पृ. १ ।
३. चतुः शतकम्, ३.१८.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

व्यवहार र परमार्थका बीचको दूरी चाहे जति टाढा होस् तर परमार्थको प्राप्ति व्यवहारद्वारा नै हुन सक्तछ । अभिसमयालङ्कारकारिकामा यो वाक्य उद्धृत छ - "तथ्यसंवृतिमन्तरेण विपश्चितः तत्त्वप्रासादशिख-रारोहणं न हि युज्यते"[४] अर्थात् - व्यवहारका सींढीद्वारा नै परमार्थका शिखरमा आरोहण गर्न सकिन्छ । भतृहरिको कथन छ[५] - असत्यवर्त्मनि स्थित्वा ततः सत्यं समीहते अर्थात् असत्यका मार्गद्वारा नै सत्यको प्राप्ति हुन सक्छ । नागार्जुनको आशय पनि यस्तै छ -

व्यवहारमनाश्रित्य परमार्थो न देश्यते ।
परमार्थमनागम्य निर्वाणं नाधिगम्यते ॥[६]

यसमाथि चन्द्रकीर्ति यसरी थप्नु हुन्छ -
"संवृतिरादावेवाभ्युपेया भाजनमिव सलिलार्थिनेति"[७] अर्थात् व्यवहार त्यो वर्तन हो जो परमार्थरूपी जलका लागि आवश्यक हुन्छ ।

अद्वैत दर्शनमा संवृति र परमार्थ को जुन स्थान छ प्रायः त्यही माध्यमिकको संवृति र परमार्थ हो । जसलाई भावविवेक मिथ्या संवृति र तथ्यसंवृति भन्दछन् । यसलाई क्रमशः अलोकसंवृति र लोकसंवृति पनि भनिन्छ । अद्वैतमा व्यवहार लोकसंवृतिका लागि रूढ भयो र अलोक संवृतिका लागि प्रतिभास नामक एउटा नयाँ कोटिको प्रसिद्धि भयो । काश्मीरवैभाषिक वसुबन्धुका अनुसार[८] जसको व्यवहार ऊ समाप्त हुँदा समाप्त हुन्छ त्यो संवृति सत् हो र जसको व्यवहार विकृतिका अवस्थामा पनि भइनै रहन्छ त्यो परमार्थ सत् कहलाउँदछ । धर्मकीर्ति परमार्थ सत्लाई नै[९] अर्थ क्रियाकारी मान्दछन् । लङ्कावतारसूत्र मैत्रयनाथ, असङ्ग र वसुन्धुका विज्ञानवादमा पनि परमार्थ र संवृति र परमार्थ र व्यवहारको चर्चा यत्र तत्र गरिएको छ । किन्तु तिनको विशेषता भने- स्वभावत्रय र सत्यत्रयको सिद्धान्त हो । त्यसमा तीन स्वभाव, सत् तथा सत्य मानिएका छन्- परिकल्पित परतन्त्र र परिनिष्पन्न जुन एक दृष्टिले हेर्दा क्रमश : मिथ्यासंवृति अथवा अलोकसंवृति, तथ्यसंवृति अथवा लोकसंवृति र परमार्थका पर्यायवाची प्रतीत हुन्छन्, यस समीकरणलाई यसरी व्यक्त गर्न सकिन्छ ।

परिनिष्पन्न	परतन्त्र	परिकल्पित
परमार्थ	व्यवहार	प्रतिभास
परमार्थ	तथ्यसंवृति/लोकसंवृति	मिथ्यासंवृति /अलोकसंवृति
परमार्थ	संवृति/ व्यवहार	

मूलरूपमा परिकल्पित र परतन्त्रको संमिलित संज्ञाव्यवहार हो । प्रज्ञाकरमतिले चार आर्यसत्यलाई संवृति र परमार्थमा अन्तर्भाव हुन्छ भनेको छ- दुःख समुदय र मार्ग संवृति अन्तर्गत पर्दछन्,[१०] निरोधसत्य परमार्थका अन्तर्गत पर्दछन् । र वस्तुतः परमार्थ नै एकमात्र सत्य हो[११] ।

अद्वैतमा एउटा चौथो कोटिको पनि कल्पना गरिएको छ- त्यसलाई तुच्छ अथवा अलीक भनिन्छ । विज्ञानवादमा यसको अन्तर्भाव परिकल्पितमा गरिएको छ । माध्यमिक दर्शनमा उसको गणना मिथ्यासंवृति अथवा अलोकसंवृतिमा अन्तर्भाव गर्न सकिन्छ । स्पष्ट नै परमार्थ र व्यवहार संवृतिका द्विविध विभागमा तुच्छको आविर्भाव व्यवहार संवृतिमा गर्नु पर्ने हुन्छ ।

मैत्रेयानाथले तीनप्रकारको संवृति मानेका छन्- प्रज्ञप्ति, प्रतिपत्तिसंवृति तथ्यउद्भावनासंवृति वसुबन्धु र स्थिरमतिका अनुसार प्रज्ञप्तिसंवृति अद्वैतको तुच्छसंग तुलनागर्न सकिन्छ[१२] । अविद्यमान अर्थको शब्दमात्रद्वारा गरिने व्यवहार प्रज्ञप्तिसंवृति, अविद्यमान अर्थमा अर्थाभिनिवेश प्रतिपत्तिद्वारा व्यवहार प्रतिपत्ति संवृति तथता आदि शब्दद्वारा निरभिलाप्य, धर्मधातुको अभिलाप्य उद्भावना संवृति[१३] । कहिले कहीं परिकल्पितका दुई भेद गरिन्छन्- सत् परिकल्पित र असत् परिकल्पित । असत् परिकल्पित तुच्छ हो । अद्वैत, माध्यमिक र सौत्रान्तिक योगाचारमा सत् या सत्यका यी विभाग अपेक्षया सरल छन् । अद्वैतको किमार्थ परब्रह्म हो । जो सत् हो तीनै कालमा समछ र न कसैको परिणाम हो न विवर्त नै । व्यावहारिक सत्ता जगत् हो जुन सदसद्विलक्षण छ । न सत् न असत् न सदसत् प्रत्युत अनिर्वचनीय त्यो ब्रह्मको विवर्त हो र माया अथवा अविद्याको परिणाम प्रातिभासिक सत्ता शुक्तिरजत, रज्जु सर्प आदि हुन् जुन सदसद् विलक्षण नै हुन् । रज्जु आदिका अन्तर्गत चेतनको विवर्त र तूलाविद्याको परिणाम स्वप्न पदार्थ पनि चैतन्यको विवर्त र तूलाविद्याको परिणाम हुन् । यहीं तुच्छलाई पनि लिनु पर्छ । तुच्छपदार्थ अलीक हुन्छ । बौद्ध अथवा बुद्धिनिर्मित हुन्छन् र नित्यबाधित

४. अभिसमयालङ्कारालोकः ५. वाक्यपदीयम्, २.२४०।२३८
६. मध्यमशास्त्रम्, २४.१०। ७. मध्यमकवृत्तिप्रसन्नपदा, २४.१०।
८. मध्यमार्थसंग्रहः कारिका, ८। ९. अभिधर्मकोशः, ६.४।
१०. प्रमाणवर्तिकम्, प्रत्य., परि., ३।
११. बोधिचर्यावतारपंजिका, ९.२,पृ.१७५।
१२. बोधिचर्यावतारपंजिका, ३.१०,पृ.९४-९५
१३. मध्यान्तविभागकारिका, ३.१०।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन्छन्। परमार्थ नित्य अवाधित, व्यवहार प्रतिभास अज्ञानका अवधिमा अवाधित र तुच्छ नित्य-वाधित हुन्छ। तुच्छका उदाहरण हुन शशश्रृङ्ग वन्ध्यापुत्र, आकाशकुसुम आदि। यिनको वोध कहिल्यै हुदैन। प्रतिभासिक पदार्थ शुक्तिरजत आदिको भने वोध वा अनुभव हुन्छ। अतः प्रातिभासिक पदार्थ अत्यन्त असत् मानिदैनन्। अत्यन्त असत् तुच्छ पदार्थमात्र हुन्। रज्जुमा सर्प परिकल्पित हो, त्यो वस्तुतः प्रतीत हुन्छ। यद्यपि तत्त्वतः त्यो छैन। अतः उसलाई प्रतीतिक्षणमा अनिर्वचनीय मान्नु पर्दछ। शशश्रृङ्ग आकाशकुसुम, वन्ध्यापुत्र पनि तत्त्वतः छैनन्, किन्तु तिनको प्रतीतिनै हुदैन। अतः ती अत्यन्त असत् छन्। अशुद्ध न असत् हुन् न सदसत् प्रत्युत अनिर्वचनीय या त्यो ब्रह्मको विवर्त हो, र माया अथवा अविद्याको परिणाम प्रातिभासिक सत्ता शुक्तिरजत, रज्जु सर्प आदि हुन् जुन सदसत् विलक्षण नै हुन्। रज्जु आदिका अन्तर्गत चेतनको विवर्त र तूलाविद्याको परिणाम स्वप्न पदार्थ पनि चैतन्यको विवर्त र तूलाविद्याको परिणाम स्वप्न पदार्थ पनि चैतन्यको विवर्त र तूलाविद्याको परिणाम हुन्। यहीं तुच्छलाई पनि लिनु पर्छ, तुच्छपदार्थ अलीक हुन्छन्। वौद्ध अथवा वुद्धिनिर्मित हुन्छन् र नित्यवाधित हुन्छन्। परमार्थ नित्य अवाधित, व्यवहार प्रतिभास अज्ञानका अवधिमा अवाधित र तुच्छ वन्ध्यापुत्र, आकाशकुसुम आदि। यिनको वोध कहिल्यै हुदैन। प्रातिभासिक पदार्थ शुक्तिरजत आदिको भने वोध या अनुभव हुन्छ। अतः प्रातिभासिक पदार्थ अत्यन्त असत् मानिदैनन्। अत्यन्त असत् तुच्छ पदार्थमात्र हुन्। रज्जुमा सर्प परिकल्पित हो, त्यो वस्तुत प्रतीत हुन्छ। यद्यपि तत्त्वतः त्यो छैन। अतः उसलाई प्रतीतिक्षणमा अनिर्वचनीय मान्नु पर्दछ। शशश्रृङ्ग, आकाशकुसुम, वन्ध्यापुत्र पनि तत्त्वतः छैनन्, किन्तु तिनको प्रतीति नै हूँदैन। अतः ती अत्यन्त असत् हुन्। शुद्ध असत् हुन्।

माध्यमिक र योगाचारको स्थिति पनि स्पष्ट छ। माध्यमिक किमार्थ ब्रह्म होइन, शून्य हो। जसको सम्वन्धमा मौन रहनु नै श्रेयस्कर हुन्छ- परमार्थो ह्यार्याणां तूष्णीभावः[१४]। सौत्रान्तिक योगाचारको परमार्थ स्वलक्षण हो जसलाई अर्थ क्रियासमर्थ मानिएको छ[१५]। माध्यमिक र सौत्रान्तिक योगाचारको संवृति तत्त्व अद्वैतका व्यवहार को पर्याय हो। मैत्रेयनाथले परमातीत भेद गरेको- अर्थपर मार्थ प्राप्तिपरमार्थ र पतिपत्ति परमार्थ[१६]। अर्थपरमार्थ तथता हो, परमज्ञानको अर्थ, प्राप्ति परमार्थ निर्वाण हो, परम अर्थ र प्रतिपत्ति परमार्थ मार्ग हो, जसको अर्थ परम हो-'परमोऽस्यार्थ' इति कृत्वा[१७]।

तान्त्रिकसाहित्यमा हेर्ने हो भने दुवै दर्शनमा धेरै ठाउँमा एकता ल्याउन सकिन्छ। यसलाई यदि दुवैले एउटै देवी या एउटै मण्डल या भैरव या चक्रको उपासना गर्दछन् भन्नु पनि अत्युक्ति हूँदैन। सामान्यरूपमा दुवै ने आफ्नो साधना या परम्परामा संलग्न छन्। तर दुवैलाई यो थाह हुन सक्दछ कि यो हामी दुवैको साझा संपत्ति हो।

दुवै दर्शन अन्तर्गत यदि वज्रयानी परम्परा या वैदिक परम्परा बीचको अवस्थालाई हेर्ने हो भने कर्मकाण्ड यानी गृहस्थ वौद्ध वज्रयान परम्पराको जीवन कृत्य र हिन्दू-वैदिक सनातन गृहस्थहरूको कर्मकाण्डका चीजहरू समान छन्। केवल क्रियात्मक अवस्थामा एउटा वेदमन्त्रद्वारा आफ्ना कृत्यहरू गर्दछ भने अर्कातिर वौद्ध परम्परामा वेदमन्त्रहरू नभएर अन्य 'सावर' मन्त्र या अन्य तान्त्रिकमन्त्रहरूको प्रयोग भएको छ। यसरी जीवन वृत्तलाई हेर्ने हो भने पनि दुवैको धेरै मौलिक समानतालाई राख्न सकिन्छ। 'तारा' जसलाई दुवै दार्शनिक परम्परामा समान रूपले उपासना गरिन्छ। यसरी दुवै दर्शनका कृत्य आदि हेर्ने हो भने दार्शनिक चिन्तनको आवश्यकता पनि नपर्ने देखिन्छ। तर यहाँ म ती कृत्यात्मक एकताको नभएर दार्शनिक धरातलतिर फर्कन चाहन्छु।

वौद्धदर्शन एवं हिन्दूदर्शन जो सनातन वैदिक परम्पराको नै प्रचलित पक्ष हो, मा धेरै दार्शनिक महत्वपूर्ण ऐक्यविन्दुहरू छन्। जसका आधारमा हामी दुवै दर्शनको मूलभूत उद्देश्य एउटै हो भन्न नै पनि संशय विना नै समर्थ छौं।

पालित्रिपिटक अन्तर्गत 'उदान' पालिमा निम्नलिखित भाव व्यक्त गर्ने पङ्क्तिहरू यस प्रकार छन्-

यत्थ आपो च पठवी, ते जो वायो न गाधति।
न तत्थ सुक्का जोतन्ति, आदिच्चो न प्यकासति॥
न तत्थ चन्दिमा भाति तमो तत्थन विज्जति।
यदान अत्तना वेदि मुनि मोनेन ब्राह्मणो॥
अथ रुपा अरुपा च, सुखदुक्खा पमुच्चती ति॥[१८]

यसप्रकारकै भाव बोकेको श्रुतिको स्वरूप पनि केही भिन्न

१४. मध्यान्तविभाग भाष्यटीका ३.१०.
१५. मध्यमकवृत्ति, १.३।
१६. प्रमाणवार्त्तिकम्, २.३।
१७. मध्यान्तविभागकारिका, ३.११।
१८. मध्यान्तविभागभाष्यटीका, ३.११।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छैन-

न तत्र भाति न चन्द्रतारकं
नेमा विद्युतो भान्ति कुतोऽयमग्निः ।
तमेव भान्तमनुभाति सर्वं
तस्य भासा सर्वमिदं विभाति ॥[१९]

औपनिषदिक परम्परामा त्यही तत्त्व प्रतिपादित भएको छ । जुन तत्त्व बौद्धवाङ्मयमा 'विज्ञान' लाई अनिदर्शन वताइएको छ .... विञ्ञाणं अनिदस्सनं, अनन्तं सव्वतोभवं" अनिदर्शन, अनन्त र सर्वतो प्रभ 'विज्ञान' वस्तुत निर्वाणको नै विधिवचन हो । यहाँ ध्यानदिनु पर्ने कुरा के छ भने - 'विज्ञान' विञ्ञाण शब्दको थेरवादी संहितामा दुई मुख्य अर्थमा योग गरिएको छ । रूप, वेदना, संज्ञा, संस्कार र विज्ञान यी स्कन्धहरूमा शामिल 'विञ्ञाण' वस्तुतः लक्षणत्रयार्थ त्यस परमार्थ सत्य लाई संभिनु पर्छ जसको पर्याप्त प्रतिपादन सन्धिनिर्मोचनसूत्र, लङ्कावतारसूत्र, विज्ञप्ति मात्रता सिद्धि, तत्त्व संग्रह आदि ग्रन्थहरुमा गरिएको छ ।

ब्रह्मजालसुत्तमा भनिएको छ विज्ञान, अदृश्य, अनन्त र सर्वत्र प्रभास्वर छ । यो पृथ्वीत्वद्वारा अप्राप्त छ जलका जलत्वद्वारा अप्राप्त छ, तेजका तेजस्त्वले अप्राप्त छ । यसरी नै तेज, वायु, भूत, देवता,प्रजापति ब्रह्मा, अभास्वर, शुभकृत्स्न, वृहत्फल र सर्वकार सर्वत्वद्वारा पनि अप्राप्त छ । यसरी अनिदर्शन विज्ञान अथवा प्रत्यात्मवेद्य वोधिको अवस्था यसरी व्यक्त गरिएको हो ।

औपनिषदिक आत्मवाद एकप्रकारको शाश्वतवाद हो र वौद्ध विज्ञानवादले शाश्वतवादको निराकरण गर्छ । शान्तरक्षित भन्नुहुन्छ - नित्यज्ञानविवर्त्तोऽयं क्षितितेजोजलादिकः । विज्ञान परिणामोऽयं तस्मात् सर्वं समीक्षते ... । यस वक्तव्यवाट पनि यो समग्र प्रपञ्च विज्ञानवाट नै निःसृत भएको हो र निर्वाणको अवस्थामा सबै लीन हुन्छन् । साथै औपनिषद्वादीहरूको दोष अति थोरै छ भन्ने व्यक्तव्य यस्तो छ[२०] "तेषामल्पापराधं तु विज्ञानं नित्यतोक्तितः" अर्थात् उनीहरू विज्ञान (आत्मा) लाई नित्य भन्दछन् यही अपराध हो जसलाई हामी अनित्य भन्दछौं ।

यहाँ जुन प्रसंग उठाइएको छ त्यो संसार यानी त्रैधातुकरूपकामधातु, रूपधातु र अरूपधातुका स्वभाव र अस्तित्व हो । विज्ञान एकमात्र परमार्थ हो । यो ठीक छ । यसलाई नित्य ज्ञान विवर्त मान्दा आपत्ति छ । कठोपनिषद्को वाक्य "तस्य भाषा सर्वमिदं विभाति" मा सर्वमिदं विभातिमा संसार पनि नित्य र शाश्वत होला । विज्ञानवादी विचार कहरू वसुवन्धु, धर्मपाल, स्थिरमति आदि यसप्रकारका विवर्तलाई मान्दैनन्[२१] । विञ्ञाण = विज्ञानको परिनिष्पन्नता र उसका प्रभास्वर स्वरूपको चार पालि निकायका समयदेखि लिएर वज्रयानका शास्त्रका समयसम्म निर्विवादरूपले विकसित भई रहयो चित्त, मन, विज्ञान समानार्थक तथा पर्यायवाची हुन्[२२] । पालिसूत्रहरूमा यसको गंभीर महिमा सुविदित छ । अंगुत्तर निकायमा तथागतले भन्नु भएको छ- पभस्सरमिदं भिक्खवे, चित्तं। तं च खे नागन्तु केहि उपक्किलेसेहि उपक्किट्ठंति । पभस्सरमिदं मक्खवेम्पित्तं । तं खो आगन्तुकेहि उपक्किलेसेहि विष्पमुक्त[२३] । चित्त अथवा विज्ञान न केवल अनिदर्शन, अनन्त र सर्वत्र प्रकाशित हुनेवाल हुन् । त्यो प्रकाशमय अथवा पभास्वर आफ्नो यथार्थरूपमा निर्मल छ । वाह्य मल जसले यसलाई लिने गर्दछन्, ती बाट यो मुक्त भएर पुनः विमल हुन्छ । सिद्ध कम्वलपादले यस निर्मल, प्रभामय चित्तलाई आनादि चित्त ....भन्नु भएको छ ।

प्रतिविम्वादिसंभिन्न ग्राह्यं अनादि चित्त सम्भवम्
तदाकारं च विज्ञानमन्योन्यप्रतिविम्ववत् ॥[२४]

तान्त्रिक ग्रन्थमा यस अनादि अनन्त विज्ञानको तादात्म्य वोधिचित्त, वज्रसत्व, सर्वज्ञ (वुद्ध) अथवा कालचक्रसँग गरिएको छ । यहाँ ज्ञान, विज्ञान, शून्य, तथा चित्त पर्यायवाची हुन्छन् । अद्वैतसिद्धिकारले[२५] "प्रकृतिप्रभास्वरं नाथं सर्वज्ञं त्रिभवोद्भवम्" भनेर त्यसै पुराना कुरालाई दोहोऱ्याएको हो । 'प्रकृति[२६] भास्वरको त्यही अर्थ हो जुन 'पभस्सर' र 'सव्वतोपभं' अर्थ हो र यो अनन्त विज्ञान अथवा अनिदर्शन निर्वाणको नामान्तर अथवा विशेषण मात्र हो । ज्ञानशब्दद्वारा यी सबै शब्दहरूद्वारा पूर्वकालमा प्रचलित अर्थहरूलाई संकेत गरिएको प्रतीत हुन्छ । त्यसैले वज्रसत्त्वलाई शून्यता र चित्तमात्रतालाई युगनद्धस्वरुप भनिएको छ । आचार्य अद्वयवज्रले यसै दृष्टिले भन्नु भएको

१९. उदान, नालन्दा संस्करण, पृ. ७२ ।
२०. कठ उपनिषद्, २.२.१५। मुण्डक, २.२.१०। श्वेता, ६.१४ ।
२१. तत्त्वसग्रहकारिका, ३२८-३० ।
२२. स्टडीज इन दि बुद्धिष्ट कल्चर ऑफ इण्डिया
२३. प्रज्ञापारमितापिण्डार्थसंग्रहः, ७ श्लोकः
२४ अद्वैतसिद्धिः - प्रथम पङ्क्ति
२५. अभसयालकारवृत्तिः, पृ.३७. रोमन सस्करण
२६ अभिसमयालकारवृत्तिः, पृ. ३७ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छ-

वज्रेण शून्यता प्रोक्ता सत्त्वेन ज्ञान मात्रता ।
तादात्म्यमनयोः सिद्धं वज्रसत्त्वस्वभावत : ॥[२७]

आचार्य अनङ्गवज्रले यसै कुरालाई यसरी व्यक्त गर्नुभएको छ-[२८]

ग्राह्यग्राहकसन्त्यक्तं सदसत्पङ्क्तिवर्जितम् ।
लक्ष्यलक्षणनिर्मुक्तं शुद्धं प्रकृतिनिर्मलम् ॥
न द्वयं नाद्वयं शान्तं शिवं सर्वत्र संस्थितम् ।
प्रत्यात्मवेद्यमचलं प्रज्ञोपायमनाकुलम् ॥

यी पंक्तिहरूले त्यही अनन्त सर्वतो प्रभ विज्ञानरूप तत्त्वतिर संकेत गर्दछन् । जसलाई मध्यमकशास्त्रमा व्यक्त गरिएको छ-'चुष्कोटि विनिर्मुक्तम्' र योगाचारशास्त्रमा 'परिनिष्पन्न' विज्ञान भनिएको छ । यो न नित्य हो न अनित्य । यसको न आदि छ न अन्त नै । अथवा यो छ पनि र छैन पनि । यो सर्वव्यापी र सर्वथा प्रकाशमान हुनाले हो र संवृतिका पकडबाट वाहिर विकल्पद्वारा सर्वथा मुक्त भएकाले होइन । यो निराकार र नानाकार दुवै छ । स्वयम्भू पुराणमा यस प्रकारको वर्णन उपलब्ध छ-

अस्तिनास्तिस्वरूपाय ज्ञानरूपस्वरूपिणो ।
शून्यरूपस्वरूपाय नानारूपाय ते नम : ॥[२९]

उपनिषद्को ब्रह्म, या शंकराचार्य प्रतिपादित ब्रह्म चतुष्कोटि विनिर्मुक्त छ (न सत् न असत् न सदसद् न तद्भिन्न) यसरी नै शून्यतत्त्व पनि चतुष्कोटि विनिर्मुक्त छ-

"चतुष्कोटि विनिर्मुक्तं तत्त्वं माध्यमिका विदु : । यसरी यी दुवै दर्शनमा समान तत्त्वहरू स्पष्ट रूपमा परिलक्षित छन् । शून्यवादीका दृष्टिमा न चतु : आर्यसत्य छ , न विज्ञान नै छ न त बुद्धको नै अस्तित्व छ । त्यसैलाई आचार्यशंकर पनि यसरी व्यक्त गर्नुहुन्छ -

न शास्ता न शास्त्रं न शिष्यो न शिक्षा
न च त्वं न चाहं न चायं प्रपञ्चः[३०] ।
तदेकोऽवशिष्टः शिवःकेवलोऽहम् ॥

नागार्जुन आफ्नो प्रसिद्ध मध्यमकशास्त्रमा यसैभावलाई शब्दान्तरले विचित्रतासंग प्रस्तुत गर्नुहुन्छ -

अनिरोधमनुत्पादमनुच्छेदमशाश्वतम्
अनेकार्थमनानार्थमनागमनिर्गमम्
यः प्रतीत्यसमुत्पादं प्रपञ्चोपशमं शिवम्
देशयामास सम्बुद्धस्तं वन्दे वदतां वरम् ॥[३१]

प्रतीत्यसमुत्पादलाई यहाँ 'प्रपञ्चोपशम' एवं शिव भनिएको छ । तथा आठ विशेषणहरुद्वारा उसको अतर्क्यता एवं अनिर्वचनीयता प्रतिपादित गरिएको छ। प्रतीत्य समुत्पादका अनेक व्याख्याहरु प्रचलित छन्- "हेतु प्रत्यय सामग्रीका अपेक्षा पदार्थहरूको उत्पाद, भंगुर पदार्थहरूको उत्पाद इदम्प्रत्ययतया" ।

नागार्जुनका लागि पदार्थहरूको "आपेक्षिकता" ले उनका स्वभाव शून्यतालाई द्योतित गर्दछ एवं प्रतीत्यसमुत्पादलाई मानने वालाले सबै पदार्थलाई मायोपम संभन्छ । यसद्वारा अविद्याको निवृत्ति हुन्छ । दुःखका द्वादशाङ्ग छिन्न हुन्छन् । नागार्जुनको उपर्युक्त दर्शन के वैदिकदार्शनिकहरूबाट भिन्न छ त । अविद्यालाई नै भामतीकार संसारको मूल मान्नु छ जो अनिर्वचनीय छ । उहाँ भन्नुहुन्छ[३२] 'अनिर्वाच्याऽविद्या ... । यसरी नै अध्यात्मरामायणमा अज्ञानमेवास्य हि मूलकारणम्[३३] भनेर अविद्यालाई जगत् = दुःखको कारण बताईएको छ ।

भगवान् बुद्धलाई जब बोधिको उपलब्धि भयो त्यो बेला उहाँले दुःख, दुःखको कारण, निवृत्ति र निवृत्तिको कारण पत्ता लगाउँदा दुःखको कारण 'अविद्या' नै हो जसद्वारा द्वादश प्रतीत्यसमुत्पादको[३४] सृष्टि भएको र भूत वर्तमान एवं भविष्य जीवनको निर्माण भएको पत्ता लगाउनु भएको छ । यस परिस्थितिमा दुवै दर्शनमा जब अविद्या या अज्ञानलाई नै अनर्थको मूल कारण मानिएको छ भने कसरी ऐक्य हामीले देख्न सक्दैनौं र ?

हिन्दूदर्शन र बौद्धदर्शनको समग्रतालाई ध्यानमा राख्दा "निर्वाण" ले पनि एक निश्चित आधार प्रदान गर्छ दुबैको ऐक्यमा । योगवासिष्ठमा एउटा प्रकरण नै निर्वाणको छ । यदि निर्वाणको स्वरूपलाई जान्न चाहने हो भने अश्वघोषलाई हामीले विर्सन सक्दैनौं-

दीपो यथा निर्वृतिमभ्युपेतो
नेवावनीं गच्छति नान्तरिक्षम् ।
दिशं न काञ्चिद् विदिशं न काञ्चित्
स्नेहक्षयात् केवलमेति शान्तिम् ।
कृतिस्तथा निर्वृतिमभ्युपेतो

२७. अद्वयवज्रसंग्रहः, पृ.२४ ।
२८. प्रज्ञोपायविनिश्चयसिद्धिः, १.१९-२०
२९. स्वयंभुपुराणम्, पृ. १
३०. दशश्लोकी, शंकराचार्यकृता, पृ. ३.
३१. मध्यमकशास्त्रम्, १. १-२
३२. भामती मगलाचरणम्
३३. अध्यात्मरामायणरामगीता - ३
३४. महा वग्गो, १.१.१.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नैवावनीं गच्छति नान्तरिक्षम् ।
दिशं न काञ्चिद् विदिशं न काञ्चित्
रागक्षयात् केवलमेति शान्तिम् ॥[३५]

समस्त राग समूह विनष्ट भएपछि व्यक्ति= विद्वान् अर्थात् तत्त्वज्ञले निर्वाण प्राप्त गर्दछ। यसै तत्त्वलाई गीतामा यसरी व्यक्त गरिएको छ-

यदा संहरते चायं कूर्मोऽङ्गानीव सर्वशः ।
इन्द्रियाणीन्द्रियार्थेभ्यः तस्य प्रज्ञा प्रतिष्ठिता ॥[३६]
रसवर्जं रसोऽप्स्य परं दृष्ट्वा निवर्तते ॥

अश्वघोषले जुन तत्त्वलाई 'राग' भन्नु हुन्छ गीतामा त्यसैलाई 'अहंकार' भनिएको छ र त्यसबाट मुक्त भएपछि परं तत्त्व प्राप्त हुने उपदेश छ। इन्द्रियहरू विषयबाट मुक्त भए पनि 'आसक्ति'=राग चाँहि परम तत्त्व प्राप्त भए पछि मात्र पूर्णरूपेण निवृत्त हुन्छ। उपर्युक्त विवेचनाद्वारा पनि दुवै दर्शनको ऐक्य सर्वथा स्थापित हुन्छ।

अद्वैतवादी आचार्य श्रीहर्षले ब्रह्मवादी र शून्यवादीका बीचमा अलिकतामात्र भेद भएको तथ्य यसरी व्यक्त गर्नु हुन्छ -[३७]

"बौद्धबह्मवादिनोरयमेव भेदोयत् - आदिम : सर्वमेवानिर्वचनीयं वक्ति ब्रह्मवादीतु विज्ञान व्यतिरिक्तं सदसद्भ्यां विलक्षणं संगिरन्ते।" यस वक्तव्यद्वारा के प्रतीत हुन्छ भने दुवै दर्शनमा केवल शब्दको मात्र अन्तर छ वस्तुतः तत्त्वमा कुनै भेद छैन। किन्तु शान्तरक्षित भने उनीहरूको (वैदिकहरूको) अपराध केवल विज्ञानलाई नित्य मान्नु मात्र हो अरु सबै समान छ भन्नु हुन्छ- तेषामल्पापराधं तु विज्ञानं नित्यतोक्तितः । तर अर्का विज्ञानवादी समर्थ आचार्य स्थिरमति विज्ञान लाई ध्रुवमान्नु हुन्छ। जसलाई अरुले क्षणिक माने उनी नित्य मान्दछन् यो उनको नयाँ साहस हो जसले दुवै दर्शनलाई एकै भूमिमा खडा गर्दछन्।[३८]

यी समग्र दार्शनिक धारालाई विचार गर्दा बौद्धमतलाई उपनिषद्मूल भन्नु र शंकराचार्यलाई प्रच्छन्न बौद्ध भन्नु कुनै गाली या अयथार्थ होइन। शंकराचार्यलाई प्रतिद्वन्दी रामानुजानुयायीहरूले-मायावादमतच्छास्त्रं प्रच्छन्नं बौद्धमेव च मयैव कथितं देवि[३९] भनेर लाञ्छना लगाउने प्रयास गरिएको छ। तर ठीकसंग विचार गर्ने हो भने यसले त दुवै दर्शनको सामीप्यलाई प्रकट गर्दछ समन्वयलाई प्रष्ट पार्दछ।

उपर्युक्त विवेचनालाई यसरी व्यक्त गर्न सकिन्छ- दार्शनिक 'प्रत्यय'वादको 'उत्स' उपनिषद्मा छ। त्यसपछि साङ्ख्यदार्शनिक 'वार्षगण्य' र 'विन्ध्यवासी'ले त्यसलाई एउटा दार्शनिक सम्प्रदायमा व्यवस्थित गरे। त्यसपछि असंग र वसुबन्धुले त्यसका आधारमा बौद्धमतलाई एक नयाँ दिशा प्रदान गरे। साथै-विज्ञप्तिमात्रताको स्थापना गरियो। त्यसपछि नैयायिक दिङ्नाग र धर्मकीर्तिले विज्ञानवादलाई तार्किकधरातलमा खडा गर्ने काम गरेर साकार विज्ञानवादको स्थापना गरे। उनका साकार विज्ञानवादको आलोचना शंकराचार्य र उनका शिष्य सुरेश्वराचार्यले गरे र केवलाद्वैतवादको स्थापना गरे। त्यसबाट प्रेरित भएर बौद्ध विज्ञानवादको परिष्कार शान्तरक्षित तथा कमलशीलले गरेर निराकार विज्ञानवादको स्थापना गरे। तत्पश्चात् बौद्धसिद्ध तथा शैवसिद्धनाथहरूले आध्यात्मिक प्रत्ययवादको विकास गरे। जसलाई तार्किक धरातल दिने काम परवर्ती अद्वैत आचार्यहरूले गरे।

अर्कातिर विचारगर्दा बौद्धविज्ञानवादी मायालाई मान्दछन् कि मान्दैनन् ? वास्तवमा बौद्धविज्ञानवादीहरू पनि मायालाई मान्दछन्। किन्तु बौद्धहरूको मायावाद शंकराचार्यको मायावाद नाम मात्रमा भिन्न छ। बौद्धहरूको माया व्यक्तिगत कल्पनाशक्ति या वासना हो किन्तु शंकरको माया सार्वभौम शक्ति हो। यो व्यष्टि नभएर समष्टिगत हो अर्कातिर बौद्धमतको व्यक्तिगत वासना नै शंकरको समष्टि हुन्छ। जसलाई बौद्ध व्यक्तिगत मान्दछन् त्यसैलाई शंकरले समष्टि मान्नु केवल शब्दान्तर मात्र हो।

यसरी समस्त योगाचार दर्शनका इतिहासमा एउटै विचारधारा अविच्छिन्नरूपेण प्रवाहित भइरहेको छ र त्यो हो चित्तमात्र, विज्ञप्तिमात्रता, महात्मन् या विशुद्धात्मन् नै एकमात्र सत् हो जुन अनिर्वचनीय र तर्कातीत छ। यसको उदय आर्य ज्ञानको उत्पत्तिपछि मात्र संभव छ। यसबाट के स्पष्ट हुन्छ भने दुवै दर्शन वैदिक र बौद्ध आध्यात्मिक दर्शन हुन् जसले योग, जप, तप, र ज्ञानद्वारा मनका, चित्तका शुद्धि, पवित्रीकरणमा जोड दिन्छन् र यो पनि मान्दछन् कि राग द्वेष विवर्जित शुद्धमनद्वारा नै

---

३५. सौन्दरनन्दमहाकाव्यम् ३-४.
३६. श्रीमद्भगवद्गीता २.४२
३७. खण्डनखण्डखाद्यम्, २.१
३८. बौद्धदर्शन और वेदान्त - चन्द्रधर शर्माद्वारा उद्धृत पृ.१२२.
३९. पद्मपुराण उत्तरखण्ड.....।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उक्त परमतत्त्वको अनुभूति हुन्छ जो आत्मा हो, जो विज्ञप्ति मात्रताया चित्रमात्रता या शून्य हो । परमार्थ हो । तथता हो ।

परमार्थ अथवा परिनिष्पन्नको मार्ग 'आत्यन्तिक निवृत्ति' मार्ग हो । परमार्थ प्राप्तिपछि फर्कनु पर्दैन । त्यही निर्वाण हो त्यही मोक्ष हो । यहाँ Withdrawal नै Withdrawal छ । प्रवृत्ति Return का लागि कुनै स्थान छैन । जबकि युगपुरुषहरुको जीवन निवृत्ति पछि जुन प्रवृत्ति लिएर फर्केको देखिन्छ । स्वयं बुद्ध संसारबाट निवृत्त भएर परमार्थको प्राप्ति गर्नुहुन्छ र लोकसंग्रहार्थ संसारमा एक प्रकारले पुनः प्रवृत्त हुनु भयो ।

महर्षि अरविन्द लेख्नुहुन्छ-[४०] व्यवहारबाट निवृत्त भएर परिपक्वताकालागि परमार्थमा प्रवेश आवश्यक छ किन्तु परमार्थबाट पनि निस्केर नयाँ सृष्टिका लागि प्रवृत्त हुनु अझ ठूलो चीज हो ।

तत्वदर्शी रसको आस्वादन एक्लै गर्न चाँहदैन, सबैसंग गर्न चाहन्छ । वस्तुतः व्यवहार र परमार्थका द्वैतको नै होइन, अपितु व्यवहार, परमार्थ र सर्वार्थका त्रितयको आवश्यकता छ । रामकृष्ण परमहंसका अनुसार जीवकोटिका जीव परमार्थ प्राप्ति पछि त्यसैमा हराउछन् । जबकि ईश्वर कोटिका जीव फर्केर आउँछन् ।[४१]

के हिन्दू दर्शन र बौद्धदर्शन दुःखको आत्यन्तिक निवृत्ति र परमार्थको प्राप्तिमा एक छैनन् त ? अवश्य दुबै दर्शन दुःखको निवृत्तिमा लागेका छन् र परमार्थ दुबैलाई चाहिएको छ । दुबै दर्शनमा यसरी 'करुणा' लाई हेर्न सकिन्न र ? अवश्य दुबै नै कारुणिक छन् ।

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामया :
सर्वे भद्राणि पश्यन्तु न कश्चिदद्दुःखभाग्भवेत् ।
बहुजन हिताय, बहुजन सुखाय, चरथ भिक्खवे चारिकं ...बहुजन सुखाय , बहुजन हिताय ... ।
शुभमस्तु सर्वजगतां परहितनिरता भवन्तु भूतगणाः ।
दोषाः प्रयान्तु शान्तिं सर्वत्र सुखीभवन्तु लोकाः ॥

---

४०. श्री अरविन्द, लाइफ डिवाइन खण्ड-१, पृ.३६ , कलकत्ता
४१. डा. हर्षनारायणद्वारा उद्धृत विज्ञानवादः परमार्थ और व्यवहार, वारणासी

२७९ औं पृथ्वी जयन्ती
तथा
राष्ट्रिय एकता दिवसको उपलक्ष्यमा समस्त देशवासी दाजुभाइ तथा दिदीबहिनीहरूमा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

श्री ५ को सरकार
भूमिसुधार मन्त्रालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गण्डकीक्षेत्र साझापना र समन्वयको भूमि

✍ डा. टीकाराम पन्थी

पौरस्त्य आर्ष ग्रन्थहरू (पुराणहरू) मा वताइए अनुसार हिमालयवाट निस्कने हिमालयवाहिनी महानदीहरू २१ वटा छन्। ती सवै गङ्गानदीमा मिली एककलेवर वनेर वंगालको खाडी, गङ्गासागरमा पुग्छन्। गंगामा नपुगेर वीचैमा हराउने तिनाउ नदी जस्तालाई महानदी नभनेर क्षुद्रनदी भन्ने गरिएको पाइन्छ। २१ महानदीहरूमध्ये आर्ष साहित्यले भूरिभूरि प्रशंसा गरेर पूज्य र पावन भनी वर्णन गरिने भारततर्फका गंगा र यमुना छन् भने नेपालतर्फका कोशी र गण्डकी छन्। वर्तमान नेपालको भूवनावटअनुसार गण्डकी नेपालको मुटुमा, मध्यभागमा पर्दछ। सप्तगण्डकीका सात धारामध्ये ६ धाराको एकीभूत प्रवाह र कालीगण्डकी १ धारा देवघाटमा मिल्छन्। गण्डकीको वर्णन गर्ने महापुराणहरूमा मूलतः कालीगण्डकीकै वर्णनमा एकोहोरिएका छन्, हुरुक्कै मरिमेटेका छन्। अन्य ६ गण्डकीको वर्णन (हिमवत्खण्डवाहेक अन्य महापुराणहरूमा) शून्य वराबर छ। वाराहपुराणमा त्रिशूलीको नाम मात्र लिइएको छ। माछापुच्छ्रेवाट वग्ने सेतीगण्डकीको अलिकति वर्णन छ। सप्तगण्डकी संगम देवघाट त्यसमा (वाराहमा) राम्ररी वर्णित छ, अन्य पुराणहरूले गण्डकी भन्ने वित्तिकै चक्रनदी, शालग्रामनदी, कालीगण्डकीलाई नै अगाडि सार्छन्। यसको खास कारण के हो भने कालीगण्डकीको शीर्षस्थल मुक्तिक्षेत्रको महनीयता र शालग्रामहरूमा संपूर्ण देवताहरूको मूर्तिहरू (प्रतिमाहरू) को अस्तित्वसम्बन्धी मान्यता यहाँ साझापन र समन्वयकै सन्दर्भमा दुईचार कुरा प्रस्तुत गर्ने चेष्टा गरिन्छ।

वाराहपुराण अनुसार मुक्तिक्षेत्रमा तपोरत भगवान् विष्णुको गाला (गालाका पसिना) वाट वगेकी हुनाले (गण्ड=गाला) यिनको नाम गण्डकी भयो। पद्म पुराण अनुसार गल्ल=गाला (विष्णुको गाला) वाट वगेकी हुँदा गल्लिका भइन्। शाक्त र शैवमत यसभन्दा फरक छन्। शिवपुराण र ब्रह्मवैवर्तपुराणमा शंखचूडकी पत्नी तुलसीको पार्थिव शरीर गण्डकीको रूपमा वगेको वताइएको छ भने हिमवत्खण्ड र शक्तिवल्लभको जयरत्नाकर नाटकमा पार्वतीका पसिनावाट गण्डकी वगिन् भनिएको छ। तिनमा पनि स्वेदनदी र तुलसीनदी नभनेर गण्डकी नै भन्ने गरिएको छ। यो हो नाम सम्बन्धी साझापना।

गण्डकीले देवीको रुपमा हजारौं वर्षसम्म भगवान् विष्णुको आराधना गरिन्। उनी एक तपस्विनी वनेर सुकेका पात खाएर, वायु आहार गरेर तप गरिन्। भगवान् विष्णु प्रकट भई वरदान माग्न आदेश दिएपछि गण्डकीले मेरो गर्भगत पुत्र हुनुहोस् भनी वरदान मागिन्। भगवान् विष्णुले शालग्राम शिलाको रुपमा तिम्रो जलमय गर्भमा तिम्रो पुत्र भई वस्नेछु भन्ने वरदान दिनुभयो। अनि विष्णु स्वयं गण्डकीका पेटमा शालिग्राम भएर वस्न लागेपछि संपूर्ण तेत्तीसकोटि देवता शालग्रामकै रुपमा गण्डकीका पेटमा वसे। शालग्रामका अनेक किसिमका चक्रहरूको आधारमा विभिन्न देवताहरूको प्रतिमा छुट्याइन्छ। यस प्रकार गण्डकी सम्पूर्ण देवताकी आमा वनिन्। देवताहरू एउटै पेटमा, एउटै गृहमा, एउटै क्षेत्रमा वस्ने व्यवस्था भयो। यो भयो एक पारिवारिक अस्तित्व-साझापना। देवताहरू मात्रै होइन ऋषिमुनिहरू, वेदहरू, यज्ञहरू, तीर्थहरूले पनि सँगसँगै गण्डकीको जलमय गर्भमा वस्ने प्रतिज्ञा गरेका थिए। गण्डकी क्षेत्रमा दैत्य, दानव, राक्षस आदि पनि आउने, जाने, वस्ने, गर्दथे। भारतीय राजाहरू र विशिष्ट व्यक्तिहरू आउने जाने गर्दथे। ऋषिमुनिहरूको तपःस्थलै भयो। एकपटक अयोध्याका राजा श्रीरामचन्द्र वन्धुवर्ग र सीतासहित गण्डकीतट (रामदीको आसपास) मा घुम्न आएको वर्णन (आनन्द रामायण, राज्यकाण्ड पूर्वार्ध सर्ग ११-१२) पाइन्छ। श्रीरामचन्द्रले रामदी गुफामा चारवटी विप्रकन्या (युवतिहरू) र एउटा झाडीमा सोह्र हजार क्षत्रिय वैश्यकन्या (युवतिहरू) भेटाए। तिनीहरू दुन्दुभि राक्षसद्वारा थुनिएका थिए र एक लाख पुऱ्याएपछि विवाह गर्ने दुन्दुभिको उद्देश्य थियो। श्रीरामचन्द्रले ती कुमारीहरूलाई भारत लगेर आ-आफ्ना वावुआमालाई वुझाई दिए। यो पनि साझापनाको एउटा उदाहरण हो। रोचक ढंगले त्यो कथा त्यहाँ वर्णित छ। वाराहपुराण (अध्याय १४४, १४५, १४६) मा गण्डकी क्षेत्रको विस्तृत वर्णन छ। नेपालको सांस्कृतिक इतिहास कोर्ने पुराना ग्रन्थहरूमध्ये यो एउटा ग्रन्थ हो प्रामाणिक र वन्दनीय। त्यसवेला नेपालमा शैव र वैष्णव संप्रदायको भेदक रेखाको साझा झझल्को देखिन लागेको कुरा उठाएर शिव र विष्णु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भेद दृष्टि राख्न हुँदैन भनी दुईवटा प्रसंगमा त्यहाँ स्पष्ट व्याख्या प्रस्तुत गरिएको छ । कालीगण्डकी तट भृगुतुङ्गमा तप गर्ने देवदत्त मुनिलाई शिवले भनेका छन्-"मुने ! तिमीले पहिल्यै म (शिव) लाई छुट्टै संझी आफू वैष्णव बनी तप गरेकाले तिम्रो तप प्रम्लोयाद्वारा भङ्ग गरियो । हामी शिव र विष्णु एउटै हौं । हामी दुईमा भेददृष्टि नराख , हरिहर एक पुरुष मान ।" वराहले पृथ्वीसँग देवघाटको वर्णन गर्ने प्रसंगमा पनि त्यही कुरा भनेका छन्-"म (विष्णु) र शिवलाई भेद दृष्टिले न हेर । हामी एक ब्रह्मका दुई रुप हौं हामी दुईमा कुनै भेद छैन ।" वाराह पुराणले विष्णुको गण्डस्थलबाट बग्ने कृष्णगण्डकीलाई विष्णुमूलक, तिनमा मिसिने खोलाहरुको जलप्रवहण क्षेत्रलाई विष्णु (हरि) क्षेत्र र शिवको जटाजूटबाट बग्ने सेती गण्डकी (त्रिशुली लगायत ६ गण्डकी समेत) लाई शिवमूलक, ती सबैमा समाहित हुने खोलाहरुको जलप्रवहण क्षेत्रलाई शिव (हर) क्षेत्र घोषित गरी ती सबैको संगमस्थली देवघाटलाई हरिहरक्षेत्र (शिव र विष्णुको साझा क्षेत्र) भनी पूर्णतया समन्वय स्थापित गरेको छ । त्यहाँको वर्णन अनुसार मुक्तिनाथदेखि त्रिवेणीसम्म गण्डकीको जलप्रवाह (धारा) बाट नाप्दा ४८ कोश (९६ माइल, २४० कि.मि.) छ, त्यो सबैक्षेत्र मुक्तिनाथ हिमश्रृंखलीय सीमा त्रिशूलीको शिर गोसाईंथानसम्म , हरिहरक्षेत्र (शिव र विष्णुको साझा क्षेत्र) मानिन्छ । वर्तमान सन्दर्भमा हेर्दा भगवान् गौतम बुद्धको क्षेत्रसमेत त्यहीं जोडिएकोले शैव-वैष्णव-बौद्ध क्षेत्र भन्नुपर्छ । वास्तवमा प्राकृतिक संरचना अनुसार सप्तगण्डकीको एकीभवन, एककलेवर बन्ने त्यो क्षेत्र समस्त नेपालीहरूका धर्म, संस्कार, जाति, संप्रदाय, वर्ग, विचार र सिद्धान्तहरूको एकत्व संपादक क्षेत्र हो । भारतीय दर्शनहरू दुईथरी छन् -वैदिक (वेद मान्ने आस्तिक) र अवैदिक (वेद नमान्ने नास्तिक) दर्शन । यी दुवैथरीको पनि संगमस्थल तपो क्षेत्र भयो, देवघाट वैदिक दर्शनका मुनिहरूको क्षेत्र थियो भने गण्डकी भन्दा पश्चिमतर्फको नवलपरासी बुद्धको क्षेत्र थियो । यो एउटा संयोगै थियो । कालीगण्डकीतटमा पर्ने पुलहाश्रम पनि संयोगवश आस्तिकमध्येका वेदान्त, सांख्य र नास्तिकमध्येका जैन दर्शनका प्रवर्तक पुरुषहरुको आश्रित स्थल थियो । ब्रह्माजीका मानसपुत्र पुलस्त्य र प्रलह आफ्नो युगका विशिष्ट विद्वान र स्मृतिकार थिए । पुलस्त्य दाजु र प्रलह भाइ थिए । दुवैको आश्रम एउटै थियो कालीगण्डकीको तीरमा । पुराणहरूमा वर्णन गरिए अनुसार पुलहाश्रम गण्डकीतट, शालीग्रामक्षेत्र, चक्रनदीतटमा थियो, कहाँनेर हो भन्ने स्पष्ट त छैन तर चक्राङ्कित शिला छ्यालव्याल पाइने तटमा भनेको देख्दा रिडीदेखि उँधो नभएर माथिपट्टि नै पुलहाश्रम थियो । नेपालीहरूको निर्क्योल अनुसार प्रलह शब्दको अपभ्रंश प्रलह-प्रलाह-प्रला भई प्रला भनिने गरेको धवलागिरि अञ्चल अर्न्तगत पर्ने म्याग्दी जिल्लाको गण्डकी तटवर्ती गाउँ नै पुलहाश्रम थियो । पुलहाश्रमलाई त्रिवेणी मान्दा पनि कालीगण्डकी, म्याग्दी, र राखुघाटको संगम गलेश्वर त्रिवेणी हो । वाराहपुराणमा वर्णित पुलहाश्रमका भिजलेश्वर नै गलेश्वर महादेव हुन् । प्रलहाश्रम अद्वैत ब्रह्मवादी वेदान्तदर्शनको केन्द्रस्थल हो । अग्निपुराण (अ.३८०) अनुसार अद्वैत ब्रह्मज्ञानी जडभरतले कपिलमुनिका ज्ञानोपदेशप्राप्तिका निमित्त हिंडेका रहूगण राजालाई अद्वैत ब्रह्मज्ञान दिए । जड भरतले निदाघ र भकृतुको संवाद सुनाउदै अद्वैत ब्रह्मज्ञान दिएको प्रसङ्ग बताएर आफूले रहूगण राजालाई वह्मज्ञान दिए । यसरी प्रलहाश्रम वेदान्त दर्शनको मूल स्रोत (स्थल) क्षेत्र हो । देवीभागवत (८/३/१७/१९) अनुसार सांख्य दर्शनका अग्रणी आचार्य कपिल मुनि आफ्नी आमा देवहूतिलाई अविद्यानिवर्तक सांख्यको उपदेश दिएपछि हिमालयतर्फ लागी प्रलहाश्रम गई बसे । यसरी प्रलहाश्रम सांख्याचार्य कपिलमुनिको आश्रयस्थल हो । स्वायम्भुव मनुका छोरा प्रियव्रत थिए । प्रियव्रतका छोरा आग्नीध्र, तिनका छोरा नाभि, तिनका छोरा ऋषभ, तिनका छोरा राजर्षि भरत । यस वंशावलीबाट आग्नीध्र, ऋषभ र भरत शालग्रामक्षेत्र प्रलहाश्रमका तपस्वी बनेका थिए । ऋषभ जैनहरूका आदिनाथ हुन् भने वैदिक वाङ्मय, पुराणहरू अनुसार भगवान् सनातन परमेश्वर विष्णुका चौबीस अवतारमध्ये एक हुन् । यसप्रकार अवैदिक जैनदर्शनका प्रवर्तक, २४ तीर्थङ्करमध्ये प्रथम तीर्थङ्कर आदिनाथ भगवान् ऋषभ देवले आफ्ना छोरा भरतलाई राज्य दिएर प्रलहाश्रममा गई तप गरेका थिए ।

"अभिषिच्च सुतं वीरं भरतं पृथिवीपतिः
तपसे स महाभागः प्रलहस्याश्रमं ययौ ।"

(विष्णुपुराण, द्वितीयांश, अ.१ श्लो.२९)

यसरी प्रलहाश्रम संयोगवश आस्तिक दर्शन र नास्तिक दर्शनका मूल पुरुषहरूको प्रिय क्षेत्र थियो । समान रूपमा जे होस् हिमालयवाहिनी नदीहरूका तटमा तप गर्ने मुनिहरू (दमौलीका व्यास वा त्रिवेणीका वाल्मीकि वा अन्य आश्रमका अरु मुनिहरू) सबैले आफ्ना अतुलनीय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तपद्वारा ज्ञानमय अमृतधारा प्राप्त गरेर विश्वलाई त्यो अमृत धारा पिलाएका थिए । सर्वे भवन्तु सुखिनः को आदर्श प्रस्तुत गरेका थिए ।

"स्मरति ननु समाजो व्यास वाल्मीकिमुख्या
अतुलिततपसाऽऽप्त ज्ञानपीयूषधाराः
हिमनगवहदम्भोवाहिनीनां धुनीनां
प्रतटमधिवसन्तः पाययिष्यन्ति विश्वम् ॥"

विद्युत् दुरुपयोग गर्नु राष्ट्र र आफ्नै नोक्सानी हो भने विद्युत् चुहावट गर्नु राष्ट्रिय अपराध हो ।

अनाधिकार विद्युत् उपभोग नगरौं

विद्युत् चुहावट प्रभावकारी ढंगले नियन्त्रण गर्नका लागि नेपाल विद्युत् प्राधिकरणले विद्युत् चुहावट नियन्त्रण विनियमावली २०५० लागू गरेको छ । सो विनियमावली अनुसार देहायको कुनै पनि अवस्थामा अनाधिकार विद्युत् उपभोग गरेको पाइएमा विद्युत् लाइन काटी नियमानुसार कारवाही गरिनेछ ।

- प्राधिकरणको स्वीकृति नलिई वितरण प्रणाली : सर्भिस केबल, सडक बत्तीको लाइन आदिमा कुनै तरिकाबाट लाइन जोडी विद्युत् शक्ति उपभोग गरेमा,
- मिटरको मेनलाइनबाट जोडेमा वा सर्न्ट गरी मिटरमा पूरा खपत नबढ्ने गरेमा,
- मिटरको टर्मिनल सिल, टेस्ट सिल बिगारेमा वा प्राधिकरणको सिलको सट्टा अरुकुनै सिल लगाएमा,
- मिटर भत्र कुनै प्रकारको बाह्य पदार्थ पसालेको पाइएमा,
- टर्मिनल लिंक खोलेको पाइएमा ।
- माथि उल्लेखित अवस्था वा विद्युत्को अनाधिकार उपभोग हुने अन्य कुनै तरिका अपनाइएमा ।

नेपाल विद्युत् प्राधिकरण
स्थापित २०४२
ESTD 1985
NEPAL ELECTRICITY AUTHORITY

नेपाल विद्युत् प्राधिकरण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आधुनिक समालोचना : परिचयात्मक आलेखन

✍ डा. दुर्गाप्रसाद अर्याल

१. विषय प्रवेश :

समस्त नेपाली वाङ्मयको विकास पाश्चात्य र पूर्वीय वाङ्मयका आधारभूत पृष्टभूमिमा हुँदै आएको देखिन्छ । नेपाली साहित्यका सृजनामा नेपाली माटो र मुटु अनुरुपको मौलिक दृष्टिकोण अंगालेर कैयौं लेखहरू क्रियाशील नभएका होइनन् तर सिर्जित साहित्यको विश्लेषणमा हाम्रो अरु नै मौलिक मानदण्डलाई उपयोग गर्ने प्रक्रिया शून्य प्रायः छ । यसो हुनुमा एक त नेपाली समीक्षकबाट मौलिक समालोचना पद्धति वा साहित्यिक मानदण्डको प्रवर्तन नहुनु हो भने अर्को अंग्रेजीमा उल्लिखित समीक्षा पद्धतिलाई उपयोग गरेर नेपाली साहित्यको व्याख्या विश्लेषण गर्ने नेपाली विद्वानको मानसिक र बौद्धिक अभिवृत्ति पनि हो । यस परिपेक्ष्यमा संस्कृत वाङ्मयलाई मूल आधार मानेर यावत् नेपाली भाषा र व्यवहारका गतिविधिमाथि टीका टिप्पणी गर्ने मुख्य प्रवृत्ति र मनोवृत्ति त झन् प्रवल देखिन्छ। हाम्रो सामाजिक सांस्कृतिक पृष्टभूमि आर्य दर्शनमै आधारित भए तापनि आजको आधुनिक जीवन पद्धतिमा यसको शक्ति र सीमा शिथिल र संकुचित भइरहेको पाइन्छ। व्यापक रुपमा विकसित भएको आधुनिक भौतिक विज्ञानको प्रखर प्रभावले हाम्रा सम्पूर्ण चिन्तन, उद्देश्य, योजना र व्यवहारलाई प्रेरित र आकर्षित गरिरहेको छ । यही प्रभावमा निर्धारित शिक्षापद्धति र सचेत व्यक्तिका मानसिकताबाट हाम्रो राष्ट्रिय दृष्टिकोण तय भएको पाइन्छ । भाषा साहित्यका क्षेत्रमा पनि यही कुरा लागु भइरहेको छ । समालोचनाका सम्वन्धमा त संस्कृत काव्यशास्त्रीय धारा र पाश्चात्य समालोचना सिद्धान्तका धारामात्र प्रयोग र चर्चामा आएका देखिन्छन् । नेपाली साहित्य स्रष्टा र तिनका विवेचक व्यक्तित्वमा मौलिक दृष्टिकोण अंगालेर यदा कदा मूल्याङ्नका लागि उपयोग हुन सक्ने मान्यता र अभिमतको सङ्केत गरे अनुरुप हुन्छ । विगत तीन चार दशक यता विकसित हुँदै आएको पठन पाठन र पाठ्यक्रमका प्रक्रियामा तीव्रतर रूपमा पश्चिमी ढाँचाको प्रयोग भएको छ । नेपाली साहित्यकारका साहित्यिक रचनालाई मापन गर्ने र लेखाजोखा गर्ने पाश्चात्य पद्धतिको प्रचुरताले गर्दा आजको साहित्य समीक्षाको प्रक्रिया जटिल विविधतामय भइरहेको छ । समीक्षा भन्ने कुरा साहित्यिक कृतिका गहनता र विशिष्टतालाई सरलतापूर्वक व्याख्या विवेचन गर्ने प्रक्रिया हो । यो लेखक र कृतिको न्यायिक प्रक्रिया पनि हो यसले साहित्यिक रचनाको महत्वलाई पाठक समक्ष प्रभावशाली ढङ्गमा पुऱ्याउने काम गर्दछ । यो समालोचकीय मान्यता आज आएर परिवर्तित भइरहेको छ । आज समालोचना पद्धति र प्रक्रियाहरू जटिल र अस्थिर भइरहेका छन् । आधुनिकता, प्राचीनता, तात्कालिकता, समसामयिकता जस्ता कुराहरू आ-आफ्ना देश र समाजका सापेक्षतामा निर्धारित हुने नितान्त व्यवहारिक कुरा हुन् यस्ता कुराहरूमा पनि समाजका सापेक्षतामा निर्धारित हुने नितान्त व्यावहारिक कुरा हुन् । यस्ता कुराहरूमा पनि आफ्नो मौलिक मान्यता अंगाल्न नसकेर पश्चिमी चेतना र चिन्तन अनुरुप नै हामी क्रियाशील हुन्छौं । यसरी के स्पष्ट हुन्छ भने वढ्दो भूमण्डलीकरण, विश्वव्यापीरूपमा गतिशील बौद्धिक उपनिवेशवाद, विज्ञान र प्रविधिको तीव्रतर विस्तार, विश्वशक्तिको एकात्मक ध्रुवीकरण तथा एशियाली समाजको गौरवपूर्ण चिन्तन र प्राज्ञिक विधि प्रविधिको शिथिलता जस्ता प्रमुख कारणहरूले गर्दा हाम्रा समीक्षात्मक दृष्टि र विधिमा पश्चिमी पद्धतिको प्रभाव पर्नु परिस्थितिजन्य नितान्त दुर्वल मात्र होइन अभावग्रस्त अवस्थामा पुगने देखिन्छ । यिनै वास्तविकतामा व्यवहृत भइरहेको छ । आधुनिक समालोचना, जसको जन्म, विकास, र उपयोग प्रक्रिया पश्चिमी धरातलबाट भएको हो । विगत दुई-तीन दशक देखि यता नेपाली समीक्षा जगत्मा चर्चा हुँदै आएको यो मान्यता अहिले आएर आफ्नो जन्मभूमिमा ऐतिहासिक आलेख मात्र हुन पुगेको छ ।

२. पृष्ठभूमि :

आधुनिक समालोचना हरेक साहित्यको सरोकार को विषय भए पनि यो पाश्चात्य जगत् खासगरी अमेरिका र वेलायतका बीसौं शताब्दीका प्रारम्भिककालका साहित्य चिन्तकहरूका दृष्टिकोणको उपज र देन हो । यो एउटा अभियान पनि हो । नयाँ, नवीन, नव्य, ताजा, नूतन, आधुनिक, नौलो आदि शब्दावलीबाट अवगत हुने कुरालाई हामीले आधुनिक भनेर मान्दै आएका छौं तापनि साहित्यिक विषयको अध्ययन विश्लेषणको प्रक्रिया आधुनिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समालोचना हो । यो एउटा ऐतिहासिक अभियान भएर निश्चित समयका व्यक्तिका साहित्यिक कृतिका अध्ययनवाट सीमित भइसकेको छ । आधुनिकताको जे जस्तो दावा राखे पनि नयाँ समालोचना आफ्ना पूर्ववर्ती मान्यता र परम्परावाट यो नितान्त भिन्न भएको छैन । यसले अँगालेका मान्यता र पद्धतिहरू पश्चात्य साहित्य समीक्षाका सुदीर्घकालिन परम्परामा देखा परिसकेका छन् । यसले समाजशास्त्र, भाषाशास्त्र र विज्ञान प्रविधिका सघन परिवेशमा आफ्नो मान्यता अगाडि सारेको पाइन्छ । आधुनिक समालोचनाका स्वरुप र सीमाका सन्दर्भमा देखा पर्ने मतमतान्तर जे जस्ता भएपनि साहित्यलाई, समाज, नीति मनोविज्ञान, दर्शन र अन्य कला इतरका विविध पक्षवाट लेखाजोखा गर्नुभन्दा यसका कलात्मक मौलिक प्रकृति र प्रवृत्तिका आधारमा मूल्याङ्कन गरिनु पर्दछ भन्ने प्रवल मान्यतामा यसको विकास भएको देखिन्छ । कला इतरका जे जस्ता मान्यता र सिद्धान्तहरू छन् ती कला साहित्यका निम्ति आगन्तुक (Out sider) मान्यता हुन् । यस्ता आगन्तुक शास्त्र र सिद्धान्तका तुलिकामा नाप तौल गरेर साहित्यकलाको वास्तविक लेखा जोखा हुन सक्दैन भन्ने वैचारिक आग्रह पछिल्ला नवसमालोचकहरूवाट प्रस्तुत भएको पाइन्छ । समालोचनाका सैद्धान्तिक र व्यावहारिक दुई भेद मध्ये आधुनिक समालोचनालाई व्यवहारिक समालोचना भनिएको पाइन्छ । आधुनिक समालोचनाको सरुवा दोस्रो विश्व युद्धसम्मको लगभग अर्ध शताब्दी र त्यसपछिको डेढ दुई दशकलाई मानिएको छ । आधुनिक समालोचनालाई सौन्दर्यपरक रूपवाद, वेलायत, अमेरिकी समालोचना, व्याख्या विश्लेषण प्रधान समालोचना, र कृतिपरक आलोचना पनि भन्ने गरिन्छ । सर्वप्रथम आधुनिक समालोचनाको प्रयोग जेल इ. स्पिनगर्न (Joel E. Spingarn) वाट भएको हो । उनले १९११ इस्वीमा अमेरिकाको कोलम्बिया विश्वविद्यालयमा आधुनिक समालोचनाको घोषणा गरेका हुन् । यसपछिका एडविन वी वर्गन नामक विवेचकको नयाँ समालोचना भन्ने कृति देखा पऱ्यो । यस कृतिका माध्यमवाट आधुनिक समालोचनालाई सक्दो मद्दत मिल्यो । यसै क्रममा यस समालोचनाका प्रणालीमा धेरै समीक्षकहरू पनि आधुनिक समालोचना श्रृङ्खलामा गाँसिए । यस पछि १९४१ इस्वीमा आधुनिक समालोचना नामक कृतिलाई अगाडि दर्साउँदै जोन क्रो ऱ्यान्सम देखा परे । अधिकांश समीक्षकहरूले आधुनिक समालोचनाको व्यवस्थित ढङ्गले प्रारम्भ गर्ने व्यक्ति जोन क्रो ऱ्यान्समलाई नै मान्ने गरेका छन् । यसपछि यसलाई सघाउने र कटु आलोचना गर्ने प्रकृयाको थालनी भएको देखिन्छ । मूलतः आधुनिक समालोचनाको पृष्टभूमि निर्माण गर्ने व्यक्तिहरूमा इलि ओट र रिचर्डस मानिएका छन् । वास्तवमा स्वच्छन्दतावादी, प्रभाववादी, मनोविज्ञानपरक, समाजपरक, र अन्य सैद्धान्तिक मूल्य र मान्यताका प्रवल आधारमा साहित्य समीक्षा गरेर साहित्यको मूल्याङ्कन गर्ने स्वछन्दतावादी र शास्त्रीयतावादी प्रक्रियाका चापमा साहित्यको लेखाजोखा गर्ने अवस्थाका पृष्टभूमिमा आधुनिक समालोचनाको प्रारम्भ भएको हो । यसका अतिरिक्त अन्य कैय्यौं दार्शनिक, भाषाशास्त्रीय नीतिपरक संस्कृतिमूलक आदि चेतना र चिन्तनका धरातललाई पनि यसको परित्याज्य पृष्टभूमिका मानिएको पाइन्छ । कलालाई कलाकै दृष्टिकोणले नियाल्न पर्ने मान्यतामा अनेक प्रश्न चिन्हहरू खडा भए । साहित्य सामाजिक प्रक्रियासँग सम्बन्धित पक्ष भएको हुनाले यसका निर्माणमा जे-जे अन्तर वहिय तत्वको भूमिका रहन्छ, त्यसका मूल्याङ्कन र विवेचनका निम्ति पनि साहित्यकारसँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सरोकार र सम्बद्ध ती सबै खाले पक्ष र विषयका आधारवाट साहित्यिक कृतिको मूल्यांकन हुनुपर्ने कुरालाई चर्को तर्क र कडा वहसका आधारमा प्रमाणित गर्ने अनेक आस्था र विश्वास वोकेका अकुलावादी आगन्तुक चिन्तनका अवधारणामा पृष्टभूमिमा पनि यो प्रणाली प्रारम्भ भएको देखिन्छ । यसले आफूपूर्वका समीक्षा प्रणालीले कृतिमाथि न्याय नगरेको अनुभवका आधारमा पनि आफ्ना अभिनव मान्यतालाई अगाडि सारेको स्पष्ट हुन्छ । आधुनिक समालोचनाको पृष्टभूमिको सिंहावलोकनबाट के स्पष्ट हुन्छ भने, साहित्यलाई सिद्धान्त र विचारका अव्यवहारिक आग्रहले चिन्ने, वुझ्ने र मूल्यांकन गर्ने धृष्टता राख्नु हुन्न भन्ने मान्यता वोकेर आधुनिक समालोचना प्रस्तुत भएको देखिन्छ ।

३. आधुनिक समालोचनाको प्रकृति र प्रवृत्ति :

वस्तुपरकता वा कृतिपरकता आधुनिक समालोचनाको मौलिक प्रकृति हो । साहित्यकारका मूल विषयमा प्रवेश गरेपछि मात्र त्यसको वास्तविकता पत्ता लाग्छ भन्ने अवधारणामा आधुनिक समालोचकहरू विश्वस्त देखिन्छन् । समालोचकको वौद्धिक चाप समालोचना सिद्धान्तको जथाभावी उपयोग प्रक्रिया र विचारात

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मान्यताको अत्याधिक चासो लिएर गरिने साहित्य समीक्षामा लेखक र कृतिमाथि उचित मर्यादा र न्याय हुँदैन भन्ने दृष्टिकोणले पनि यसलाई यथेष्ट वल प्रदान गरेको छ। साहित्यकारको साहित्य सृजनाको क्षणमा अरु सवै पक्ष र परिवेशहरू गाँसिएका भएपनि ती सवै निस्कृय भएका हुन्छन् त्यसैले साहित्यकारका जीवनी सामाजिक परिवेश सांस्कृतिक पृष्टभूमि र अन्य अनेक कुराहरूलाई अँगालेर साहित्यिक कृतिको मूल्यांकन गर्नु न्यायसङ्गत हुँदैन भन्ने विचारमा यस समालोचनाको प्रतिवद्धता रहेको छ। यही प्रतिवद्धता नै यसको मूल प्रकृति हो। समालोचकको पाण्डित्य र बहुज्ञताले साहित्यिक कृतिको सहज गुणलाई वेवास्ता गर्नु र समालोच्य कृतिको स्वरूपलाई सरलतापूर्वक अवगत गर्ने प्रक्रियालाई अस्पष्ट पार्नु आपत्तिजनक कुरा हो भन्ने तात्पर्यलाई पनि यस समालोचनाले संकेत गरेको पाइन्छ। आधुनिक समालोचनाको अध्ययनवाट के ज्ञात हुन्छ भने, हरेक साहित्यिक कृति स्वयंमा पूर्ण र आधारभूत तत्व हो कृति नै समीक्षाको निम्ति केन्द्रीय वस्तु पनि हो त्यसैले सवै प्रकारका दृष्टिकोणहरूले नियाल्नु भन्दा कृतिमा निहित वास्तविकताको ध्येय लिएर विवेचना गर्नु उपयुक्त हुने प्रवृत्तिलाई आधुनिक समीक्षाले अगाडि सारेको छ। विषय वस्तुको स्रोत, रचनाकारको व्यक्तित्व र साहित्य रचनाको समय र परिस्थिति जेसुकै होस् त्यतातिर समीक्षकले ध्यान दिनु कुनै जरुरी छैन, समीक्षकका निम्ति आलोच्य वा सूक्ष्म पर्यवेक्षण गरी प्रस्तुत गर्नु युक्ति संगत हुन्छ भन्ने अभिमतमा पनि आधुनिक समालोचना अडिक देखिन्छ। त्यसैले लेखकीय मनोविज्ञान पाठकीय मनोविज्ञान कृतिरचनाको परिस्थितिवाट समालोचना निरपेक्ष रहनुपर्दछ, कृतिका स्वतन्त्र विषय र संरचनात्मक अस्तित्वमा पूर्वाग्रहरहित दृष्टिकोण अँगालिनु पर्दछ भन्ने मौलिक स्वभाव बोकेर आएको आधुनिक समालोचना पश्चात् समालोचनाको लामो सैद्धान्तिक र व्यवहारिक परम्परामा एउटा उल्लेख्य घटना वन्न गएको छ। समय समाज र विभिन्न परिस्थितिका धरातलमा कृतिलाई उभ्याएर त्यसको विवेचना गर्नुभन्दा कृतिका रूप अङ्ग उपाङ्गमा दृष्टि पुऱ्याएर विवेचना गर्नु तर्कसंगत देखिन्छ भन्ने अभिप्रायमा नवसमालोचनाले कृतिका अन्तर्निहित विम्व, प्रतीक, अनेकार्थता, व्यंग्य, विरोधाभास, तनाव जस्ता पक्षमा ध्यान दिएर तिनको यथार्थता निरुपण गर्नु पर्दछ भन्ने पक्षमा जोडदिएको देखिन्छ। नवसमालोचना प्रवृत्ति स-साना कविता कृतिमा केन्द्रित रहेर तिनको स्वरूप विवेचना गर्ने खालको छ। यसले साहित्यका आख्यान निवन्ध नाटक र कविताकै पनि वृहत्रूपमा चासो लिएको पाइँदैन। कविताको मूल्य कविको जीवनी उसका व्यक्तित्वको पृष्टभूमिमा हुँदैन। वास्तवमा कविता काव्यको मूल्य र महत्व त एकीकृत संरचनामा निहित हुन्छ। समग्र कृतिका आङ्गिक संरचना वा समष्टि स्वरूपमा नै कलात्मक सौन्दर्य र महत्व रहेको धारणावाट सक्रिय भएको आधुनिक समालोचनाले साहित्यकलाका संरचना र रुपमा ज्यादा चासो राखेको छ। भाषा साहित्यिक विषयलाई प्रकाशित गर्ने, सञ्चार गर्ने र रूपप्रदान गर्ने अनिवार्य माध्यम हो। भाषिक कलाका प्रयोग र संयोजनले साहित्यकलाको निर्माणमा वहुमुखी भूमिका खेलेको पाइन्छ। भाषावाटै साहित्यको शिल्प र शैली निर्माण हुन्छ। तसर्थ भाषाका वहुमुखी भूमिका माथि दृष्टि पुऱ्याएर कृति समीक्षा गर्नु पर्ने आवश्यक्ता हुन्छ। यस क्रममा शैली विज्ञानलाई संक्षेपमा आधुनिक समालोचना समालोचकीय पाण्डित्य र अनेक सिद्धान्तका प्रभावबाट मुक्त हुन चाहने, पाठालोचनलाई विशेष महत्व दिने रूपपरक स्वभाव भएको प्रायोगिक प्रकृति र प्रवृत्ति भएको समालोचना हो भन्नु उपयुक्त हुने देखिन्छ।

४. आधुनिक समालोचनाका चुनौती :

आधुनिक समालोचनाले साहित्यको समान मूल्य र महत्व अँगाल्ने कविता, आख्यान नाटक र निवन्ध आदि विधामा पुऱ्याउन सकेको छैन। कविता काव्यका साना साना रचनामा मात्र जोड दिएर आफ्नो एकाङ्गीपना दर्साएको चर्चा पनि पर्याप्त भएको पाइन्छ। आधुनिक समालोचनाको प्रकृति साँघुरो भएको स-साना कविता काव्य वाहेकका इतर विधालाई वेवास्ता गरेको आधारमा यसलाई समाजपरक समालोचक खासगरी मार्क्सवादी समालोचकहरूले कटु टिप्पणीका आधारमा एकपक्षीय र अधुरो प्रणाली मानेको पाइन्छ। समय र समाजका सापेक्षतामा नै साहित्यकारको योगदान निर्धारण हुन्छ र साहित्यिक कृतिको मूल्य पनि निर्धारित भएको हुन्छ। यस परिप्रेक्ष्यमा मार्क्सवादी मान्यताका पक्षधरहरूको उपयुक्त टिप्पणी सार्थक ठहर्दछ। मनोविश्लेषणवादी समालोचकहरूले पनि आधुनिक समालोचनालाई अपूर्ण र संकीर्ण ठहराएका छन्। साहित्य मानवीय मनोजगत्को सांकेतिक वा विस्तृत रूपरेखा भएकाले यसमा लेखकीय मनोविज्ञान लेखकले पात्रहरूका माध्यमबाट संकेत गरेको मनोविज्ञान र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साहित्यिक कृतिले पाठक समालोचकलाई पार्ने प्रभावका आधारमा निर्देशन हुने मनोविज्ञानका त्रिकोणात्मक वृत्तिहरू संकेत भएकै हुन्छन् । त्यसैले मनोविज्ञानका आधारभूत प्रकृतिबाट निरपेक्ष रहेर साहित्यको समालोचना गर्दा त्यस समालोचनाका प्रक्रियामा पूर्णता आउन सक्तैन भन्ने मान्यताका आधारमा भएको मनोविश्लेषणवादीहरूको टिप्पणी युक्तिसंगत नै देखिन्छ। आधुनिक समालोचकहरूमा देखापरेको सुसंगठित र व्यवस्थित मान्यता र त्यसको विस्तृत प्रयोग उपयोगको अभावले पनि यसमाथि चुनौती थपिँदै गएको पाइन्छ। लेखकमा मनोदशा वा ग्रन्थिहरूको प्रतिविम्वन कुनै कुनै रुपमा उसका रचनामा भएकै हुन्छ। त्यसैले लेखक र कृतिका बीचको मनोवैज्ञानिक सम्वन्धका बारेमा समालोचकले दृष्टि पुऱ्याउनु उत्तिकै महत्वपूर्ण कुरा हो । यतातिर उन्मुख हुने नचाहने आधुनिक समालोचकहरू वास्तवमा एक पक्षीय नै हुन् भन्ने टड्कारो दृष्टिकोणलाई अवश्य पनि उपेक्षा गर्न मिल्दैन। अर्को कुरा कुनै पनि साहित्यिक रचनाको मूल्य र महत्व अन्य साहित्यिक विधा वा समान विधाका अरु अनेक रचनाका सापेक्षतामा निर्धारण भएको हुन्छ। यसमा पनि आधुनिक समालोचकहरूले दृष्टि त पुऱ्याएनन् पुऱ्याएनन् उल्टै विधागत मान्यता र महत्वलाई अनावश्यक र झन्झटे माने। यसरी विधालाई उपेक्षा गरेर आफ्नै ढिपीमा अडिन चाहने आधुनकि समालोचक प्रति गम्भीर चुनौती हुन गएको देखिन्छ।

विचारवादीका अवधारणा अनुसार साहित्यमा वैचारिक आदर्श र मूल्यका कुराहरू पनि आवश्यक हुन्छन् । साहित्यमा जीवन जगत्का कटु र वस्तुगत यथार्थता मात्र प्रस्तुत नभएर कलात्मक रुपमा मानवीय आदर्श र महिमाका पक्षहरू पनि प्रतिविम्वित हुनुपर्दछ। शिवत्व र सौन्दर्यको सामाजिक चेतना र कर्तव्यको रमणीय सन्देश प्रस्तुत हुनुपर्दछ भन्ने आदर्शवादी वैचारिक मान्यताका परिपेक्ष्यमा पनि आधुनिक समालोचनाले थप चुनौतीको सामना गर्न सकेको देखिँदैन । नीतिवादी, व्यवहारवादी र स्वच्छन्दतावादी मान्यताका आधारमा पनि यो अभियान त्यति समर्थित हुन सकेन। आधुनिक समालोचना माथि सशक्त तर्क तेर्स्याएर कटु टिप्पणी गर्नेहरूमा नव एरिष्टोटलवादीहरू उल्लेख्य छन् । शिकागो मण्डलीका रूपमा प्रख्यात भएका नव एरिष्टोटलवादीहरूले आधुनिक समालोचनालाई अधुरो, अपुरो र अनपयुक्त ठहऱ्याएको पाइन्छ । आधुनिक समालोचक र नव एरिष्टोटलवादीहरूका बीच विधागत मान्यतालाई लिएर आरोपको क्रम पनि चलेको पाइन्छ। वहुलवादी मान्यताका पक्षधर शिकागो मण्डलीका विरुद्ध चुनौतीलाई आधुनिक समालोचकहरूले सामना गर्न सकेको देखिँदैन । आफ्नै मताग्रहका आधारमा प्रतिवाद गरेर आफ्नो संकीर्णता र एकात्मकता र साहित्य सृजन र समीक्षणका निम्ति प्रेरक र प्रभावशाली वन्न सकेन। वेलायतीका निम्ति त यो अरुचिकै विषय भयो।

५. नव समालोचनाको योगदान :

साहित्यलाई सैद्धान्तिक समालोचना र अनेक आगन्तुक मान्यताका भारवाट मुक्त राखेर यसलाई समा र स्वतन्त्र अस्तित्वका रूपमा विश्लेषण र मूल्यांकन गर्नुपर्दछ भन्ने अभिप्राय नै आधुनिक समालोचनाको देन हो। प्रभाववादी दृष्टिकोणवाट मनलाग्दी व्याख्या गरेर साहित्यक मूल्यांकन गर्ने परम्परा र परिपाटीलाई पन्छाउने कार्यम यसले आफ्नो अग्रसरता देखाएको पाइन्छ। नीति, दर्शन समाजवाद, मनोविज्ञान, इतिहास, धर्म, संस्कृति र विवि विचारका आगन्तुक अवधारणाका आधारमा साहित्यक लेखाजोखा गर्ने र व्याख्या विश्लेषण गर्ने पूर्वपरम्परागत समालोचनाका मान्यतालाई चुनौती दिएर कृतिपर दृष्टिकोण अँगाल्नु पनि यसको उचित योगदान हो। साहित्यकलाको आफ्नो मौलिक अस्तित्व भएकाले यस अध्ययन र विश्लेषणका निम्ति साहित्यकै प्रकृतिता छिचोल्न संभव हुने साहित्यिक प्रवृतिकै मान्यताहरूल अवलम्वन हुनुपर्दछ भन्ने यसको मौलिक दृष्टिकोण हो। भाषा र शैलीका आवश्यक कुराहरूलाई अङ्गीकार गरे साहित्यका कृतिपरकतामा जोडदिनु, कृतिभित्रका तात्वि पक्ष, विम्व, प्रतीक, व्यंग्य आदिमा ध्यान पुऱ्याउनु, विधागत तुलना र सिद्धान्तको अनावश्यक झन्झटमा नलाग्नु पर्ि यसका देन हुन्। यसमाथि आएका अनेक चुनौतीले गर यसको देनप्रति शंका उब्जिन सक्दछ , समालोचकहरूल गम्भीर चिन्तन तर्फ सचेत गरायो । यही आधुनि समालोचनाका अभियानका हलचलवाट उत्पन्न नाताव दृष्टि, उत्तर आधुनिकतावादी देनकै रूपमा लिन सकिन्छ पाठकलाई महत्व नदिंदा नदिंदै पनि आधुनि समालोचनालाई जुन पाठकीय सचेतता प्रदान गऱ्यो यसल पनि उपलव्धि मान्न सकिन्छ। मुख्य रूपमा परम्परावा सिद्धान्त, शास्त्र र विश्लेषकका व्यक्तित्वका पाण्डित्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वौद्धिकता एवं वहुज्ञताका आधारमा साहित्यको व्याख्या विश्लेषण गरेर साहित्यको व्याख्यालाई पाण्डित्य प्रदर्शनको आधार वनाउने प्रवृत्तिलाई आपत्ति जनक समालोचना ठहऱ्याउने सन्दर्भमा आधुनिक समालोचनाको उल्लेख्य योगदान भएको मानिन्छ ।

६. प्रमुख नवसमालोचकहरू :

नव समालोचना र नवसमालोचकहरूको नामाङ्कन सापेक्षतामा आधारित कुरा हो । नव वा नयाँ भन्ने कुरा समय सापेक्ष र इतिहास सापेक्ष कुरा हो । कालक्रममा आजका सवै ताजा, साजी वा नयाँ कुरा भोलि गएर वासी पुराना वा इतिहास वने जस्तै नव समालोचना र त्यसका समालोचकहरू पनि कालक्रममा इतिहास भइसकेका छन् । नवीनता वा नयाँपना साहित्यकारका साहित्यिक रचनामा जति अजर र चिरस्थायी रहन्छ त्यति समालोचनात्मक सिद्धान्त, पद्धति वा मानदण्डमा रहन सक्तैन । तैपनि इतिहासमा विशाल भण्डारका सवै कुरा संग्रहित हुने हुँदा नवसमालोचकको ऐतिहासिक महत्व छ । अंग्रेजी साहित्यका विवेचकहरूले नव समालोचकमा यस इल्ओट, आइ.ए. रिचर्डस जस्ता व्यक्तिहरुलाई पनि उल्लेख गरेका छन् । मूलतः नव समालोचकहरूमा जोन क्रो च्यान्सम (John Crowe Ransom), क्लेन्थ ब्रुक्स (Cleanth Brooks), रोवर्ट पेन वारेन (Robert Penn Warren), आर.पी. ब्ल्याकमुर (R.P. Blackmur) विलियम के विम्सेट (William K. Wimsatt), एफ. आर. लिभिस (F.R.Leavis), केनेथ वर्क (Keneth Barke) एलेन टेट (Alen Tate), लिओ नेल ट्रिलिङ्ग (Lionel Trilling), एमण्ड विल्सन (Edmund Wilson) आदि प्रसिद्ध छन् ।

७. निष्कर्ष :

नव समालोचना अंग्रेजी साहित्य समालोचनाका परम्पराका सापेक्षतामा वीसौं शताव्दीको चौथो दशकदेखि विकसित भएको पद्धति हो । यसले कविता र कलाको कार्यलाई आफैंमा निहित वस्तुतात्विक अस्तित्व ठान्दछ । कविताका विधा र कतै कतै कलाका सन्दर्भलाई पनि आफ्नो समाालोचकीय प्रक्रियाको सीमा र क्षेत्र निर्धारण गरेको यो समीक्षाले कविताका लघु रुप र तिनका श्लेष, प्रतीक, विम्व, भाषा आदि अन्तर्वस्तुलाई विश्लेषण गर्नुपर्छ र अन्य आगन्तुक वौद्धिक व्याख्यान र पाण्डित्यको भारले यसको अधिमूल्यांकन गर्न हुँदैन भन्ने मान्यता टड्कारो रूपमा अँगालेको पाइन्छ । कविता, कविको व्यक्तित्व, सामाजिक वातावरण र अन्य परिवेश देखि भिन्न स्वतन्त्र एवं मौलिक विधा भएकाले वस्तुमा केन्द्रित रही समालोचकहरूले व्याख्या विश्लेषण गर्नुपर्दछ भन्ने मान्यता अगाडि सारेर समालोचकको कर्तव्य र दायित्वलाई समेत इङ्गित गरेको यो पद्धति साहित्यकारका धर्म, नीति, ज्ञआदर्श, विचार वातावरण आदि अनेक सम्वद्ध सन्दर्भदेखि निरपेक्ष रहेर कविताको जे जस्तो स्वरूप र विषय छ त्यसको सम्पूर्ण अस्तित्व त्यही नै हो भन्ने विश्वासमा नवसमालोचकहरू विश्वस्त भएर समीक्षा कार्यमा सक्रिय देखिएका हुन् । कविताका शब्द, विम्व, लय, छन्द र निर्माण पद्धतिमा ध्यान दिएर तिनको अध्ययन गर्नुपर्दछ । काव्यका विभिन्न तत्वहरूको संरचनात्मक संगठन हुन्छ । त्यस्ता विभिन्न तत्व र अवयवहरूको आन्तरिक सम्वन्ध पनि हुन्छ र पारस्परिक प्रतिक्रिया पनि हुन्छ । यिनै आधारवाट कविताको समर्थ अर्थ खुल्ने गर्दछ । एउटा पद, सीमित संरचना र व्यंग्यले समग्र कविताको अर्थवोध हुँदैन । तसर्थ कविताका आन्तरिक अवयवहरू र त्यसका रूपलाई वेवास्ता गरेर वौद्धिक र प्रभाववादी भ्रान्तिले ग्रस्त भएर यसको व्याख्या विश्लेषण गर्नु उचित होइन भन्ने अभिप्रायमा नव समालोचना केन्द्रित छ । नव समालो नाले पाठकलाई नजिकवाट काव्यकृतिको अध्ययन गर्न ध्यानाकर्षण गर्दछ । रूप (Form) वान्की (Desing) पाठ (Texture) आदिलाई आधार मानेर रचनाको अध्ययनमा जोड दिने नव समालोचनाले कला कलाका लागि भन्ने मान्यतालाई महत्व दिएर जीवन निरपेक्ष वनेको छ भन्ने आरोप खेप्नु परेता पनि जोन क्रो च्यान्सम जस्ता व्यक्तित्ववाट यो मौलिक अस्तित्वका साथ चर्चित हुन पुगेको प्रसङ्गलाई भने विर्सन सकिदैन ।

सन्दर्भग्रन्थ सूची :

१. एम.एच.अब्राम्स १९९३ 'अ ग्लोसरी अफ टिटरेटी टर्म' (छैठौं प्रकाशन) इण्डिया प्रिज्म वुक्स, प्राइभेट लिमिटेड, व्यांग्लोर ।

२. गौतम कृष्ण २०५० 'आधुनिक आलोचना अनेक रुप अनेक पठन' काठमाडौं साझा प्रकाशन

३. तिलक रघुकल १९९९ 'न्यु क्रिटिसिज्म एण्ड न्यू क्रिटिक्स' न्यू दिल्ली राम ब्रदर्स एजुकेशन पब्लिसर्स

४. त्रिपाठी वासुदेव २०४९, "पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा"(भाग २), काठमाडौं साझा प्रकाशन

५. दीक्षित नरेन्द्रमणि २०५० 'अंग्रेजी नेपाली साझा संक्षिप्त शब्दकोश' (तेस्रो संस्करण) काठमाडौं, साझा प्रकाशन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अरुणोदयः प्रत्येक नयाँ कार्य र नयाँ चिन्तन

✍ डा. तुलसी भट्टराई

सम्पादकज्यू,

तपाईले 'अरुणोदय' का लागि एउटा लेख माग्नु भएको छ । धेरै दिन भयो- यसबारे लेख्ने खोजेको । 'अरुणोदय' आफैं एउटा समग्र-पूर्ण पक्ष हो । अभ्युदय, मानव चेतना, मानव विकास र उन्नतिको शुभारम्भ प्रत्येक नयाँ-थालनी नयाँ जन्म एवं नयाँ चिन्तन र सोच । 'अरुणोदय'को बारेमा के लेख्ने मनेर सोच्दैछु ।

पूर्वतिर लाली उदायो । चराहरू चिरविर-चिरविर गर्न लागे । आकाशमा ताराहरु देखिन छाडे । प्रभाती मन्दवायुले सुरम्य बनाएको छ वातावरणलाई । ए मनुष्य हो, उठ जाग । आफ्नो नित्यकर्ममा लाग । आलसी नबन । निद्रा त्याग । ब्रह्ममुहूर्तमा उठेर नित्यकर्म सक्नाले मानिस स्वस्थ र चुस्त हुन्छ । शरीर निरोग बन्छ । प्रातः कालको बेला स्वर्ण बेला हो । दिनभरीका सम्पूर्ण योजनाहरु प्रातः कालबाट प्रारम्भ हुन्छन् । बिहानीको शुभ समयमा कार्यारम्भ नगरे दिन भरीकै कार्यहरु बिग्रिन्छन् । अपूर्ण र अधुरा हुन्छन् ।

* शास्त्रदेखि आप्तवचनसम्मको सारतत्व यस्तै पाइन्छ 'अरुणोदय' का सम्बन्धमा । 'अरुणोदय'को महिमा अपार छ ।
* 'अरुणोदय' बिहान रातो रातो रंगमा हुने सूर्यको उदय सूर्य उदाउनु अघि पूर्वी आकाशमा देखिने रातो आभा । सूर्य उदाउनु अघिको समय ब्रह्ममुहूर्त । प्रातः काल ।
* यो हो अरुणोदयको शाब्दिक अर्थ । अरुणोदयलाई सामान्य जनजीवनले 'झिसमिसे', 'अलि अलि उज्यालो हुन थालेको बेला', 'धमिलो प्रकाश भएको बिहानी पख' भनेर भन्ने गर्छ । 'उषाकाल' भनेर साहित्यिक वर्णनमा जतातै वर्णन गरेको पनि पाइन्छ ।
* मिरमिरे- थोरै उज्याले भएको । भुईंमा राम्ररी उज्यालो खसिनसकेको बेला ।

"वा त मिमिरिमै हिंड्नुभएको । अब यतिखेरसम्ममा तिरिङ्गे खोला तरिसक्नुभयो होला । मावलकी आमै सिकिस्त हुनुहुन्छ भनेर खबर आएकाले जानु भो ।"

"ए, थाहै भएन । रिमरिम हुदै उठेर आएँ । दाइसँग भेट्नै पो सकिएन ।"

* 'रिमरिम' सिमसिम पानी पर्दा पानी टल्किए झैं देखिने उज्यालो झझल्को । अरुणोदयकै आभास दिने उज्यालो रिमरिम ।
* बिहान- दिनको पहिलो प्रहर । पूर्वमा लालिमा देखिन थालेपछि घाम नछिप्पिउन्जेलको समय । बिहानले दस बजे सम्मको बेला बुझाउँछ । त्यसकारण 'बिहान' लाई अरुणोदय- बेलातिर लैजान 'बिहानै' 'सखार-सखारै' । 'सबेर सबैरै','झिसमिस', 'मिरमिर' आदि शब्द प्रयोग र अर्थबोध गर्नुपर्ने हुन्छ ।
* हाम्रो जनजीवनमा तराइ क्षेत्रमा 'भोर' शब्द प्रचलित छ-अरुणोदय बोध गर्न । कर्णालीक्षेत्रतिर 'च्याम्यारिमी' को प्रयोग गर्छन् । काठमाडौं उपत्यकाका पुराना बस्तीतिर 'हा हू धाः' भन्ने गर्छन् । तराइका केही समूहमा 'झोसफोल' शब्द चल्ती छ । पूर्वी पहाडी क्षेत्रहरुमा यस 'अरुणोदय' लाई चिनाउन 'चिगाओभार' र 'रिमरिम-डाकू' प्रयोग गरिन्छ । हिमाली भेकतिर 'रिमप्योक' ले अरुणोदय बुझाउँछ । तराइकै एउटा ठूलो समुदायमा 'धुसमुसरा' शब्दले अरुणोदयको भाव अभिप्राय बोध गराउँछ । अन्तराष्ट्रतिर जाँदा `early- down' ले अरुणोदयलाई समेटेको पाइन्छ ।
* अरुणोदय- प्रत्येक नयाँ कार्यको थालनी हो । व्यक्तिको जन्म, शैशव, किशोरावस्था, युवा, प्रौढ, वृद्धत्व अनि स्मृतिशेष भए झैं प्रत्येक दिनको जन्म-अरुणोदय हो । उषाकाल प्रातः सूर्योदय, मध्यान्ह, क्रमशः सूर्यास्त पछि सायंकाल अनि त्यस दिनको अन्त्य ।
* दैनन्दिनी, मानिस आफ्ना कार्यक्रमहरू अरुणोदयसँगै शुरु गर्छ र सायंकालपछि विश्राम लिन्छ । आजको विद्युतीय युगमा यो सीमा दैनन्दिनी को महत्व घट्दै गएको देखिन्छ । मानिसले अहोरात्रलाई एउटै बनाइसकेको छ । तैपनि मानिस स्वयंको प्रकृति-सीमा हुन्छ । उसको कार्य क्षमताको माप हुन्छ । मानिसमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अरुणोदयपछि नै उर्जा जाग्छ र सायंपछि क्रमशः क्षीण हुँदै जान्छ र विश्रामतिर लाग्छ। त्यसकारण अरुणोदयको महत्व कहिल्यै घट्दैन । प्रत्येक दिन अरुणोदयसँग कर्मठता जाग्दछ। नित्य नवीनता देखा पर्छ। आज यो काम गर्छु । भोलि यो गर्छु क्रमशः नयाँ नयाँ योजना वन्छन्। कति पूरा हुन्छन्। कति अधुरा रहन्छन्। कति प्रारम्भ नै नहोलान् । तै पनि मानिसले संधै अरुणोदयसँगै नयाँ काम सोच्ने गर्छ , थालनी गर्छ। यो नियमित प्रक्रिया हो र अनिवार्यता पनि। भनाई छ सामान्य व्यक्ति कार्यहुन नसक्ने अथवा पूरा नहुने डरले कार्यको थालनी नै गर्दैन। मध्यम खालका व्यक्तिले कार्यलाई आरम्भ गर्छ तर थोरै विघ्नवाधा हुनासाथ छोडिदिन्छ। तर उत्तम कर्मठ व्यक्तिलाई भने सफलता-असफलताको चिन्ता हुँदैन । दृढ निश्चयी भएर कार्य गरिरहन्छ कहिल्यै पनि छोड्दैन यस्तो व्यक्ति एकदिन अवश्य पनि सफल हुन्छ ।

* अरुणोदयसंगै संकल्प गर्नुपर्छ। म राम्रो कामको थालनी गर्दै छु। पूरा नभएसम्म छोड्ने छैन। भनिन्छ प्रत्येक मानिसले आफ्नो जीवन - सफलताका निम्ति उद्देश्य-सगरमाथाको चुचुरोमा पुग्ने- लिनुपर्छ । एक दुई - दर्जनपल्ट असफल भए पनि एक दिन न एक दिन अवश्य चुचुरो टेकिने छ ।

"उद्देश्य के लिनु ! उडी छुनु चन्द्र एक"- महाकवि देवकोटाले लेखेका थिए । साँच्चै नै केही विकसित मुलकका मानिसहरूले चन्द्रमामा वास बसेर आफ्नो वीरता देखाइसकेका छन्। सगरमाथा त यसै धर्तीको शिर हो। अहिलेसम्म हजारौं व्यक्तिले स्पर्श गरिसकेका छन्।

* जे भए पनि प्रत्येक व्यक्तिले अरुणोदयसँगै सगरमाथा चुचुरो टेक्ने संकल्प लिनैपर्छ। सगरमाथा चुचुरो कष्टकर प्राप्ति हो । परिश्रम र दृढताको प्रतीक हो। यो अटल र धैर्यको प्रतिविम्व पनि हो ।

* 'अरुणोदय' कर्म, अठोट र साहसको प्रतीक हो । विद्यार्थीहरू अरुणोदयसँगै किताव, कापी र कलम लिएर भविष्य निर्धारण गर्न थाल्छन् । गृहस्थ किसानहरू हलो, जुवा र गोरुसंगै आफ्नो भाग्य सोच्ने गर्छन् । गृहिणीहरू डोको, नाम्लो, गाग्रोमा आफ्नो अनुहार हेर्ने गर्छन्। सहरियाहरू पनि आ-आफ्नो क्षमता र योग्यता अनुसार प्रत्येक अरुणोदयसँगै जाग्ने र कामको थालनी गर्ने गर्छन्।

* विश्वका विकसित मुलुकहरू चन्द्रलोकमा वस्ती वसाल्ने तर्खरमा छन् । मंगलग्रहको खोजी गर्दैछन् । अणु-परमाणु-यान, महायान, क्षेप्यास्त्र, यन्त्रमावन धेरैतिर उन्नति र विकास गरिसकेका छन्। विकासको अन्तिम सीमासम्म पुगेका छन्। नयाँ प्रविधि र प्रयोग खोज्दै हिड्न थालेका छन्।

तर हामी नेपाल-नेपालीहरू भने भर्खरै अरुणोदयमा छौं। व्यक्तिका प्राथमिक आधारभूत आवश्यकता भित्रै अलमलिएका छौं। आज पनि सत्ताचालक नेताहरूका भाषणमा-'छाना, नाना र खाना' कै खोजीमा छौं। सुकुम्वासी, कमैया, वधुवा मजदूर र वेरोजगारीग्रस्त युवा समूह कै कुरामा अलमलिएका छौं। शिक्षा, स्वास्थ्य र मानवीय आवश्यकताका अन्य विविध पक्ष चर्चामा, कल्पनामा र सपनामै रुमल्लिएका छन्। यी विषयमा 'अरुणोदय' हुनै वाँकी छ । मध्य अन्धकारभित्रै छन् यस्ता अनिवार्य आवश्यकताहरू । हाम्रो मुलुक धेरै कुरामा मध्यरातमै छ। अरुणोदय कहिले हुने हो थाहा छैन । तपाईंहरू 'अरुणोदय' को सन्देश लिएर आउनु भएको छ। सम्पादकज्यू, तपाईको यो अरुणोदय कामना सफल होस् । छिटै अँध्यारो हटोस् । तपाईले 'अरुणोदय'बारे लेख लेख्न भन्नुभएको थियो । यसै विषयमा धेरै घोरिएँ, सोचें, तर जता पनि अँध्यारै देखेर केही पनि फुर्न सकेन । कुनै दिन साँच्चै 'अरुणोदय' हुने लक्षण फेला परेछ भने यस विषयमा लेख्नेछु । यसपटक यति मात्रै सोच्न सके ।

जानामि नागेन्द्रः तव प्रभावं, कण्ठे स्थितो गर्जति शंकरस्य ।
स्थानं प्रधानं न बलं प्रधानं, स्थाने स्थितो का पुरुषोऽपि सिंहः ॥

हे नाग राजा ! तिम्रो प्रभाव कति छ भन्ने म जान्दछु, शंकरको घाटीमा छौ र गर्जन्छौ। स्थान नै प्रधान हुदोरहेछ न कि बल, ठाउँ पायो भने कातर पुरुष पनि सिंह बन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वेदमा शक्ति (देवी) उपासना वा नारीको भूमिका

✍ प्रा.डा. ऋषिराम पोखरेल

आजसम्मको अनुसन्धान अनुसार विश्वको जेठो भाषा संस्कृत हो। संस्कृत वाङ्मयले मूलरूपमा संगालेको विश्वको साझा सम्पत्ति र विश्वको इतिहासमा वेद नै सबैभन्दा जेठो हो। वेदकै आधारमा विकसित भएको हुँदा उत्पत्ति र विकासका दृष्टिले वैदिक् धर्म र संस्कृतिलाई विश्वको जेठो धर्म र संस्कृति मानिएको हो। यसबाट विश्वका धेरै-धेरै भाषा, धर्म र सम्प्रदायको जन्म भएको छ। वैदिक साहित्यको फाँटमा मन्त्र, ब्राह्मण, आरण्यक उपनिषदका मूलतः ऋग्वेद, यजुर्वेद, सामवेद, अथर्ववेदका रूपमा विभक्त वेदको अर्थज्ञान निमित्त गरिने अध्यनका सहयोगी शास्त्रहरू वेदका अंग र उपाङ्ग मानिन्छन्। वेदका अंगशास्त्रहरू शिक्षा, व्याकरण, कल्प, निरुक्त, ज्यौतिष र छन्द हुन्। मीमांसाशास्त्र, धर्मशास्त्र, न्यायशास्त्र, दण्डशास्त्र (नीतिशास्त्र), वार्त कृषि, पशुपालन, र व्यापार (वाणिज्य) शास्त्र, इतिहास पुराण, रामायण महाभारत र १८ पुराण १८ उपपुराण १८ उपोपपुराण ग्रन्थहरूलाई वेदको उपाङ्ग भनिन्छ। आयुर्वेद, धनुर्वेद, गान्धर्ववेद, अर्थशास्त्र एवं स्थापत्य (विज्ञान प्रविधि वा वास्तुशास्त्र) लाई उपवेद भनिएको छ। केही आचार्यहरूले इतिहास र पुराणलाई पाँचौं वेद पनि भन्दछन् र शाखा भेद अनुसार ११३१ वेद शाखा छन्। महर्षि व्यासले महाभारतलाई वेदकै रुपान्तर हो भनेका छन्। वेदकै सारपूर्ण व्याख्या विश्लेषण र दृष्टान्तमा आधारित महाभारतको पनि सारको रूपमा भगवद्गीतालाई लिइएको छ। यसपछिका नीतिशास्त्र , काव्यशास्त्र, काव्य, महाकाव्य, चम्पू, नाटक, प्रकरण आदिले पनि प्रायः रामायण महाभारत र पुराणहरूकै कथा उपकथालाई आधार मानेका छन्। यसरी अपार विद्या सागर बनेको विश्वसम्पदा वेदमा शक्तिको उपासनाबारे के-कस्तो धारणा मान्यता रहेछ भनेर यहाँ अकाशे हेराइ (आजभोलिको हवाइ निरीक्षण जस्तै) गर्ने प्रयत्न गरिनेछ। यसलाई पूर्णता दिने काम जिज्ञासु पाठक एवं विद्वान् अनुसन्धाता र लेखकहरूको जिम्मा छोडेर प्रस्तुत विषय क्षेत्रतिर प्रवेश गर्ने जमर्को गर्नु युक्तिपूर्ण हुनेछ।

शक्तिको अर्थ - बल, तागत, सामर्थ्य, प्रभाव आदि इत्यादिका रूपमा गरिन्छ। वस्तुतः कुनै पनि चाहना वा काम गर्ने गराउने तागतको नाम शक्ति हो। शब्दार्थका दृष्टिले क्रिया प्रतिक्रिया आकाङ्क्षा योग्यता र सन्निधि, शब्दशक्तिका आधार हुन्। वैदिक वाङमय अनुसार विश्व सृष्टिका क्रममा ईश्वरीय शक्तिको नाम माया, विष्णुमाया, प्रकृति, अज आदि अनेक रूपमा चर्चित छ। यजुर्वेदमा शक्तिलाई "तिस्रो देवी" अर्थात् ब्राह्मी, माहेश्वरी र वैष्णवी ३ देवीका रुपमा चिनाइएको छ। कतै देवी उज हुती त कतै जोष्ट्री भनिएको छ। अथर्ववेदको देवीसूक्तमा देवीको उपासनाबारे वैदिक वाङ्मयमा हेर्दा अति नै विशिष्टतापूर्ण महत्त्व वर्णित छ। त्यसमा गद्य पद्य सबै मिलाएर फलस्तुति समेत जम्मा २७ मन्त्रहरू छन्। ती सबैको सारांशमा "देवीको ब्राह्मी माहेश्वरी वैष्णवी रूप सर्व शक्तिमत्ताको रूपमा प्रतिपादन भएको छ " भन्ने पुग्छ। त्यसमध्ये निम्नाङ्कित दुई मन्त्रको अर्थ हेरौं। यी दुई मन्त्रहरूमध्ये पछिल्लो मन्त्र ऋग्वेदमा (१०।१०।१२५) वागाम्भृणीसूक्तमा पनि उपदिष्ट (समाहित) छ। सबै देवताहरूले देवीको उपस्थान गरे (प्राथना गरे)। हजूर को हुनुहुन्छ ? (अर्थात् हजूरको शक्ति के छ ?) हे महादेवी तपाईंको परिचय के हो ॥१॥ त्यसपछि देवीले भन्नुभयो- म ब्रह्म (व्यापक विश्वशक्ति) स्वरूपवाली हुँ। मबाट प्रकृति र पुरुषको रूपमा जगतको सृष्टि भएको हो अर्थात् म (देवी) नै प्रकृति र पुरुष हुँ। म नै शून्य ब्रह्म हुँ म नै अशून्य ब्रह्म हुँ अर्थात् निर्गुण (शून्य) सगुण (अशून्य रूप) दुवै मेरै रूप हो ॥२॥

म रुद्रशक्ति (रुद्राणि) हुँ। म कौबेरी शक्ति धनस्वामिनी हुँ। अथवा भनौं अष्टवसु भनेकी म नै हुँ। द्वादश आदित्यादि शक्ति म नै हुँ। पाकताप प्रकाशवशक्ति म नै हुँ। विश्वेदेव साथै सबै देवगणको शक्ति म नै हुँ। म नै मित्र वसु, इन्द्र, अग्नि र अश्विनीकुमारको शक्ति हुँ या ती सबैका शक्तिको श्रोत म नै हुँ, मेरै शक्तिको अवतार ती देवताहरू हुन्।

वेदमा देहाय अनुसारका शक्तिका अवतार नारीहरूलाई ऋषिका (मन्त्रद्रष्टा) का रूपमा गणना गरिएको देखिन्छ।

१. अदिती	२. अयाला
३. घोषा	४. जुहु
५. दक्षिणा	६. रोमशा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७. लोपामुद्रा
८. विश्ववारा
९. राश्वती
१०. वागाम्भृणी
११. सूर्या
१२. इन्द्राणी
१३. इन्द्रमातर :
१४. इन्द्रस्नुषा
१५. रात्री
१६. गोधा
१७. यमी
१८. वैवस्वती
१९. शची
२०. श्रद्धा
२१. सार्पराज्ञी
२२. सिकना आदि ।

ऋषिहरूका अतिरिक्त प्रसंग अनुसार ऋग्वेदका कतिपय सूक्तहरूमा प्रत्यक्ष रूपमा सम्बद्ध पात्रको नाममा पनि स्त्रीपात्रको प्रमुख भूमिका रहेके देखिन्छ । जसमा तलका संवाद सूक्तहरूको चर्चा प्रायः विश्व प्रसिद्ध रहेको छ ।

क) यमयमी संवाद
ख) उर्वशी पुरुरवा संवाद
ग) सरमा पणि संवाद

यसका साथै धार्मिक सांस्कृतिक योगदानको दृष्टिले पनि शक्ति स्वरूपा नारीको भूमिका अत्यन्त नै उच्च रहेको देखिन्छ । ती मध्ये पनि विशेषतः अरुन्धती, अनसूया, गार्गी, मैत्रेयी, कात्यायनीहरूका प्रसङ्गको धेरै माथिल्लो स्थान रहेको छ ।

ऋग्वेदको वागाम्भृणी सूक्त पढ्दा लाग्दछ विश्वमा ब्रह्मा, विष्णु र महेश्वरले शक्तिकै कृपाले विश्वको सृष्टि स्थिति र संहारको काम गर्न सकेको कुरा स्पष्ट गरिएको छ । पुराण साहित्य हेर्दा शिव र शक्ति एक अर्काका पूरक रहेको देखिन्छ । शक्तिको उपासनाबारे वैदिक वाङ्मयमा पाइने सम्पूर्ण प्रसङ्गको यहाँ चर्चा गर्नु भन्दा पनि ऋग्वेदोक्त श्री सूक्तको प्रसङ्ग र वेदानुशासन तपशीलका पद्यहरूको मर्म बुझ्दा शक्तिको उपासनाले वैदिक समयदेखि नै समाजमा दह्रो रूपमा पाइला गाडिसकेको तथ्य फेला पर्दछ ।

धर्मे अर्थे च कामे च नातिचर्या स्मृतावला ।
केवलं वर्णजातित्वं स्वाध्यायाध्ययने श्रुतम् ॥
सपत्नीकस्य यज्ञोऽस्ति सर्वदा पूज्यतेऽवला ।
गृहं गृहिण्या भवति चरितार्थमिति श्रुतिः ॥
अर्धो हि पुरुषः प्रोक्तः पत्नीप्राप्तिं विना सदा ।
तस्माच्छेष्टा धर्मपत्नी शक्तिरूपा सनातनी ॥

यस प्रकारले वेदमा शक्तिको उपासनालाई उच्चस्थान प्राप्त भएको छ। आजको विश्वमा पनि शक्ति विनाको शिवलाई शव भने झैं शक्तिको महिमा कहिल्यै पनि स्थगन गर्न सकिने वा सीमित गर्न सकिने स्थितिको कल्पना पनि वेदमा गर्न सकिदैन ।

२७९ औं पृथ्वी जयन्ती
तथा
राष्ट्रिय एकता दिवसको उपलक्ष्यमा समस्त देशवासी दाजुभाइ तथा
दिदीबहिनीहरूमा उत्तरोत्तर
प्रगतिको हार्दिक मंगलमय
शुभकामना व्यक्त
गर्दछौं ।

श्री ५ को सरकार
वातावरण मन्त्रालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपालको राष्ट्रिय जीवनमा तीनधारा पाकशालाको योगदान

(चञ्चु प्रवेश मात्र)

✍ डा. भूपहरि पौडेल

आमुख

राष्ट्रको जीवनमा कुनै पनि संघसंस्था, विद्यालय, महाविद्यालय वा क्याम्पस, छात्रावास वा पाकशाला आदिको विशिष्ट भूमिका हुन्छ । नेपालको निर्माणमा पनि तीनधारा पाकशालाले महत्वपूर्ण योगदान पुऱ्याएको छ । राजनीतिक, सामाजिक, साहित्यिक, प्राज्ञिक आदि विविध पक्षमा तीनधारा पाकशालाको योगदान छ । यही तीनधारा पाकशालालाई केही दशक यतादेखि-रानीपोखरी संस्कृत छात्रावास वा संस्कृत छात्रावास, रानीपोखरी, घण्टाघर भन्ने गरिएको छ । यस वाक्यले संस्कृत पढ्ने विद्यार्थीहरुका लागि बनेको छात्रावास जहाँ निःशुल्क भोजनवृत्ति तथा आवासको सुविधा उपलब्ध छ, भन्ने बोध हुन्छ । यो ठाँउ कहाँ छ त ? राजदरबारको दक्षिणपट्टि, श्री ५ महेन्द्रको सालिक नजिक, भागवतभवन भन्दा पूर्वतर्फ , त्रिचन्द्र र घण्टाघर एवं रानीपोखरीको समीपमा तीनधारा पाकशाला छ भन्ने यसले देखाउँछ । तीनधारा भनेको के हो ? त्यहाँ पहिले तीनवटा धारा रहेछन् । तीनधारा भएकै ठाँउमा पाकशाला (बस्ने, खाने र पढ्ने ठाँउ) स्थापना गरेको हुनाले तीनधारा पाकशाला भनिएको हो । अहिलेको पुस्ताले 'तीनधारा' देख्नु त परै रहोस्, कतिले त सुनेका पनि छैनन् होला ।

अब यहाँनेर यो लेखले पाठकलाई जिज्ञासा उत्पन्न हुनसक्छ कि - तीनधारा पाकशालाले नेपालको राष्ट्रिय जीवनमा के त्यस्तो विर्सिनसक्नु योगदान गरेको छ त ? यो पङ्क्तिकारले हावामा महल बनाउने दुःसाहस गरेको भने पक्कै होइन । बरु जे भएको थियो, त्यसलाई सर्सर्ती लेख्ने प्रयत्न गरेको हुँ । एउटा पाकशाला वा छात्रावासका बारेमा अनावश्यक गाएर यो पङ्क्तिकारलाई के फाइदा ? बरु कलम, कापी र मसीको व्यय होला । यो लेख छाप्ने अरुणोदयका केही पान्नाहरु रोकिएलान् । सम्पादक भाइहरूलाई लेखको सम्पादन गर्ने र प्रुफ हेर्ने झन्झट होला । त्यसकारण तीनधारा पाकशालाले पुऱ्याएको योगदानलाई चञ्चुप्रवेश मात्र गरिएको छ । विस्तृत चर्चा विस्तारमा हुने नै छ ।

राष्ट्रिय जीवन र तीनधारा पाकशाला

राष्ट्रिय जीवन :

'राष्ट्रिय' भनेको राष्ट्र वा देशले गर्ने वा देशको भलाइका निम्ति गरिने विशिष्ट क्रियाकलाप वा राष्ट्रिय हित, भन्ने कुरो नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानले २०४० मा प्रथम संस्करणका रुपमा छापेको 'बृहत् नेपाली शब्दकोष' ले अर्थप्रकाश गरेको छ । वस्तुतः 'राष्ट्रिय' शब्दका बारेमा सबैजसो कोषले गर्ने अर्थप्रकाश पनि यही हो । 'जीवन' भनेको त जिन्दगी भइगो । त्यसो भए के त -'तीनधारा पाकशालाको पनि जीवन हुन्छ त ? यो त ढुङ्गो, माटो र काठले बनेको घर वा जडवस्तु होइन र ? जडवस्तु वा पाकशालाको राष्ट्रिय जीवनमा के भूमिका हुनसक्छ ? तीनधारा पाकशाला पर बाट वा बाहिरी चर्मचक्षुले सरसर्ती हेर्दा कुनै त्यस्तो आकर्षणको विषय हुँदै होइन । पुराना जस्ताका छाना भएका पुरानै निर्माण शैलीका चारवटा ठूलाठूला भवन, आधुनिक शैलीको प्रार्थनामण्डप, भान्छाघर मध्यमखालका चर्पी, पानीट्याङ्की के आकर्षणका विषय हुन् र ? आजको भौतिकवादी मान्छेलाई पक्कै पनि होइनन् । अर्को कुरो, प्रार्थनामण्डपमै जोडिएको (पूर्वतर्फ) ड्राइभरको 'वर्कसप' छ जहाँ थोत्रा गाडीका पाता ठड्याएर विद्यार्थीहरुलाई पढ्न सधै बाधा पुऱ्याइरहने ड्राइभरले पहिला-पहिला त (अचेल के छ कुन्नि थाहा छैन) आफ्ना तरुनी छोरीहरूको प्रदर्शन गराएर विद्यार्थीहरुको युवा जोशको मन झस्काउन पनि सहयोग पुऱ्याएकै थियो । जे होस् यो तीनधारा पाकशाला हो यहा १०६ जना संस्कृत पढ्ने व्रतबन्ध गरेका पूर्वीया र कुमाइ समूहका उपाध्याय ब्राह्मणक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छोराहरु बस्छन् । यिनीहरूलाई यहाँ बसेर खाए, लाए र बसेवापत् शुल्क तिर्नुपर्दैन । यसको विशेषता यही हो ।

अब, यसै प्रसङ्गमा अर्को कुरो उल्लेख गरौं । यो तीनधारा संस्कृत छात्रावासमा कस्ता - कस्ता विद्यार्थी बस्छन् त ? यहाँ रानीपोखरी संस्कृत माध्यमिक विद्यालय अथवा वाल्मीकि विद्यापीठमा पढ्ने कक्षा ८ देखि आचार्य तहसम्मका विद्यार्थीहरू बस्छन् । यहाँ बस्ने विद्यार्थीहरू विभिन्न स्वभावका वा प्रकृतिका हुन्छन्

(अ) विभिन्न स्वभावका विद्यार्थीहरू

(क) अरु साथीको चासो नगर्ने, आफैंमात्र खुरुखुरु पढिरहने, परीक्षामा पहिला - दोस्रा भइरहने,

(ख) साथीभाइसँग गफ पनि गर्ने , अलिअलि पढ्ने, घुम्ने, रमाइलो गर्ने,

(ग) तास खेल्ने, गफ गर्ने , रेडियो-टेलिभिजन सुनिरहने , पढ्न त्यति मन नगर्ने तर यीं मध्ये कुनै भने अत्यन्त प्रतिभाशाली जसलाई एकैपटक गुरुको मुखबाट पाठ सुनेको र किताब पढेकै भरमा समग्र पाठ कण्ठै हुने र परीक्षामा पनि उसैले अव्वल दर्जा को नम्बर ल्याउने,

(घ) राजनीति गर्ने, पढ्न त्यति मन नगर्ने, जेनतेन परीक्षासम्म पास गरिटोपल्ने,

(ङ) अत्यन्त प्रतिभाशाली तर त्यति नपढ्ने र नराम्रो काममा पनि मन नलगाउने,

(च) प्रतिभा नभएका तर मिहिनेतले मात्र बनेका,

(छ) पौरोहित्य कर्मतर्फ पनि रुचि भएका, छात्रावासमा बस्ने साथीहरूका आँखा छलेर जजमान गरिहिंड्ने,

(ज) पढ्न, लेख्न मै समय बिताउने 'म पछि केही बन्छु' भन्ने उद्देश्य लिएका,

(झ) खेलकुद, गफ, हिँडाइमा पनि सामेल हुने तर भित्र कसैले थाहै नपाउने गरी पढ्ने,

(ञ) नपढ्ने, बरालिने, बिहान बेलुकाको खाना पनि आफैंले पकाएर खाने निहुँले समय बर्बाद गर्ने, परीक्षामा अनुत्तीर्ण हुने, दुई वर्ष लाग्ने, छात्रावासबाट प्राय : कोही भागेर जाने, कोही भने झ्यालबाट हाम फालेर भाग्ने,

(ट) कोही भने खुबै पढ्ने तर प्रतिभा नहुनाले पढेको नसम्झने, जेनतेन परीक्षा सम्म पास गरिटोपल्ने,

(ठ) साहित्यिक कार्यक्रममा अभिरुचि राख्ने, पाठ्य-पुस्तकको अध्ययनमा कमै मन लगाउने, कविता,कथा, निबन्ध लेख्ने, पुरस्कार जित्ने र नाम कमाउने,

(ड) धूपीको चौतारामा गफ गरेरै प्राय : समय कटनी गर्ने,

(ढ) स्नातक गर्नेवित्तिकै जागिर खानैको हतार गर्ने, छात्रावास छोडेर जागिर खान जाने,

(ण) खुब पढ्ने, पढिरहने तर ठ्याम्मै नसम्झने,

(त) कुनै भने एकोहोरा-कहिले पढ्यापढ्ये, कहिले खेल्याखेल्ये, कहिले गफ गर्‍यागर्‍यै त कहिले हिंड्याहिड्ये,

(थ) जुधाउन र फटाउन सिपालु,

(द) सबैसँग मिल्ने, झगडा नगर्ने,

(ध) कोहीसँग पनि मिल्न नसक्ने, इत्यादि

(आ) विषय र क्षेत्र छनौट :-

भविष्यमा जे बन्ने हो, त्यसको पूर्वसंङ्केत विद्यार्थीकालमै हुन्छ अर्थात् छात्रावासमा बस्दा कुनै पनि विद्यार्थी जुन विषयमा अभिरुचि राखेर पढ्छ, लेख्छ र पछि दक्षता प्राप्त गर्ने अभिलाषा प्रकट गर्छ, ऊ त्यही बन्छ अर्थात् त्यही विषयको विशेषज्ञ हुन्छ । अपवादको कुरो छोडौं । हृषीकेश उपाध्यायले राजदूत हुने लक्ष्य लिएर सबै जसो विषयमा मिहिनेत पूर्वक अध्ययन गरी विशेष योग्यता प्राप्त गरेका थिए । पछि थुप्रैपटक विदेश पनि गए । केही वर्ष चीनमा पनि बसे, तर उनलाई राजदूतको मौका हालसम्म आइहालेको छैन । प्रतीक्षाको विषय छ । जयराज आचार्य छात्रावासको धूपीको चौतारो नजिक उभिएका बेला भन्ने गर्थे - 'मेरा यी: हातका रेखाले मलाई विदेशको सेवातर्फ आकृष्ट गर्छन् ।' २०४६ पछिको आमचुनावमा नेपाली काङ्ग्रेसले बहुमतको सरकार बनाएपछि गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री भए । त्यो बेला जयराज अमेरिकामै थिए । हाहु गरे । आफ्नो नाम, योग्यता र चलाखीको खुला प्रमाणपत्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गिरिजाप्रसादकहाँ पुऱ्याए । त्यसपछि सुरुमा परराष्ट्रसम्बन्धी प्रधानमन्त्रीका सल्लाहकार भए, त्यसको केही महिनापश्चात् संयुक्त राष्ट्रसंघका लागि नेपालको स्थायी प्रतिनिधि नियुक्त भए । उनमा चलाखीको फल फल्यो । जब कि उनै जयराज आचार्य हुन्- तीनधारा संस्कृत छात्रावासमा बस्दा प्रस्तुत पंक्तिकारलाई निकै हेप्थे । उनी यसो किन गर्थे कुन्नि उनै जानून् ।

यसको अभिप्राय के हो भने - अपवादको रूपमा मानिसलाई भाग्यले विषयान्तरतर्फ डोऱ्याएको पाइए पनि अधिकांशत : लगन र कार्यशैलीबाट भविष्यको संकेततर्फ डोऱ्याइएका तीनधारा पाकशालाका थुप्रै विद्यार्थीहरु आ-आफ्नो क्षेत्रमा कार्यरत छन्, नाम कमाएका छन् । वास्तविक रुपमा भन्नु पर्दा तीनधारा पाकशाला घण्टाघरमा रहेका ब्राम्हणका छोराहरू हाल - कक्षा ८ देखि आचार्यसम्मको तहमा बस्ने, खाने र विहान बेलुका पढ्ने निःशुल्क सुविधा भएको भवन भए तापनि यो नेपालभरि विभिन्न विषय र क्षेत्रमा छरिएको छ, यो गौरवको विषय हो । अब यहाँनेर एउटा जिज्ञासा उठ्न सक्छ - पछिको कुरा पहिले नै कसरी जान्न सकिन्छ वा संकेतका रुपमा कसरी देखा पर्न थाल्छ ? यो विचारणीय कुरो छ । मिहिनेत नगरी सफलता हात लाग्दैन । मिहेनेत कुन विषयमा कसरी गर्ने ? आफूलाई जुन विषयमा इच्छा छ त्यसैमा मिहिनेत गर्ने । विद्यार्थीले मिहिनेत गर्ने भनेको के हो ? पढ्ने । २००७ सालपूर्वको जस्तो संस्कृत मात्र पढेर सुखमय भविष्यको कल्पना गर्न असम्भव भैसक्यो, त्यसैले तीनधारा संस्कृत छात्रावासमा बस्ने विद्यार्थीहरूले संस्कृतका साथै आधुनिक विषयको पनि अध्ययन गर्नुपर्छ ।

दुवैतिर पढ्ने प्रवृत्ति :

दुवैतिर पढ्नु भनेको संस्कृत र आधुनिक विषय नेपाली, अंग्रेजी, राजनीतिशास्त्र, अर्थशास्त्र, भूगोल जस्ता विषयको अध्ययन गर्नु हो । २००४ साल असार १ गतेदेखि आधुनिक विषयहरूको अध्ययन गर्न पाउनु पर्छ भनेर संस्कृतका विद्यार्थीहरूले हड्ताल गरेका थिए, यो आन्दोलनलाई 'जयतु संस्कृतम् आन्दोलन' भनिन्छ । यस आन्दोलनको प्रभाव नेपालको प्रजातान्त्रिक आन्दोलनमा पनि परेको थियो अर्थात २००७ साल फागुन ७ गते प्रजातन्त्रको उदयको पर्दापछाडी रहेका थुप्रै आन्दोलन र पर्वमध्ये 'जयतु संस्कृतम् आन्दोलन' लाई प्रभावशाली आन्दोलनका रुपमा लिइन्छ । वस्तुतः आधुनिक विषयमात्र अध्ययनको मौका पाएका संस्कृत तर विद्यार्थीहरूमा ज्ञानको पूर्णता हुदैन अर्थात उनीहरु एकाङ्गी हुन्छन्, तर संस्कृत पढेका विद्यार्थीले अंग्रेजी, भूगोल, इतिहास, अर्थशास्त्र, समाजशास्त्र, मानवशास्त्र, सामान्यका विषय जस्तै- रेडियो सुन्ने, टेलिभिजन हेर्ने, दैनिक, साप्ताहिक, पाक्षिक, मासिक जस्ता अद्यावधिक पत्रपत्रिकाहरू अध्ययन गर्ने र विभिन्न स्थानहरूको अध्ययन भ्रमण गर्नाले ज्ञान पूर्णतातर्फ उन्मुख हुँदै जान्छ । संस्कृत पढेका र नपढेका विद्यार्थीका बीचको भिन्नता नै यही हो तर अचेल संस्कृत पढेका विद्यार्थीहरू ओभर आधुनिक भएर ज्ञान आर्जनतर्फ भन्दा मनोरञ्जनतर्फ बढी प्रवृत्त हुँदै गएका छन् भन्ने सुनिएको छ । संस्कृत विश्वविद्यालय अन्तर्गतका क्याम्पसमा अध्ययन गरेर मात्र पेटपाल्नेको समस्या सबैको समाधान हुन नसक्ने यथार्थतालाई अनुभव गरी विद्यार्थीहरूले दुबै तर्फ पढ्ने परम्परा बसालेका हुन् । दिउँसो संस्कृत विश्वविद्यालय अन्तर्गतको क्याम्पसमा अध्ययन गर्ने, यसबाट तत्कालको लागि छात्रावासको सुविधा जोगियो भने छात्रावासमा नबस्ने विद्यार्थीहरूका निमित्त दिइने मासिक छात्रवृत्तिसमेत यसबाट सुरक्षितै रहने भयो । विहान, बेलुकामध्ये कुनै अनुकूल समयमा अरु क्याम्पसमा अध्ययन गरेर आधुनिक विषयको ज्ञान आर्जन गरी आफ्नो शैक्षिक भविष्य सुरक्षित राख्ने चलन संस्कृत जगत्का विद्यार्थीहरूले चलाएका छन् । संस्कृत विषयमात्र पढ्ने विद्यार्थीहरूको संख्या थोरै छ । यसको कारण के हो भने पढेको किन ? योग्यता अनुसारको जागिर खान पनि हो । जागिर किन खाने ? आफ्नो र आफ्नो परिवारको भरणपोषण गर्न । त्यसका निमित्त जागिरै खानु पर्छ र ? अरु व्यवसाय गर्न सकिन्न ? सकिन्छ, तर त्यसका लागि पनि त सबै कुराको चाँजोपाँजो मिल्नु पऱ्यो । व्यवसाय गर्न पूँजी चाहिन्छ । आजको जमानामा धेरै सम्पत्ति हुने मानिस हम्मेसी संस्कृत अध्ययन गर्न रुचाउँदैनन् । अपवादको कुरै छोडौं । त्यसो त तीनधारा संस्कृत छात्रावासमा बस्दा स्याउ पनि ताछेर खाने, पुर्ख्यौली धनाढ्य मानिस अहिले पनि धनकै लागि मरिहत्ये गरिरहेछन् । त्यसकारण धनले मानिस तृप्त हुँदैन र धनी मानिस प्रायः विवेकहीन पनि हुन्छ । निष्कर्षतः धनी, गरीब, मध्यम वर्गमध्ये जुनसुकै होस् संस्कृत र आधुनिक विषय अध्ययन गरेको छ भने उ समाजमा प्रतिष्ठित छ, सम्पन्न छ र उसको धाक, रवाफ छुट्टै छ । संस्कृतमात्र पढेकामध्ये धेरैजसो जनआँखाबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ओझेल परेजस्ता छन् । कमै मात्र प्रतिष्ठित छन् ।

बीचैमा पढाइ छाड्ने प्रवृत्ति :

विद्यार्थीको अवस्था जवानीको अवस्था पनि हो । त्यसबेला होस राख्नसक्ने "होस" कमै विद्यार्थीमा हुन्छ । युवावस्थामा ज्यादा तरुनीको चाहना हुनसक्छ । २।३ दशक अघिसम्म आमाबाबुले छोराको चाँडै विवाह गरिदिन्थे । त्यसपछि ऊ घरमा तरुनी स्वास्नी छोडेर काठमाण्डौमा पढ्न आउँथ्यो अनि ऊ छट्पटिन्थ्यो । अनुभव नगर्दै भए त्यति चासो हुँदैन । अनुभव गरेपछि छोड्न अप्ठ्यारै हुन्छ । अर्को कुरो, धेरैजसोको घर नजिक स्कूल हुन्थ्यो । गाँउघरमा स्नातक गरेको मानिसलाई पायक पर्ने स्कूलमै पढाउने मौका मिल्थ्यो । त्यसपछि शास्त्री पास गरेपछि भविष्यका समग्र योजना बिर्सेर तीनधारा पाकशालामा बसेर पढिरहेको विद्यार्थी चटक्क पढाइ माया मारेर घरको ताजा दूध, दही र घ्यू, भरखरै विवाह गरेकी तरुनी स्वास्नी, घरपायक पर्ने जागिरको लोभमा फसेको उदाहरण थुप्रै छन् । जब आफ्ना सहपाठी, आफूभन्दा माथिल्लो कक्षाका र तल्लो कक्षाका सहकर्मीहरू पढेर उच्चतह पार गरेका, जागिरमा पनि उपल्लो ओहदामा पुगेका, कुनै भने राजनैतिक क्षेत्रमा माथि-माथि गएकाहरूको सफलता देख्दा र सुन्दा शास्त्री पास गर्नेवित्तिकै घरतिर लागेकाहरू डाहले छट्पटाउन थाल्छन् । के गर्नु ? समय सकिसकेको हुन्छ । चुकचुकाउनु बाहेक अरु उपाय नै कुनै हुँदैन तर, यस कोटिका व्यक्तिले पनि आफ्नो गाउँ ठाउँमा यथेष्ट योगदान दिएका हुन्छन् । शैक्षिक, सामाजिक, राजनैतिक आदि क्षेत्रमा स्थानीय तहबाट पुऱ्याएको योगदानका कारण उनीहरु त्यही नै प्रतिष्ठित हुन्छन् । कतिपय साथीहरूको दाँजोमा आफूलाई नपाउँदा खिन्न हुने मात्र हुन्छन् ।

बीचैमा पढाई छोड्ने मध्ये दुई वर्षसम्म एउटै तहको परीक्षामा अनुत्तीर्ण भई छात्रावास छोड्न बाध्य हुनेहरू पनि हुन् । विद्यार्थी तीन कारणले परीक्षामा अनुत्तीर्ण हुन्छ ।

क) पढ्न मन नगरेर वा नपढेर,
मनोरञ्जनतर्फ मात्र लहसिएर,

ख) पढेको कुरो सिलसिला मिलाएर लेख्ने
क्षमताको विकास नगरेर वा आत्तिएर, र

ग) प्रतिभा नभएर वा पढेको र पढाएको
सम्झन नसकेर वा सम्झने क्षमता नभएर ।

तीनधारा पाकशालामा उपर्युक्त तीनै समूहका विद्यार्थीहरू थिए र सायद अहिले पनि होलान् । बीचमै पढाइ छोड्ने मध्ये बाध्यतावश अर्थात् घरको गएगुज्रेको परिस्थितिका कारण पढ्ने उत्कट अभिलाषा हुँदा हुँदै पढाई छोडेर घरमै रुमल्लिन विवश हुन्छन् । यिनीहरूले पनि गाउँठाउँमा बसेर योग्यता अनुसार काम गरेर इज्जत कमाएका छन् । दुईचार जनाले फलानो भनेर चिन्नसक्ने भएका छन् ।

हिम्मतदारहरू माथि जान्छन् :

विद्यार्थी जीवनमा मिहिनेती भएर मात्र हुँदैन । परीक्षामा सधैं अब्बल दर्जाको नम्बर ल्याएर पहिला हुँदैमा पनि केही नहुन सक्छ । यस कोटिका मानिसहरू मध्ये कैयौं मानिसहरू विग्रिएका पनि छन् । पुलपुलिएका वा मात्तिएका पनि छन् । यसबाट झन उत्साहित भएर अझ राम्रोसँग पढेर, मिहिनेत गरेर राष्ट्रमा चम्किएकाहरू पनि तीनधारा संस्कृत छात्रावासकै उपज छन् । जस्तो कि - कविशिरोमणीको पद पाएका लेखनाथ पौड्याल पनि तीनधारा संस्कृत छात्रावासमा बसेका व्यक्ति हुन् । सम्पूर्ण मध्यमामा मुक्तावलीको पत्रमा फेल भएपछि लेखनाथले तीनधारा संस्कृत छात्रावास छोड्नुपरेको हो । फेल भएँ साथीभाइका मुखिञ्जेली लाज भयो । तीनधारा पाकशाला पनि छोड्नु पऱ्यो भनेर हरेस खाई त्यसै बसेका भए लेखनाथ आधुनिक नेपाली काव्यसाहित्यका शिखर पुरुषमध्येका एक हुने नै थिएनन् । उनीसँगै जाँच दिएका र अब्बल दर्जाको नम्बर ल्याउने साथी नेपाली साहित्यमा चम्किए, चम्किएनन्, थाहा छैन । त्यसकारण हिम्मत ठूलो कुरो हो । हिम्मतले जाँगर गराँउछ । जागरले काममा प्रवृत्त गराँउछ । निरन्तर काममा प्रवृत्त भएपछि सफलता स्वतः हात लाग्छ । भनाइको मतलब के हो भने, मेरो प्रतिभा छैन, म पढ्नै सक्तिन, साथीहरूले उछिनिसके भनेर हरेस खाने मानिस उँभो लाग्दैन । तीनधारा पाकशालामा बसेर पढ्दैमा मानिस माथि गएको छैन । पाकशालामा बसेका मध्ये जो-जो हिम्मतदार थिए, परिश्रमी थिए उनीहरू मात्र राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा चम्किएका छन् । म पहिला भएँ भनेर फुर्किनेहरू पछाडिएका पनि धेरै जना छन् । मैले पढ्नै सकिन, प्रगति गर्ने सकिन, मुखले भने पनि मनले हरेस नखानेहरू परिश्रमकै कारण उठेका पनि धेरै छन् यसकारण, आत्तिने र मात्तिनेका बीचधारको मानिस माथि जान्छ । यो कुरो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इतिहासले प्रमाणित गरेको छ ।

राजनैतिक क्षेत्रका प्रतिभा :

राजनीतिभन्दा साहित्य, कला, ज्ञान- विज्ञान धेरै माथिका विषय हुन् । तर, नेपालमा भने राजनीतिलाई बढी महत्व दिने चलन छ । यो राम्रो कुरो होइन । तीनधारा पाकशालामा बसेका विद्यार्थी मध्ये कसकसमा राजनैतिक सोच थियो त, भन्ने कुरो पहिल्याउन उही २००४ सालको 'जयतु संस्कृतम् आन्दोलन' सम्म पुग्नुपर्छ । यसभन्दा पहिले तीनधारा पाकशालामा बसेका विद्यार्थीहरू आफ्नो वर्गीय हित र राष्ट्रको स्वतन्त्रता र समुन्नतिमा लागेको इतिहास भेटिएको छैन । उनीहरूमा प्रायः राजनीतिक सोच थिएन र ? भए पनि राणाहरूको दबावले त्यसै थिचिएको थियो । त्यसैले तीनधारा पाकशालाका विद्यार्थीहरू पनि राणाजीको स्तुतिगान गर्न र थोरबहुत पढ्नमा मन लगाउँथे । पढेर विद्वान् हुने, कवि, लेखक हुने धेरैको सोच थिएन । सामान्य पढ्ने आफ्नो गाउँ जाने, पौराणिक पण्डित हुने, पुरोहित बन्ने, घरखेतीमै लाग्ने, लेखापढी गर्ने, जिम्वाल/मुखियाको पद सम्हाल्ने, गाँउका सोझासाझीलाई सताउने, इत्यादिमा धेरैको रुचि थियो । थोरै मात्र धेरै पढेर विद्वान् हुन्थे, मुलुकमा चम्किन्थे । जे होस् २००४ को 'जयतु संस्कृतम् आन्दोलन' ले तीनधारा पाकशालाका विद्यार्थीमा पनि राजनैतिक चेतना जगायो । यसरी २००४ देखि नै राजनीतिमा लागेर नेपाललाई प्रजातान्त्रिक समयतर्फ डोऱ्याउन सहयोग पुऱ्याउने पूर्व विद्यार्थीमध्ये - राजेश्वर देवकोटा, श्रीभद्रशर्मा, पद्मशङ्कर अधिकारी, खगनाथ नेपाल, गोकर्णराज शास्त्री, कमलराज रेग्मी, अच्युतराज रेग्मी, रामचन्द्र पौडेल, सिद्धराज ओझा, नरहरि आचार्य, विदुर प्रसाद पौड्याल, धनञ्जय शर्मा पौडेल (जनमोर्चा), पीताम्बर दाहाल इत्यादि (नाम लिएर सम्भव छैन) प्रमुख हुन् । यी मध्ये राजनीति र प्राज्ञिक क्षेत्रमा उत्तिकै चासो राख्ने र दुवैमा सफलता समेत पाएका व्यक्ति विदुरप्रसाद पौडेल हुन् । तीनधारा पाकशालामा बसिरहेका र भरखरै पाकशाला छोडेका मध्ये थुप्रै व्यक्तिहरू राजनीतितर्फ अभिरुचि भएका होलान् । उनीहरू क्रमिक रूपमा राष्ट्रिय जीवनमा चम्किने नै छन् । यो कुरा अलिक पछि थाहा हुन्छ ।

अवसरवादी र गुप्तचरहरू :

तीनधारा पाकशालामा बसेका हैसियतले राजनैतिक क्षेत्रका प्रतिभाहरूको मूल्याङ्कन गर्ने सन्दर्भमा अवसरवादी र गुप्तचरहरूलाई मुक्तिदिनु उचित हुँदैन । आफ्नो स्वार्थको लागि राजनीति गर्नेहरू सिद्धान्तनिष्ठ हुँदैनन् । अवसरवादीलाई तात्कालिक परिस्थितिले पदप्रतिष्ठा दिलाए पनि भविष्यमा उनीहरूको इतिहास शेष नरहन सक्छ । 'जयतु संस्कृतम् अन्दोलन' २००४ र २०१३ सालको आन्दोलनका नेतृत्व प्रदान गर्ने मध्ये केही २०१७ साल पुस १ गतेको घटनामा दीपावलीमा सामेल थिए भने केहीलाई 'टाउको ल्याउनू' भन्ने आदेश समेत थियो । यसप्रकारको त्याग र बलिदानको वृक्षमा थुप्रै राजनीतिक कार्यकर्ताहरू धेरै समय टिक्ने धैर्य लिन सकेनन् । त्यसपछि कुनै ३६ से समूहमा सामेल भए, कुनै ३८ से समूहमा सामेल भए । कुनै परशुनारायण चौधरीको नेतृत्वमा पञ्चायती व्यवस्थालाई राष्ट्रको सर्वोच्च व्यवस्था भनी पद विरुद्ध गई प्रतिष्ठा प्राप्तिका लागि पञ्चायती व्यवस्थामा प्रवेश गरे । अवसरवादी न हुन्, २०४६ सालको चैत्र १ गते बहुदलीय व्यवस्था पुनः स्थापना भएपछि तिनै अवसर वादीहरू सच्चा प्रजातन्त्रवादी बनेर 'चाम लुट्न' पछि परेनन् । त्याग, तपस्या, योगदानको मूल्याङ्कन भएन । नेताका नजिक पर्नेहरू रातारात करोड, अरवपति बने । प्रजातन्त्रको लागि संघर्ष गर्नेहरू पाखा लागे । तीनधारा पाकशालाका उपज राजनीति गर्नेहरूमध्ये विदुरप्रसाद पौडेल, सिद्धराज ओझा, नरहरि आचार्य, पुरुषोत्तम दाहाल, होमनाथ दाहाल आफ्नो सिद्धान्तमा अहिलेसम्म अडिक छन् (अरुको नाम तत्काल थाहा भएन अरु पनि थुप्रै होलान् । अर्को कुरा तीनधारा पाकशालाका विद्यार्थीका क्रियाकलापमा भाजो हाल्ने गुप्तचरहरू कूटनीतिक क्षेत्रका प्रतिभा पनि त्यहीं थिए । अञ्चलाधीशलाई कुरा लगाएवापत मासिक भत्ता खान्थे - नपुंसक गुप्तचरहरू । सुन्दा अरुलाई अचम्म लाग्ला ! तीनधारा संस्कृत छात्रावासमा बसेका विद्यार्थी पनि कूटनीतिक क्षेत्रमा सफल छन् ? छन् । तीनधारा संस्कृत पाकशालाको इतिहासमा यदुनाथ खनाल राजदूत हुने पहिला व्यक्ति हुन् भने जयराज आचार्य अमेरिकामा पढ्न बस्दा नेपालमा प्रजातन्त्रको पुनःस्थापना गर्न संघर्ष गरौं भनी अमेरिकामा बस्ने नेपाली युवाहरुले भन्दा 'म पढ्न आएको व्यक्ति, हड्तालमा सामेल हुन मिल्दैन' भनेका थिए भन्ने आमकथन हुँदाहुँदै बहुदलको पुनः स्थापना भएर देशमा आमनिर्वाचन हुने वित्तिकै गिरिजा प्रसाद कोइरालाले प्रधानमन्त्रीत्व कालमा संयुक्त राष्ट्र संघका लागि नेपालल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्थायी प्रतिनिधि नियुक्त हुन सफल भए। अन्य राजदूतहरू मध्ये - संस्कृत पढेकाहरू थुप्रै भए पनि तीनधारा पाकशालामा वसेकाहरू मध्ये को-को थिए पछिपछि थाहा हुँदै जाला। जयराज आचार्यको राजदूत पद प्राप्तिको कथा समकालीन धेरैलाई थाहा छ।

विशिष्ट विद्वान् :

रानीपोखरी संस्कृत प्रधान पाठशालामा पढेर तीनधारा पाकशालामा खाने र वस्ने सुविधा पाएका मानिसहरू मध्ये नेपाल र भारतको पाण्डित्य परम्परामा चम्किएका विशिष्ट विद्वान्हरू सोमनाथ सिग्देल, पद्मप्रसाद भट्टराई प्रमुख हुन् भने यदुनाथ घिमिरे, प्रा.डा. दीर्घराज घिमिरे, विदुरप्रसाद पौडेल, डा. शिवराज आचार्य, प्रा. डा. साम्बराज आचार्य, सहप्रा. श्रीकृष्ण अधिकारी जस्ता विद्वान्हरू पनि आ-आफ्नो युग र विषयका विशिष्ट विद्वान्मा गनिन्छन्। २००८ सालपछि राजकीय संस्कृत महाविद्यालयको स्थापना भएपछि रानीपोखरी संस्कृत प्रधान पाठशालाको पढाइ सकेकाहरू महाविद्यालयतर्फ अध्ययन गर्न थाले। तीनधारा पाकशालाले नेपालको पाण्डित्य परम्परामा विशिष्ट विद्वान्हरू उत्पादन गरेको छ, जो नेपालमा मात्र होइन, भारतमा समेत प्रसिद्ध छन्। यसरी प्रसिद्धि कमाएका विद्वान्मध्ये पण्डितप्रवर पद्मप्रसाद भट्टराईले लेखन कलाको समेत विकास गरेका थिए उनी यस शताब्दीका विभूतिमा गणना गरिन्थे। तर, कृतिहरूको अपर्याप्तताका कारण उनी साधारणजनका हृदयमा वास गर्न असमर्थ रहेको पाइन्छ। २०३० सालमा दिवङ्गत भएका पद्मप्रसादको शिष्यपरम्परा भने विकसित हुँदै गएको छ।

सामान्यकोटिका विद्वान्हरू :

तीनधारा पाकशालामा वसेर पढेका मानिसहरू मध्ये सामान्य कोटिका विद्वान्हरू पनि थुप्रै छन्। साधारणत : व्यावहारिक योग्यता भन्दा माथि उठेका तर विशिष्ट विद्वान्को श्रेणीमा पुगिनसकेका व्यक्तिलाई सामान्य विद्वान्का श्रेणीमा राखिएको छ। जस्तो कि - दुर्गा प्रसाद दाहाल। उनी अत्यन्त मिहिनेत गर्छन्। दुर्गाप्रसादले असंख्य पुस्तकहरूको अध्ययन गरेका छन् तर उनी विशिष्ट विद्वानको श्रेणीमा पुग्न अझै बाँकी छ। उनी आभ्यासिक विद्वान् हुन्। सहजता उनमा आउँन अझै समय लाग्न सक्छ। यस्ता अरु पनि थुप्रै छन्।

क्षमताको सदुपयोग हुदै गरेकाहरू :

विद्यार्थी अवस्थामा अत्यन्त मिहिनेती विद्यार्थीका रुपमा कहलिएका मध्ये यदुनाथ खनाल, ढुण्डिराज दाहाल, हृषिकेश उपाध्याय, श्यामलाल शर्मा घिमिरे, जयराज आचार्य आदि हुन्। पुरानो पढाई हुने यदुनाथ घिमिरे विद्वान्मा गनिन्छन्। यदुनाथ खनाल अंग्रेजी साहित्यका नेपाली विशिष्ट विद्वान् भएर पनि संस्कृतमा पनि विद्वान् छन् तर उनी संस्कृतका विशिष्ट विद्वान भने होइनन्। ढुण्डिराज विद्यार्थी छँदै वेपत्ता भए। हृषिकेश अचेल संस्कृततर्फ भन्दा अंग्रेजी साहित्यतर्फ वढी लहसिएको बुझिन्छ। जयराज विद्वान् भइसकेका छैनन्। उनलाई राजनीतिक कारणले विशिष्ट विद्वान् मानेको हुनसक्छ। तीनधारा पाकशालाका उत्पादनहरू मध्ये उनी क्षमतावान् र आफ्नो क्षमतालाई सफलताका साथ प्रस्तुत गर्ने कला भएका चतुर व्यक्ति हुन्। विशिष्ट प्रतिभा भएर पनि आफूलाई विर्सेर वाटो विराएका प्रतिभाको नाम लिनु पर्दा तोयराज नेपाललाई विर्सनु हुँदैन भने आफ्नो कोठाबाट प्रायः बाहिरै ननिस्की घोकिरहने, "व्युत्पत्ति चाहिन्छ" भनेर व्याकरणलाई विशेष जोड दिनेमध्ये मेघराज कोइरालालाई विर्सनु हुँदैन र पढेर पनि नपढे जस्तो व्यक्तिको नाम लिंदा पनि उनलाई नविर्सनु नै वेस हुन्छ। आशा गरौं - यस कोटिका सबैको क्षमता विकसित हुँदै जाओस् र विशिष्ट विद्वान् वनुन्।

सन्यासी :

तीनधारा संस्कृत छात्रावासमा वसेर पढ्ने मौका पाएका व्यक्तिमध्ये योग्यता र रुचिअनुसार विभिन्न विषय र क्षेत्रमा लागिपरेका छन्, यो कुरा राष्ट्रका सामु छर्लङ्ग छ। अन्य क्षेत्रमा जस्तै सन्यासी भएर वेदान्तपरक प्रवचन गर्दै र धर्मप्राण भक्तजनहरूलाई ज्ञानमयी अमृतपान गराउँदै, गुरुकुल महेश सन्यासाश्रमको स्थापना, सञ्चालन र विकासमा दिलोज्यानले लागिपरेर तीर्थधाम देवघाटमा विद्याको तीर्थधाम वनाउन समेत सतत् प्रयत्नशील महामना पुरुषको नाम हो - स्वामी डा. रामानन्द गिरी। उनले तीनधारा पाकशालामा वसेर वेदान्त विषयमा प्रथम श्रेणी ल्याई आचार्य परीक्षा समुत्तीर्ण गरी जनक दर्शनमा विद्यावारिधिको समेत उपाधि हासिल गरेका छन्।

साहित्यकारहरू :

तीनधारा पाकशालाका उत्पादनहरू मध्ये साहित्यकारहरूको संख्या थुप्रो छ। विद्यार्थी अवस्था छँदै कथा, कविता, निवन्ध जस्ता विधामा कलम चलाएर वेलावखत प्रतियोगितामा पुरस्कृत समेत भएकाहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तीनधारा पाकशालाबाट निवृत्त भएपछि लेख्न छोडेकाहरूको संख्या कम छैन भने निवृक्तिपछि पनि साधनालाई निरन्तरता दिएर ख्यातनामा भएकाहरूको संख्या पनि कम देखिदैन । कवि लेखकहरू मध्ये प्रथमतः कविशिरोमणि लेखनाथ पौड्याल नै - हुन् । त्यस्तै, माधवप्रसाद घिमिरे, प्रा. डा. वासुदेव त्रिपाठी, ठाकुरप्रसाद पराजुली, दैवज्ञराज न्यौपाने, गणेश विषम, नरेन्द्रराज पौडेल, घटराज भट्टराई, प्रयागराज भट्टराई, कोषराज न्यौपाने, दुर्गाप्रसाद अर्याल, हेमचन्द्र नेपाल, माधव भट्टराई, गोविन्दप्रसाद भट्टराई, शंकर प्रसाद सत्याल, यदुनाथ खनाल, प्रा. डा. शिवराज आचार्य (भाषा र अन्य विषयलेखन), जयराज आचार्य, पुरुषोत्तम भट्टराई, शरदकुमार भट्टराई, विश्वनाथ ढकाल, गौरीनाथ उपमन्यु, यदुनाथ घिमिरे, होमप्रसाद गृहस्थी, हृषिकेश उपाध्याय, कमलराज रेग्मी, स्थिरप्रसाद पराजुली, नरहरि आचार्य, व्रतराज आचार्य, बद्रीविशाल भट्टराई इत्यादि ।

प्राध्यापक/शिक्षकहरू :

तीनधारा पाकशालाका उत्पादनहरूमध्ये प्राध्यापक, शिक्षकहरूको प्रमुख स्थान रहेको पाइन्छ । संस्कृत, नेपाली, अंग्रेजी, अर्थशास्त्र, राजनीतिशास्त्रजस्ता विषयहरूको प्राध्यापन गर्ने मध्येमा मेघराज कोइराला, कोषराज न्यौपाने, आत्माराम घिमिरे (कम्प्यूटर विशेषज्ञ समेत), गणेश नेपाल, हेमचन्द्र नेपाल, वासुदेव त्रिपाठी, ठाकुरप्रसाद पराजुली, दैवज्ञराज न्यौपाने, जयराज आचार्य, प्रयागराज भट्टराई, घटराज भट्टराई, शिवकुमार गौतम, डा. लक्ष्मीकान्त पन्थी, टेकप्रसाद घिमिरे, बद्री विशाल भट्टराई, रामप्रसाद भट्टराई, शिवराज ढुङ्गाना, रमेशचन्द्र अधिकारी इत्यादिलाई लिन सकिन्छ भने विद्यालय स्तरमा विभिन्न विषयहरूको अध्ययन गर्ने शिक्षकहरूको सङ्ख्या असीमित रहेको पाइन्छ ।

पत्रकार :

तीनधारा संस्कृत छात्रावासमा बसेर औपचारिक पढाइ सकेपछिआफ्नो कर्मशील जीवनमा रुचिको विषय छनौट गर्दा पत्रकारितालाई अपनाएर कर्म गरेका र कार्यरत पत्रकारहरू पनि धेरै नै छन् । तत्काल थाहा भएका मध्ये मदन शर्मा, पुरुषोत्तम दाहाल, तेजप्रकाश पण्डित, श्री आचार्य, शिव अधिकारी, राजेन्द्र दाहाल इत्यादिलाई प्रमुख रुपमा लिन सकिन्छ । यी पत्रकारहरूले अरुको पत्रिकामा काम गरेका र पछि आफैले पनि पत्रिका चलाएका थिए । जे होस् स्वतन्त्र पत्रकारिता पेसामा रुचि भएकाहरू मध्ये तीनधारा पाकशालामा बसेका पूर्व विद्यार्थीहरू पनि यस पेशामा विशिष्ट भूमिका रहेको छ ।

साहित्यिक कार्यक्रम सञ्चालक :

जदौजस्ता विशेषतावाट रेडियो नेपालमा साहित्यिक पछि सांस्कृतिक कार्यक्रममा समेत सञ्चालक रहेका यज्ञनिधि दाहालको जन्मस्थान खोटाङ जिल्लाको खाल्ले हो । पहाडमा प्रशस्त जग्गाजमिन भएर पनि काठमाण्डौमा आए । धेरै दुःख गरी पढे । उनलाई दुःख परेको वेला काखी च्यापेर आजको स्थितिमा पुऱ्याउने उपकारी विद्वान्को नाम हो प्रा. खेमराज केशवशरण भानुमाध्यमिक विद्यालयमा शिक्षण पेशामा संलग्न यज्ञनिधि दाहाल पार्ट टाइमका रूपमा रेडियो नेपालमा साहित्यिक कार्यक्रम सञ्चालन गर्छन् । तीनधारा पाकशालामा भर्ना भएको केही वर्ष पछि उनमा पैसाको मात चढ्दै गयो । रुपियाँ कमाउँदै काठमाण्डौमा कैयौं रोपनी जमिन किने अनामनगरमा दरबार बनाउन सक्षम यज्ञनिधि पछिपनि त उपत्यका र तराईमा असंख्य जमिन जोड्न सफल भए त्यसो त उनी मात्तिदै गए । आफूलाई म नपर्ने मानिसलाई विध्वंससँग गाली गर्न थाले । उनको मुख फोराइ र काम गराइमा एक रूपता देखिन छोड्यो । चाकडी गर्नमा माहीर यज्ञनिधि हाल संवेदनशील रोगवाट पीडित छन् । तीनधारा पाकशालामा बसेका अन्य विद्यार्थीहरू मानसिक असन्तुलनको शिकार भइरहेको सन्दर्भमा उनी र उनका माहिला भाइ पुष्पनिधि मृगौलाको रोगले पीडित छन् । दुवै जनाको यो रोग तुरुन्त विरुद्ध होस् । रेडियो नेपालको साहित्यिक र सांस्कृतिक कार्यक्रममा उनको स्वर पुनः गुञ्जियोस् र उनको छुच्याँईपन दलदलमा भासियोस् । तीनधारा पाकशालाका उपज आफ्नो मिहिनेत भूमिपति भए, सफल साहित्यिक कार्यक्रम सञ्चालक भए र छुच्चा पनि त्यत्तिकै भए । अरु जे-जे भए पनि राम्रो चाहिं चाडै निको होस् र तीनधारा पाकशालाका उत्पादन पुनः राष्ट्रिय जीवनमा सक्षम भएको देख्न पाइयोस् ।

प्रशासन :

घुस र कमिसन प्रशस्त खान पाइने, काम गर्न नपर्ने, आफूभन्दा तल्लो तहका कर्मचारीलाई हप्काएर भरमा १०-५ वजाए हुने, मौलिक खोज र नीतिनिर्माण केही गर्नुनपर्ने, मन्त्रीले वा आफूभन्दा माथिल्लो तहका हाकिमले जे भन्छ, त्यसैलाई शिरोपर गरी कार्यान्वय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरेपछि हुने, पदोन्नतिका लागि लेखपढ गरिरहनुनपर्ने हाकिमको चाकडी गरेर उसलाई रिझाएपछि समयवद्ध पदोन्नति हुने र भन्सार, कर, अन्तःशुल्क जस्ता घुस्याहा कर्मचारीहरूले मात्र जागिर खाने अड्डामा जान पाइने हुनाले धेरै जसो मानिसहरू प्रशासनतर्फ नै जागिर खान मन गर्छन् । तर लोकसेवा आयोगले लिने लिखित परीक्षा र अन्तर्वार्तामा समेत सफल भएपछि नियुक्ति पत्र बुझेर कार्य गर्न थालेका मध्ये धेरैजसोले माथि उल्लेख गरि एका अनैतिक काम गर्ने मौका पाउँदैनन् र समय भएपछि पदोन्नति नहुँदा उनीहरू झनै निराश हुन्छन् । कैयौं कर्मचारी त जागिर खान सुरु गरेकै पदवाट सेवानिवृत्त समेत हुन्छन् । प्रशासनमा जागिर खाने मानिसहरू सेवानिवृत्त भएपछि नानाथरी रोगद्वारा सताइन्छन् । किन ? खाइपाइ आएको सवै सुविधा खोसिन्छ । घरमा चाकडीमा आउने मानिसहरूको घुँइचो पनि हुदैन । कसैले कोसेलीपात पनि ल्याउँदैन । त्यसैले चारैतिरवाट निराशाको वादलले ढाक्न थाल्छ अर्थात् बालकृष्ण समको उक्ति - "ज्ञान मर्दछ हाँसेर, रोई विज्ञान मर्दछ" प्रशासकहरूमा लागू हुन्छ । प्रशासनमा जागिर खाँदैदेखि ज्ञान र अध्यात्म क्षेत्रमा लागिपरेका छन् भने उनीहरूको मानसिक स्थिति असन्तुलित हुँदैन ।

तीनधारा पाकशालामा वसेका र प्रशासनतर्फ जागिर खाएका कर्मचारीहरू मध्ये - शरद्कुमार भट्टराई, पुरुषोत्तम भट्टराई, विश्वनाथ ढकाल, तुलसीप्रसाद भट्टराई, श्रीराम पौडेल, नरेन्द्रराज पौडेल, केशव घिमिरे, विजयराज भट्टराई, भवानी पराजुली, योगराज पौडेल, विष्णुहरि पौडेल "हिमांशु", विष्णुहरि पौडेल "भाञ्जा", सागरमणि पराजुली, सूर्यकान्त पन्थी, विष्णुराज कुसुम, इत्यादिलाई प्रमुख रूपमा लिन सकिन्छ । प्रशासनमा काम गर्ने मध्ये सवै जसो मानसम्मान प्राप्त गरेका छन् र क्षणिक आत्मसन्तुष्टि प्राप्त गरेका छन् । सेवानिवृत्त पछि लेख्नेको मात्र इज्जत हुन्छ । अरुको अस्तित्व परिवार र नातावादमा मात्र सीमित हुन्छ ।

बहुविवाह गर्नेहरू :

हुन त वैवाहिक जीवन नितान्त वैयक्तिक विषय हो । तर एउटी विवाहिता धर्मपत्नीप्रति विश्वास नगरी पशुका झैं स्वास्नी बटुल्दै कोही हिंड्छ भने त्यसलाई मानिसको रूपमा हेर्न सायद नमिल्ला । तीनधारा पाकशालाका पूर्वविद्यार्थी मध्ये केहीले यस पाशविक प्रवृत्तिलाई स्वीकार गरी बहुविवाह गरेका छन् । निश्चय नै यसलाई राम्रो काम भन्न मिल्दैन । भानुभक्तको वंशज हुँ भन्नेदेखि साधारण मानिस समेतले बहुविवाह गरेको पाइएको छ । यसबाट के कुरो स्पष्ट हुन्छ भने तीनधारा पाकशालामा वसेर शिक्षा आर्जनको सौभाग्य पाएका र आफ्नो जीवनलाई समुज्ज्वल बनाइरहेकाहरू राम्रा-राम्रा कामका साथै नराम्रा काममा समेत लागेका छन् । अर्को कुरो, ६० वर्ष पुग्दा पनि युवती भनेपछि हुरुक्कै हुनुचाहिं झन् नराम्रो कुरो हो ।

षडयन्त्रकारी र घुस्याहा :

अरुको कीर्ति नाश गर्न उद्यत रहने, अरूले गरेका अनुसन्धान कार्यलाई ढाकछोप गरी आफ्नो वर्चस्व कायम गर्न दिलोज्यानले लागिर्ने, घुस खाने, कमिसनका लालसी, अरुलाई षड्यन्त्रपूर्वक फसाउने काममा समर्पित भएका र भइरहेका मानिसहरू पनि तीनधारा पाकशालाकै उपज छन् ।

निष्कर्ष :

तीनधारा पाकशाला झट्ट हेर्दा जीर्ण र शीर्ण भवन छ । राजदरवार नजिक छ । यसलाई अन्यत्र सार्न धेरैपटक धरैले प्रयत्न गरे तर त्यहाँ बस्ने विद्यार्थीहरूको एकतावलले आजसम्म कसैले अन्यत्र सार्न, यसलाई भास्न सकेको छैन र विश्वास छ - भविष्यमा पनि सक्ने छैन । चारभवन, बीचमा वीरनारायणको मन्दिर, पूर्वतर्फ महेन्द्र प्रार्थना मण्डप (भित्री चोकमा) र बाहिर चोकको पूर्वपट्टिको ठाउँमा भान्साघर, त्यसभन्दा दक्षिणतर्फ पाइखाना र पानीट्याङ्की रहेको तीनधारा पाकशाला आफैमा सिङ्गो राष्ट्रको इतिहास बोकेको संस्था हो । यो संस्थाका उत्पादकहरू राष्ट्रका विभिन्न क्षेत्रमा सेवा प्रदान गरिरहेका छन् । यहाँका उत्पादकहरू जुन क्षेत्रमा कार्यरत रहेका होऊन्, उनीहरूले आफ्नो प्रभाव जमाएकै हुन्छन् । यो गौरवको कुरो हो । नेपालको राजनीतिक, सामाजिक, शैक्षिक, कूटनीतिक, प्रशासनिक आदि क्षेत्रमा तीनधारा पाकशालाका उत्पादनहरू पाइनु राष्ट्रका लागि अत्यन्त सुखद् र गौरवपूर्ण विषय हो । १०६ जना विद्यार्थीहरूको गास, वास र कपासका निम्ति श्री ५ को सरकारले वर्षमा लाखौं रुपियाँ लगानी गरेको हुन्छ । लगानी गरेअनुसार यस ठाउँमा वसेर पढेका विद्यार्थीहरूले राष्ट्रको लगानीको प्रतिफल आ-आफ्नो क्षेत्रवाट दिइरहेका छन् । त्यसैले यो पाकशाला नेपालको धरोहर हो । यसको विकास र विस्तार युगानुसार भइरहनुपर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री ५ को सरकार

स्वास्थ्य मन्त्रालय

स्वास्थ्य सेवा विभागको अनुरोध

झाडा पखाला रोगबाट बच्न :-

१. पानी उमालेर सेलाएपछि मात्र पिउने गरौं ।

२. बासी, सडेगलेको र झिंगा भन्किएको खानेकुरा नखाऔं ।

३. हात, खुट्टाका नङ्गहरू काटेर सफा राखौं ।

४. खाना बनाउनु, खानु र खुवाउनु अघि साबुन पानी वा खरानी पानीले राम्ररी हात धुने गरौं ।

५. चर्पीमा मात्र दिसा पिसाव गर्ने बानी बसालौं र फोहोर मैला छोएपछि वा दिसा धोएपछि साबुन पानीले हात धुने गरौं ।

६. झाढा पखाला शुरु हुनासाथ बच्चालाई साविक भन्दा बढी झोल कुरा र साबिक बमोजिम खाना खुवाउनु पर्दछ ।

७. ६ चिया गिलास अथवा १ लिटर सफा पिउने पानीमा पुनर्जलीय झोल बनाइ खुवाउनु पर्दछ ।

८. झाडा पखाला लागेको बच्चाको दिसामा रगत देखिएमा, तारन्तार बान्ता भईरहेमा, दिसा धेरै पटक भईरहेमा र बच्चा सिकिस्त हुँदै गएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा जचाउन लानुहोस् ।

राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र टेकू, काठमाण्डौं।

२७९ औं पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवसको उपलक्ष्यमा
समस्त देशवासी दाजुभाइ तथा दिदी बहिनीहरूमा हार्दिक
मंगलमय शुभकामना
व्यक्त गर्दछौं।

केदारमान सिंह बस्नेत
सभापति
तथा स्व.वि.यू. परिवार
पाटन संयुक्त क्याम्पस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पहेंलो गुलाफ

✍ उपप्रा. नवराज कट्टेल

१. विषय-प्रवेश

कथाकार प्रेमा शाह (२००३) नेपाली साहित्यमा चर्चित महिला साहित्यकार हुन्। नेपालीमा स्नातकोत्तर गरेकी शाहले २०१६ सालदेखि कलम चलाउन थालेकी हुन्। यिनी मूलतः कथाकार र उपन्यासकारका रूपमा चिनिन्छिन्। यिनका दुईवटा कथासंग्रह र एक उपन्यास प्रकाशित छन्। उनका पहँलो गुलाफ (२०२३) र विषयान्तर (२०२८) कथासंग्रह हुन् भने मम्मी (२०४०) उपन्यास हो। आकाश विभाजित छ (२०३२) चाँहि सहलेखनमा तयार भएको उपन्यास हो। शाह मैनाली पुरस्कार २०४६ बाट पनि सम्मानित छिन्।

२) कथा-प्रवृत्ति

कथाकार प्रेमा शाह विभिन्न विषयवस्तुलाई समेटी आफ्नो कथाको आधार तयार गर्दछिन्। समाजका विविध समस्यालाई केलाउन र चित्रण गर्न यिनी उद्यत हुन्छिन भने सामाजिक मनोदशाको चित्रण- विश्लेषल गर्न पनि लालायित देखिन्छिन्। मनोविज्ञानको चित्रणमा यिनको आफ्नै खालको प्रवृत्ति र वैशिष्ट्य रहेको पाइन्छ। फ्रायडले चेतन अवचेतन र अचेतन मनको अवस्थाको विश्लेषण गरेका छन्। त्यही मान्छेका अचेतन मनको चित्रण र विश्लेषणमा प्रेमा शाहको कलम सशक्त देखिन्छ। अचेतन मन सधैं यौनसुखापेक्षी रहन्छ, त्यसले विधि-निषेध मान्दैन। मानिसमा विकसित यौन आकांक्षाले उचित निकास पाउन सकेन भने त्यो विकृतिको बाटोतिर अगाडि बढ्छ। यौन अतृप्तिले अनेक समस्या र मनोविकार को उत्सृष्टि गर्दछ। प्रेमा शाहले यिनै यौन अतृप्ति, यौन विकृति र तद्जन्य अनेक मानवीय, मनोवैज्ञानिक समस्यालाई आफ्ना कथाको मूल विषयवस्तु बनाएको पाइन्छ। मनोवैज्ञानिक समस्याका साथै सामाजिक समस्या र विकृति पनि उनका कथामा प्रतिबिम्बित हुन्छन्। उनी सामाजिक धरातललाई टेक्दै मनोवैज्ञानिक क्षेत्रमा फैलिन पुग्दछिन्। पूर्वार्द्धका उनका कथाहरू समाज-चित्रणको केन्द्रबाट उठेर मनोविज्ञानको क्षेत्रमा विस्तीर्ण भएको पाइन्छ भने उत्तरार्द्धका कथाचाँहि विसङ्गतिवादी, अस्तित्ववादी चिन्तनको सेरोफेरोमा प्रवाहित भएको देखिन्छ। उनी समाजबाटै विषयवस्तु टिप्दछिन र चरित्र-चित्रणका लागि पनि समाजबाटै सामाग्री संकलन गर्दछिन्। त्यसैले गर्दा प्रेमा शाहका कथाहरू यथार्थवादी र अतियथार्थवादी धरातलमा उभिएका छन्। वातावरणको चित्रणमा पनि शाह निकै सशक्त देखिन्छिन्। पात्रका वाह्य-चरित्र र आन्तरिक चरित्र-चित्रणमा उनी निकै सावधानी अपनाउँछिन्। सामान्य कथनमा पनि असामान्य अभिव्यक्ति दिन सक्नु उनको विशेषता हो। त्यस्तै बाह्य वातावरण तथा पात्रका मनोगत अवस्थाको चित्रण गर्न उनले विभिन्न कथामा प्रकृतिलाई माध्यमका रूपमा प्रयोग गरेको पाइन्छ। प्रकृतिका विभिन्न पक्षको वर्णनबाट गरिएको मनोदशाको चित्रण निकै सशक्त छ। उनका कथामा बिम्ब र प्रतीकको प्रयोग गरिएको पाइन्छ। साथै प्रचलित बिम्ब नयाँ-नयाँ बिम्ब एवं प्रतीकको प्रयोगले उनका कथा सशक्त बन्न पुगेका छन्। प्रेमा शाहको भाषाशैली सहज, सरल र कलात्मक पनि छ। उनका कथामा नयाँ शैली र नूतन-प्रवृत्तिको प्रयोग भएको पाइन्छ र त्यसले कथालाई स्तरीय र आस्वाद्य पनि बनाएको छ।

३) कथा : केही टिप्पणी

'पहेंलो गुलाफ' कथा संग्रह (२०२३) मा सङ्कलित कथाहरूमध्ये चर्चित कथा हो 'पहेंलो गुलाफ'। प्रस्तुत कथा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानबाट प्रकाशन गर्न लागिएको आधुनिक नेपाली कथामा पनि संग्रहित छ। कथाको शीर्षकले कथ्य वस्तुलाई प्रतीकात्मक ढङ्गमा संकेत गरेको पाइन्छ। कथ्यवस्तु, पात्रको नाम अथवा प्रतीकात्मक रूपमा वस्तुसंकेत हुने गरी शीर्षक चयन गरिएको हुन्छ। यस कथामा प्रतीकात्मक शीर्षकद्धारा कथ्यवस्तुको संकेत गरिएको छ। कथाको मुख्य कथ्य नर-नारीका बीचको यौन आकर्षण र चेतन-अचेतन मनको विश्लेषण रहेको छ। अचेतन मन यौनसुखापेक्षी रहन्छ। विधि-निषेधबाट मुक्त रहेर सदैव यौनसुखको खोजीमा निमग्न हुनु अचेतन मनको प्रवृत्ति र स्वभाव हो। त्यही यौनजन्य मनोदशा र चरित्रको चित्राङ्गन नै प्रस्तुत कथाको मूल उद्देश्य र मर्म रहेको छ।

डायरी शैलीमा लेखिएको प्रस्तुत कथा 'म' पात्रले डायरी लेख्न थालेपछि प्रारम्भ हुन्छ। 'म' पात्र आठ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महिनादेखि टी.वी. को रोगबाट आक्रान्त छे र दायाँ फोक्सो खत्तम भइसक्दा पनि उसको श्रीमान् केही भएको छैन, केही हुँदैन भनेर आश्वस्त र विश्वस्त पार्न प्रयास गर्दछ । टी.वी. जस्तो सरुवा रोगबाट ग्रसित भएकी श्रीमतीसंग घण्टौं सम्म संगै बस्ने र यौनोत्तेजक क्रियाकलापमा संलग्न श्रीमान् खोकीबाट सताइएकी श्रीमतीको मुखबाट निस्किएका रगतका फल्साहरू आफ्नै रेशमी रुमालमा थाप्दछ । सिनेटोरियममा राखिएकी श्रीमतीलाई भेट्न श्रीमान सधै आउने गरेको छ र रोगी श्रीमतीलाई अंगालोमा बेर्न लालायित देखिन्छ । उसको अतृप्त कामेच्छा ढाडे विरालो भएर देखा पर्छ र नारी सौन्दर्य र सुमनलाई कच्याककुचुक पार्न उद्यत हुन्छ । तर रोगले जीर्ण र शीर्ण भएकी 'म' पात्रको सम्पूर्ण नारी सुगन्ध र सुषमा समाप्त भएर चाम्रो रवड जस्तो नीरस शरीर मात्र बाँकी छ । मृत्युको अन्तिम प्रतीक्षामा बसेकी जीर्ण, शीर्ण भइसकेकी श्रीमतीसंग ओच्छ्यानमा संगै सुतेका श्रीमान्लाई देखेर डाक्टर फरक्क फर्किएको छ । श्रीमान्का यस्ता यौनोत्तेजक असामान्य व्यवहार देखेर श्रीमती पनि छक्क परेकी छ । अन्तिममा 'म' पात्रको मनोदशामा ठूलो परिवर्तन आएको छ । 'म पनि टोकिदिन्छु , म पनि माया गर्न थाल्छु उहाँलाई ।' यो 'म' पात्रको मनमा आएको परिवर्तनको द्योतक हो । 'म' पात्रको 'वहाँ' लाई नछोड्ने दुवैको फोक्सो झ्याङ्प्वाल भएर "ठूलो शून्यमा परिणत हुने कुरा पनि यहाँ व्यक्त भएको छ । सुन्दर गुलाफफूलका प्रत्येक पातमा झुसिल्कीरा लागेर फूलको सौन्दर्य नष्ट गरिदिए झैं नारी-सौन्दर्य र नारीसुगन्ध नष्ट गर्न एकएकवटा पुरुष रहेका हुन्छन् भन्ने कुरा संकेत गरी कथा टुङ्गिएको छ ।

प्रस्तुत कथाको केन्द्रीय पात्र 'म' र 'उहाँ' (रोगी श्रीमती र श्रीमान्) नै हुन् । अझ यसो भनौं, 'म' पात्रकै केन्द्रियतामा कथा संरचित छ । सानुचा, चम्पा, डाक्टर र एकजोडी नरनारी समेत अन्य सन्दर्भ चर्चित पात्रका रूपमा आएका छन् । यी मध्ये डाक्टरको भूमिका केही स्पष्ट छ । तर अन्य पात्रको भूमिका कथामा नगण्यरूपमा रहेको छ । सानुचा, चम्पा र डाक्टर गौण, अनुकुल, गतिहीन, वर्गीय र नेपथ्यगत मुक्त पात्र हुन् ।

'म' पात्रको विरामी हुनुपूर्वको अवस्था र चरित्र कस्तो छ स्पष्ट छैन । तर 'म' पात्र र 'उहाँ' को विवाह भएको चार वर्ष वितिसकेको छ र चारवर्षदेखि श्रीमान्को अविरल रूपमा माया ममता पाउँदै आएकी छ 'म' पात्रले "यही यस्तै हात र ओठको सन्तोष चारवर्षदेखि उहाँले मलाई दिदै आउनु भएको छ । 'म' थाकिसकेकी छु, बिल्कुलै थाकिसकेकी छु ।" यी अभिव्यक्तिबाट 'म' पात्रमा निहित सकारात्मक नकारात्मक भावनाको परिचय पाइन्छ । ऊ भन्छे 'तर उहाँलाई के पत्तो उहाँको त्यस सुमसुम्याइमा म कति विथोलिएकी छु, कति नाझिएकी छु ।' उ विवाहको पहिलो रातमै समर्पित भएकी छ । 'म' पात्रलाई शुरुमा 'उहाँ' लाई पाएर सर्वस्व पाए झैं लागेको थियो । तर समय बित्दै गयो । 'उहाँ' पात्रले 'म' पात्रलाई भोग्दै गए पनि उसको पौरुष तृप्तिको पूर्णतामा पुग्नसकेको छैन । उसको भोगाइमा 'ऊ' कागती निचोरिएकै निचोरिएको छ, वर्षौंदेखि उसले श्रीमतीलाई एउटा स्वास्नीमानिस मात्रै सम्झिएको थियो । त्यसैले उ आफ्नो अस्तित्व र उपस्थितिलाई चुइङ्गम जस्तै ठान्दछे । उसले भोगेर 'म' पात्रलाई नीरस बनाइसकेको छ, ऊ रित्तिएकी छे र भन्छे "अबत के छ र मसित ? खाली चाम्रो रवड मात्रै न हो, जति चुसे पनि, टोकेर क्याच-क्याच पारेपनि एक थोपा रस निस्कने होइन ।" लोग्नेको भोगाइबाट 'म' पात्र घाटामा परेको अनुभव गर्दछे । भएको सौन्दर्य, सुषमा सिध्याएर आखिर क्षयका कीरालाई आफ्नो जीउभरि पालेर मृत्युको प्रतीक्षा गरिरहेको कुरा उसले व्यक्त गरेकी छ । लोग्नेको प्रत्येक सुस्मुम्याइ, आलिङ्गन र चुम्बनमा ऊ कुनै आनन्द, मिठास र सुख-बोध गर्दिन । वरु 'मलाई उहाँले सक्नै खोज्नु भएको हो' भन्ने ठान्दछे र भन्छे 'उहाँ अहिले आउनु हुन्छ, ठट्टैठट्टामा एकै डल्लो पारी मलाई बेसरी निचोरेर जानुहुन्छ ।'

'उहाँ' 'म' पात्रको श्रीमान् हो, बलिष्ट पौरुषयुक्त व्यक्ति, बुभुक्षा र तितीर्षयुक्त पुरुष । अतृप्त यौनेच्छा र वासनावृत्तिको शिकार भएको व्यक्ति - 'उहाँ' । चारवर्ष देखि आफ्नो श्रीमतीलाई लगातार भोग्दा पनि ऊ तृप्त बन्नसकेको छैन, संयमित र स्वस्थ बन्न सकेको छैन । आफ्नो श्रीमतीलाई असाध्यै माया गर्छ । श्रीमती भोगेच्छाबाट विरक्त भइसक्ता पनि ऊ अतृप्त छ, मानौं अमुक्त जस्तै । क्षयका कीटाणुले जीर्ण बनाइसक्दा पनि एकै पलङ्गमा उ च्यापिएर बस्छ, संगै सुत्छ पनि । रगतका फाल्सा, खकार, शीर्ण शरीर आदिबाट पनि ऊ बैरागिएको छैन । बेलाबखतमा आइरहने थुक, खकार, रगत,च्याल उ आफ्नै रुमालले थाप्ने गर्दछ । श्रीमतीको एक्सरे गरिएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छ, छाति अत्यन्त खराब, करिव-करिव विनष्ट जस्तै देखिए पनि केही भएको छैन भनेर ढाँटिरहन्छ । रोग लाग्नुपूर्व जति माया गरेको छ , त्योभन्दा बढी ऊ आफ्नी श्रीमतीलाई माया गर्दछ । ऊ भन्छे "तै पनि उहाँ मलाई उत्तिकै माया गर्नु हुन्छ, पहिलेको जस्तै होइन अझ बढ्ता, पहिलेको भन्दा पनि बढ्ता ओह, उहाँको सुमसुम्याइमा कति तत्पर ता छ, त्यो चटाइमा कति लोलुपता छ । मेरो ओठभरि अघि उहाँले लाइदिएर जानु भएको थूक अझै लपक्क भिजेको छ ।" उसले 'उहाँ भित्रको सशक्त पुरुष ढाडे विरालो जत्तिकै निर्दयी भएर मलाई लछार्छ, पछार्छ भुत्ल्याउँछ । 'उहाँ' त वेगवान् पुरुष हुनुहुन्थ्यो । ... 'उहाँ' लोभी स्याल जत्तिकै ममाथि खनिनु भयो र मेरो आदर्शका तहलाई उप्काइदिनु भयो ।' भन्ने अनुभव गरेकी छ । यिनै अभिव्यक्तिबाट 'उहाँ' पात्रको चरित्रगत कमजोरी र विशेषताको विश्लेषण गर्न सकिन्छ । उसको यौन तितीर्षा र अचेतन मनको पनि यिनै अभिव्यक्तिका आधारमा विश्लेषण गर्न सकिन्छ । यौन-अतृप्त पुरुष कति तलसम्म झर्न सक्छ भन्ने कुराको पनि राम्रो चित्रण कथामा भएको छ ।

प्रस्तुत कथा सहरिया परिवेशसँग सम्बन्धित देखिन्छ । 'म' र 'उहाँ' पात्र संभ्रान्त परिवारका हुन् भन्ने स्पष्ट छ । आफ्नै 'क्याडिलक' मोटर चढेर 'म' पात्रलाई श्रीमान्ले भेट्न आएको उल्लेख छ । घर र फूलवारीको वर्णनबाट पनि यिनीहरू सम्भ्रान्त परिवारका व्यक्ति हुन् भन्ने बुझिन्छ । कथालाई अगाडि बढाउँदै जीवन्तता दिन, विभिन्न विम्ब र प्रतीकको सृजना गर्न बाह्य वातावरणको चित्रण भएको देखिन्छ । प्रस्तुत कथा अतियथार्थवादी हो, यो घटना प्रधान र वातावरण प्रधान कथा होइन । यो कथा आन्तरिक वातावरणसँग, मनोजगत्सँग सम्बन्धित छ । 'म' पात्रको श्रीमान्सँग भएका यौन अनुभूति, तृष्णा-वितृष्णा, संवेदना-छटपटी आदि आन्तरिक पक्षको चित्रणका सन्दर्भमा पनि बाह्य वातावरणको उल्लेख भएको पाइन्छ । सहरीया सभ्यतामा पाइने एकाकीपन अस्तित्व, निस्सारता एवं विसङ्गतिबोध, भोगैषणाको तीव्र कामना, तृष्णा-वितृष्णाबाट सिर्जित मनोद्वन्द्व आदिको निर्देशनका सन्दर्भमा पनि बाह्य वातावरणको चित्रण भएको देखिन्छ ।

यौन वासनाजन्य मनोवृत्ति, मनोविकार र तद्जन्य चरित्रको चित्राङ्कन नै कथाको मूल उद्देश्य र मर्म रहेको देखिन्छ । लोग्ने मान्छेहरूको यौन तितीर्षा र अतृप्त यौनकुण्ठाको अभिव्यक्ति कसरी हुन्छ भन्ने कुरालाई कथाले छर्लङ्ग पारेको छ । रोगबाट शरीर जीर्ण भई कामशक्ति नष्ट भएकी श्रीमती र प्रवल काम शक्ति भएका श्रीमान्का बीचको यौन असन्तुलन, अप्ठ्याराहरू र त्यसबाट जन्मिने समस्याहरूलाई पनि कथाले प्रस्तुत गरेको छ । टी.वी. जस्तो अत्यन्त कडा र सरुवा रोगबाट आक्रान्त भई जीर्ण, शीर्ण भएकी श्रीमतीको शरीरलाई भोगी यौन सुख प्राप्त गर्न पुरुषहरू कतिसम्म नीच हुन सक्छन् भन्ने कुरा कथामा स्पष्ट चित्रण गरिएको छ । अचेतनको वासनावृत्तिबाट प्रवाहित पुरुषहरू यौनानन्दका लागि नारी सौन्दर्य, सुषमा र उनीहरूको जिन्दगी कसरी खत्तम पार्छन्, माया, ममता प्रेमको अभिनयबाट भौगैषणाको शिखरमा कसरी पदार्पण गर्छन भन्ने कुरा पनि कथामा घतलाग्दो रूपमा आएको छ । यौनतितीर्षा, यौनकुण्ठा पूरा गर्न मान्छेले आफ्नो कर्तव्य, दायित्व, संस्कार, नैतिकता, मर्यादा आदिलाई भुसुक्कै विर्सिन्छ भन्ने कुरा यस कथामा देखाइएको छ । यौन प्यास मेटाउन मान्छे इज्जत, वेइज्जतको ख्याल गर्दैन, समय, परिवेश र अवस्थाको पनि ख्याल गर्दैन भन्ने कुरा कथामा विश्लेषित छ ।

'पहेंलो गुलाफ' शीर्षकले प्रतीकात्मक अर्थबाट कथ्य वस्तुलाई संकेत गरेको छ । शीर्षकमा प्रयुक्त 'पहेंलो' विशेषणवाचक शब्द हो भने 'गुलाफ' नामवाचक शब्द हो । पहेंलोले अस्वस्थ, मुर्झाएको, रोगयुक्त, मृत्यून्मुख आदि कुरालाई द्योतन गर्दछ । त्यस्तै 'गुलाफ' सौन्दर्य, प्रकृति, नारी आदिको प्रतीकका रूपमा प्रयुक्त छ । "पहेंलो गुलाफ" र 'म' पात्रको जीवनलाई अभेद आरोपका माध्यमबाट तुल्य देखाइएको छ । पहेलो गुलाफको मृत्यून्मुख, सौन्दर्य विनष्ट अवस्था जस्तै अवस्था 'म' पात्रको रहेको छ । पहेंलो गुलाफले 'म' पात्र र 'म' पात्रको जीवनलाई ध्वनित गरेको छ । गुलाफको सौन्दर्यलाई झुसिल्कीराले नष्ट-विनष्ट गरिदिए झैं पुरुषरूपी झुसिल्कीराले नारीरूपी गुलाफ (नारी सुषमा, सौन्दर्य) लाई नष्टभ्रष्ट गरिदिन्छ । गुलाफ आफूका बीचको समानतालाई 'म' पात्रले यसरी व्यक्त गरेकी छ "'म' जस्तै रोगी छ यो गुलाफको बोट, पहेंला फूल मात्रै फुल्छन् । ... म यसको पातमा एउटा पनि झुसिल्कीरा बस्न दिन्न । देखेको बेला एक दुईवटा झुसिल्कीरा सधैं टिपेर फ्याँकिदिन्छु । अहिले त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धेरै नै पहेंला केपिलाहरू बोटमा लागेका छन् । ... पहेंलो हाम्रै एउटै समवेदना ।" रोगी नारी माथि पनि लोग्ने मानिस यौन तितीर्षाले गर्दा आक्रामक हुन्छन् , नारीको जीवन ध्वस्त पार्छन् । पहेंलो गुलाफलाई भुसिल्कीराले नष्ट बनाए झै पहेंलो बनाएझैं नारीलाई नष्टभ्रष्ट गर्ने, अस्वस्थ बनाउने लोग्ने मान्छे नै हुन् भन्ने विषयवस्तु कथामा अभिव्यक्त गरिएकाले शीर्षक उपयुक्त र सार्थक रहेको अनुभव हुन्छ ।

यौनवादी कथाकार प्रेमा शाह मानिसका यौन मनोवैज्ञानिक समस्या केलाउँदै अतियथार्थवादी धरातलमा प्रवेश गर्दछिन् । मन विचित्र स्वभावको हुन्छ, जसलाई प्रेमाले आफ्ना कथामा केलाएकी छिन् । 'म' पात्रले उहाँबाट यौनसुख होइन यौन-पीडा भोगिरहेकी छ र आफू शोषिएकी, थिचिएकी, मिचिएकी अनुभव गरेकी छ । उसको मनोदशा असामान्य किसिमको छ । यसरी प्रस्तुत कथाले 'उहाँ' र 'म' पात्रका बीचको यौन समस्या, विकृति, असन्तुलन, तितीर्षा, आदिको चित्रण-विश्लेषण गर्दै यौन बुभुक्षा शान्त गर्न पुरुषहरू कति सम्म नीच हुनसक्छन् भन्ने कुरा समेत छर्लङ्ग पारेको छ । कथा अतियथार्थवादी धाराबाट अगाडि बढेको देखिन्छ ।

२७९ औं पृथ्वी जयन्ती तथा
राष्ट्रिय एकता दिवसको उपलक्ष्यमा समस्त देशवासी
दाजुभाइ तथा दिदीबहिनीहरूमा उत्तरोत्तर
प्रगतिको हार्दिक मंगलमय
शुभकामना व्यक्त
गर्दछौं ।

ACE FINANCE COMPANY

एस फाइनान्स कम्पनी लिमिटेड
पो.ब.नं. १३३८३ कान्तिपथ, काठमाण्डौं, नेपाल ।
फोन : २४९३८८, २४९३९६, २६६१०१, फ्याक्स : ९७७-१-२४९४७७

२७९ औं पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवसको उपलक्ष्यमा
समस्त देशवासी दाजुभाइ तथा दिदी बहिनीहरूमा हार्दिक
मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।

बद्री अर्याल
सभापति
तथा स्व.वि.यू. परिवार
वाल्मीकि विद्यापीठ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कालिदासीय सिर्जना मेघदूतः एक दृष्टि

✍ विष्णुप्रसाद पन्थी

संस्कृत साहित्यको आकाशमा एक यस्तो कृतिको जन्म भयो जसभित्रको कल्पनाशीलताले विश्वसाहित्यलाई नै गौरवशाली एवं सम्मृद्ध तुल्याउन पुगेको छ। महाकवि कालिदासको अनुपम कृतिका रूपमा मेघदूत विश्वभरि नै विस्तारित छ। विश्वका अनेक भाषामा अनुवाद गरी विश्वविद्यालयहरूमा समेत मेघदूतको अध्ययन गराइन्छ। कुनै पनि कुराको जीवन्त प्रभावका बारेमा विश्लेषण गर्दा त्यसभित्रको गम्भीर ओजप्रवाहलाई सूक्ष्म अध्ययन गर्नुपर्ने हुन्छ। 'मेघदूत' पूर्वीय संस्कृत साहित्य भण्डारका धेरै परम्परागत मान्यताका अतिरिक्त थप स्वतः स्फूर्त शैली र मार्गलाई अवलम्बन गरी रचना गरिएको छ। कुनै पनि कुराको अस्तित्व र प्रभूत्वपछि त्यस बारेका नियम र नैतिक बन्धनको व्याख्या गरिन्छ। त्यस्तै संस्कृत साहित्यको काव्यात्मक मान्यता पनि समयसापेक्ष कृतिहरूको आगमनका आधारमा तयार पारिएको हो। मेघदूतको कथावस्तुभित्रको कल्पनाको आधार रागात्मक प्रेम नै हो। धनपति कुवेरका एक पदाधिकारी यक्षलाई कुवेरको आदेशअनुसार यौवनचञ्चला नववधुको वियोगमा एकवर्ष प्रवास र यक्षद्वारा आफ्नो प्राणप्रिया यक्षिणीलाई करुण अवस्थाको शिकार बन्दै मेघलाई दूत बनाएर पठाइएको सन्देश नै यस काव्यको विषय वस्तु हो। श्रृङ्गारिक गीतिलयमा उत्कट भावछटाहरूद्वारा भरिएको श्रृङ्गारिक रसादि समायोजनद्वारा करुणरस प्रधान भई सामान्य व्यक्तिलाई नायक बनाई रचिएको यस गीतिकाव्यले संसारभरका सहृदयहरूलाई आनन्दित बनाएको छ। यसको आस्वादन गर्दा लाग्छ मानवजन्मको सार्थकता र कल्पना यसैभित्र लुकेको छ, मान्छे त्यसैमा रमाउँछ, पागल र घायल बन्दै ऊ अझ रमाउँछ, दोहोऱ्याउँछ, तेहेऱ्याउँछ, ऊ अनुशीलन र अध्ययनकल्पनामा थाक्दैन।

मेघदूतभित्रका केही उत्कृष्ट आदर्शपरक कुराहरूले यसलाई आप्लावित बनाएको छ। कालिदासीय कल्पनाले साहित्याध्ययीहरूलाई मग्न बनाउनका पछाडि त्यस भित्रका काव्यात्मक गुणहरू प्रबल देखिन्छन्। यस काव्यका माध्यमले पूर्वीय र पाश्चात्य काव्यकल्पनाको भावमय तुलना र फरकपन पत्ता लगाउन सकिन्छ। कालिदास यहाँ अराजक कल्पना गर्दैनन्, आदर्श प्रेमलाई परिपक्व बनाउने भावतरङ्गहरूले यसलाई भरेका छन्। मेघदूतको परिलक्षण संगमको परिच्छिन्न प्रेमविरहमा अपरिच्छिन्न बन्छ भन्ने देखाउनु हो। यसभित्रको प्रकृतिचित्रण, अलकापुरी वर्णन, यक्षिणीको रूपसौन्दर्य बर्णन, मेघको स्वरूप-स्वभाव वर्णन, उज्जयिनी वर्णन रामगिरि -चित्रकूट वर्णन आदि ले श्रृङ्गाररस परिपाकमा, मधुमयी प्रेमप्रसंगमा थप उचाइ प्रदान गरेको छ। यसका अतिरिक्त यहाँ दार्शनिक, वैज्ञानिक एवं आदर्शमूलक सामाजिक कुराहरुको तादात्म्य र महत्त्वलाई कालिदासले बेजोड उपस्थापित बनाएका छन्। अलंकार, रीति, गुण आदिको संयोजनले यस गीतिकाव्यको शाब्दिक र आर्थिक अध्ययन छटालाई आत्मसाथ गरेको छ।

मेघदूत दुई भागमा विभक्त छ, पूर्वमा यक्षले सृष्टिसौन्दर्यलाई देखेर दुःखी हृदयलाई आश्वासन दिन्छ भने उत्तरमा प्रकृतिको संयोगमा आफ्नी प्रेयसीसँगको अतीत एवं भावी मिलनसुखको स्वप्ना देख्छ। यहाँ यक्षले आफ्नो प्रेमपोषक सन्देशहरू पठाउन मेघलाई रोज्नुका पछाडि एक मनोवैज्ञानिक प्रभाव देखिन्छ। अनेक रूपमा मेघको उदयप्रभाव वर्षाऋतुमा पर्दछ।

"आषाढस्य प्रथमदिवसे मेघमाश्लिष्टसानुं,
वप्रक्रीडापरिणतगजप्रेक्षणीयं ददर्श।"

आषाढको पहिलो दिन पर्वतको खोजमा वप्रक्रीडामा तिर्यक्दन्त प्रहार गर्ने हात्तीको जस्तो आगमनयुक्त मेघलाई यक्षले देखेर खुसी हुँदै प्रणययुक्त आँखाले स्वागत गऱ्यो। आषाढलाई पवित्र महिना भनिन्छ। प्रेमीप्रेमिकाको उत्कण्ठायुक्त मिलनको क्षण समेत यो महिना हो। मेघको कुलीन प्रशंसा गर्दै यक्षले मेघसँग केही याचना गर्दैछ, बाटो बताउँदैछ र सन्देश पुऱ्याउनका निम्ति अनेकन प्रशंसा गर्दछ। कामार्तहरू कुनै कुराको पनि ख्याल गर्दैनन्, चेतन अचेतन छुट्याउँदैनन्, प्रकृतिकृपण हुन्छन् भन्दै कविले एक वैज्ञानिक र सत्यतथ्यको उद्घाटन गरेका छन् - "कामार्ता हि प्रकृतिकृपणाश्चेतनाचेतनेषु" भन्दै कविले प्रेमपागलहरूलाई चेतन अचेतन छुट्याउन नसकेकोमा भावमय अवस्थालाई प्रष्ट्याउँदै अचेतन मेघ (धुवाँ, आगो, पानी र वायुयुक्त) लाई दूत बनाउँदा स्वाभाविक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ठान्दछन्। यक्षले आफ्नो विश्वासिलो सन्देशप्रवाहक पात्रका रूपमा मेघलाई स्वीकार्दै अलकापुरी (आफ्नो गृहनगरी) जानेबाटो बताउँछ। यस क्रममा उसले बीच बाटोमा पर्ने नदीहरू जसलाई नायिकासँग तुलना गर्छ, सुन्दर पर्वतश्रृङ्खलाहरूको वर्णन गर्छ, ग्रामिण नारीहरूको यथार्थ चित्र उतार्दै तिनीहरूलाई दुःख नदिनु, बाटोमा जाँदा ती गाउँहरूमा पानी पार्दै जानु, भन्दै "उज्जयिनी" नगरीको विलासयुक्त चित्ताकर्षक वर्णन गर्छ -

वक्रः पन्था यदपि भवतः प्रस्थितस्योत्तराशां
सौधोत्सङ्गप्रणयविमुखो मा स्म भूरुज्जयिन्न।
विद्युद्दामस्फुरितचकितस्तत्र पौराङ्गनानां
लोलापाङ्गैः यदि न रमसे लोचनैर्वञ्चितोऽसि ॥ १/२७ ॥

"उत्तर दिशामा पर्ने अलकापुरी जान बाटो बाङ्गो भएपनि उज्जयिनी जान नविर्सनु किनकि त्यहाँका विलासी गगनचुम्बी महलहरू नजर गर्नैपर्छ, अरु त्यहाँका चञ्चलाक्षी रूपवती विलासवती वनिताहरू जो विद्युत्को चम्काइमा आफ्ना कामुक चञ्चलकटाक्षले घायल गराउँछन्, तीनको त्यो नयनक्रीडामा यदि नरमी गयौ भने तिम्रो जन्म नै विफल हुनेछ।" भन्दै यक्षले यहाँ भौगोलिक ज्ञानको उद्बोधन गरेका छन्, उज्जयिनी नगरीको वासनात्मक वर्णनले मेघलाई मख्ख बनाएर आकर्षित गर्दैछ। त्यहाँका नदीहरूको नायिकासँग तुलना र प्रकृति र मानवहृदयको सम्मोहनकारी सम्मेलन यहाँ गराइएको छ। आफ्नो गृहनगरी अलकापुरीको चमत्कारपूर्ण वर्णन यक्षले यसरी गर्छ-

तस्योत्सङ्गे प्रणयिन इव स्रस्तगङ्गादुकूलां
न त्वां दृष्ट्वा न पुनरलकां ज्ञास्यसे कामचारिन्।
यद्वः काले वहति सलिलोद्गारमुच्चैर्विमाना
मुक्ताजालग्रथितमलकं कामिनीवाभ्रवृन्दम् ॥

अर्थात् "हे स्वेच्छाचारी मेघ! जसरी प्रियतमको काखमा शिथिल वस्त्रधारिणी कामिनी रहन्छे, त्यस्तै प्रणयीसमान कैलाशपर्वतको उर्ध्वखण्डमा वस्त्रसमान गङ्गायुक्त अलकापुरी देखेर तिमीले पहिचान गर्न नसकौला भन्ने सम्भव छैन। जसरी सौम्य नारी मोतीगुम्फित अलक धारण गर्छे त्यसरी नै गगनचुम्बी भवनयुक्त अलकापुरी वर्षाकालमा जलवर्षायोग्य मेघसमूहलाई वरण गर्दछे।" यसरी अलकापुरीलाई विलासमय वातावरणयुक्त बनाउँदै रतिरागात्मक ढंगले व्याख्या गरेको पाइन्छ। मेघदूतको पूर्वभागमा यस्तैयस्तै प्रकृति-मानव तादात्म्य चमत्कारपूर्ण कल्पनाले सजिएका दृश्यहरूको अनुबोधन गर्न पाइन्छ।

मेघदूतको उत्तरखण्डमा आफ्नी प्रेयसी यक्षिणीसँगको अतीत एवं भावी प्रेममिलनका निम्ति विरहयुक्त वेदनाहरूको कलात्मक उपस्थापन पाइन्छ। विविध कलाकौशल, प्रकृतिसंयोग, मानवीय मनोदशाको यथार्थ र सूक्ष्म विश्लेषणद्वारा संयोगको परिकल्पनालाई परिपाकपूर्ण बनाउने दशाको वर्णन गरिएको छ। आफ्नी प्राणप्रिया यक्षिणीको रूपसौन्दर्य वर्णनले सम्पूर्ण नारीको स्वरूप-स्वभावलाई निर्दिष्ट गरेको पाइन्छ। विधाताकी आद्यसृष्टिको रूपमा विलक्षण गुणसम्पन्न नारीका रूपमा, यक्षिणीको वर्णन गर्नुले कालिदास मनोगत तथा भावगतरूपमा नारीसौन्दर्य तथा अवस्थाको विश्लेषक थिए भन्ने बुझिन्छ। कालिदास ज्योतिषशास्त्रका समेत ज्ञाता रहेको कुरा यहाँको वैचित्र्यपूर्ण विराट्कल्पनाले प्रष्ट्याउँछ। प्रकृतिसादृश्यमा आफ्नी प्रियतमाको सौन्दर्यस्मरणले यक्ष अझ आक्रान्त बन्दछ।

त्वामालिख्य प्रणयकुपितां धातुरागैः शिलाया-
मात्मानं ते चरणपतितं यावदिच्छामि कर्तुम्।
अस्रैस्तावन्मुहुरुपचितैर्दृष्टिरालुप्यते मे
क्रुरस्तस्मिन्नपि न सहते सङ्गमं नौ कृतान्तः ॥

अर्थात्, "हे प्यारी! प्रणयकोपयुक्त तिम्रो चित्र यहाँको पत्थरमा लेखेर खुशी बनाउनका निम्ति पाउ पर्ने अवस्थालाई जब चित्रण गर्न खोज्छु, तब अतिशय अश्रुवाष्पले आँखा अवरुद्ध हुन्छन्, कठोर दैवचित्रमा समेत हाम्रो समागम सहन गर्न सक्दैन।" यसरी चित्रकारिताको प्रदर्शन र काल्पनिक संगमको समेत मधुरावस्था भोग्न नसकेको अति कारुणिक स्थितिलाई दर्शाउँदै करुणामय वियोगदशा देखाइएको छ।

यक्षिणीको विरह अवस्थायुक्त वर्णनका क्रममा प्रतिव्रताका प्रगाढ लक्षणहरूलाई प्रष्ट्याएका छन् कालिदासले, वियोगावस्थामा नङ्ग पाल्ने, केशवेणी बनाउने, मैला लुगा लगाउने, फुस्रो चेहरा, अतिशय रोदनका कारण अनाकर्षक एकाग्र नयन आदि अवस्थाले समर्पण भावलाई जनाएको हुन्छ।

"पृच्छन्ती वा मधुरवचनां सारिकां पञ्जरस्थां
कश्चिद्भर्तुः स्मरसि ? रसिके ! त्वं हि तस्य प्रियेति।"

पिंजडाको सुगा जसलाई यक्षले माया गर्थ्यो, त्यससँग यक्षिणीले यक्षका बारेमा गरेका र सोधेका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुराहरूले विरहव्यञ्जनालाई कारुणिक रूपमा, उपस्थापित गराएको छ । मेघलाई सज्जन उपाधि दिँदै आफ्नी यक्षिणीलाई तिम्री भ्रातृजाया (भाउजू) भन्दा यहाँ सामाजिक मर्यादा र सन्देशवाहक मेघको दृष्टि आदरपूर्वक आफ्नी प्रियतमामा परोस् भन्ने मनोवैज्ञानिक चतुऱ्याईंले मेघलाई आफ्नो पक्षमा लिएको छ । महाकवि कालिदासले विरहवेदनमा यक्षको नाममा विरहिणीले गीत गाउन खोज्दा वीणाका तारहरू अश्रुधाराले क्लान्त बनेर उच्चनीच स्वर आउँदैन, अश्रुवाष्पले स्वयं मुर्च्छनालाई विर्सिन्छिन् भन्ने कारुणिक दशा र विरहवेदनावस्थाको संगीत सिर्जनाको साहित्यिक आधारपक्षलाई देखाएका छन् ।

यसरी मेघदूतमार्फत् कालिदासले प्रेममय कल्पनाहरूलाई करुणरसका माध्यमले मर्यादित गराएका छन् । वास्तवमा मेघदूत विरहपीडित उत्कण्ठित हृदयको मर्मयुक्त धाराका रूपमा प्रस्तुत भएको छ । "एउटा वियोगीका आँसुले सारा संसारलाई प्रलयसागरमा मग्न गराउँछ ।" भन्ने कुरालाई यस काव्यमा मुखरित गरिएको छ । यसकारण आदर्शप्रेम, पूर्वीय चिन्तन, मानवप्रकृतिसामीप्य विश्लेषण र तादात्म्यको उपस्थापन, विनय, विरह, अनाक्रोश आदि कारणले कालिदासीय कल्पनालाई पवित्र, हृद्य र अनुकरणीय बनाएको छ । त्यसैले विलक्षण कल्पनाको संगम आदर्शप्रेम ध्वननकारी महाकवि कालिदासीय कल्पनाको आस्वादनले जो कोहीलाई पनि आनन्दमग्न गराउँछ ।

शास्त्रीय टिपोट

-हरिराज अधिकारी, सं.छा.वा

संगीतको मूल स्रोत : वेद

संगीतको मुल स्रोत सामवेद हो र प्राचीनकालबाटै विभिन्न देवीदेवताहरूको पालादेखि नै संगीत चलिआएको कुरा शास्त्रीय संगीतज्ञहरूको भनाई छ । यस कुराको प्रमाणका लागि शिवको डमरु, विष्णुको शंख, नारदको एकतारे, कृष्णको मुरली, सरस्वतीको वीणा आदिलाई लिन सकिन्छ । वेद लगायत उपनिषद्, स्मृति र पुराणहरूमा पनि संगीतको विस्तृत वर्णन पाइन्छ । सामवेदका प्रत्येक ऋचाहरू संगीतमय छन् संगीतकै छन्दमा यसलाई पाठ गरिन्छ । संगीतको सृष्टि सर्वप्रथम भगवान् शंकरको नाभिस्थानबाट भएको हो र शिवजीको पंचमुखबाटै पाँच रागको जन्म र पार्वतीबाट 'माल कोश' नामक राग उत्पत्ति भएको हो भन्ने संगीतविदहरूको भनाई छ ।

देववाहनहरूको अर्थ

सरस्वतीको वाहन हंसले आत्माको सौन्दर्य र सरलतालाई प्रकाश गर्छ । लक्ष्मीको वाहन लाटोकोसेरो चतुरताको प्रतीक हो । कुमारको वाहन मयूरले गतिशीलताको संकेत गर्दछ भने गणेशको वाहन मूषक शक्ति सञ्चयको सूचक हो । शंकरको वाहन साँढे बल र सहिष्णुताको प्रतिक हो । दुर्गाको वाहन सिंहले शक्ति वा बलको संकेत गर्दछ ।

वेदलभ्य शिक्षा

१. एक धर्मात्मा व्यक्तिमा दश हजार मनुष्यको जति बल हुन्छ ।
२. सत्यको पक्षलिने व्यक्तिको कहिल्यै हार हुँदैन ।
३. शक्तिशाली बन्नुछ भने कर्मवीर र वक्ता बन ।
४. तेजश्वी मनुष्य अरुको मुख कहिल्यै ताक्दैनन् ।
५. तीव्र इच्छाशक्तिविना कुनै पनि महत्वपूर्ण वस्तु प्राप्त हुँदैन ।
६. तिमीहरू सँगसँगै हिंडडुल गर्ने होऊ । परस्पर मेलमिलापका कुरा गर । एक अर्काका मनलाई राम्ररी जान ।
७. जुन मनुष्य गुणवान् छ, उसको प्रशंसा हुन्छ ।

रे रे चातक सावधानमनसा मित्र क्षणं श्रुयताम्
अम्मोदा वहवो बसन्ति गगने सर्वेऽपि नैतादृशाः ।
केचिद् वृष्टिभिराद्रयन्ति बसुधां गर्जन्ति केचिद् वृथा
यं यं पश्यसि तस्य तस्य पुरतो मा ब्रुहि दीनं वचः ॥

अर्थनाशं मनस्तापं गृहे दुश्चरितानि च ।
बञ्चनञ्चापमानञ्चमतिमान्न प्रकाशयेत् ॥

कः कालः कानि मित्राणि को देशः कौ व्ययागमौ ।
कस्याहं का च मे शक्तिरिति चिन्त्यं मुहुर्मुहुः ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एघारवटा मन्त्रालय भए पुग्छ

✍ प्रा.डा. जयराज आचार्य

केही दिनअघि एक समारोहमा एक जना मन्त्रीसँगै मञ्चमा थिएँ म । मन्त्रीज्यूले आफ्नो हातको कागज मलाई दिएर भन्नुभयो -"जयराजजी, मलाई तपाईको फोन नम्बर दिनोस् न । मलाई तपाईसँग कुरा गर्नु छ ।" मैले नम्रतापूर्वक आफ्नो फोन नम्बर लेखेर कागज मन्त्रीज्यूलाई फिर्ता गरें । वक्ताको भाषण सुन्दा चाँडै नै बोर लागेर मन्त्रीज्यूले मलाई फेरि भन्नु भयो-"मेरो मन्त्रालय मात्रै छ, तर कुनै फङ्क्शन (काम) नै छैन । के काम गर्न सकिन्छ ? यसो सल्लाह गर्नुपऱ्यो तपाईंसित ।"

यो हालत छ हाम्रो सरकारको । मन्त्रीहरूलाई थाहा छैन मन्त्री भएर के काम गर्ने । वास्तवमा मन्त्री मात्र विचारशून्य होइनन् । केही मन्त्रालयमा पूरा काम पनि छैन, बजेट पनि छैन । कतिपय मन्त्रालय खारेज गरेर अथवा अर्को कुनै मन्त्रालयमा गाभेर घटाउन सकिन्छ । एक ताका ४७ जना मन्त्री सम्म भए । एक पल्ट त झन् ४८ सम्मका जन्ती पनि भए । पाँच छ जना विनाविभागीय मन्त्री पनि भए । विनाविभागीय मन्त्री वन्न लाज भएन । जनताले सोधे - किन १०३ जना मन्त्री नबनाउने र सरकार ढाल्ने खतराबाट मुक्त नहुने ? १०३ जनाको मन्त्रिमण्डल बनाउनु संविधान विपरीत छैन, केवल नैतिकताको मात्र सवाल छ ।

अमेरिकाजस्तो विश्वको सबैभन्दा धनी र शक्तिशाली देशमा जम्मा बाह्रवटा मात्र मन्त्रालय छन् । स्पष्ट छ कि अमेरिका आफ्नो देशको मात्र होइन संसारको शासन गर्छ । आफ्ना नीति र कार्यक्रमले अमेरिका संसारमा शक्तिशाली देशहरू रुस, चीन, जापान, भारतमा समेत असर पारिदिन्छ । विश्व बैंक र अन्तराष्ट्रिय मुद्रा कोषमार्फत् अमेरिका विश्वकै अर्थतन्त्रलाई नियन्त्रण गर्छ । तर विश्वको अति गरीब देशहरूमध्ये एक नेपालमा कतिवटा मन्त्रालय छन् ? तर मन्त्रालय घटाउने कुरा कोही गर्दैन, सके बढाउने कुरा गर्ला । गरीबका नै सन्तान बढी जन्मिन्छन् , झुप्रा पनि बढी हुन्छन् भने जस्तो छ । नेपालमा जम्मा ११ मन्त्रालय भए पुग्छ :

१. राजदरबार, रक्षा तथा सामान्य प्रशासन
२. अर्थ तथा योजना
३. गृह, सूचना तथा सञ्चार
४. परराष्ट्र
५. विकास निर्माण
६. श्रम, उद्योग-वाणिज्य तथा आपूर्ति
७. कृषि, वन तथा वातावरण
८. स्वास्थ्य तथा जनसंख्या
९. शिक्षा तथा संस्कृति
१०. महिला तथा समाजकल्याण
११. न्याय, कानून तथा संसदीय व्यवस्था

प्रधानमन्त्रीले राजदरबार, रक्षा र सामान्य प्रशासन मन्त्रालय हेरे हुन्छ र हेर्नु पनि पर्छ । प्रधानमन्त्री कार्यपालिकाको सबैभन्दा माथिल्लो अधिकारी हुनाले सामान्य प्रशासन उसका मातहतमा रहनु आवश्यक छ । आवश्यकता भए दुई या तीन वटा सचिव राखे हुन्छ ।

अर्थ तथा योजना मन्त्रालय भन्ने एक मन्त्रालय भए पुग्छ । राष्ट्रिय योजना आयोग खारेज गर्नुपर्छ । योजना आयोगलाई अर्थ मन्त्रालय अन्तर्गत योजना विभागका रूपमा राखे हुन्छ । योजना आयोगले सुरुदेखि आजसम्म गरेको काम हेर्दा यो केवल सेतो हात्ती मात्र भएको छ । यसको काम विकासका लक्ष्यहरूको सूची बनाउने मात्र हो जुन सोमशर्माको कथा जस्तो भएको छ । गत चालीस वर्षमा नेपालमा गरीबीको रेखामुनि बस्नेको संख्या बढेको छ । घटेको छैन । योजना आयोगलाई यसको श्रेय जान्छ । अरु कसलाई यो श्रेय दिने ?

गृह, सूचना तथा सञ्चारलाई एउटै मन्त्रालय बनाउनुपर्छ । तर आवश्यक भए दुईवटा सचिव राखे हुन्छ - एउटा गृह, अर्को सूचना तथा सञ्चार सचिव ।

परराष्ट्र मन्त्रालय कर्मचारी संख्याको हिसाबले सानो भइकन पनि धेरै महत्वपूर्ण काम गर्ने हुँदा यसलाई स्वतन्त्र नै राख्नु आवश्यक होला । नेपालमा धेरैजसो परराष्ट्र र रक्षामन्त्री स्वयं प्रधानमन्त्री नै हुने चलन छ । प्रधानमन्त्री परराष्ट्रमन्त्री हुनु गलत हो । परराष्ट्रमन्त्रीहरूको अन्तर्राष्ट्रिय बैठकमा स्वयं प्रधानमन्त्री जान मिल्दैन । प्रधानमन्त्री त सरकार प्रमुखहरूको सम्मेलनमा मात्र जान मिल्छ ।

विकास निर्माण मन्त्रालय नामक एक मन्त्रालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राखे हुन्छ जसले आवास तथा भौतिक योजना, यातायात, पर्यटन तथा नागरिक उड्डयन सबै कुरा हेर्न सक्छ। गाभिएका मन्त्रालयहरूको काम हेरेर प्रत्येकमा एक एक सचिव राखे हुन्छ।

श्रम, उद्योग, वाणिज्य तथा आपूर्ति भनेको एक अर्कासित सम्बद्ध हुनाले तिनलाई एकै मन्त्रालय बनाए हुन्छ। त्यसमा पनि मन्त्रालयहरूको काम हेरेर प्रत्येकमा सचिव राखे हुन्छ।

कृषि, वन तथा वातावरण मन्त्रालयमा भूमिसुधार तथा भूसंरक्षण पनि गाभिन्छन्। यी जम्मै परस्पर सम्बद्ध विषय हुन्। तर कामको आवश्यकताअनुसार सचिवहरू राखे हुन्छ।

स्वास्थ्य तथा जनसंख्या सम्बन्धित हुनाले एकै मन्त्रालय हो।

शिक्षा तथा संस्कृति मन्त्रालय अन्तर्गत नै विज्ञान तथा प्रविधि मन्त्रालयले गरेका काम पनि आउँछन्। विज्ञान तथा प्रविधि मन्त्रालय खोलेर नेपालमा के भएको छ ? एकताका विद्यार्थीहरूले भनेको सुनिन्थ्यो- अंग्रेजीमा 'साइन्स' भन्ने शब्दको स्पेलिङ् लेख्न नजान्ने मानिसलाई त्यस मन्त्रालयमा मन्त्री बनाइयो। त्यसमाथि अर्को सेतो हात्ती छ त्यो हो रोनाष्ट (विज्ञान तथा प्रविधि एकेडेमी)। सुनिन्छ, यति समस्याग्रस्त छ कि धेरै समय ताला लाग्यो त्यहाँ तर राष्ट्रलाई नोक्सानी बाहेक अरु केही भएन। यस्ता प्रतिष्ठानहरू सबै राजकीय प्रज्ञा प्रतिष्ठानमा गाभे हुन्छ। त्यसरी नै युवा तथा खेलकूद मन्त्रालय अलग मन्त्रालय नचाहिने कुरा हो। खेलकूद परिषद् पूरा निजीकरण गरी कम्पनीको रूपमा चल्न दिनुपर्छ।

महिला तथा समाजकल्याण मन्त्रालयको ज्यादा महत्त्व छ र गर्नु पर्ने काम पनि धेरै छ किनकि महिलाहरूको उत्थानविना देश विकसित हुन सक्तैन। नेपाल पिछडिनुको एक कारण महिलाहरूको असमानता र पछौटेपन हो। महिलाहरूका विषयमा जति धेरै काम हुनपर्ने हो त्यसका तुलनामा शून्य बराबर नै काम भएको छ। यस अवस्थामा देशले ठूलो घाटा सहनु परेको छ।

न्याय, कानून तथा संसदीय व्यवस्था एउटै मन्त्रालय हो। २०१६ सालको सरकारमा पनि यस्तै थियो। आवश्यकता भए सचिवहरू दुईजना राखे हुन्छ।

यसरी मन्त्रालयहरू घटाउने कुरा आमूल परिवर्तनको कुरा हो। यसको पछाडि दुइटा अवधारणा छन्। एक, मन्त्रीहरूको भीड घटाउने र दोस्रो सचिवहरू लगायतका प्रशासकलाई धेरै जिम्मेवारी सुम्पने। मन्त्रीहरूको काम नीतिनिर्देशन दिने मात्र हो। तिनले संसद र प्रशासनको बीच सेतु (पुल) को काम गर्छन्। सरकारी प्रशासनबाट भएका कामको बारेमा जनताबाट शिकायत आएमा त्यसको बारेमा सचिवलाई मन्त्री अथवा क्याबिनेटले सोध्नुपर्छ। नत्र सबै कुरा लिखित नियम र ऐन सवालबमोजिम प्रशासनयन्त्रलाई नै गरिरहन दिनुपर्छ। आफ्नो भूमिका थाहा नपाउनेलाई मन्त्री बनाएर सरकारको खर्च बढाउनु जनताविरोधी काम हो।

सन् १९९० को दशकभरि नै विश्वका सबै देशमा सरकारको साइज घटाइएको छ। संयुक्त राष्ट्रसंघको प्रशासनयन्त्रको साइज घटाइएको छ। विश्वका धनी देशहरू पनि आफ्ना विदेशस्थित नियोग र दूतावासहरू समेत क्रमशः बन्द गर्दैछन्। नेपालबाट इटालियन दूतावास हालै हटेको। त्यसै गरी अरु पनि हट्ने कुरा सुनिन्छ। त्यसमा कुनै आश्चर्य छैन। आश्चर्य केवल यही छ कि नेपालमा मात्र सरकार, प्रशासनयन्त्रको साइज र कूटनीतिक नियुक्तिहरू बढ्दा छन्।

दया हो पृथ्वीको अति चहकिलो पारसमणि
दया नै हो कालो भवजलधिको मुख्य तरणी।
दया त्यस्तो त्यागी किन मनुज हिंसातिर झुक्यौं
म मर्ने हुँ मर्छु तर तिमी नराम्रोसित चुक्यौ॥

- कविशिरोमणि लेखनाथ पौडेल

खेलेर ऐरा मृगा एक मारी
बाँडी कलेजो जति छन् शिकारी।
बिलो लिएझैं शरमा उनेर
यो राज्य बाँड्ने चिज हैन हेर॥

- कविवर माधवप्रसाद घिमिरे

मीठो लाग्छ मलाई ता प्रिय कथा प्राचीन संसारको
हाम्रो भारत वर्षको उदयको हैमप्रभा सारको।
जाडामा पनि कोयली कुसुमका वास्नाहरू संझदै
फर्केलान् दिन फेरि उत्तर भनी वस्छे अकेली रुदै॥

- महाकवि लक्ष्मीप्रसाद देवकोटा

यै माटाका सबै हामी यै माटामुनि मिल्नु छ।
मृत भष्म नवन्दैमा झिल्को भैकन बल्नु छ॥ १
दुःखीको घरमा मात्र तेरो वास हुने भए।
हे ईश्वर! दया राखी मलाई आझ दुःख दे॥ २

- नाट्य सम्राट बालकृष्ण सम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नाटक वर्गीकरणका आधारहरू

✍ शेषनाथ पौडेल

साहित्यका विविध विधाहरूमध्ये नाटक प्राचीन विधा हो । यसलाई सर्वोत्तम साहित्यिक विधा मानिएको छ । 'काव्येषु नाटकं रम्यम्' अथवा 'नाटकान्त्वं कवित्वम्' भन्ने उक्ति नाटकलाई सशक्त मानेर गरिएका उक्ति हुन् । काव्यसिर्जनाको लागि कवित्व हुनुपर्छ र कविप्रतिभाको पहिचान नाटकबाट हुन्छ । कालिदास विश्वविख्यात कवि बन्नुमा उनका रघुवंश, कुमारसंभव जस्ता काव्यभन्दा 'अभिज्ञानशाकुन्तलम्' नाटकको भूमिका बढी देखिन्छ । अंग्रेजी साहित्यकार 'शेक्सपियर' पनि नाटककारकै रूपमा सम्मानित छन् । यस सन्दर्भमा कवि शब्दले नाटककार लाई समेत जनाउँछ ।

'नट नृत्तौ' धातुको नट आधारपदमा 'ण्वुल' र 'अक' प्रत्यय लागेर 'नाटक' शब्द निष्पन्न हुन्छ । अंग्रेजीमा यसलाई प्ले (Play) वा ड्रामा (Drama) वा थियटर (Theatre) पनि भन्ने गरिन्छ । नाटकको परिभाषा गर्दा विभिन्न सन्दर्भमा विभिन्न किसिमले गरिएको पाइन्छ तापनि नाटकलाई चिन्नुपर्दा समष्टिमा यसरी परिभाषित गर्न सकिन्छ ।

" नाटक भनेको अंकमा विभक्त, रसादि गुणले युक्त, लोकका सुखदुःखात्मक अवस्थाको त्यस्तो अनुकरण हो जसले नटनटीद्वारा गरिने अभिनय र संवादका माध्यमबाट समाजको यथार्थचित्रण गर्नाका साथै दर्शकलाई मनोविनोद र उपदेश प्रदान गर्दछ ।"

सम्पूर्ण नाटकहरू एकै प्रकारका हुँदैनन्, हरेक नाटकका आ–आफ्नै विशेषता हुन्छन् । तिनै विशेषताका आधारमा नाटकहरू भिन्न-भिन्न किसिमका देखिन्छन् ।

पूर्वीय वा संस्कृत परम्परामा नाटकको मूल स्वरूपलाई रूपक भनिएको छ। अभिनेता-अभिनेत्रीहरूबाट रङ्गमञ्चमा अभिनय गरेर देखाइने भएकाले रूपकलाई दृश्यकाव्य भनिन्छ । अभिनय गर्ने क्रममा राम-कृष्णादि चरित्रको रूपको आरोप अभिनेता-अभिनेत्रीहरूमा गरिने भएकाले सम्पूर्ण दृश्यकाव्यलाई नै रूपक भनिएको हो । रूपकका दश भेद गरिएको छ । १. नाटक २. प्रकरण ३.अङ्क ४.व्यायोग ५. भाण ६. समवकार ७. वीथी ८. प्रहसन ९. डिम १०. समवकार ।[1] 'साहित्यदर्पण' मा रूपकका अतिरिक्त उपरूपकको पनि चर्चा गर्दै त्यसका अठार भेद गरिएको छ । संस्कृत नाट्यपरम्परामा छायानाटक वा प्रतीक नाटकको पनि प्रयोग भएको पाइन्छ

पाश्चात्य विवेचकहरूले नाटकको वर्गीकरणको आधार मूलतः नाटकीय अन्तलाई मानेर दुःखान्त र सुखान्त भनी भेद गरेका छन् । दुःखद् रूपमा टुङ्गिने नाटक दुःखान्त हो भने सुखद् रुपमा टुङ्गिने नाटक सुखान्त नाटक हो । ग्रीसेली नाट्याचार्य एरिस्टोटलले 'काव्यशास्त्र' मूलतः दुःखान्त (Tragedy) केन्द्रित छ भने सुखान्त (Comedy) को पनि त्यसमा चर्चा गरिएको छ । एरिस्टोटलले सुखान्त र दुःखान्तको भेद गर्दै भनेका छन् - सुखान्त नाटकले यथार्थ जीवनको अपेक्षा मानिसको निम्नतर चित्रण प्रस्तुत गर्दछ भने दुःखान्त नाटकले यथार्थ जीवनको अपेक्षा भव्य बनाउँछ ।[2] पाश्चात्य परम्परामा अन्य विभिन्न किसिमका नाटक पाइए पनि मूल रूपमा दुःखान्त र सुखान्त नै देखिन्छन् ।

समसामयिक नेपाली नाटकको वर्गीकरण :

नेपालीमा नाटकको सुरुवात जयनन्दको पालामा नागानन्द नाटक (१३७५) देखि भएको मानिन्छ तापनि केही ध्यानपूर्वक लेखिएको नेपाली नाटक शक्तिवल्लभ अर्यालको 'हास्य कदम्ब' (१८५५) नाटक हो । नागानन्ददेखि हाल सम्म लगभग सात शताब्दी व्यतीत हुँदैछन् । संस्कृतका रूपक-उपरूपकका भेद जसरी विकसित अवस्थामा नेपाली नाटक छैनन् र ती भेद -उपभेदलाई आधार बनाएर लेखिएका पनि छैनन् । नेपाली नाटक विधा पुर्णतया आधुनिक विधाका रूपमा विकसित हुदैछ । पूर्वीय परम्पराको जस्तो नाट्यभेदलाई आधार मानेर हेर्ने हो भने नेपाली नाटकलाई संकुचित दृष्टिले हेर्नुपर्ने हुन्छ । त्यसैले रूपक र उपरूपकका भेदलाई आधार मानेर नेपाली नाटकको वर्गीकरण गर्नु उपयुक्त हुँदैन । नेपाली नाट्य परम्पराको विकास त पूर्वीय र पाश्चात्य नाटकको समन्वित प्रभावमा भएको देखिन्छ । त्यसैले नेपाली नाटकमा दुवैतर्फका विशेषता देखिन्छन् । नेपाली नाटकलाई विषयवस्तु, रचनाशैली, नाटकीय अन्त, आयाम र यान्त्रिकताका आधारमा

१. भरत, *नाट्यशास्त्र* ,१८:२-३ पं केदारनाथ (सम्पा.) (भारतीय विद्याप्रकाशन वाराणसी) इ. १९८३, पृ. २८६ ।

२. लीलाप्रसाद शर्मा (अनु.) *एरिस्टोटलको काव्यशास्त्र*, (साझा प्रकाशन) द्वि.सं. २०३९, पृ. ७६ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वर्गीकरण गर्न सकिन्छ ।

१. विषय वस्तुका आधारमा नेपाली नाटकको वर्गीकरण :-

अ. पौराणिक नाटक :-

जुन नाटकको विषयवस्तु पुराणबाट लिइएकको छ त्यो पौराणिक नाटक हो । यस प्रकारकका नाटकमा चमत्कारपूर्ण धार्मिक भावनाहरू मुलरूपमा चित्रण गरिन्छन् । पुराणकै कथानक, पात्र पात्रा र घटना लिएर पनि स्वाभाविक बनाउन नाटककारले कल्पना र प्रतीकको समेत प्रयोग गर्न सक्तछ । संस्कृत परम्परावाट प्रभावित हुने यस्ता नाटकहरू नीतिको पक्षमा रहेका हुन्छन् । पुराणबाट विषय लिएपनि कतिपय नाटकममा पात्रहरू भने काल्पनिक हुन्छन् । तापनि त्यो पौराणिक नाटक नै हुन्छ । नेपाली पौराणिक नाटकहरू समका ध्रुव, प्रल्हाद, देवकोटाको सावित्री-सत्यवान् आदि हुन् ।

आ. ऐतिहासिक नाटक :

इतिहासबाट विषयवस्तु लिएर त्यही आधारमा लेखिएको नाटक ऐतिहासिक नाटक हो । यसमा स्वाभाविकताका लागि नाटककारले कल्पनाको सहारले सानातिना घटना र पात्रहरू लिन सक्छ तर नायक अर्थात प्रमुख पात्र र त्यससँग सम्बन्धित घटनाहरू यथार्थ र प्रख्यात हुन्छन् । प्रबुद्ध कलाकारहरूले ऐतिहासिक परिवेशमा आधुनिक समस्याहरूको चित्रण पनि बडो कुशलताका साथ गर्दछन् ।[३] ऐतिहासिक नाटक इतिहासको पृष्ठभूमिमा संभावनाको मासु थोपरेर लेखिन्छ । नेपाली ऐतिहासिक नाटकहरू समका 'अमरसिंह', 'भीमसेनको अन्त्य', 'भक्तभानुभक्त', तिवारीका "सिद्धार्थ गौतम" आदि हुन् ।

इ. सामाजिक नाटक :

समाजको परिवेशबाट संस्कृति, राजनीति, शिक्षा, समाजसुधार आदि सामाजिक समस्यालाई काल्पनिक रूपमा कथानक र चरित्रयोजना तयार गरी प्रस्तुत गरिने नाटक सामाजिक नाटक हो । यस्ता नाटकको परिवेश विस्तृत र व्यापक हुन्छ । समाजका प्रत्यक्ष र व्यावहारिक जीवनसंग सम्बन्धित सम्पूर्ण कुराहरू यसको विषय बन्न सक्छन् । उद्देश्यका आधारमा सामाजिक नाटकहरू पनि वर्गीकृत हुन्छन् ।

क. सामाजिक आदर्शवादी नाटक :

वस्तु यस्तो हुनुपर्छ भनेर सुधारको प्रक्रिया अपनाउनु आदर्श हो । आदर्शवादी नाटकमा आदर्श गुण भएका पात्रहरूको माध्यमबाट समाजसुधारको वाटो देखाउने प्रयत्न गरिएको हुन्छ । यस्ता नाटकमा सन्मार्गमा लागेको पात्रउपर जस्तोसुकै आपत्ति आइपरेपनि सत्य र धर्मको पक्षमा रहने उनीहरूको नीतिले अन्तमा विजय हुन्छ र कुमार्गमा लाग्ने पात्र पनि सन्मार्गमा हिंड्ने पात्रको कारणले चरित्र सुधिएर उसको कुभावनाले पराजय भएको देखिन्छ । नेपालीमा यसका उदाहरणका रूपमा समका "मुकुन्द इन्दिरा", "म" आदि र तिवारीका 'सहनशीला सुशीला' आदि नाटक देखिन्छन् ।

ख. सामाजिक यथार्थवादी नाटक :

वस्तु यस्तो छ भनेर जस्ताको तस्तै देखाउनु यथार्थ हो । यस प्रकारका नाटकमा आदर्शमय वा उत्तमगुणको निर्दोष नायक-नायिका नभई मानवीय सबलता र दुर्बलता भएका साधारण नर-नारी हुन्छन् । यी जुनसुकै वर्गबाट लिइएका हुन्छन् । यस्ता नाटकको उद्देश्य समाजको यथार्थ चित्रण गर्नु रहेको हुन्छ । यस प्रकारको नाटक यथार्थको प्रस्तुति पछि आदर्शतर्फ नलागी टुङ्गिएको हुन्छ । नेपालीमा रिमालका 'मसान' 'यो प्रेम !' र गोठालेको 'च्यातिएको पर्दा' आदि यथार्थवादी नाटक हुन् ।

ई. काल्पनिक/स्वैरकल्पनामूलक नाटक :

इतिहास, पुराण, समाज आदि कुनै निश्चित विषय नभएर शुद्ध कल्पनाका आधारमा रचना गरिएको नाटक स्वैरकल्पनामूलक नाटक हो । यस्तो नाटकको उद्देश्य चिरन्तन सत्यको ज्ञापन गर्नु हो । समको 'स्वास्नीमान्छे' नाटकलाई स्वैरकाल्पनिक नाटकको उदाहरणका रूपमा लिन सकिन्छ ।

उ. मनोवैज्ञानिक नाटक :

मनोविकारले ग्रस्त व्यक्तिको मनमा अचेतन अर्ध चेतनका क्रियाकलाप देखाई तिनीहरूको चित्रण गरिने नाटकलाई मनोवैज्ञानिक नाटक भनिन्छ । मानसिक कुण्ठा र पात्रको आन्तरिक चरित्रको उद्घाटन गर्नु मनोवैज्ञानिक नाटकको उद्देश्य हो । मनोग्रन्थिको उद्घाटन गरेर व्यक्तिमनका परस्पर विरोधी क्रियाकलाप समाधान गर्ने प्रयास यस्ता प्रकारका नाटकले गर्दछन् । पात्रको संवादवाट उसको मनमा विकृत तथ्यहरूलाई प्रकाशमा ल्याइन्छ । मनोवैज्ञानिक नाटकमा कल्पना र स्वप्नको प्रयोग गरिएको हुन्छ । नेपालीमा 'कोही किन बर्बाद होस ?' र 'जिउँदो लास'-यस्तै प्रकारका नाटक हुन् ।

३. रामप्रकाश, *साहित्यकी विविध विधाएं* (एस्.के. पब्लिसर्स, दिल्ली) इ. सं. १९९२, पृ. ४१ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र 'जिउँदो लास' यस्तै प्रकारका नाटक हुन् ।

ऊ. समस्यामूलक नाटक :

जीवन समाज आदि कुनै एक समस्यालाई विषयवस्तु बनाई रचना गरिएको नाटक समस्यामूलक नाटक हो । आधुनिक नाट्यसाहित्यका परिप्रेक्ष्यमा जुन नाटकमा राजनीतिक, सामाजिक, धार्मिक समस्याको चित्रण त्यस्तो विशिष्टता र सघनता साथ गरिन्छ, जसमा घटना र चरित्रको स्थूल चित्रणलाई भन्दा ती विषयको आलोचनालाई प्रमुखता दिइन्छ र जसमा सूक्ष्म मनोवैज्ञानिक विश्लेषण पनि रहन्छ त्यसलाई सामाजिक समस्यामूलक नाटक भनिन्छ ।[४] समस्या नाटक गम्भीर हुन्छन्, सुख र दुःख मिश्रित हुन्छन्, कतिपय समस्यानाटक त गम्भीर र विषादपूर्ण देखिन्छन् । यस प्रकारका नाटकको उद्देश्य समस्याको समुद्घाटन गर्नुमात्र शुन्छ । उदाहरणार्थ रिमालका नाटकलाई लिन सकिन्छ ।

ए. प्रतीकवादी नाटक :

जुन नाटकका पात्र कुनै अमूर्त भावना र विचार को प्रतिनिधित्व गर्छन् त्यस्तो नाटक प्रतीक नाटक हो अर्थात भाव विचारको प्रतीक पात्रको योजना गरी रचना गरिएको नाटक प्रतीक नाटक हो । कुनै नाटकमा प्रतीक योजनाको नै महत्वपूर्ण भुमिका रहन्छन् नाटकको विषयलाई बढी प्रभावकारी बनाउन पनि प्रतीकको प्रयोग गरिन्छ । यस्ता नाटकमा मानसिक संघर्षको प्रवलता रहन्छ । हृदयचन्द्र प्रधानको 'कृष्णको जन्म' र विजयमल्लको 'जिउँदो लास' नाटक प्रतीक नाटकका रूपमा देखिन्छन् ।

ऐ. प्रयोगवादी नाटक :

समय र परिस्थिति अनुसार नाटकको एकरूपतामा परिवर्तन आउँछ । फलतः नाटकमा नयाँ नयाँ प्रयोगहरू अपनाइन्छन् यिनै प्रयोगधर्मिता अपनाइएका नाटक नै प्रयोगवादी नाटक हुन । अति यथार्थवादी नाटक, परामनोवैज्ञानिक नाटक, विसंगत नाटक आदि प्रयोगधर्मी नाटकहरू यस अन्तर्गत पर्दछन् । माथि चर्चा गरिएको 'स्वास्नीमान्छे'नाटक पनि यसैमा समेटिन्छ । नेपालीका 'भस्मासुरको नलीहाड', 'जेमन्त', 'यमा' , 'सडक देखि सडक सम्म' आदि प्रयोगवादी नाटक हुन् ।

२. रचनाशैलीका आधारमा नेपाली नाटकको वर्गीकरण :

रचनाशैलीका आधारमा नाटकहरू पाँचप्रकारका देखिन्छन्

अ. गद्यनाटक :

जुन नाटकको संवाद रचनामा गद्यभाषाको प्रयोग गरिएको हुन्छ त्यो गद्यनाटक हो । गद्यनाटक सरल, पद्यनाटकको अपेक्षा कम काव्यात्मक र कम आलंकारिक हुन्छ । नाटकको अभीष्ट काव्य हुनुमा भन्दा अभिनेय हुनुमा रहन्छ । त्यसैले गद्यनाटक निकै प्रभावकारी हुन्छन् । समका 'म' 'प्रेमपिण्ड' लगायत अधिकतम नेपालीनाटकहरू गद्यमय छन् ।

आ. पद्यनाटक :

पद्य भनेको छन्दोबद्ध रचना हो भने छन्द भनेको विशेष प्रकारको लयात्मक संयोजन हो । पद्यनाटकको संवाद वा कथोपकथन पद्य भाषामा रचना गरिएको हुन्छ । यस्ता नाटकलाई कवितानाटक पनि भनिन्छ । यस्ता नाटकको भाषा बिम्बप्रधान र आलंकारिक हुन्छ । पद्य नाटकका लागि स्वच्छन्द अन्त्यानुप्रासहीन अनुष्टुप छन्द उपयुक्त मानिन्छ । नेपालीमा समका 'मुकुन्द इन्दिरा', 'प्रल्हाद,' देवकोटाका 'सावित्रीसत्यवान्' आदि पद्यनाटक हुन् ।

इ. चम्पूनाटक :

गद्य र पद्य दुवैले युक्त काव्यलाई चम्पू भनिन्छ । चम्पू नाटकमा ठाँउ-ठाँउमा पद्यशैलीको प्रयोग गरिएको हुन्छ यो गद्यको अपेक्षा बढी काव्यात्मक र पद्यको अपेक्षा कम काव्यात्मक हुन्छ । संस्कृतबाट अनुदित नेपाली नाटकहरू प्रायः चम्पू देखिन्छ ।

ई. गीतिनाटक :

पूर्णतया गीतको माध्यममा रचना गरिएको नाटक गीति नाटक हो । यस्ता नाटकमा सम्पूर्ण कथोपकथन गीतमा आबद्ध यसमा काव्यात्मकता र भावुकताको समावेश रहन्छ । नेपालीमा माधव घिमिरे गीतिनाटककारका रूपमा चिनिन्छन् । उनका सम्पूर्ण नाटकहरू र समको 'नालापानीमा' गीतिनाटक हुन् ।

उ. नृत्यनाटक :

नृत्य नाटकमा नाटकको सम्पूर्ण भाव र संवाद नृत्यमा नै निर्भर रहन्छ । नृत्यका माध्यमबाट नै अभिनय प्रस्तुत गरिन्छ । नेपालीमा समरचित 'विद्याधनं सर्वधनं प्रधानम्' नृत्य नाटक हो ।

३. अन्तका आधारमा नेपाली नाटकको वर्गीकरण :

अ. संयोगान्त नाटक :

नाटक सम्पूर्ण पात्रको संयोग भई सुखमय

४. केशवप्रसाद उपाध्याय, 'समस्यानाटक', *गरिमा* (वर्ष १३, अंक-२, २०५१) पृ. २६-२७ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अवस्थामा टुङ्गिने नाटक संयोगान्त नाटक हो । यस्ता नाटकको सुरुमा पात्रमा जटिल समस्या आइलागेको भए पनि सत्पात्रका माध्यमबाट त्यो समस्याको समाधान गराई नाटकको अन्त्य सुखमय स्थितिमा गराइन्छ । नेपालीका 'मुकुन्द -इन्दिरा', 'म'आदि संयोगान्त नाटक हुन् ।

आ. वियोगान्त नाटक :

नाटकमा प्रयुक्त सम्पूर्ण मुख्यपात्रको वियोग र दुःखद् अवस्थामा टुङ्गिने नाटक हो । वियोगान्त नाटक पाश्चात्य ट्र्याजेडीको प्रभावमा नेपालमा सुरु भएको हो । यस्ता नाटकका पात्रहरू मुख्यत : मानवीय कमजोरीका कारण वियोगावस्थामा पुग्छन् भने अंशत : नियतिको कारण पनि यस्तो नाटकको सुरुवात सरल अवस्थाबाट भई क्रमशः जटिल अवस्थामा पुगेर वियोगावस्थामा नाटक टुङ्गिन्छ । नेपालीको सशक्त वियोगान्त नाटककार सम हुन् । उनका 'मुटुको व्यथा','अन्धवेग', 'प्रेम-पिण्ड' आदि वियोगान्त नाटक हुन् ।

इ. अर्द्ध संयोगान्त नाटक :

जुन नाटक प्रयुक्त मुख्यपात्रमध्ये केहीको संयोग र केहीको वियोगमा टुङ्गिन्छ त्यो अर्द्धसंयोगान्त नाटक हो । बालकृष्ण समको 'प्रल्हाद' नाटकमा नायक प्रल्हादको मृत्यु भएको छैन तर उसको पिता हिरण्यकशिपुको मृत्यु भएको छ । हिरण्यकशिपु दलपात्र हो तापनि अन्तिम अवस्थामा उसले कुमार्ग छोडी सन्मार्गमा लागेको, आफ्नो पूर्वकार्य दुष्कार्य मानेको अति सर्वव्यापक रुपमा 'नारायण 'देखेको र 'नारायणमय संसार' को अनुभव गरेको बताएपछि उसको मृत्यु हुन्छ । यसरी एक त सन्मार्ग चिनेपछि उसको मृत्यु भएको छ भने अर्को ऊ स्वयं नायक प्रल्हादको पिता हो । त्यसैले यस नाटकको अन्त्यमा भावकलाई पूर्ण संयोगान्तको अनुभव हुनसक्तैन । यसर्थ प्रल्हाद अर्द्ध संयोगान्त नाटक हो ।

४. आयामका आधारमा नेपालीनाटकको वर्गीकरण :

आयाम भनेको आकृति, रूप वा आकार हो । यस आधारमा नाटक तीन किसिमका छन् ।

अ. एकांकी नाटक :

एक मात्र अंक भएको नाटक एकांकी नाटक हो, एकांकी मा एक अंकका साथै दृश्य पनि एउटै हुन्छ । यसमा स्थान, कालको अन्विति मिलेको हुनपर्छ । एउटै स्थान र बढीमा दिनभरिको समय लिइनु पर्दछ । यसमा मुख्य पात्र एक वा दुई र सहायक पात्र दुई-तीन गरी जम्मा चार-पाँच पात्र हुनुपर्दछ । एकांकी, दर्शकलाई छोटोमा मीठो र रसिलो स्वाद दिने खालको हुन्छ । संस्कृतमा एक अंके नाटकहरू देखिए पनि नेपालीमा पाश्चात्य एक अंके नाटकका प्रभावमा एकांकीको प्रक्रिया थालिएको हो । नेपालमा एकांकीलेखन वि.सं. १९९३ को समको 'प्रेम' एकांकी देखि सुरु भएको हो भने प्रकाशन आरम्भ समको 'बोक्सी' र पुष्करशम्शशेरको 'लक्ष्यहीन' (१९९९) देखि भएको हो ।

आ. पूर्णांकी नाटक :

पूर्णांकी नाटक आयामका दृष्टिले एकांकीभन्दा ठूलो हुन्छ । आजभोलि भनिने नाटक प्रायः पूर्णांकीनाटकमा एकभन्दा बढी अंक र ती अंक भित्र विभिन्न दृश्य राखिएको हुन्छ । यसमा स्थान काल र कार्य एकांकीको अपेक्षा केही विस्तृत हुन्छ । पात्रसंख्या पनि एकांकी मा भन्दा केही बढी नै हुन्छन् नाटकहरू नेपाली एकांकी इतर नाटकहरू पूर्णाङ्गी हुन । पूर्णांकीलाई अनेकांकी पनि भन्न सकिन्छ ।

इ. महानाटक :

महानाटक अपेक्षित विस्तृत र वृहत् आयामको हुन्छ । भाग वा खण्डमा विभाजन गरी तिनलाई अंकमा र अंकलाई विभिन्न दृष्यमा विभक्त गरेर लेखिने नाटक महानाटक हो । स्थान, काल र कार्य अन्य नाटकको अपेक्षा यसमा विस्तृत रहन्छन् । यो पूर्णांकीको कोटिमा पनि पर्दछ । एक अंक भित्र अनेकौं दृष्य अनि एक खण्ड भित्र अनेकौं अंक भएको पूर्णांकी महानाटक हो । नेपालीमा सम रचित 'प्रेमपिण्ड' नै यसको उदाहरण हो ।

५. यान्त्रिकताका आधारमा नाटकको वर्गीकरण :

यन्त्रद्वारा गरिने प्रस्तुतिका आधारमा नाटकहरू तीन किसिमका देखिन्छन् ।

अ. ध्वनिनाटक वा रेडियोनाटक :

विशेष प्रकारको ध्वनिको सहायताबाट श्रव्य रूपमा प्रसारण गरिने नाटक ध्वनिनाटक हो । ध्वनिनाटकमा ध्वनिको उतारचढावद्वारा रंगमंचविना नै आवश्यक वातावरण निर्माण गरेर घटनाको प्रतीति र विभिन्न भावको अनुभव गराइन्छ । रेडियोद्वारा प्रसारित हुने यो नाटक पूर्णतया: श्रव्य हुन्छ र ध्वनिमा आधारित हुन्छ ।[५] यस प्रकार नाटकको रचना नै श्रव्य उपकरणलाई ध्यानमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राखेर गरिन्छ । वाचिक अभिनयका साथै यसमा संगीतकलाको साथ लिइन्छ । संगीत र स्वरको आरोह-अवरोहको सहायताबाट रेडियोमा यस्तो वातावरण प्रस्तुत गरिन्छ जसबाट श्रोतामा दृष्यको जस्तो अनुभुति हुनथाल्दछ। यस्ता नाटकमा दृष्यपरिवर्तनबारे पनि विशिष्ट ध्वनिद्वारा जानकारी गराइन्छ ।

आ. विद्युतीय नाटक वा टेलिनाटक :

टेलिभिजनबाट प्रसारित हुने नाटकलाई विद्युतीय नाटक वा टेलिनाटक भनिन्छ । वैज्ञानिक प्रक्रियाको विकासका साथ टेलिभिजनको आविष्कार भएपछि टेलिनाटकको प्रयोग हुनथालेको हो । रंगमंचमा खेलिएका नाटकलाई क्यामराद्वारा खिचेर टेलिभिजनबाट प्रस्तुत गरिन्छ । यसमा रंगमंचमा अभिनीत नाटकलाई थपघट गरी केही दृश्य जोड्न र झिक्न सकिन्छ ।

इ- चित्रपटनाटक वा चलचित्र :

यो पनि नाटकको यान्त्रिक विधा हो । यसलाई सिनेनाटक पनि भनिन्छ । रंगमंचमा प्रस्तुत गर्न नसकिने दृष्यहरू पनि यसमा प्रस्तुत गर्न सकिन्छ । नाटक जीवनको अनुकरण हो भने चित्रपटनाटक नाटकीय अनुकरणको पनि अनुकरण हो । यसको क्षेत्र र परिवेश विस्तृत र व्यापक हुन्छ । अनि यसमा समस्त ललित एवं उपयोगी कलालाई मूर्त रूपमा प्रस्तुत गर्न सकिन्छ ।[६]

आज भोलि रंगमंचीय नाटकको प्रभाव कम हुँदै गइरहेको छ भने चित्रपटनाटक अर्थात् चलचित्रको प्रभाव बढिरहेको छ । नेपालीमा समद्वारा रचित प्रेमपिण्ड नाटकको चलचित्रीकरण यसको उदाहरणका रूपमा लिन सकिन्छ ।

उपर्युक्त नाट्यवर्गीकरणका अतिरिक्त स्वोक्तिनाटक छायानाटक, मूकाभिनयनाटक, चरित्र प्रधान नाटक, दन्त्यकथात्मक नाटक आदि भेदका रुपमा नेपाली नाटक देखिन्छन् ।

५. विश्वनाथ प्रसाद, *कला एवं साहित्य : प्रवृत्ति और परम्परा* (विहार हिन्दी ग्रन्थ अकादमी पटना) इ. १९७३ पृ.१२४।

६. रामप्रकाश, पूर्ववत् पृ.४५ ।

२७९ औं पृथ्वी जयन्ती
तथा राष्ट्रिय एकता दिवसको उपलक्ष्यमा
समस्त देशवासी दाजुभाइ तथा दिदीबहिनीहरूमा
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।

लीलानाथ पौडेल
प्राचार्य
तथा वाल्मीकि विद्यापीठ परिवार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

फ्रायड र यौन सिद्धान्त

✍ ज्ञानप्रसाद आचार्य

नेपाली साहित्यमा फ्रायडवादी मनोविश्लेषण तथा फ्रायडवादी यौन मनोविश्लेषण शब्दको प्रयोग भएको खासै धेरै भएको छैन । खासगरी विश्वेश्वर प्रसाद कोइरालाको कथा तथा उपन्यासबाट नै नेपाली साहित्यमा यसको प्रयोग भएको हो । फ्रायड तथा उनले प्रतिपादन गरेका मनोविश्लेषणका सिद्धान्तहरूका बारेमा विभिन्न पुस्तकहरू प्रकाशित भएका भएतापनि साहित्यानुरागी सामान्य पाठकहरुले यसको आश्वादन गर्न पाएका छैनन् । त्यसैले यहाँ फ्रायडको सामान्य परिचय तथा उनले प्रतिपादन गरेका मनोविश्लेषण सिद्धान्तहरूमध्येका यौन सिद्धान्तको बारेमा सरल र संक्षिप्त रूपमा चर्चा गरिएको छ ।

अत्याधुनिक मनोवैज्ञानिक फांटमा मौलिक विचारक तथा मनोविश्लेषणवादका जन्मदाता फ्रायडको जन्म ६ मे १८५६ मा चेकोस्लोभाकियाको फ्रिडवर्ग भन्ने शहरको मोराविया भन्ने स्थानमा यहूदी परिवारमा भएको थियो । तात्कालिन समयमा यहूदीलाई ज्यादै हीन भावनाले हेरिने हूँदा सानै उमेरमा (४ वर्षमा) नै उनी भियनामा पुगे र त्यहीं नै शिक्षादीक्षा प्राप्त गरे । फ्रायड एक विश्व प्रसिद्ध चिकित्सक भएपनि उनलाई बाल्यकालमा चिकित्सा प्रति कुनै रुचि थिएन । अन्य सामान्य युवकहरू जस्तै उनी पनि तत्काल आफ्ना रुचीका विषयहरू परिवर्तन गर्दथे । त्यसैले उनी कानून पढ्ने इच्छालाई त्यागेर डार्विनको विकासवादी सिद्धान्त साथै गेटेको प्रकृति विषयक निबन्धको प्रभावमा परी चिकित्सा क्षेत्रको अध्ययन गर्न थाले । त्यो समयमा विश्वविद्यालयमा पनि यहूदीहरूलाई समान अवसरबाट वञ्चित गराइएको थियो त्यसैले यिनले विश्वविद्यालयमा आफ्ना कार्यहरूमा सुधार पाएनन् । पछि एकजना चिकित्सक (अर्नेष्टबुक) संग उनको शारीरिक प्रयोगशालामा अध्ययन गरे र हिस्टोलोजी अफ नर्भस सिष्टम मा शोधकार्य गरे साथै १८७६ देखि १८८२ सम्म यसै प्रयोगशालामा काम गरेर १८८१ मा एम.डी.को उपाधी प्राप्त गरे । त्यसपछि आफ्ना गुरुको सल्लाह अनुसार एक अस्पतामा सहायक चिकित्सकको रूपमा क्रियात्मक चिकित्सा गर्न थाले । त्यहाँ उनले स्नायुमण्डल र त्यसको शारीरिक तथा आङ्गिक रोगहरू (प्यारालाइसिस, विस्मृति आदि) को विशेष अध्ययन गरे । शरीरको कुनै पनि भागलाई पीडामुक्त बनाउन कोकिनको सुई प्रयोग गर्ने पद्धतिको पनि आविस्कार गरे । सन् १८८५ मा स्नायु विज्ञानको प्रवक्ता भएर विशेष अध्ययनको लागि पेरिस गए र १८९३ सम्म स्नायु विज्ञानको अध्ययन साथै मस्तिष्क सम्बन्धी जन्मजात क्षतिको विशेष अध्ययन गरे ।

अध्ययन अनुसन्धानकै क्रममा उन्माद स्त्रीहरूमा मात्र नभई पुरुषहरूमा पनि हुन्छ भन्ने कुरा पत्ता लगाए । त्यसपछि जोजरु बुअर भन्ने प्रसिद्ध चिकित्सकको सहयोगमा स्नायु विशेषज्ञ भै काम गर्न थाले । सम्मोहन विधिद्वारा हिष्टिरियाका रोगीहरूको उपचार गर्ने बुअरको पद्धतिले फ्रायडलाई प्रभावित पाऱ्यो तर पनि फ्रायडले चिकित्सा पद्धतिमा परिवर्तन ल्याएर रोगीलाई आफ्नो मनको सबै कुरा निसङ्कोच भै स्वतन्त्रतापूर्वक भन्नलाई प्रोत्साहित गर्न थाले । यो प्रविधिमा रोगीले आफ्नो मनको कुरा भन्दथ्यो साथै जुन कुरा उसले समाजिक पारिवारिक वा अन्य कुरा कारणले गर्दा भन्न सकदैनथ्यो, त्यो कुरा पनि भन्ने गर्दथ्यो । परिणाम स्वरूप रोगीको मन हलुका हुन थाल्यो । यो प्रविधिमा बुअरको पनि सहयोग लिएका थिए । यो विधिलाई शुरुमा वार्तालाप विधि भनिएको भएतापनि त्यसलाई अझ उन्नत तथा व्यवस्थित पारेर स्वतन्त्र सहचर्यविधि (फ्री एशोसिएशनमेथड) भन्न थालियो र यो विधिको व्यापक प्रयोग गर्न थालियो । यस विधिद्वारा फ्रायडले रोगीको अचेतन मनमा दबिएर बसेका कुराहरू जान्न थाले । जब रोगी अचेतन मनमा दबिएका कुराहरू व्यक्त गर्न थाल्थ्यो तब उसको रोगको उपचार स्वतः नै हुने गर्दथ्यो । व्यक्तिको अचेतन मनमा भएको कुरा स्वतन्त्र सहचर्यविधिद्वारा ज्ञान हुने हुँदा फ्रायडले यसलाई मनोविश्लेषण भन्ने नाम दिए जुन आजसम्म प्रचलित नै छ । यस क्रममा फ्रायडले रोगीको प्रतिरोध तथा दमन क्षमता वा क्रियाहरूको पनि वर्णन गरेको पाइन्छ । फ्रायडका अनुसार यी दुवै क्रियाहरू अचेतन हुन्छन् । यिनले सपना, दैनिक जीवनका त्रुटीहरू हास्यव्यंग्यकला, धर्म इत्यादि हाम्रो दमित इच्छाहरूकै परिस्कृत रूप हो भनेर प्रमाणित गरेर १८९६ देखि १८९८ सम्ममा सपना र दैनिक जीवनका भूलहरूको व्यापक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वर्णन गरे। त्यसपछि १९०८ मा अन्तराष्ट्रिय मनोविश्लेषण परिषद्को स्थापना भयो र मनोविश्लेषणको प्रचार प्रसार गर्न एउटा मासिक पत्रिका समेत छापियो। मनोविश्लेषणको व्यापक प्रचार प्रसार पछि धेरैले यसको स्वागत गरेर फ्रायडले आफ्नो जीवनको उत्तरार्ध पनि मनोविश्लेषण सम्बन्धी उपचार तथा मनोविश्लेषण साहित्यको रचना तथा अनुसन्धान गरेरै बिताए। क्यान्सर रोगबाट पीडित भएका फ्रायडको लण्डनमा उपचार हुँदाहुँदै २३ सेप्टेम्बर १९३८ मा ८२ वर्षको उमेरमा देहावसान भयो।

फ्रायडले मनोविश्लेषण सम्बन्धी विभिन्न सिद्धान्तहरूको प्रतिपादन गरेका भएपनि मनोलैङ्गिक उत्पत्तिको सिद्धान्त वा यौन सिद्धान्त सबभन्दा बढी चर्चित बन्यो (मनोविश्लेषण भनेको व्यक्तिको चेतन अचेतन जीवनको अध्ययनगरी मनस्चिकित्साको माध्यमबाट मनष्ताप वा मनोविक्षिप्तता वा यौन विकृतिका रोगीहरूको पुनर्निर्माण एवं उपचारको प्रयत्न हो।) हाम्रा जीवनका प्रत्येक क्रियाकलापमा मनोलैङ्गिक उत्पत्तिको सिद्धान्तको ठूलो महत्व छ। फ्रायडका अनुसार यौन प्रवृत्तिको केवल शारीरिक महत्व मात्र नभई मनोवैज्ञानिक महत्व अझ धेरै छ। व्यक्तिको विकासमा यौनको महत्वपूर्ण स्थान हुन्छ। यौन प्रवृत्ति प्रौढावस्थामा विपरीत लिङ्गप्रति आकर्षणका रूपमा मात्र नभई नवजात शिशुमा पनि विद्यमान हुन्छ। शिशुद्वारा प्रत्येक वस्तुलाई चुस्ने, टोक्ने मलमुत्र त्यागगर्ने तथा आफ्ना यौनाङ्गहरूलाई खेलाउने गर्दछन् यसमा यौनको अभिव्यक्ति हुन्छ। फ्रायडको महत्वपूर्ण देन भनेको यही नै हो जसमा शैशवकालिन लैङ्गिकताको मनोविश्लेषण गरिएको छ। फ्रायडका अनुसार यौनिक विकास वाञ्छितरूपले हुन्छ भने व्यक्तित्व सामान्य हुन्छ र यदि यसको विकासमा अत्याधिक अवरोध तथा विकृति उत्पन्न हुन्छ भने व्यक्तिमा पनि विकृति उत्पन्न हुन्छ। हामी अहिले कुन रूपमा छौं ? हाम्रो व्यवहार कस्तो छ ? भन्ने कुरा हाम्रो लैङ्गिक विकासको स्वरूपमा आधारित हुन्छ। व्यक्तिको व्यक्तित्व निर्माणमा मनोलैङ्गिक विकासको दृष्टिले जीवनको प्रारम्भिक वर्ष महत्वपूर्ण हुन्छ। बालक जब ५ वर्षको हुन्छ तब ऊ आफ्नी आमाप्रति आकृष्ट हुन्छ र यो समयमा बालकमा एउटा विशेष प्रकारको ग्रन्थिको विकास हुन्छ जसलाई फ्रायडले मातृप्रेम ग्रन्थी (इडिपस) भनेका छन्। यो ग्रन्थीको कारणले बच्चाले आफ्नो आमाकाप्रति अत्यधिक प्रेम गर्दछ।

यौन शब्दलाई फ्रायडले 'लिविडा' भनेर भनेका छन्। उनले यसलाई व्यापक अर्थमा प्रयोग गरी जीवन वृत्तिकै रूपमा लिएका छन्। जीवनलाई यथार्थमा जीवन दिन यौनको महत्वपूर्ण भूमिका हुने भएकाले नै यौन भनेको जीवनदात्री शक्ति हो। फ्रायडका मत अनुसार प्रेम, स्नेह, प्रीति, चुम्बन, स्पर्श, सम्बोधन, आँखा लडाउनु आदि सबै यौन इच्छाकै कारणले हुने गर्दछ अर्थात आँखा लडाउँदा, चुम्बन गर्दा, स्पर्श गर्दा, स्नेह प्रेम आदि गर्दा एक किसिमको आनन्द प्राप्त हुन्छ त्यो आनन्द नै यौन हो।

फ्रायडले यौन शब्दलाई संकुचित अर्थमा प्रयोग नगरी व्यापक र विस्तृत अर्थमा प्रयोग गरेका छन्। उनले यौनलाई स्त्री र पुरुषको भेदभावको रूपमा मात्र नलिई रागात्मक आकर्षण एवं सम्बन्धको व्यापक रूपमा लिएका छन् (समान्यतया स्त्री र पुरुष एवं जनेन्द्रियहरूको प्रकृयाहरू नै यौन हो)। उनले व्यक्तिको व्यक्तित्व विकासको महत्वपूर्ण चरणको रूपमा शैशवकालीन लैङ्गिकता वा कामुकतालाई मूल संरचनाका रूपमा लिएका छन्। उनका अनुसार वाल्यकालमा दमित भएका इच्छाहरूले नै कुण्ठाको विकास हुन्छ अर्थात वाल्यकालमा दमित इच्छाहरू प्रौढावस्थामा पनि कायमै रहन्छ। विस्तार विस्तार उग्ररूपमा वदलिन्छ र एक दिन त्यसको विष्फोट हुन्छ। स्पष्ट शब्दमा भन्ने हो भने आफ्नो वाल्यकालमा कुण्ठित भएर आफ्ना इच्छाहरू दमित राख्ने व्यक्तिहरूमा पछि नकारात्मक प्रवृतिहरू देखापर्दछ। यसको विपरीत वाल्यकालमा आफ्ना इच्छाहरू उचित पारिवारिक वातावरणमा सकारात्मक प्रक्रियाद्वारा समाधान प्राप्त गरेको हुन्छ भने उसले आफ्नो आगामी जीवनमा रचनात्मक प्रवृत्तिले कुण्ठाहरूलाई सकारात्मक रूपले अनुमोदित गर्दछ र कलात्मक कृति, साहित्यिक कृति आदिको रचना गर्दछ। मनोलैङ्गिक उत्पत्तिको सिद्धान्त अनुसार शैशवकालीन अचेतनमा दमित अनुभवबाट नै विभिन्न व्यक्तिहरूमा व्यक्तिगत भेदहरू देखापर्दछ। फ्रायडले मनोलैङ्गिक विकासका चरणलाई ५ भागमा वर्गीकरण गरेर व्याख्या गरेका छन्। जुन निम्नानुसार क्रमैले वर्णन गरिन्छ।

१.मौखिक अवस्था :

सिग्मण्ड फ्रायडका अनुसार मनोलैङ्गिक विकासको प्रथम अवस्थालाई मौखिक अवस्था भनिन्छ। चुषण र दंशन गरी यसलाई पनि दुई वर्गमा विभाजन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरिएको छ । यो अवस्था जन्मेदेखि १८ महिना सम्म रहन्छ। यो अवस्थामा स्तनपानद्वारा शिशुलाई यौन आनन्द प्राप्त हुन्छ । अर्थात यो अवस्थामा चुस्ने (चुषण), टोक्ने, निल्ने जस्ता क्रियाहरू गर्ने मुख नै यौन तृप्तिको केन्द्र हुन्छ । चुस्ने अवस्थामा मुख ओठ, जिब्रो आदिमा यौन सन्तुष्टि प्राप्त हुन्छ। यो समयमा स्तनपान त्याग गरेको खण्डमा वच्चालाई आघात पुग्दछ। दंशन (मुखले टोक्ने) अवस्था ८ महिना देखि १८ महिना सम्म हुन्छ । यो अवस्थामा गिजा र दाँत यौन सन्तुष्टिको केन्द्र विन्दु हुन्छ। यो अवस्थामा अरुलाई कष्ट पुऱ्याएर वालकले यौन सुख प्राप्त गर्ने गर्दछन् । एकाएक आमाले स्तनपान गराउन वन्द गरेको खण्डमा शिशुमा कुण्ठाले स्थान लिन्छ र पछि उत्साहहीन र विक्षिप्त हुन सक्छन् । प्रायः अर्को वच्चा जन्माउँदा यो अवस्था देखापर्छ । यो अवस्थामा स्तनपात गर्दाखेरी वच्चाले आफ्नो आमाको स्तन मल्ने गर्दछ। त्यो नै यौन आनन्दको चरम अनुभुति हो। यही प्रवृत्तिको विकासले वच्चाले पछि गएर हस्तमैथुन गर्न सक्दछन्। यो अवस्थामा वालकमा अहम्को प्रादुर्भाव हुन्छ र आफुलाई प्रेम गर्न थाल्दछ र आफ्नो शरीरप्रति जागरुक पनि हुन्छ। समग्रमा भन्ने हो भने वालकमा पनि यौन शक्ति हुन्छ र वाल्यकाल देखि नै उसले यौन सुखानुभुति प्राप्त गर्दछ।

२. गुदा अवस्था :

फ्रायडका अनुसार मौखिक अवस्थापछि गुदा अवस्थाको आगमन हुन्छ । यो अवस्थामा वालकको मुखमा रहेको कामुक आनन्द हटेर गुदामा सर्दछ। मौखिक अवस्थामा जसरी शिशुले स्तनपानद्वारा यौन सुखप्राप्त गर्दछ त्यसरी नै गुदा अवस्थामा मलमुत्र त्याग गर्दा सुखानुभुति प्राप्त गर्दछ । यो सुखानुभुति प्रौढावस्थासम्म पनि संशोधित रूपमा रहन्छ। यो अवस्थालाई पनि दुई वर्गमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ।

(१) गुदा निष्कासन (मलमुत्र त्याग) अवस्था र

(२) गुदा अवधारण (मलमुत्र अवधारण) अवस्था ।

गुदा निष्कासन अवस्थामा (८ महिनाबाट प्रारम्भ हुन्छ) कामशक्ति मलद्वारमा र नितम्बमा रहन्छ। यो अवस्थामा मलमुत्र त्यागगर्दा यौन आनन्द प्राप्त हुन्छ। मलमुत्र त्याग गर्नु पर्दछ भनेर आमाबाबुले सिकाउने हुनाले यो अवस्थामा वालकले मलमुत्र त्याग गर्नु पर्ने रहेछ भन्ने कुरा बुझ्न थाल्छ र त्यही अनुसार आनन्द मानेर मलमुत्र त्याग गर्दछ। यस अवस्थामा वालकहरूमा अहम्को विकास हुन्छ र सुतेको वेलामा ओछ्यानमा नै मुत्र त्याग गर्ने आदि गर्दछन् र मलमुत्र त्यागको वन्धन मन पराउदैनन. । आमाबाबुको आदेश तथा निषेध साथै वालकहरूमा मैले यस्तो गरेमा के हुन्छ होला भन्ने परिक्षण गर्नका लागि पनि यस्तो गर्दछन्। यसै अवस्थामा वालकहरूमा उच्चाहमको विकास हुन थाल्छ। यसै उमेर मा वालकले दुई लिङ्गका वीचमा फरक हुन्छ भन्ने कुराको ज्ञान प्राप्त गर्दछ र यो अवस्था तीन वर्ष सम्म कायम र हुन्छ। वालकले वावुको जस्तो व्यवहार गर्नु पर्ने वालिकाले आमाको जस्तो व्यवहार गर्नुपर्ने कुरा बुझ्दछन र सोही अनुसार व्यवहार गर्न थाल्दछन। गुदा अवधारण अवस्थामा (१ वर्ष देखी ४ वर्ष सम्म वालकले आफ्नो मलमूत्रलाई रोकेर यौनानन्द लिने गर्दछन। निश्चित स्थानमा मलमुत्र त्याग गर्नु पर्ने कुराले गर्दा वालकलाई मलमुत्र महत्वपूर्ण कुरा रहेछ भन्ने लाग्दछ र मलमुत्र धारण गरेर (नत्यागी बस्दछ) यो अवधारण अवस्था प्रौढावस्थामा पनि केही हदसम्म कायमै रहन्छ । आफू तथा घरपरिवार सफा राख्नु पर्दछ भन्ने कुरा यसै अवस्थामा सिकाइने हुँदा यसै अवस्थामा उसले सामाजिक प्रतिवन्ध तथा वास्तविकताको सामान्य ज्ञान प्राप्त गर्दछ साथै मातापिता एक अर्कालाई जति मन पराउँछन् त्यति आफुलाई मन पराउँदैनन् भन्ने कुरा वालकले अनुभव गर्न थाल्छ जस्ले गर्दा वालकमा मानसिक असर पर्दछ। यो अवस्थामा वालकले प्राप्त गर्ने यौनानन्दमा वाधापुग्यो भने विभिन्न विकारहरूको उत्पत्ति हुने गर्दछ। यो अवस्थाको क्रियाले भावी जीवनमा पनि परिवर्तित रूपमा असर गर्दछ। यो अवस्थामा मानसिक तनाव उत्पन्न भएमा पछि गएर अहंकारी कन्जुस आदि हुने गर्दछ। यस अवस्थाका वालकहरूको मूख्य विशेषता के हो भन्ने शिशुले मलद्वार र योनीमा फरक देख्दैन भने लिङ्ग (शिश्न) र स्तनको मुण्टोलाई पनि समान नै ठान्दछन्। यो अवस्थाका वालकहरूमा आफ्नो जनेन्द्रिय तर्फ विशेषरुची पैदा हुन्छ र एक अर्काको जनेन्द्रिय तर्फ आकर्षित पनि हुने गर्दछन्। यो अवस्थामा वालकमा भन्दा बालिकामा आश्चर्य एवं भयको मात्रा वढी हुन्छ किन भने उनीहरू आफुसंग शिश्न नभएको अनुभव गर्दछन्। वास्तवमा यो लिङ्ग प्रधान अवस्था आगमनको सूचना हो।

३) लैङ्गिक (लिङ्ग प्रधान) अवस्था :

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३ (तीन) वर्ष देखी ७ (सात) वर्ष सम्मको अवस्थालाई लिङ्ग प्रधान अवस्था भनिन्छ। गुदा अवधारण अवस्थामा सामाजिक नियन्त्रणबाट खिन्न भई मानसिक तनावलाई हटाउन वालकले आफ्ना जनेन्द्रियहरूको स्पर्श गर्न थाल्दछ। आफ्नो जनेन्द्रिय सुम्सुम्याउनाले वालकलाई कामुक सुख प्राप्त हुन्छ। यो अवस्थामा वालकको यौन सन्तुष्टिको मूल्यकेन्द्र लिङ्गीय अंग हुन पुग्दछ यही अवस्थालाई नै लिङ्ग प्रधान अवस्था भनिन्छ। यो अवस्थाका वालकहरूलाई यौनाङ्ग (लिङ्ग वा योनी) छोप्नकालागि कपडा (कट्टु) लगाउन वाध्य गराइन्छ तर उनीहरू सकेसम्म कपडा लगाउन खोजदैनन्। यही अवस्थामा वालवालिकाले एक अर्काको यौनाङ्गहरू देख्न पाउने हुनाले लिङ्गभेद बुझ्न थाल्दछन्। यो अवस्थामा वालकहरू आफ्नो यौनाङ्गलाई स्पर्श गरेर, घर्षण गरेर र प्रदर्शन गरेर सुखानुभूति गर्दछन्। आफ्नो वावु आमाको रतिक्रिया देख्ने हुनाले यिनीहरू पनि त्यसै गरीइ एक अर्कामाथि चढेर, यौनाङ्गहरू खेलाएर आनन्द प्राप्त गर्ने गर्दछन्। यौन आनन्द लिनका लागि वालवालिकाहरू आफ्नो यौनाङ्ग स्पर्श गर्ने, मल्ने, प्रदर्शन गर्ने गर्दछन्। वाल मनोवैज्ञानिकहरूका अनुसार यो अवस्थामा सवै वालवालिकाले आफ्नो यौनाङ्ग घर्षण (हस्तमैथुन) गर्ने गर्दछन् जुन काम सन्तुष्टीको महत्वपूर्ण माध्यम हो। यस अवस्थाका वालवालिकाहरू अरुको यौनाङ्गको तुलनामा आफ्नै अङ्ग वढी मन पराउने हुन्छन् साथै यिनीहरू मुत्रत्याग प्रतियोगिता (कस्ले सवभन्दा टाढा मुत्र पुऱ्याउने) गर्दछन्। यस उमेरका वालकहरू आफू वावुजस्तो भएको र तथा भोलि ठूलो भएपछि मेरो पनि वावुको जस्तै ठूलो शिश्न हुनेछ भन्ने कल्पना गर्दछन भने वालिकाहरू आफू आमा जस्तो भएको र ठूलो भएपछि आमाकै जस्तो ठूलो ठूलो स्तन हुनेछन् भन्ने कल्पना गर्दछन्। यो उमेरका वालवालिकाहरूमा नाटकजस्तो स्थितिदेखा पर्दछ किनभने यो अवस्थाका वालकहरू आमातर्फ आकृष्ट हुने गर्दछन् र यौन सुखको साथी आमा नै हो भन्ने सोच्दछन् र आमाद्वारा नै अत्यधिक यौन सन्तुष्टि प्राप्त हुने हुँदा आमासँगै जीवन विताउने कल्पना गर्दछन् भने वालिकाहरू वावुतर्फ आकृष्ट हुन्छन् र वावुलाई नै यौन सुखको माध्यम ठान्छन् र वावु नै सम्भोगको साथी हो र वावुसंग नै जीवन विताउछु भन्ने कल्पना गर्दछन्। आफ्नो लिङ्ग नहुनुमा आमाको नै दोष हो भन्ने सोचेर वालिकाहरू आमाप्रति रुष्ट हुन्छन् भन्ने आफ्नो तुरी चलाउन नदिएर र कट्टलगाउन लगाएको र तुरी काटिदिन्छु भन्ने गरेको सम्झी वालकहरू वावुसंग रुष्ट हुन्छन्। यहाँ विचारणीय पक्ष के छ भने आमावावुप्रति घृणा गरे पनि आदरभाव भने कायमै रहन्छ र क्रमशः आदर भाव वढ्दैजान्छ। यो अवस्थामा दमित भएका भावनाहरूले अनेक प्रकारको मानसिक विकारलाई जन्माउने गर्दछ। त्यही दमित भावनाकै कारणले चिन्ता, मानसिक रोग आदि उत्पन्न हुन्छ। यो अवस्थाको हस्तमैथुन, कामुक-स्वप्नेम-मजा गर्ने आदिको निरन्तरणले नै अभिनय, साहित्य सिर्जना, आदि हुने गर्दछ। यो अवस्थामा प्रतिक्रियात्मक व्यवहार भएको खण्डमा पछिगएर यौन प्रति कठोर हुने, लज्जा, विनम्रता आदि उत्पन्न हुन्छ।

४) सुप्तावस्था :

मनोलैङ्गिक विकासको क्रममा ५ वर्ष देखि १२ वर्ष सम्म यो अवस्था रहन्छ। यो अवस्थामा बालबालिकाले आफ्नो शिश्नकालीन कामुकतालाई दमन गर्दछन्। जुन १३-१४ वर्षमा पुनः उजागर हुन्छ। यो अवस्थामा बालकको काम वासना सुप्त अवस्थामा हुन्छ अर्थात् ज्ञानार्जन-शिक्षाध्यायनले कामुकतालाई जितेको हुन्छ। यो उमेरमा नै वालबालिकाले विद्यालयमा प्रवेश गरी शिक्षा ग्रहण गर्दछन् र सामाजिक, मानसिक एवं नैतिक विकास गर्दछन्। ती कुराहरूको ज्ञानले यो अवस्थामा वालवालिकालाई उच्चाहमले दृढ बनाउछ र सामाजिक, धार्मिक नैतिक आदर्श तथा मूल्य एवं मान्यता प्रति प्रेम गर्न थाल्दछन्। यसको कारण केहो भने यो अवस्थामा वालवालिकामा काम वृत्ति सुप्तअवस्थामा हुन्छ तर समाप्त भने भएको हुँदैन यो अवस्थामा वालकहरू स्वतन्त्ररूपले रहन चाहन्छन्।

५) जननेन्द्रिय अवस्था :

१२ वर्ष देखि २० वर्ष सम्मको उमेरको अवस्थालाई जननेन्द्रिय अवस्था भनिन्छ। किशोरावस्थालाई नै जननेन्द्रिय अवस्थाका रुपमा लिइन्छ। ५ वर्ष देखि १२ वर्ष सम्म सुप्त अवस्थामा रहेको कामुकता १२ वर्ष पछिको अवस्थामा पुनः जागृत हुन्छ। यो अवस्थामा किशोर किशोरीहरूको यौन अङ्गहरूको विकास पूर्णतातिर अग्रसर हुन्छ। यो अवस्थामा वालक तथा वालिका यौवनारम्भकालमा प्रवेश गर्ने भएकाले लैङ्गिकतामा बढी रूचि हुन्छ। साथै विपरीत लिङ्गीप्रति आकर्षण बढ्छ। फलस्वरूप सुप्तावस्था भन्दा पहिले रहेको जस्तै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यौनकामुकताको भावना जागृत हुन्छ। १२ देखि १५ सम्म बालबालिकामा समलिङ्गी प्रवृत्ति देखा पर्दछ। यो अवस्थामा किशोर किशोरीहरूलाई जीवनको यथार्थताको ज्ञान हुन्छ। लिङ्ग प्रधान अवस्थामा भनै यो अवस्थामा किशोरकिशोरीहरू हस्तमैथुन समलिङ्गीरति गर्ने गर्दछन् र कामुकता सम्बन्धी कथा-उपन्यास आदि पढ्ने गर्दछन्। किशोर आफू एक वयस्क युवक भएको महशुस गर्दछ भने किशोरी आफू एक परिपक्व स्त्री भएको महशुस गर्दछन् भने यसै उमेरमा नै बालिकाहरूमा लज्जा भावनाको विकास हुन्छ र बालकहरूमा आधिपत्य भावनाको विकास हुन्छ। यसै अवस्थामा विपरीत लिङ्गीप्रति अत्यधिक झुकाव हुन्छ र दाम्पत्य जीवन सुखपूर्वक बिताउन खोज्दछन्। यसै अवस्थामा किशोर किशोरीहरूमा आत्मप्रेम कामुक भावना उत्पन्न हुन्छ र गीत कविता, गजल आदिको माध्यमबाट आफ्नो भावना अभिव्यक्त गर्दछन्। यसै समयमा युवायुवतिहरू प्रेम प्रणयमा बाँधिन्छन् र कुतकुत्याउँदा क्षणहरू व्यतीत गर्दछन्। यसरी फ्रायडले जन्मेदेखि २० वर्षसम्मको बालबालिकामा हुने मनोवैज्ञानिक असर र त्यसको परिणामलाई यौनको माध्यमबाट विभिन्न भागमा विभाजन गरी व्याख्या गरेका छन्। फ्रायडको मुख्य देन भनेको मनोविश्लेषणको माध्यमबाट व्यक्तिमा रहेको विकृतिको उपचार गरी व्यक्तिलाई सुधार गर्नु हो। यौन सिद्धान्तमा फ्रायडले व्यक्तिले गर्ने प्रत्येक क्रियाकलापहरू यदि त्यसमा उसले आनन्द प्राप्त गर्दछ भने त्यो यौन हो भनेर भनेका छन्। एउटा बालकले आमाको स्तन चुस्दा जुन असीम आनन्द प्राप्त गर्दछ त्यो जस्तो आनन्द अर्को हुनै सक्दैन। बालकलाई आफ्ना यौनाङ्गहरू खेलाउँदा आनन्द प्राप्त हुन्छ भन्ने कुरा त व्यवहारिक रूपमा हामीले देखे भोगेकै छौं। त्यसै गरी एउटा ८/१० वर्षको बालकमा यौनमा भन्दा अध्ययनमा रुचि भएको जिज्ञासु भएको कुरा हामीले भोगेकै कुरा हो अनि १३ देखि माथि उमेरका बालबालिकाहरू विपरीत लिङ्गीप्रति आकर्षित हुने यौनानन्द प्राप्त गर्न विभिन्न क्रियाकलापहरू हस्त मैथुन यौनाङ्ग स्पर्श घर्षण-विपरीत लिङ्गीसंग संसर्ग आँखा जुधाउने आदि गर्ने गर्दछन्। र १८/२० वर्षको भएपछि त्यसले गहिरो प्रेमको रूप लिने र वैवाहिक जीवनमा बाँधिने गरेको हामीले देखेकै छौं। त्यसैले फ्रायडले बालबालिकामा हुने यथार्थ प्रवृतिको चर्चा यौन सिद्धान्तमा गरेका छन्। त्यसैले आधुनिक मनोविज्ञानको क्षेत्रमा सिग्मण्ड फ्रायडको नाम अग्रपंक्तिमा आउँछ र फ्रायडलाई विश्वप्रसिद्ध महापुरुषको जमातमा गणना गरिन्छ।

सन्दर्भग्रन्थ -

१. फ्रायड र मनोविश्लेषण
लेखक - कृष्णप्रसाद भडारी
प्रकाशक - साझा प्रकाशन

२. विश्वेश्वरप्रसाद कोइरालाका
उपन्यासहरूमा विचार पक्ष
लेखक - भूपति ढकाल 'कमल'
प्रकाशक-अक्षरादेवी ढकाल

२७९ औं पृथ्वी जयन्ती
तथा राष्ट्रिय एकता दिवसको उपलक्ष्यमा
समस्त देशवासी दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय
शुभकामना व्यक्त गर्दछौं।

रमेशनाथ जोशी
महा-प्रवन्धक
जनक शिक्षा सामाग्री केन्द्र परिवार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आफैंलाई उपदेश !

✍ 'गाउँले' बलदेव अधिकारी

विरोध त्यसको हुन्छ, जो वलियो छ । एउटा हात्तीलाई हजारौं भुसुनाहरूले टोकिरहेका हुन्छन् तर पनि हात्ती जिउदै हुन्छ । वह्ता टोक्न थाले भने भुसुनाहरूलाई पुच्छरले हम्किन सुहाउँछ तर त्यस हात्तीका लागि भुसुनाको आङ चुस्न सुहाउँदैन । संस्कृत फोहोरमा डुवेको विशाल र जिउँदो हात्ती हो । त्यसको जिउको हिलो र फोहोर भनेकै संस्कृत पढेका वा पढिटोपलेकाहरूका बीच मौलाएको अस्वस्थ एवं सङ्कीर्ण प्रतिस्पर्धाजन्य अनेकता अनि अकर्मण्यता हो । संस्कृतविरोधीहरू दिनप्रतिदिन सङ्गठित हुँदै छन् तर हामी संस्कृतजीवीहरू झन्-झन एक्लिदैछौं, टुक्रिदैछौं । यस वर्ष 'जयतु संस्कृतम्' दिवसको उपलक्ष्यमा आयोजित प्रभातफेरी कार्यक्रममा वाल्मीकि क्याम्पस, संस्कृत माध्यमिक विद्यालय, तीनधारा संस्कृत छात्रावास र वेद विद्याश्रम जस्ता महत्त्वपूर्ण संस्थाहरूका संस्कृतजीवीहरूको अनुपस्थिति वा न्यून उपस्थितिवाट संस्कृत विरोधीहरूलाई उत्साहित हुन वल प्राप्त भयो । अनुपस्थितिको कारण आयोजकको अनुदारता हो अथवा अनुपस्थित हुनेहरूको अहम् हो भन्ने छुट्याउने झन्झट स्वतन्त्र पर्यवेक्षकले पनि स्याहार्न मानेन वरु उसले पनि प्वाक्कै भनिदियो "पण्डित : पण्डितं दृष्ट्वा श्वानवत् घर्घुरायते ।" - "अर्थ -आफैं बुझौं, व्याख्या आफैभित्र सीमित राखौं ।"

विगतको आरोप हामी कसैले पनि भोग्नु नपरोस् । अंग्रेजी स्कूलवाट आउनेहरूले संस्कृत भाषाको जयजयकार गाइदिएर हाम्रो 'जयतु संस्कृतम्' आन्दोलन कति दिन अड्ला ? गलामा टाई कसेर 'जयतु संस्कृतम्', 'जयतु संस्कृतम्' भन्नेहरूले 'जयतु संस्कृतम्' को पर्वलाई संस्कृतकै सर्वस्व खाएर वसेकाहरूले नै कुल्चेको देखेर कति खिसी गरे होलान् ।

'जयतु संस्कृतम्' को ऐतिहासिक महत्त्व र वर्तमानको सान्दर्भिकतालाई स्पष्ट पारिरहन आवश्यक नपर्ला तर नवकुम्भकर्णहरूलाई चिमोटेरै भए पनि विउँझाउनु अनिवार्य छ । अर्को वर्ष निदाउने पालो कसैले पनि नपाओस् संस्कृतकै आडमा भुँडी भर्ने हामी सवैले नेपाली वोल्दा यथासम्भव संस्कृत शब्दको प्रयोग गरौं, यथासम्भव लेख्दा पनि आफ्नो धर्मको निर्वाह गरौं । 'अनुभूति' वा 'अनुभव' गर्न छोडेर 'महशुस' नगरौं । 'कम्युनिष्ट'हरूलाई 'साम्यवादी' बन्न प्रेरित गरौं । 'लिष्ट' नहेरेर 'सूची' हेर्ने वानी वसालौं । 'होस्टेल' मा नवसेर 'छात्रावास' मा वसौं । हाम्रो कृतघ्नता सार्वजनिक हुन नपाओस् । कर्म र संस्कारका कारण शुद्रहरू पनि ब्राम्हण वन्न सक्दछन् भन्ने शास्त्रीय वचनलाई आधार वनाएर संस्कृत शिक्षामा सवै जातिको समान अधिकार भएको तथ्यलाई सम्वन्धित सवैले स्वीकार गर्नुपर्‍यो । रजोवती महिलालाई पनि शास्त्रले शुद्रका रुपमा लिएको छ, महिलाले लिन मिल्ने संस्कृतविद्या शुद्रले पनि लिन पर्ने हो, शास्त्रका उदार पक्षलाई उद्घाटित गर्नमा विलम्व नआओस । 'परोपदेशे पाण्डित्यं' लाई विर्सेर 'स्वोपदेशे पाण्डित्य' गरि हालौं ।

महेन्द्र संस्कृत विश्वविद्यालयले राष्ट्रिय वा अन्तर्राष्ट्रिय सहयोग संकलन गरेर हुन्छ, अथवा आफ्नै खुट्टामा उभिएर हुन्छ सर्वप्रथम संस्कृतका सम्पूर्ण शास्त्र वा पुस्तकहरूको संकलन गरेर राजधानीमा अहोरात्र खुला रहने 'संस्कृत पुस्तकालय' को स्थापना तत्काल गरोस्, त्यसपछि संसारभरिकै विद्वान्हरूलाई जीविकोपार्जन सजिलोसँग गराई एकै ठाउँमा राखेर नित्य शास्त्रचर्चा गराओस् । आफ्ना आङ्गिक विद्यापीठ र विद्यालयहरूमा प्राविधिक शिक्षा संस्कृतमै प्रदान गरोस्, गराओस् आयुर्वेद शिक्षा संस्कृत शिक्षालयवाट नै उपलब्ध हुनुपर्छ । संस्कृतले ठूला-ठूला अभियन्ता (इन्जिनियर) हरूको उत्पादन गर्न थालोस् , त्यसपछि क्रमश : भुसुनाविहीन भएर बाँचोस् - दिग्गज संस्कृत भाषा । किं बहुना !

जयतु संस्कृतम् !

म खाउँ मै लाउँ सुख सयल वा मोज म गरुँ
म हाँसुँ मै नाचुँ अरु सब मरुन् दुर्वलहरू ।
भनी दाह्रा घस्ने अवुज शठदेखी छकपरी
चिता खित्का छाडी अभय सित हाँस्यो मरिमरी ॥

- कविशिरोमणि लेखनाथ पौड्याल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जादूमय रहस्यकी अपार भण्डार गंगाजी

✍ चिन्तामणि भट्टराई 'उदयपुरे'

हिन्दूशास्त्रहरूमा भारतवर्षका प्रमुख नदीहरूको विवेचना पाइन्छ । भारतवर्षमा प्रत्येक नदीको विस्तृत विवेचना पाइन्छ पुराण र अन्यान्य शास्त्रहरूमा समेत । प्रत्येक नदीको आफ्नो धार्मिक र सांस्कृतिक महत्व छ तथा सबैको उत्पत्तिको पनि एक रहस्यमय इतिहास छ । यति हुँदाहुदै पनि तिनीहरूमा गंगाको महत्त्व सर्वव्यापी छ । श्रीमद्भागवतमा "निम्नगानां यथा गंगा" भनेर नदीहरुमा गङ्गाजीको महत्त्व सर्वातिशायी बताइएको छ भने श्रीमद्भगवत् गीतामा भगवान् श्रीकृष्ण स्वयं "स्रोतसामस्मि जाह्नवी" भनेर गङ्गाजीलाई पूर्ण ब्रह्मको संकेत समेत दिनुहुन्छ। भारतवर्षको उत्तरदिशाबाट दक्षिण र पूर्ववाट पश्चिमसम्म बग्ने सबभन्दा लामो नदी गंगाजी हुन् जसको यात्रा भारतवर्षमा २५१० कि.मी. भएको जानकारी विद्वानहरूले दिएको पाइन्छ ।

हिन्दू-आर्य संस्कृतिको सर्वाधिक विवेचन र विश्लेषण महाभारतमा गरिएको छ। महाभारतलाई हिन्दू धर्म र संस्कृतिको विश्वकोष पनि भनिन्छ । महाभारत अनुशासन पर्वको २७ औं अध्यायमा भारतवर्षका तीर्थहरुको वर्णन गरिएको छ । त्यसैमा गंगाजीको विशेषरूपले प्रशंसा र महत्त्व देखाइएको छ । गंगाजलको प्रशंसामा भनिएको छ-'जसले गंगाजलको सेवन गर्छ उसका जन्मजन्मान्तर का पाप नष्ट हुन्छन्' । यदि यस संसारमा गंगाजी नभएकी भए जगत्को अस्तित्त्व नै व्यर्थ हुने थियो । किनभने-

"वर्णाश्रमा यथा सर्वे स्वधर्मज्ञानवर्जिताः ।
ऋतवश्च यथा सोमास्तथा गंगाविना जगत् ॥"

गंगाजीको उत्पत्तिका सम्बन्धमा पनि पुराणहरूमा अनकौं कथा र उपाख्यानहरू पाइन्छन् । सबै कथाहरूको प्रतीकात्मक महत्त्व छ । ब्रह्मा, नारायणी, वैष्णवी, माहेश्वरी, जाह्नवी, भागीरथी आदि विशेषणहरूका अन्तरालमा सृष्टिको उत्पत्ति र विकासको रहस्य लुकेको छ। यीं सबै विशेषण गंगाजीकै माध्यमले आर्य संस्कृतिका प्रतीक हुनपुगेका छन् । चन्द्रमा र सूर्यको सम्बन्ध गंगासँगै छ भन्ने कुरा बताउँदै एक श्लोकमा भनिएको छ-

"नारायणादक्षपात् पूर्वजाता विष्णोः पदाच्छिंशुमाराद्रध्रुवाश्च ।
सोमात् सूर्यान्मेरूरूपाच्च विष्णोः समागताशिवमूर्ध्नो हिमाद्रिम् ॥"

जसरी हिन्दू धर्मशास्त्रअनुसार भगवती गायत्रीको रहस्य गोप्य छ जादूमय छ त्यस्तै गंगाजीको रहस्य पनि एकदमै गंभीर छ । मूलरूपमा गंगा र गायत्री एकै मानिन्छन् । जति विस्तार गायत्रीमातांको छ त्यति नै क्षेत्रफल गंगाजीको पनि । यसै भावलाई स्पष्ट गर्नका लागि गंगाका तीनधारा मानिएका छन्-पाताल गंगा, भागीरथी गंगा र आकाश गंगा ।

पृथ्वीतत्त्वले जुन शक्ति प्राप्य छन् ती पाताल गंगा हुन् । जलीय तत्त्वद्वारा प्राप्य हुँदा तिनै शक्ति भागीरथी गंगा भनिन्छिन् र तेजतत्त्वद्वारा शक्तिमान भएर आकाशगंगा बन्दछिन् ।

ऋग्वेदमा 'आपः' भनेर जललाई अन्तरिक्षको देवता भनिएको पाइन्छ र चारसूत्रमा यी दिव्य देवताको स्तुति पनि गरिएको छ । अग्नि अथवा तेजतत्त्व जलमा रहने तत्त्व हो । अग्निको जन्म नै जलबाट भएको हो भन्ने उल्लेख शास्त्रहरूमा पाइन्छ । जलको मूलतत्त्व पार्थिव हो जो 'भेषजमय' छ । यसबाट मनुष्यलाई जीविका पनि प्राप्त हुन्छ । यसरी 'आपः' का तीन रूप हुन्छन् , यिनै गंगाजीका पनि तीन रूप मानिएको छ । यिनै तीन रूपकै कारणबाट विश्वका सबै जीवले आफ्नो जीवनयापन निर्वाध रूपमा गरिरहेका छन् ।

गंगाजीलाई त्रिपथगा भनिन्छ, यो विशेषण सकारण नै देखिन्छ । किनभने भारतवर्षमा गंगालाई 'यशस्विनी बृहती विश्वरूपा' भनिन्छ जसले सबै किसिमका ऋद्धिसिद्धि प्रदान गर्दछिन् । सहस्ररश्मि सूर्यको पनि गंगाजीसँग सम्बन्ध बताइएको छ भने अन्य फुच्चेफाच्चे संसारी जीवको त कुरै के रह्यो र ? गंभीरतापूर्वक विचार गर्ने हो भने यो रहस्य थाहा पाउन सकिन्छ कि सूर्यका किरणहरूलाई वेदमा नदीहरूका नामले अभिहित गरिएको छ । वेदमा सूर्यलाई दशकिरणधारी बताइएको छ -'रश्मिभिर्दशभिः' । सूर्यका किरणहरुलाई त्रिवृत भनिएको छ-" त्रिवृतं सन्ततन्तुम्" । ती किरणहरूका तीन रूप छन्- अप, जल र अग्नि । अप आकाशत्व हो । आकाशमा व्याप्त वायुतत्त्व हो । यसै वायुद्वारा अपतत्त्व तेजमा परिवर्तित हुन्छ र फेरी त्यही तेजतत्त्व जलस्वरूपा (जलस्वरूपधन) बन्दछ । यसैले गंगाजीलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्रिपथगा भनिएको हो । भगवान् विष्णुका सम्बन्धबाट उत्पन्न भएकी हुनाले यिनलाई विष्णुपदी पनि भनिन्छ । गंगाजी भगवान् विष्णुकी परमप्रिया भएको उल्लेख हामी अनेकौं शास्त्रहरुमा पाउछौं । जीवको कल्याणका लागि स्वयम् भगवान् विष्णु आफ्नी आराध्या गंगाजीको महत्त्व प्रकट गर्नुहुन्छ । मनुष्यले जीवित रहँदा मात्र होइन, मृत्युपश्चात् पनि गंगाजीको स्पर्श गर्‍यो भने ऊ सोझै मोक्ष हुन्छ । गंगाजीको केवल दर्शनले मात्र पनि पुण्य प्राप्त हुन्छ भने स्पर्शले त पाप नै नष्ट भएर जान्छ ।

गंगाजीको एक डुबुल्कीले सारा शरीरका कल्मष त नष्ट हुन्छन् नै अन्तष्करणको शुद्धि पनि यसबाट हुन्छ । नित्य गंगाजीको सेवनले त मनुष्यको कल्याण स्वयंसिद्ध नै छ भन्दा कुनै अत्युक्ति नहोला । भगवान् विष्णुले स्वयं भन्नु भएको छ-" तीर्थानां स्रोतसां गंगा" । अर्थात् सम्पूर्ण तीर्थहरूमा, सम्पूर्ण नदीहरूमा श्रेष्ठ गंगाजी हुनुहुन्छ । त्यसैले गंगाजीको महत्त्व एक पानामा यहाँ प्रस्तुत गर्न सकिदैन । गंगाजीको गोप्य रहस्यलाई स्पष्ट रूपमा छर्लङ्गयाउन धेरै गाह्रो छ । भगवान् बलरामले पनि तीर्थाटनका समयमा विशेषगरी गंगाजीमा गएर विशेष कर्म गर्नुभएको उल्लेख पुराणहरूमा देख्न सकिन्छ । श्रीमद्भागवतमा उल्लेख भएको छ-"गयां गत्वा पितृनिष्ट्वा गंगासागरसंगमे ।" मरणासन्न अवस्थामा गंगाजल त के गंगा नाममात्र पनि मनुष्यले लिन सक्यो भने ऊ भवसागरबाट पार हुन्छ भनेर स्वयम् भगवान विष्णुले गरुडपुराणमा बताउनुभएको छ । त्यसैले हामीलाई पनि गंगाजीबाट त्यस्तो कृपाप्रसाद प्राप्त होस् जसले फेरि हामी यो दुःखरूपी लहराको फन्दामा पर्नु नपरोस् । हुन त जादूमय रहस्यकी अपार भण्डार गंगाजीको केही चर्चा गर्ने मेरो प्रयास सूर्यलाई वत्तीमात्र हुन सक्छ , तैपनि जे भयो यत्ति नै भयो । फेरि अन्य चर्चा पछि गर्ने आशाका साथ गंगाजीलाई प्रणाम गर्दै आज लेखनीलाई विश्राम दिन चाहन्छु । जय गङ्गे !

श्री ५ महाराजाधिराज वीरेन्द्र
वीरविक्रम शाहदेव सरकार
५६ औं वर्षमा
प्रवेश गरिवक्सेको पुनित अवसरमा
सभक्तिपूर्वक हार्दिक मंगलमय
शुभकामना टक्र्याउँछौं

नेपाल राष्ट्र बैंक परिवार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"शतपथब्राह्मण" - परिचय

✍ रुद्रप्रसाद मिश्र, सं. छा. वा.

१. विषय-प्रवेश :-

"विद ज्ञाने" धातुबाट घञ् प्रत्यय गरेपछि "वेद" शब्द निष्पन्न हुन्छ । वेद शब्दको अर्थ "ज्ञान" भन्ने हुन्छ। "ज्ञान" शब्दले व्यापक अर्थलाई बुझाउँछ। कलाको ज्ञान गर्नु, इतिहासको ज्ञान गर्नु, भूगोल, गणित, खगोल, दर्शन आदि इत्यादि विषयको ज्ञान गर्नु पनि ज्ञान नै हो तर वेद शब्दले जुन ज्ञानलाई बुझाउन खोजिएको हो त्यो ऋषिमुनिहरूद्वारा प्रतिपादन गरिएको, साक्षात्कार गरिएको र जीवन समर्पण गरेर खोजिएको ज्ञान हो । ऋषि-महर्षिद्वारा आफ्नो तपोवलले जुन वेदको साक्षात्कार गरेका थिए त्यही वेदको मनन गर्नु, विचार गर्नु र धारण गर्नु नै ज्ञान हो । वेद शब्द सम्पूर्ण वाङ्मय को वाचक भएता पनि "मन्त्रब्राह्मणयोर्वेदनाम धेयम्" भनेको हुनाले मन्त्रभाग र ब्राह्मणभागलाई वेद भनिन्छ । वेदमा मन्त्रभागको जति विशेषता छ त्यति नै ब्राह्मणभागको पनि छ । ऋक्, यजु, साम, अथर्व गरी चार भागमा विभाजित वेदको आ-आफ्नै ब्राह्मणभाग पाइन्छ । त्यसमध्ये शतपथब्राम्हण शुक्लयजुर्वेदको माध्यन्दिनीय शाखासँग सम्बद्ध छ। माध्यन्दिनशाखाको मन्त्रभाग चालीस अध्यायमा विभाजित पृथक् ग्रन्थ छ भने यही मन्त्रभागसँग सम्बद्ध सय अध्यायमा फैलिएको विशालकाय भएको शतपथब्राह्मण वैदिक वाङ्मयमा सुपरिचित छ। चौध काण्डमा विभाजित यस शतपथब्राह्मण गद्यमा लेखिएको छ । मन्त्रभागको विशेषता, महत्त्व र वैज्ञानिकतालाई पुष्टि गर्न शतपथब्राह्मणको अध्ययन विना असम्भवप्रायः छ । विधिभाग र अर्थवादभाग प्रमुख विषय भए पनि कात्यायनाचार्यले "विधिर्निन्दाप्रशंसाध्यात्ममधिदेवतमधिभूतमनुवचनं परकृतिः पुराकल्पसृष्टिरिति ब्राम्हणम्" भनेर दश विभागमा विभाजन गरेका छन् । शतपथको अध्येतालाई "शतपथिक" भनिन्छ ।

२. वेदत्वसिद्धि :-

कतिपय आफूलाई वेदका हिमायती मान्ने पण्डितहरू ब्राह्मणभागलाई नै वेद मान्दैनन्। उनीहरूको मतमा ब्राह्मणभाग पौरुषेय एवं सक्कली पुराण हो । मन्त्रभागको व्याख्यानरूप भएकोले लौकिक ग्रन्थ हो र प्राचीन मनीषीहरूले पनि वेदत्त्व नमानेको भन्ने हल्का तर्क प्रस्तुत गर्दछन् तर यी आक्षेप युक्तिसंगत र शास्त्रसम्मत छैनन् यी आक्षेपहरूलाई विद्वान्हरूले प्रामाणिकरूपले निराधार तुल्याएका छन्। आदाहरूले वेद भन्नाले मन्त्र र ब्राह्मण दुवै भागलाई ग्रहण गरेका छन् । "मन्त्रब्राह्मणयोर्वेदनामधेयम्" - कात्यायनः- "मन्त्राश्चब्राह्मणञ्च वेदः" -शवर स्वामी - "वेदो मन्त्रब्राह्मणाख्यो ग्रन्थराशिः" -. मस्करि- "मन्त्रब्राह्मणात्मको वेद" - सायणः - यी वेदज्ञहरूको उक्तिलाई मनन गर्दा वेद भन्नाले मन्त्रभाग र ब्राह्मणभाग दुवैको ग्रहण गर्नुपर्दछ ।

आचार्य पाणिनिले पनि "छन्दसि" प्रयोग गरेर मन्त्रभाग र ब्राह्मणभाग दुवैलाई ग्रहण गरेका छन् । मन्त्रभाग रब्राह्मणभागमा प्रयुक्त शब्दसिद्धिका निम्ति "चतुर्थ्यर्थे बहुलं छन्दसि" २।३।६२ जस्ता सूत्र निर्माण गरेका छन्। अतः पाणिनिका मतमा पनि छन्दः अर्थात् वेद भन्नाले मन्त्र र ब्राह्मण दुवैको ग्रहण हुन्छ। ब्राह्मणमा केवल मन्त्रको व्याख्या मात्र नभएर यज्ञको विधिः, अवान्तर भेद, इतिकर्तव्यता, प्रशंसा, निन्दा आदि क्रियारूप स्वतन्त्र रूपमा वर्णित छन्। केवल मन्त्रभागबाट मात्र यज्ञ सम्पन्न हुँदैन । वेदको प्रमुख विषय यज्ञ हो, यज्ञको पूर्वापर वर्णन ब्राह्मणमा पाईन्छ । त्यसकारण ब्राह्मण केवल मन्त्रको व्याख्यानरूप मात्र नभएर वेदको आत्मा नै हो । शैलीको दृष्टिकोणले हेर्ने हो भने वेद गद्यात्मक, पद्यात्मक र गेयात्मक गरी तीन शैलीमा विभक्त छ । गद्यात्मक शैलीभित्र ब्राम्हणग्रन्थ पनि समेटिन्छ । मन्त्रभाग र ब्राह्मणभागमा शब्दको समता पनि पाइन्छ। मन्त्रको क्रमबद्धतालाई पनि ब्राह्मणले पुष्टि गर्दछ। फेरि कृष्णयजुर्वेदमा मन्त्रभाग र ब्राह्मणभाग साथै देख्न पाइन्छ । अतः मन्त्रभाग र ब्राह्मणभाग दुवै वेद नै हुन् । शतपथः ब्राह्मणभध्येको एक उज्ज्वल रत्न हो र यो अपौरुषेय प्राचीन प्रामाणिक ग्रन्थ पनि हो ।

३. विषय विमर्श :-

शतपथब्राह्मण काण्वशाखीय र माध्यन्दिनीय गरी दुईवटा छन्। यहाँ माध्यन्दिनीय शतपथको विषयमा केही कुरा उल्लेख गरिन्छ । चौध काण्डमा विभाजित शतपथब्राह्मणको प्रथम काण्डमा सम्पूर्ण इष्टिको प्रकृतिः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दर्शपूर्णमासेष्टिको वर्णन छ। यस इष्टिलाई हविर्यज्ञ पनि भनिन्छ। यो काण्ड नौ (९) अध्यायमा विभाजित छ। द्वितीय काण्डमा आधान र पुनराधानका विषय एवं अग्निहोत्रदेखि प्रारम्भ गरेर चातुर्मास्ययागसम्मका विषयबूतहूको पूर्वापर वर्णन छ। यो काण्ड छ अध्यायमा विभक्त छ। तृतीयकाण्डमा सोमयागको परिचय, महत्व इतिकर्तव्यता, सोमाभिषव तथा चतुर्थकाण्डमा सोमयागका बाँकी विषय, द्वादशाहयाग एवं सत्रधर्म जस्ता श्रौतयागका निगूढ तत्वहरूको सविस्तार सप्रयोजन व्याख्या पाइन्छ। तृतीय एवं चतुर्थकाण्डमा क्रमशः ९,६ अध्याय छन्। पञ्चमकाण्डमा वाजपेययाग र राजसूययागसम्बन्धी विषय उल्लेखित छ। ५ अध्यायमा विभाजित यो काण्ड थोरै अध्याय भएको काण्ड मध्ये एक हो। छैटौं काण्डमा उषासम्भरणदेखि लिएर वनीवाहनकर्मसम्मका विषय आठ अध्यायमा विभक्त छ। ५ अध्यायमा फैलिएको सातौं काण्डमा चयनयागका कुराहरू वर्णित छन्। आठौं काण्डको समाप्तिसंगै चयनयागको पनि समाप्ति हुन्छ र यो काण्ड सात अध्यायमा विस्तारित छ। नवौं काण्डमा शतरुद्रीयहोमका इतिकर्तव्यता एवं चित्युपस्थानसम्मका प्रसङ्गहरू ५ अध्यायमा विभाजन गरेर व्याख्या गरिएको छ। दशौं काण्डमा अग्निविषयक निकै रोचक र रहस्यमय कुराहरू पाइन्छ। चितिसम्बन्धी विशेष ज्ञान यस काण्डमा वर्णित छ। अन्त्यमा सम्प्रदायप्रवर्तक ऋषिहरुको वंशक्रम पनि उल्लेख छ। यो काण्ड छ अध्यायमा विभाजित छ। एघारौं काण्डमा आधानको समय, दर्शपूर्णमास र दाक्षायणको अवधि, अग्निहोत्र, अर्थवाद ब्रह्मचारीकका नियम, चतुर्मास्ययागको अर्थवाद, पञ्चमहायज्ञ, स्वाध्यायप्रशंसा, अध्यात्मविद्या, पशुबन्धप्रशंसा जस्ता विषय संगृहीत छन् र यो काण्ड आठ अध्यायमा फैलिएको छ। बाह्रौं काण्डमा सत्रयागका दीक्षाका क्रम एवं सत्रहरू, गवामयनयाग, सौत्रामणियाग, अग्निहोत्रीको मरणमा अग्निहोत्र नियम र अग्निहोत्रीको दाहसंस्कारसम्बन्धी विषयहरू वर्णित छन्। यसमा नौ अध्यायहरू छन्। तेह्रौं काण्डमा अश्वमेधदेखि पितृमेध सम्मका विषयहरू प्रतिपादित छन्। यो काण्ड आठ अध्यायमा विभक्त छ। शतपथब्राह्मणको अन्तिम चौधौं काण्डमा प्रवर्ग्यकर्म, धर्म, महावीर जस्ता विषय र अन्त्यमा ब्रह्मविद्या बृहदारण्यकोपनिषद् छ। यी अतिसंक्षेपले देखाइएका विषयमा नै शतपथब्राह्मण व्याख्या र विवेचना गर्दछ। मनुष्यलाई कर्ममा लगाएर आत्मालाई पवित्र गराउँदै अन्तमा ब्रह्मसाक्षात्कार गराउनु नै शतपथब्राह्मणको प्रमुख लक्ष्य देखिन्छ। अथवा धर्मार्थकाममोक्ष चार प्रकारका पुरुषार्थसिद्धिद्वारा मनुष्यलाई यो जन्ममा ऐश्वर्यसम्पन्न बनाउनु र शरीर त्यागान्तर जन्ममरणरहित परमपद प्राप्त गराउनु नै यस पवित्र ग्रन्थको उद्देश्य हो। शुरुमा कर्मको अनिवार्यतालाई प्रस्तुत गर्दै अन्त्यमा आत्मज्ञानको उपदेश र कर्मलाई वन्धनको रूपमा देखाउनाले यही कुराको पुष्टि हुन्छ।

४. ऐतिहासिक महत्व :

शतपथब्राह्मणको महत्व हरेक विधासँग उत्तिकै प्रगाढ छ तापनि ऐतिहासिक महत्व चाँहि संस्कृत वाङ्मयको स्पन्दन नै हो। शतपथ ब्राह्मणमा इतिहास सम्बन्धी अनेक प्रकारका विषयहरू सूत्ररूपमा प्राप्त गर्न सकिन्छ। सनातनीको मात्रै नभएर मानवसमाजको नै धार्मिक, भौतिक र सामाजिक विकासको परम्परा बुझ्न, ज्ञान गर्न र अन्वेषण गर्न शतपथको नै आश्रय लिनु अनिवार्य छ। यसमा अनुकल्पित भावनामात्र नभएर कसीमा लगाएका प्रमाणिक सामाग्रीहरु सुरक्षित छन्। महाभारत, पुराण आदि लौकिक संस्कृतमा वर्णित ऋषि परम्परा राजपरम्परा जस्ता वंशपरम्पराको मूलस्रोत पनि यही ग्रन्थ हो। याज्ञवल्क्यादि महर्षिहरुले समाजलाई सुव्यवस्थित बनाउनका लागि जति ग्रन्थरत्नहरूको सिर्जना गरे, ती ग्रन्थरत्नहरू पनि ब्राम्हणलाई नै आधार बनाएर आफ्नो ज्ञान र अनुभवको क्षमताले सिर्जना गरेका हुन्। महाभारतका अनेकौं कथा प्रसङ्गहरू, जस्तै :- रामकथा, पुरुरवा-उर्वशी कथा, पुराणमा वर्णित मनुमत्स्याख्यान जस्ता आख्यानहरूको मूलस्रोत पनि शतपथब्राह्मण नै हो। शतपथब्राह्मण निर्वचन शास्त्रको पनि मूलस्रोत हो भन्न सकिन्छ। अर्थपुष्ट गर्ने क्रममा शब्दको निर्वचनपद्धति पनि शतपथबाट नै विकसित भएको हो। निरुक्तशास्त्रमा पनि यही सरणी अवलम्बन गरिएको छ। अतः भाषाविज्ञानको क्षेत्रमा पनि शतपथब्राह्मणको योगदान महत्वपूर्ण छ भन्दा अतिशयोक्ति नहोला। यसरी शतपथ ब्राह्मणको हरेक विधासँग ऐतिहासिक विशेषता गाँसिएको छ।

५. शतपथब्राम्हणको विशेषता :-

शतपथब्राम्हण ब्राह्मणग्रन्थहरूका बीच अनेक दृष्टिबाट महत्वपूर्ण छ। श्रौतयागहरूको सानो विधिलाई पनि विशद्वर्णनद्वारा महत्ता प्रस्तुत गर्दै आधिकारिक मानिसलाई कर्ममा लाग्न प्रेरित गर्दछ। आख्यानको प्रयोगले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विवेचित विषयवस्तु सरस र सरलका साथै आनन्ददायक पनि बन्नपुगेको छ। आसुरी शक्तिक्षीणको माध्यमले कहीं पनि कहिले पनि असत्यद्वारा प्रेरित कार्यहरु सफल नहुने तथ्य सर्वत्र प्रस्तुत गरिएको छ। यज्ञमा पुरोडाशको नै हविः किन आवश्यक ? अष्टाकपाल, एकादशकपाल, द्वादशकपाल आदि पुरोडाश कुन उद्देश्यले कसलाई केका निम्ति दिइन्छ ? इत्यादि विषयको जिज्ञासा समाधान गर्न र आदिकारण थाहा पाउन शतपथब्राह्मणको नै अध्ययन आवश्यक छ। प्रजापति र विष्णुलाई यज्ञको स्वरुपमा प्रस्तुत गर्दै यज्ञविना सृष्टि परम्पराले निरन्तरता पाउन नसक्ने तथ्य पनि देखाइएको छ। मनुमत्स्याख्यानको अध्ययनद्वारा यिनै कुरा पुष्टि हुन्छ। शतपथब्राह्मणमा कोरा कर्मका व्याख्यानमात्र नभएर ती कर्मले मानिसको जीवनमा पार्ने वैज्ञानिक प्रभावको पनि सूत्र प्राप्त गर्न सकिन्छ। शतपथको अर्को विशेषता भनेको यज्ञको आदि अन्त्यसहित पूर्ण विवरण प्रस्तुत गर्नु हो। अन्य ब्राह्मणमा यज्ञचर्चा पाइए तापनि शतपथमा जस्तो पूर्वापर व्याख्या दुर्लभ छ। यौटा यागभित्र पनि धेरै कर्महरू गर्नुपर्ने हुन्छन्। ती कर्महरू विशेष क्रमसँग युक्तिसंगत रूपमा सम्पन्न गरिन्छ। यी कर्मको विशेषता, महत्त्व, उपयोगिता र कर्मजन्यप्रभाव सिद्ध गर्न प्राञ्जल र उदात्त व्याख्या शतपथमा पाइन्छ।

यसरी विविध पक्षको मूलस्रोत भएता पनि ब्राह्मणग्रन्थमा खासै विद्वानहरुको दृष्टिपात हुन सकेको छैन। यस्तो अमूल्य ग्रन्थरत्नको गहीराइमा अवगाहन गर्न सक्ने विद्वानको खाँचो महशूस भएको छ। धेरै टीकाकारहरूले टीका लेखे पनि अहिले प्राप्त सुलभ टीका सायणाचार्यको र हरि स्वामीको मात्र हो। अतः समाजोपयोगी यस ग्रन्थका विषयलाई समाजमा ल्याई प्रचार र प्रसार गर्नुपर्ने आवश्यकता आज हामी सबैको कर्तव्य भएको छ। अस्तु

सामाग्रीस्रोत :-

१) शतपथब्राह्मणम् - सायनभाष्यसहितम् (ज्ञान पब्लिशिंग हाउस)।

२) शतपथब्राह्मणस्य उपोद्घातः- श्रीधरशर्मा।

३) वैदिकसाहित्य और संस्कृति - बाचस्पति गैरोला।

४) वैदिक साहित्य - बलदेव उपाध्याय।

"दूध तथा दुग्ध पदार्थ सेवन गरी स्वस्थ बनौं"

बोर्डको कार्यहरू :

१- श्री ५ को सरकारलाई दुग्ध विकाससम्बन्धी उपयुक्त सुझाव दिने

२- मुलुक भित्रका दुग्ध व्यवसायमा संलग्न निकायहरूबीच समन्वय कायम गर्ने

३- मुलुकको दुग्ध विकासको लागि उच्चस्तरीय अध्ययन अनुसन्धान गर्ने

४- समयमा दूधको खरीद बिक्री मूल्य निर्धारणको लागि श्री ५ को सरकारलाई सिफारिस गर्ने

५- दुग्ध उद्योगहरूको दर्ता गर्ने गराउने।

राष्ट्रिय दुग्ध विकास बोर्ड
हरिहरभवन, पुल्चोक

२७९ औं पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवसको उपलक्ष्यमा समस्त देशवासी दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

कृषि सामाग्री संस्थान
परिवार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नृत्यको उत्पत्ति

✍ हरिप्रसाद लुइंटेल "श्रीकान्त", सं. छा.वा.

संगीत कलाको उत्पत्ति र स्रोत सामवेद वा ऋग्वेदलाई मानिन्छ तर संगीतको उत्पत्ति अनादिकालदेखि नै भएको थियो । जब सबैभन्दा पहिला शिशुले जन्म लियो तब त्यसले रुन शुरु गऱ्यो । त्यसको रुवाइबाट वातावरणमा स्वर गुञ्जियो र संगीतको जन्म भयो । त्यस शिशुले हात खुट्टा चलाउन लाग्यो, हात चलाउनाले वाद्य र खुट्टा चलाउनाले नृत्यको उत्त्पत्ति भयो । जब शिशु ठूलो भयो तब प्रकृतिको अमर संगीत, नदी, खोला, झरना र विभिन्न पंक्षीहरूको मधुर गायन, आकाशमा विजुलीको चमक र बादल गर्जनाले गम्भीर वाद्यवादनको धून आयो र पशुपंक्षीहरू उड्न र उफ्रन थाले अनि नृत्यको उत्पत्ति भयो ।

आजसम्म कुनै यस्तो ग्रन्थ उपलब्ध हुन सकेको छैन । जसले नृत्यकलाको उत्पतिबारे ठोस प्रमाण र प्रकाश पार्न सकेको होस्, तर पनि यस्तो भनिन्छ कि नृत्यकलाको उत्त्पत्ति भरतमुनिको कालभन्दा हजारौं वर्षपूर्व भैसकेको थियो । प्राचीन ग्रन्थ जस्तै वेद, उपनिषद्, रामायण, महाभारत, पुराण आदिको अध्ययनबाट थाहा हुन आउँछ कि नृत्यको विकास वैदिक कालभन्दा पनि पहिला नै भैसकेको थियो । ऋग्वेदको कुनै श्लोकबाट थाहा हुन्छ कि वैदिक ऋषि नृत्यकलासँग अपरिचित थिएनन् । वेदहरूमा नृत्य तथा मृदङ्ग, वीणा र वेणी आदि वाद्ययन्त्रको उल्लेख भएबाट यो सिद्ध हुन आउँछ कि नृत्यकला १५०० इसापूर्वमा पनि विद्यमान थियो ।

नृत्यकलाको विकास मानव समाजको सभ्यताको साथसाथै भएको हो । जुन समयमा मनुष्यलाई भाषाको ज्ञान थिएन, त्यस समयमा उसले आफ्नो हृदयको भावलाई विभिन्न अंग संचालनहरूद्धारा प्रकट गर्दथ्यो, जसबाट धेरै मुद्राहरूको उत्पत्ति भयो र जसको प्रधानता नृत्यकलामा विद्यमान छ । वर्तमान समयमा भरतको नाट्यशास्त्र नै सांगीतिक ग्रन्थ हो । यस ग्रन्थमा नाट्य र संगीतको सम्पूर्ण अंगहरूमा वृहत् प्रकाश पारिएको छ । हिन्दू धर्मानुसार ब्रह्माजीले देवताको अनुरोधमा नाट्यवेदको रचना गरे ताकि मर्त्यलोकका मानवजातिले यसबाट आनन्द प्राप्त गर्न सकून् । भरतले गन्धर्व र अप्सराहरूको सहयोग लिएर नाट्येश्वर शिवको सम्मुख नाट्यवेदको क्रियात्मक प्रदर्शन गरे । यस नृत्यबाट आदि नर्तक भगवान् शिवजी अति प्रसन्न हुनुभयो । उहाँले भरतलाई ताण्डव नृत्यको शिक्षा तण्डुबाट तथा लास्य नृत्य शिक्षा आदि नर्तक माता पार्वतीबाट दिलाउनुभयो । यस किसिमले भरत नृत्यकलाको महान पण्डित हुन पुगे । उनलाई शास्त्रीय र क्रियात्मक दुवैको पूर्ण ज्ञान थियो । प्राचीनकालमा नटहरूलाई भरत भनिन्थ्यो । अभिनय गर्नेलाई नट, खाली नृत्य गर्नेलाई नर्तक नृत्यकलाको समुचित ज्ञान राख्नेलाई कुलिषव अथवा कृशाश्व भनिन्थ्यो । जसले गीत गाउँथ्यो, त्यसलाई शैलुष अथवा शिलाली र जसले खाली नृत्य गर्दथ्यो, त्यसलाई सूत भनिन्थ्यो ।

नृत्यलाई हाम्रो हिन्दू धर्ममा मोक्षप्राप्तिको सर्वश्रेष्ठतम साधना भनिएको छ । जसले प्रसन्न चित्त भएर श्रद्धा र भक्तिपूर्वक भावहरूसहित नृत्य गर्दछ, त्यो जन्मजन्मान्तरको पापहरूबाट मुक्त भएर जान्छ भन्ने कुरा नाट्यस्रष्टा भरतको "भरतनाट्यम्" नाट्यशास्त्रबाट थाहा पाउन सकिन्छ ।

नृत्यको उत्पत्ति वैदिक कालभन्दा पनि अगाडिदेखि नै प्रचलनमा आएता पनि यसलाई व्यवस्थित पार्ने काम नाट्यस्रष्टा भरतबाट भयो ।

चपला अवलाहरू एक सुरमा
गुनकेशरीको फूल लिई शिरमा ।
हिड्न्या सखि लीकन वरिपरी
अमरावति कान्तिपुरी नगरी ॥

– आदिकवि भानुभक्त आचार्य

भन्छन् सबै सुख भनी सुख त्यो कहाँ छ ?
आफू मिटाइ अरुलाई दिनु जहाँ छ ।

– महाकवि देवकोटा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संस्कृत शिक्षा

✍ लेशमणि दाहाल "शशी", सं.छा.वा.

संस्कृत भाषा मानव समाजको लागि अत्यन्तै उपयोगी भाषा हो । यस भाषाको व्यवहारिक तथा सैद्धान्तिक पक्षको सूक्ष्म अध्ययन तथा विश्लेषण गर्ने क्षमताको विकास भएको मानिसले जुनसुकै क्षेत्रमा आफ्नो बौद्धिक व्यक्तित्व प्रदर्शन गरिरहेको हुन्छ। वर्तमान मानव सभ्यतालाई नियाल्दा अत्यन्तै उच्छृंखलतातर्फ आफूलाई अग्रसर गराइरहेको हामी पाउँदछौं तर सचेत नागरिकको चाहना आफ्नो सन्तति अनुशासित र सभ्य बनोस् भन्ने हुन्छ। यसरी नैतिकताको विकास गर्न हरेक शिशु, युवा तथा वृद्धलाई संस्कृतको अध्ययन गर्नुपर्ने टड्कारो आवश्यकता पर्दछ किनभने संस्कृतमा नै वैदिककालदेखिका नैतिक शिक्षाहरू समेटिएका छन्। नैतिकतालाई अपनाउन सक्षम मानवले एक्काइसौं शताब्दीमा महत्वपूर्ण स्थान ओगट्छ किनभने आजको युगमा अनैतिक र दृष्टिकोणविहीन मानवको कुनै कमी छैन ।

संस्कृत भाषामा लिपिबद्ध भएका प्राचीन ग्रन्थहरूको अध्ययन गर्न सक्ने मानिसको कमीले गर्दा नै आज विश्व भीरको फर्सी भएको छ, न तल न माथि । संस्कृतमा लेखिएका दर्शन साहित्यदेखि आयुर्वेद, ज्यौतिष, कामशास्त्रसम्मको अनुशीलन गरेर त्यसमा भएका अमृतपान गराएर संत्रस्त मानव समाजलाई शान्तिको शीतलता प्रदान गर्नुपर्ने देखिन्छ । अमृत भनेर समुद्र मन्थन गर्दा निस्किएको पेय पदार्थ नभएर कलियुगको अत्यन्तै कहालीलाग्दो पापको कुण्ड तथा जञ्जालबाट शान्तिपूर्ण एवं आत्मसन्तुष्टिका साथ बाँच्ने, जुन शक्ति संस्कृतको गहन अध्ययनले दिन्छ, त्यति नै कलियुगीय पीयूष हो । यसरी ब्राह्मणले मात्र संस्कृत पढ्नुपर्छ भन्ने मान्यतालाई तिलाञ्जलि दिएर हरेक वर्गका सम्पूर्ण मानवले संस्कृतको अध्ययन गर्नु अत्यावश्यक भइसकेको छ किनभने पश्चिमी विद्वान्हरूले संस्कृतको अध्ययन तथा अनुशीलन गर्न प्रारम्भ गरिसकको र कम्प्युटरले पनि संस्कृतको आवश्यकता महसुस गरिसकेको वर्तमान परिप्रेक्ष्यमा संस्कृतको अध्ययनले प्रजातन्त्रीकरणको अवधारणालाई विकसित गर्न मानव समुदायको हृदयमा सकारात्मक सन्देश पुऱ्याउने निश्चितप्रायः छ । प्रजातन्त्रमा मानव समूदायको सुरक्षित तथा संरक्षित अधिकारको सुव्यवस्थित ढङ्गले उपयोग हुने हुँदा प्रजातन्त्रीकरणमा संस्कृतले महत्वपूर्ण भूमिका खेल्ने देखिन्छ ।

प्रजातन्त्रमा वाक् स्वतन्त्रता हुन्छ । हरेक प्रजातान्त्रिक मुलुकमा जनताको समस्याको समाधान जनताले नै गर्ने गरेको हुन्छ। तर जब आफ्नो विचार तथा दृष्टिकोण अभिव्यक्त गर्न स्थानीय मानिस असक्षम हुन्छन्, त्यहाँ कुनै प्रकारको स्वतन्त्रता हुदैन । यदि बौद्धिक स्तर को मानिस भएको खण्डमा त्यसका हरेक आत्मकुण्ठालाई वैचारिक अभिव्यक्तिको माध्यमबाट प्रस्फुटित गरियो भने त्यहाँ कुनै प्रकारको डर त्रासले ठाउँ पाउँदैन । त्यहाँका मानिसको भावना विशुद्ध सामाजिक सम्मृद्धितर्फ उन्मुख हुन्छ र मानिसले गौरवको अनुभूति गर्दछ । तर यसका लागि संस्कृतको ज्ञान अत्यावश्यक हुन्छ । त्यसकारणले पनि राष्ट्रको स्वाभिमानी नागरिक बन्नको लागि नैतिकवान् तथा व्यवहारिक शिक्षाको अध्ययन गर्नुपर्छ जसका लागि संस्कृत शिक्षा उपयुक्त देखिन्छ ।

वर्तमान समयमा मानवले हरेक प्रकारका पीडालाई भोगिरहेको छ। क्यान्सर, एड्सजस्ता प्राणघातक रोगले करोडौं मानिसलाई अकालमा नै मृत्युको मुखमा पुऱ्याइरहको छ । त्यसबाट मुक्ति तथा विजय पाउन अहिलेसमम मानव समाजले सकेको छैन । युद्ध चलिरहेको छ। यस्तो अवस्थामा संस्कृत शिक्षाको प्रमुख अंग आयुर्वेदको अध्ययनले प्राणघातक रोगहरूलाई जडिबुटीका माध्यमबाट सजिलै पराजित गर्न सकिन्छ भन्ने पूर्वीय विद्वानहरूको मान्यता रहेको पाइन्छ । त्यस्तै दैनिक योगाभ्यास गऱ्यो भने साधारण पीडालाई तत्काल त्याग्न सकिन्छ र शारीरिक तन्दुरुस्ती तथा मानसिक स्वच्छताले भविष्यको लक्ष्य पूरा गर्न सक्षम हुने कुरामा द्विविधा छैन ।

संस्कृतको कुरा गर्दा ज्यौतिष शास्त्रको सूक्ष्म अध्ययन गर्ने हो भने आधुनिक शिक्षाबाट डाक्टर, इञ्जिनियर भएकाहरू भन्दा सम्मानपूर्वक रोजगारीको अवसर पाउन सकिन्छ। ज्यौतिषको अध्ययनबाट गणितको राम्रो अध्यापक बन्ने कुरामा दुईमत छैन । अहिलेको अवस्थामा गणित जस्तो विषयमा विशिष्टता हासिल गर्ने हो भने त्यसबाट राम्रो इज्जत तथा अर्थप्राप्ति हुन्छ । कुनै पनि विद्वान्को अगाडि आर्थिकरूपले सम्पन्न मानिस पनि जम्लाहात

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्न जान्छन् । तर किन ? उनीहरूसँग पैसा नभएर हो त ? हैन, विद्वता र सम्पन्नतामा ठूलो अन्तर भएको कारण विद्वान् बन्नु लाभदायक देखिन्छ । इतिहासले धनाढ्यलाई भन्दा विद्वान्लाई नै महत्त्व दिएको पाइन्छ । हिन्दू समाजमा नित्यकर्मदेखि हरेक प्रकारको चाडपर्वमा पनि पुरोहित तथा पण्डितको आवश्यकता पर्दछ । पण्डितलाई अत्यन्त सम्मानका साथ आदरभाव दर्शाइन्छ। व्यासासनमा बसेको पण्डितले मन्त्रीको भन्दापनि सम्मान पाउँछ। पैसा पनि राम्रो आर्जन गर्दछ। समाजमा प्रतिष्ठित व्यक्तिको रूपमा परिचित हुन्छ । त्यस्तो राम्रो परम्परालाई संकुचित मानसिकताले गर्दा अहिले पण्डित हुनु राम्रो होइन भनी भन्दछौं। म के ठोकुवा गर्न चाहन्छु भने मन्दबुद्धिवालाले पण्डितको आलोचना गरे पनि चतुर तथा उच्च बुद्धिको मानवको मूल्यांकनमा पण्डित अत्यन्तै वरिष्ठ बुद्धिजीवीको रूपमा प्रतिष्ठित हुन्छ । त्यसैले मन्दबुद्धिवाला पण्डित हुन सक्दैन किनभने उसँग ज्ञानभण्डारको कमी सदैव हुन्छ । यसकारण के भन्न सकिन्छ भने, संस्कृत शिक्षाले मानव जीवनको हरेक क्षणमा वास्तविक गोरेटोको निर्देशन गरिरहेको हुन्छ र जीवनको सार्थकता पनि सिद्ध हुन्छ।

संस्कृत शिक्षालाई विश्वव्यापीकरण गर्नमा हिन्दूहरूले ठूलो बलिदान गर्नुपर्ने देखिन्छ । मित्रराष्ट्र भारत र नेपालको मित्रवत् सम्बन्ध पनि धार्मिक तथा सांस्कृतिक सम्बन्धका कारण अझ प्रगाढ हुँदै जानेछ। संस्कृतको विकासको लागि दुवै राष्ट्रका सरकार र स्वतन्त्र बुद्धिजीवीहरूले संयुक्त रूपमा बृहत् कार्यक्रम अगाडि सार्नुपर्ने देखिन्छ । भविष्यमा सारा मानवको आत्मालाई प्रज्वलित गर्ने तथा सम्पूर्ण प्राणीहरुको रक्षा एवं नैतिक धरातलमा उभ्याउन सक्ने संस्कृत शिक्षाको विश्वव्यापीकरण गर्नमा हरसम्भव उपायहरुको प्रयोग गर्न संस्कृतको अनुशीलन गर्ने सबै विद्वान्हरूले अवश्य पनि कदम चाल्नुपर्ने देखिन्छ नत्र भने संस्कृत शब्दविना आफ्नो भावना व्यक्त गर्न नसक्ने भाषिक लंगडाहरूले नै संस्कृतलाई निमिट्यान्न पार्ने जुन कोशिस गर्दछन् त्यसको प्रतिरोध तथा विकासमा श्री ५ को सरकारले पनि केही कदम चाल्नुपर्नेदेखिन्छ। संस्कृतको विरोध गर्ने अल्पज्ञान भएका मानिसहरूले हो। वर्तमान शैक्षिक गुणस्तर एकदम स्तर हीन भएकोले राष्ट्रले दुःख पाइरहेको छ। संस्कृत साहित्यको रक्षा एवं सम्पूर्ण मुलुकको उज्वल भविष्यको लागि संस्कृत शिक्षालाई पनि पाठ्यक्रम तयार गरी लागू गरेमा हिन्दू राष्ट्र नेपाल विश्वमा उदाहरणीय बन्नसक्ने कुरामा दुईमत छैन । संस्कृत शिक्षा राम्रोसँग अध्ययन तथा विश्लेषण गर्ने क्षमता भएको मानिसले २१ औं शताब्दीमा विश्वको राजनीतिक तथा साहित्यिक नेतृत्व गर्ने कुरामा सन्देह छैन ।

पूर्वमीमांसा परिचय

✍ रामप्रसाद रिमाल "बन्धु", सं.छा.बा.

मीमांसा शब्दको उत्पत्ति पाणिनीय व्याकरणका अनुसार "मानोर्जिज्ञासायाम्" मान् धातुको पूजाअर्थ, जिज्ञासा अर्थमा प्रयोग भएको छ। मीमांसा भन्नाले पूजित विचार वा जिज्ञासा भन्ने बुझिन्छ । मीमांसा दुई प्रकारको छ । महर्षि जैमिन प्रणीत पूर्वमीमांसा र बादरायण प्रणीत उत्तर मीमांसा। पूर्वमीमांसा (धर्ममीमांसा) का सूत्रकार - जैमिनि भाष्यकार - शवरस्वामी, वार्तिककार - कुमारिलभट्ट, प्रभाकर मिश्र हुन् । व्याख्याताहरू पार्थ सारथि मिश्र, मण्डन मिश्र, मुरारिमिश्र,, लौगाक्षी भाष्कर खण्डदेव, आयदेव, चिन्हस्वामी आदि मीमांसकहरू छन्। "आथातो धर्मजिज्ञासा" भन्ने पू.मी. को प्रथम सूत्र हो । पू.मी. मा सूत्रकार जैमिनि महर्षिले १२ अध्यायमा धर्मका विषयमा अन्य दार्शनिकहरूको मत राखेर ती मतहरूको विखण्डन गर्दै आफ्नो मत स्थापना गरेका छन् । पूर्वमीमासा शास्त्रमा चारैवेदमा उठेका विविध शंकाको समाधान गरी निर्णय गरिएको छ । जस्तै वैदिक कर्ममा कसलाई अधिकार छ ? नित्य कर्म, निषिद्ध कर्म नै मितिक कर्म काम्य कर्म गरी चार कर्म उल्लेख गरेको पाइन्छ। पूर्वीय दर्शनको दुई भेद छ - वैदिक (आस्तिक) अवैदिक (नास्तिक) । पूर्वमीमांसा वैदिक षड्दर्शन मध्येको एक दर्शन हो। धर्मका विषय विमर्श गरेर ठोस निर्णय गर्न सक्ने शास्त्र हो पूर्वमीमांसा । आधुनिक कालमा कानूनमा पूर्वमीमांसाको प्रभावपरेको पाइन्छ। आ-आफ्नो तर्कद्वारा आफुले उठाएको विषयलाई पुष्टि गर्न यस पूर्वमीमांसाले महत्वपूर्ण भूमिका खेलेको छ । यो पूर्वमीमांसा दर्शन शास्त्र हो । यसले तर्कपेश गर्न र पुष्टि गर्ने क्षमता प्रदान गर्दछ । दर्शन र शिक्षाले मात्र मानिस सक्षम दार्शनिक, सामाजिक हुदै जान्छ । प्रत्येक मानिसको आफ्नो दर्शन (विचार) हुन्छ । यदि मौलिक विचार छैन भने ऊ मान्छे नै होइन, कि पागल हुन्छ कि ईश्वर । यसकारण प्रत्येक मानिसले दर्शनको अध्ययन गर्नु आवश्यक छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सिद्धान्त ज्यौतिष र यसको विलक्षणता

✍ नेत्रप्रसाद अधिकारी, सं.छा.वा.

ज्यौतिष शास्त्रको गहनतालाई विद्वानहरूले आ-आफ्नो तरिकाले वर्णन गरेका छन् । ज्यौतिषशास्त्रलाई परम्पवित्र ग्रन्थ वेदको आँखाको रूपमा ग्रहण गरिएको छ । समस्त मनीषीहरू स्वीकार गर्दछन् कि वेदमात्र संपूर्ण मानवजातिको कल्याणकारी पथ प्रदर्शक हो र वेदमा कुनै पनि विषय अनुपलब्ध छैन । वेदशास्त्रको ज्ञान प्रवर्तक (शिक्षा, कल्प, व्याकरण, ज्योतिष, निरुक्त, छन्द) अङ्गशास्त्र हो । षडङ्गमा ज्योतिषलाई किन श्रेष्ठ मानिन्छ भन्ने प्रश्नको उत्तर भास्कराचार्य स्वयंले दिएका छन् ।

वेदास्तावद्यज्ञकर्मप्रवृत्ता यज्ञाः प्रोक्तास्ते ते कालाश्रयेण ।
शास्त्रादस्मात् कालबोधो यतः स्याद्वेदाङ्गत्वं- ज्योतिषस्योक्तमस्मात् ॥

वेदशास्त्र हामीलाई यज्ञ गराउनमा प्रवृत्त हुन्छ । शुभ मुहूर्तमा गरिएको यज्ञादि शुभकार्य सफल तथा अशुभकालमा सम्पन्न कर्म असफल हुन्छ । शुभाशुभ समयको ज्ञान ज्योतिषशास्त्रबाट संभव हुन्छ । जसरी सम्पूर्ण अङ्गले परिपूर्ण व्यक्ति आँखा विना केही पनि गर्न समर्थ हुँदैन त्यसरी नै ज्यौतिषशास्त्र विना वेद निरर्थक हुन्छ । वेद-चक्षुस्वरुप यो ग्रन्थको तीन स्कन्धहरू छन्- गणित सिद्धान्त र फलित ।

गणित स्कन्धमा व्यक्ताव्यक्त गणितका साथसाथै क्षेत्रमिति त्रिकोणमिति, चलनकलन इत्यादि विषयका अतिरिक्त अन्य विषयहरूको अध्ययन गरिन्छ । सिद्धान्तस्कन्धमा आकाशमा निरन्तर भ्रमण गर्ने सूर्यादि ग्रहपिण्डहरूको गतिस्थिति एवं राशि तथा नक्षत्रहरूका बारेमा विस्तृत अध्ययन गरिन्छ र ज्यौतिषशास्त्रको तृतीय स्कन्ध फलितशास्त्र वृहद् र व्यापक छ । भास्करको शब्दमा

ज्योति : शास्त्रफलं पुराणगणकैरादेश इत्युच्यते
नूनं लग्न वलाश्रित पुनरयं तत्स्पष्टखेटाश्रयम् ।
ते गोलाश्रयिणोन्तरेण गणितं गोलोऽपि न ज्ञायते
तस्माद्यो गणितं न वेत्ति स कथं गोलादिकं ज्ञास्यति ॥

ज्योतिषशास्त्रको प्रयोजन भूत, भविष्य तथा वर्तमानको शुभाशुभ कथनरूप आदेश हो । शुभाशुभफलको आदेश लग्न कुण्डलीमा स्थापित ग्रहस्थिति अनुसार हुन्छ । ग्रहस्थिति स्पष्टग्रह अनुसार हुन्छ । अतः ग्रहगणित ज्ञान विना गोलज्ञान संभव नभएकाले ज्योतिष अध्ययनार्थ सर्वप्रथम गणितस्कन्धको ज्ञान अत्यावश्यक हुन्छ ।

वि.सं. ११७१ सालमा जन्मिएका भास्कराचार्यले सिद्धान्त शिरोमणिमा सर्वप्रथम गणिताध्यायको रचना गरेका छन् । गणिताध्यायमा पनि सुरुमा उनले लीलावती नामक अंक गणितको रचना गरेको पाइन्छ । लीलावती नाम गरिएकी बालिकालाई सम्बोधन गरेर प्रश्नोत्तर रूपमा सरल, रोचक अनि लालित्यपूर्ण शैलीमा लेखिएको लीलावती नामक पाटी गणितले भास्करको अद्भूत गणितकौशललाई प्रदर्शन गर्दछ । यद्यपि सम्पूर्ण वैज्ञानिक चमत्कारहरू गणितमा आधारित भए पनि गणितलाई निरस विषयको रुपमा ग्रहण गरिन्छ तर भास्करीय अङ्गगणित मात्र एउटा त्यस्तो गणित हो जुन छन्दवद्ध शैलीमा रोचक ढङ्गले प्रस्तुत गरिएको छ । एघारौ शताब्दीमा सृजित यस्तो अदभूत गणित न त्यो भन्दा अगाडि लेखिएको न त तत्पश्चाद् नै लेखिएको छ ।

भास्करीय अङ्गगणित आधुनिक गणितपद्धतिसँग सादृष्य छ भने कतिपय नवीन प्रकारको छ । पाश्चात्य गणितका प्रवर्तक मानिने न्युटन महोदयको जन्मभन्दा पनि चार-पाँच शताब्दीपूर्व रचना गरिएको यो गणितपद्धतिको अध्ययन गर्दा भास्कराचार्यको गणित पाण्डित्यको सबैले प्रशंसा गर्दछन् । भास्करको संकलन तथा व्यवकलनको उत्क्रमविधि, वर्ग पत्तालगाउने तरिका, शून्यव्यवहार भागापवाहको रीति, सूवर्ण तथा रत्न गणित तथा श्रेणी आधुनिक पुस्तकभन्दा नवीन छ । उदाहरणार्थ भास्करको वर्ग निकाल्ने एउटा तरिका यहाँ प्रस्तुत गरिन्छ ।

समद्विघातःकृतिरुच्यतेऽथ स्थाप्योऽन्त्यवगोद्विगुणांत्यनिघ्ना ।
स्वस्वपरिष्टाच्चतथाऽपरेऽङ्गास्त्यक्त्वांत्यमुत्सार्य पुनश्च राशिम् ॥

कुनै अंकलाई त्यसैले गुणनगर्दा आउने गुणनफललाई त्यो अंकको वर्ग भनिन्छ । (वायाँ पक्षको अंक पहिले लेख त्यसपछि त्यो भन्दा आगाडिको अंकको दुईगुणा गरी पहिले वर्ग गरिएको अंकसंग गुणन गरेर एक स्थान अगाडि बढाएर लेख । त्यसपछि अन्तिम अंकको वर्गलाई पनि एकस्थान अगाडि बढाएर लेख । यी सबैको योगफल नै वर्ग हुन्छ ।) केही उदाहरणहरू :

क) ८५ को वर्ग निकाल्दा सर्वप्रथम ८ को वर्ग गर्नु

पर्छ $८^२ =$ ६४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८ को दुई गुणा १६ लाई ५ ले गुणन

गर्दा २x८x५ = ८०

अन्तिम अंक ५ को वर्ग २५ लाई एकस्थान अगाडि वढाएर लेख्दा ५² २५

७२२५ उत्तर

यदि तीन वा सो भन्दा वढी संख्याको वर्ग निकाल्नु छ भने पहिले दुई अंकले वनेको संख्याको वर्ग निकालेर त्यसलाई एउटै अंकमानेर शेष अंकलाई पूर्वोक्त प्रकृया अपनाउनु पर्छ।

(ख) १२३४² = ? वा १२३४ ² = ?

सर्वप्रथम १२² = १²= १

२ x१x २ = ४

२² = ४

१४४

यसपछि १२३² = १२² = १४४

२ x१२ x३ = ७२

३² = ९

१५१२९

र

१२३४² = १२३² = १५१२९

२x १२३x ४ = ९८४

४² = १६

१५२२७५६ उत्तर

भास्करको वर्ग पत्तालगाउने अन्य दुई विधिहरू आधुनिक गणितसँग मिल्दाजुल्दा छन् आधुनिक गणितमा सामान्य गुणन प्रकृयावाट नै वर्ग निकालिन्छ। भास्करका अन्य रोचक र द्योतक प्रसंगहरू अरुणोदयका आगामि अंकहरूमा।

२७९ औं पृथ्वी जयन्ती
तथा
राष्ट्रिय एकता दिवसको
उपलक्ष्यमा
समस्त देशवासी दाजुभाइ
तथा दिदीबहिनीहरूमा
हार्दिक मंगलमय
शुभकामना
व्यक्त गर्दछौं।

सन्देश अधिकारी
सभापति
तथा
स्व.वि.यू. परिवार
सरस्वती ब. क्याम्पस

२७९ औं पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवसको उपलक्ष्यमा
समस्त देशवासी दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय
शुभकामना व्यक्त गर्दछौं।

उच्चमाध्यमिक शिक्षा परिषद्, परिवार
सानोठिमी, भक्तपुर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मेरो देश (नेपाल)

✍ रामचन्द्र अधिकारी (सं.छा.वा.)

हिमालको काखमा, एशियाको माझमा, भारत र चीनको बीचमा रहेको नेपाल अनादिकाल देखि आफ्नो शान विश्वभर फैलाउन अनवरत प्रयत्नशील छ। लडाकुको देश भनेर चिनाउने प्रयास भीमसेन थापा, बलभद्र कुँवर जस्ता सपूतले गरेका थिए भने विश्वशान्तिका अग्रदूत गौतमबुद्धले शान्तिको देश भनेर चिनाएका छन्। नेपाल जलस्रोत सम्पन्न विश्वको ब्राजील पछिको देश हो। विश्वमानचित्रमा नेपालको सीमाना सानो भए पनि नेपालभन्दा सानो देश ७६ रहेको कुरालाई कसैले नकार्न सक्दैन। हिमालको सेतो फेटा गुतेर, पहाडको हरियो भोटो र तराईको पहेंलो कछाड फेरेर बसेको मेरो देश अनादि कालदेखि हामो रक्षागर्न समर्पित छ। यस देशको आकृति सानो भए पनि विश्व ब्रह्माण्डको मुटु हो र मेरो हृदयको ढुकढुकी हो। यसदेशको चारकिल्ला भित्र प्रकृति देवीले आफ्नो रम्यक्रीडास्थल बनाएकी छिन् साथै हाम्रो देशको रक्षामा खटिएकी छिन्। पूर्व र पश्चिममा नदीरुपी साँध कोरेर उत्तरतर्फ प्राकृतिक पर्खाल लगाई स्वयं प्रकृति देवी नै यस देशको रक्षामा समर्पित छिन्। मेरो देश विचित्रता, विविधता र अनेकता भित्र एकता भएको देश हो। नेपाललाई देखेर विदेशी पाहुनाहरू यस देशमा ओइरिनुबाट र नेपाल पर्यटकहरू भित्र्याएर आर्थिक अवस्था सुधार्न पाउँदा आत्म गौरवको सिंढी चढेको महसुस गर्दछ। धार्मिक सहिष्णुता, बहुजातीय, बहुभाषिक, संवैधानिक प्रजातन्त्र, बहुसंख्यक हिन्दूहरूको देश भनेर समेत हाम्रो नेपाललाई चिन्न नसकिने होइन।

नेपाल बहुभाषिक देश भए पनि धार्मिक सहिष्णुता भने विद्यमान नभएको भन्न सकिदैन। यहाँ बहुजातीय मानिसहरू बस्दछन्। साथै उनीहरूको संस्कृति, परम्परा रीतिरिवाज, चालचलन, मानमर्यादा आ-आफ्नै किसिमको नभएको होइन। शेर्पाको नाच, गुरुङको रोदी, नेवारको लाखेनाचले विभिन्न जातिको आ-आफ्नौ संस्कृति विद्यमान रहेको कुरालाई नकार्न सक्दैन। उनीहरूको यस्तो प्रकारको मधुर मुस्कानले गर्दा कोलाज सौन्दर्यको प्रस्फुटन भएर नेपाली संस्कृतिको जन्म भएको छ। यहाँ कल-कल बग्ने खोला र छइ्-छइ् गर्ने झरनाको मिश्रणले तुमुल ध्वनी निस्कन्छ र त्यसबाट अवर्णनीय, अकल्पनीय, असोचनीय आनन्दको वर्षा हुन्छ। जब मानिसले आफ्नो आङ्ग फुकाएर फराकिन्छ त्यसपछि उसले "वसुधैव कुटुम्बकम्" को भावनाले अघि बढ्दछ। यस्तो प्रकारको भावना जागृत भएर नै होला गोसाईथानको यात्रामा देवकोटा गुनगुनाउँछन्, रम्घाको पाखामा भानु उदाउँछन्, दमौलीको पाखामा वेदव्यास पलेटी कस्दछन् अघौं अर्चलेले लेखनाथ जन्माउँछ, औसीको कालो रातमा पनि भोंसिको टोलमा मोति चम्कन्छ।

"संघे शक्ति कलौ युगे" भन्ने चेतना कमिलाको ताँतीले दिन्छ, ढुकुरजोडीलाई प्रेमको प्रतीकको रूपमा लिन सकिन्छ र सेतो परेवालाई शान्तिको प्रतिक मान्दै विश्वभर शान्ति फैलियोस भन्ने भावना जागृत गराउन सकिन्छ। मेरो देश कलापूर्ण बुट्टाले सिंगारिएका मन्दिरहरू रहेको देश हो। यहाँ ललितकलाका विभिन्न विधाका मन्दिरहरू देख्न सक्दछौ। यहाँका मठ, मन्दिर र देवालयहरूमा चित्रकला, वास्तुकला, मूर्तिकला आदिका ज्वलन्त नमूनाहरू हालसम्म पनि रहेकोले नेपाल कलाकौशलको देश हो भन्न सकिन्छ। मन्दिरका कलापूर्णबुट्टाबाट (मैले) आध्यात्मिक शिक्षा पाएको छु भने मन्दिर हेर्न आउने पर्यटकहरूबाट मेरो देशले आर्थिक खुराक पाएको छ। यहाँ सबादुई कोटी नेपालीहरूको सुरक्षा गर्न तेत्तीसकोटी देवता पहरा बसेका छन्। मेरो देश लडाकुहरूले जन्मलिएको देश मात्र होइन सीता, सावित्री जस्ता पतिपरायण नारीहरूले जन्मलिएको, पासाङ ल्हामु शेर्पा जस्ता वीरङ्गनाले जन्मलिएको साथै पृथ्वी नारायण शाह जस्ता बहादुर, साहसी, दूरदर्शी व्यक्तिहरूले जन्म लिएको देश हो। मेरो देशको माटोले यस्तै वीरवीरङ्गनाहरूलाई जन्म दिएको छ र प्रकृतिले हुर्काएको छ। हाम्रो देशको माटोले हामीलाई सानैदेखि बहादुर बनाएको छ र हामीलाई संघर्षशील बनाएको छ। विभिन्न राज्यहरूलाई परास्त गर्नुबाट नेपालीहरूको वीरताले सातसमुद्र छिचलेको कुरालाई कसैले पनि नकार्न सक्दैन।

मेरो देशको हालको अवस्था शुक्लपक्षको जून जस्तो भएको छ तर त्यस जूनमा थोरै ग्रहण लागेको छ। पूर्खाको पौरख पस्केर घिच्दा घिच्दा नपुगेर रित्तो भाँडो थापेर दातृराष्ट्र समक्ष आज हामीले भिक्षा माग्नु परेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छ । विदेशीको ऋणमा नेपाल डुबिसकेको छ । पाश्चात्य देशको प्रभावले नेपाली युवतीहरू अर्धनग्नावस्थाबाट जङ्गलीयुग तर्फ लाग्दैछन् र विदेशीहरूको नक्कल वा सिको सिक्दैछन् समानाधिकार पाउनु पर्ने माग राख्दै नारीअंशको नारालाई देशव्यापी रुपमा बुलन्द पार्न लागिपरिरहेका छन्, सायद यस्तो हुनुमा "नेपाली कुकुरको वेलायती भुकाई" भन्ने उक्तिलाई सार्थक बनाउनु नै होला । यहाँका मठ, मन्दिर, देवालयहरूले डम्पिङ्ग साइडको झल्झल्को दिइर हेका छन् साथै सगरमाथा समेत फोहोर र प्रदुषणबाट बलात्कृत हुन पुगेको छ । यहाँका वनजंगलहरू नाङ्गिदै गएका छन् साथै यस्तो हुनुमा जनसंख्या वृद्धिले नै हो । जलस्रोतले सम्पन्न यस देशले टुकी युगमा थन्किनु परेको छ । राजधानीको मुटुमा बग्ने विष्णुमती र वागमती ढलमती हुन पुगेका छन्, साथै यहाँका अधिकांश जनता पानी नआउने धारामा रित्तो गाग्रीको लाम राख्न बाध्य भएका छन् । यहाँ विदेशबाट साम्प्रदायिक दुर्भावनाका किरणहरू पस्न खोजिरहेका छन् । यस्तो हुनुमा नेपाल र भारतको सीमा खुल्ला हुनु नै कारक तत्व मान्न सकिन्छ । नेपाली चेलीहरू भारतका वेश्यालयमा वेचिन बाध्य छन् उही खुला सीमाका कारण यस्तो प्रकारको विकृति र विसंगतिले मेरो देशको हृदय दुखेको महशुस मैले गरेको छु ।

आदिम ऋषिहरूको तपोभूमि, वीरवीरङ्गनाहरूको जन्मभूमि, कुँवेरको खानी, गौतमबुद्धको देश आदि भनेर चिनिने मेरो देशले अनादिकालदेखि आफ्नो छविलाई कायम राख्दै आइरहेको छ र अब पनि राख्ने छ, देशमा रहेका तमाम विकृति र विसंगतिलाई चिरफार गर्दै देश विकासको गतिमा लाग्न र देशको गाथालाई अक्षुण्ण राख्न मलाई औधि मन लागेको छ । हाम्रो देशको अहिलेको परिस्थिति मध्यनजर गर्दा यहाँ सीता, सावित्री जस्ता पतिपरायण नारीको अभाव छ, त्यस्तै गरी रामचन्द्र जस्ता कर्तव्यपरायण, मर्यादा पुरुषोत्तमको खाँचो छ, पृथ्वीनारायण शाह जस्ता पुरुषको खाँचो छ, हनुमान जस्ता बहादुर पुरुषको अभाव छ, बलभद्र जस्ता वीर पुरुषको अभाव छ । यस्ता वीर, वीराङ्गना, बहादुर, पतिपरायण, कर्तव्यपरायण व्यक्तिहरूको जन्म नेपाली आमाले फेरि दिने छिन् र देशभर शान्ति फैलाउन सगरमाथाको टापुमा चढेर वैदिक मन्त्र उच्चारण गरेर देशभर ॐ शान्ति फैलाउने छिन् । यसमा कुनै शङ्का छैन ।

"पुरुषहरूले आफ्नो बानी व्यवहारलाई जिम्मेवार बनाऔं
एच.आई.भी./एड्सको संक्रमणबाट सबैलाई बचाऔं"

१. तीव्रगतिमा फैलिने एच.आई.भी./एड्स संक्रमणमा बढी भर पर्दछ । यस रोगको संक्रमणबाट बच्न उनीहरूले आफ्नो बानी व्यवहारलाई सदा सुरक्षित राख्नु पर्दछ ।

२. एच.आई.भी./एड्सको संक्रमणको गतिलाई कम गराउन पुरुषहरू अफ बढी जिम्मेवार हुनु पर्दछ । पुरुषहरूको बानी व्यवहार सदा सुरक्षित भएमा एच.आई.भी./एड्सको फैलने गतिमा नियन्त्रण ल्याउन सकिन्छ ।

३. एच.आई.भी./एड्सका विरुद्ध देशव्यापी रूपमा अभियान संचालन गर्न सम्पूर्ण सरकारी, गैरसरकारी र अन्तर्राष्ट्रिय संघ संस्थाहरू एकबद्ध हुनु पर्दछ ।

४. पुरुषहरूले सदा सुरक्षित यौन व्यवहार र उपयुक्त समय मै स्वास्थ्योपचार गराएमा एच.आई.भी./एड्सको संक्रमणको गतिलाई उल्लेखनीय रूपमा घटाई परिवर्तन ल्याउन सकिन्छ ।

स्वास्थ्य मंत्रालय, स्वास्थ्य सेवा विभाग
राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्र, टेकू ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आजको कान्तिपुर

✍ नारायण खतिवडा, सं.छा.वा.

सुनिन्थ्यो नेपालको राजधानी कान्तिपुरी नगरी विभिन्न आधुनिक सुविधाले युक्त छ , तर वास्तविकता नै यस्तै रहेछ यहाँका सडकहरू निपूर्ण छन् फोहर र दुर्गन्धले। मानिसले मिल्काएका फोहोर मात्र नभएर सामाजिक तथा राजनैतिक प्रदूषण र दुर्गन्धको प्रशस्त स्वाद लिन पाइन्छ। राजधानी वासीहरूले वस्तुको फोहोरलाई मात्र नभएर राजनैतिक तथा सामाजिक प्रदूषण, फोहोर, दुर्गन्धलाई पनि ओलकको रूपमा स्वीकार गर्नु परेको छ र बाध्यता नै भै सकेको छ राजधानीमा।

राजधानीका सडकहरूमा रातको ८ वज्न पाउँदैन मोलतोल हुन्छ। सडकको केवल एक रातको लागि यहाँ वडाबड छ क्रेता र विक्रेताको। अचम्म लाग्छ मलाई, उही पृथ्वीका सन्ततीको राजधानी उही सीता अनि बुद्धको देश। यहाँका सडकमा विभिन्न दृष्यको अवलोकन गर्न पाइन्छ। युवा-युवतीको गहकिलो चहल पहल पाइन्छ यहाँ, विदेश धाउनु पदैन यस्ता प्रत्येक सुविधा काठमाण्डौका सडकहरूमा डान्स रेष्टुरेन्टहरूमा, पार्कहरूमा प्रशस्त देख्न सकिन्छ। प्रत्येक गल्ली यस्तै छन् उही दुर्गन्ध, प्रदूषण, फोहोर घिनलाग्दो मानिसको घुइँचो र मानवीय व्यवहारको।

वास्तवमा यहाँका सडकहरू मानिसका लागि हैनन्, मानिसका लागि त गोरेटा बाटाहरू छँदैछन् नि। सडक केवल चिल्लो गाडी र पजेरो चलाउनका लागि मात्र हुन्। हुन पनि त हो त्यत्रा महंगा गाडी चल्ने सडकमा विनामूल्यका मानिसहरूका लागि हुनपर्ने पनि होइन। दिउँसो केवल चिल्ला सवारी साधनको लागि मात्र यो सड़क भएर होला, रातिमात्र जाँगरिला अर्धनग्न युवतीहरू सडकको भ्रमण गर्नमा व्यस्त देखिन्छन् एकाइसौं शताब्दीका रातहरूमा।

प्रत्येक समस्याको कारण आज समय बनेको छ। प्रत्येक समयको कारण जमाना बनेको छ। काठमाण्डौका प्रत्येक स्कूल अनि क्याम्पसमा सुन्दरी छनौट प्रतियोगिता हुन्छन्। बालसुन्दरी, युवतीसुन्दरी प्रतियोगिता, वृद्धासुन्दरी प्रतियोगिता हुँदाहुँदै यहाँ लाटी सुन्दरी प्रतियोगिता, कानी सुन्दरी प्रतियोगिता, विधवा सुन्दरी प्रतियोगिता समेत हुने सम्भावना देखिएको छ। नहोस् पनि कसरी उनीहरू पनि मान्छे नै हुन् उनीहरूलाई पनि सुन्दरी बन्न मन लाग्नु स्वाभाविक नै त हो।

नेपालको राजधानीमा राष्ट्रिय पोशाक प्रशस्तमात्रामा देख्न पाइन्छ, हनुमानढोका, छाउनी अनि पाटनका संग्रहालयहरूमा। वास्तवमा विदेशीको नक्कल गर्नु त स्वभाविक हो। नेपालीमा यस्तो उखान छ "देखासिखी गरी खा, आङ्गिसे मरिजा"। नेपालीहरूले नेपाली उखानलाई सार्थक बनाएका मात्र त हुन्। "देखासिखी गरी खा" यस्ता नेपाली ठेट उखानको अनुशरण गर्ने मानिसलाई हेला गर्नु त आफ्नै मनस्थितिलाई कमजोर बनाउनु हो। उखानले खुलाएको त छैन नि नकारात्मक र सकारात्मक भनेर, जुन भए पनि नेपालीहरूले अनुशरण त गरेकै छन्। समयमै गरेको काम असल हुन्छ भन्ने उक्तिलाई आजका युवा - युवतीले वास्तवमा अलि ढिलो बुझेछन् नत्र यस्ता प्रिय उखानको प्रयोग आज भन्दा एक दुई शताब्दी अगाडि नै गरिहाल्थे नि।

काठमाण्डौमा यस्तो परिस्थिति छ जे हुनुपर्ने थियो त्यो भएको छैन जे नहुनुपर्ने थियो त्यो मात्र भएको छ। मानिसले मुखमा कपडा लगाउँछन्, कान्तिपुरका गल्लीहरूमा। वास्तवमा यो त सकारात्मक पक्ष हो नि आजको महंगीको जमानामा एक मीटर कपडाको दुई चार सय पर्ने अवस्थामा सकेसम्म १/२ मीटरले नै आवश्यकताको पूर्ति गर्न सक्नु त महानता हो नि। यथार्थमा प्रचलित वस्तुको नै प्रयोग गरेका त हुन् नि कान्तिपुरीका नव युवा-युवतीले। नत्र त उही गुन्यू-चोली लगाएर ढुङ्गेयुगमा फर्किसक्थे नि।

आजका युवा-युवतीले कपडाको किफायत गर्नु, अनि देशका वहादुरहरूले घुस खानुदेखि लिएर डकैती गर्नु, कालो व्यापार गर्नु, रातो पासपोर्टको दुरुपयोग गर्नु सबै क्षेत्रमा प्रतिस्पर्धा। क्यापसहरूमा बढी प्रेमिका बनाउने प्रतिस्पर्धा अनि युवाहरूमा बढी सिनेमा हेर्ने प्रतिस्पर्धा छ। यो नै देशको उपलब्धि हो भन्न आजको परिस्थितिमा असजिलो नपर्ला। यो प्रत्येक प्रतिस्पर्धामा भाग लिने खेलाडी त हामी सबै नेपाली नै त हौं। के भयो र ? आफैं आयोजक, आफै खेलाडी, अनि आफैं विजयी।

पुस्तकस्था तु या विद्या परहस्तगतं धनम्।
कार्यकाले च सम्प्राप्ते न सा विद्या न तद् धनम्॥

(पुस्तकस्थ विद्या र अर्कालाई दिइएको धन आफूले चाहेको बेला काममा आउन नसक्ने भएकोले न त्यो विद्या हो न त धन नै।)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बाबुको वेदना

- प्रा.घनश्याम कँडेल

देख्तैं पूर्णेन्दु हाँसेको उसका म मुहारमा
उर्लन्थ्यो प्यारको ज्वार मेरो हृदय-सिन्धुमा
हाँसीरहोस्, उसैलाई लाग्थ्यो हेरिरहूँ सधैं
मभित्रै उसको रूप लाग्थ्यो, चम्किरहोस् सधैं ।

भन्थें भिजोस् उ उर्लेका मेरा स्नेह-तरङ्गमा
डुबोस् संसार बिर्सेर यहींकै रस-रङ्गमा
भोगोस् ऊ जिन्दगीलाई यौटा राजकुमार झैं
खोजोस् तीर्खा र तृप्ति ऊ यो राजदरबारमै ।

नयाँ रङ्ग चढोस् उस्का तनमा, मनमा पनि
वसन्तमा मुनाझैं होस्, वैंसमा अब ऊ पनि
जवानी उसका लागि मीठो काउकुती बनोस्
माया र प्रीतिको प्यास सधैं तृप्तिसँगै बढोस् ।

म स्वप्न-तन्तुका बुन्थें तानावाना यसै गरी
कल्पनालाई आकार दिन खोज्थें थरी थरी
खोज्दैथें म पुरा गर्न ती सम्भावित चाहना
अप्राप्तिको कुनै वेला अनुभूति नहोस् त्यहाँ ।

त्यसैले नै यहाँ ल्याएँ दक्ष नृत्याङ्गनाहरू
स्वर-सम्राट्हरू ल्याएँ, ल्याएँ यी ललनाहरू
साक्षात् शालीनता जस्ती आइन् झन् यी यशोधरा
जसको शील-सौन्दर्य देख्ता छिन् मुग्ध झैं धरा ।

छन् स्वच्छ जलका ताल-तलैयाहरु यी यहाँ
दम्पती हंस जोडी झै जलक्रीडा गरून् जहाँ
सकेसम्म गरें मैले उतार्न स्वर्ग नै यहीं
यहाँ किन रमाएन ऊ, मैले जे गरे पनि ।

भन्थें म सामु नै पर्न नपाऊन् जो विरक्त छन्
सङ्घर्षदेखि तर्सेर जो गुफाभित्र लुक्तछन्
बाँच्छन् कुण्ठा, निराशामा निसास्सिएर जो सधैं
धर्ती बिर्सेर जो बाँच्छन् अथवा स्वप्न स्वर्गमै ।

जहाँ छन् ती जदा जीर्ण, रोगले ग्रस्त छन् जहाँ
मृत्यु-सन्त्रासमा बाँच्नेहरू छन् , मृत छन् जहाँ
नजाओस् ऊ त्यता, दृष्टि नपरून् उसका त्यता
नपाओस् उसले सुन्न भन्थें म दुःखका कथा ।

तैपनी के भयो यस्तो बन्यो विस्मय ऊ गयो
वृक्षवाट झरेको त्यो पात हावासँगै गयो
बुझेको छैन मैले यो कुनि के खोज्न ऊ गयो
के पाएन यहाँ, अन्त कहाँ पाउन ऊ गयो ।

भार्या नवप्रसूता यी पुत्रको यो च्यहाँ,च्यहाँ
रुँदै सोधिरहेका छन् 'भर्ता, पिता गयौ कहाँ ?'
गयो तर छिनालेर मायाका मृदु बन्धन
कस्तो हो मन, मानेछ कि थिएन कुनै मन ।

लडिन्छन् राज्यकै निम्ति यहाँ युद्धहरू कति
राज्यका लागि नै हुन्छन् मर्ने मार्नेहरू कति
हो, त्यही राज्यलाई नै तुच्छ संझेर ऊ गयो
जे हुन्छ स्वप्न राजाको जलाएर त्यही गयो ।

छैटीमा जे गरेका थे जैसी पण्डितले कुरा
अहिले हुन आँटे लौ ती सबै नै कुरा पुरा
मैले यत्न गरैं रोक्न त्यो भावीलाई लाखन
छु आज तर लाचार, हारेको सैन्य झैं छु म ।

खेलौना मात्र हौं हामी कि मौजी विधिको कुनै
चाहेझैं खेल खेलेर मग्न मस्त छ ऊ सधैं
जे होस् छोरो गयो मेरो व्यथा बाँकी रह्यो यहाँ
राजा हुँ राज्यका लागि सहेर वस्छु वेदना ।

नहोस् यो कालको सीमाभित्र सिद्धार्थ सीमित
नाघोस् भूगोलका अग्ला पर्खाल सजिलैसित
तर यो जिन्दगी मेरो वितोस् शाक्य प्रदेशमै
जहाँ संसार नै देख्छन् जनता जन्मभूमिमै ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पृथ्वी

(वातावरण कविता)

- प्रा.डा.अभि सुवेदी

१. मुर्च्छित किरण

म
यस बाटोमा हिंडेको
धेरैपटक भइसक्यो
दुई भन्दा धेरै कथाहरू बोकेर

कथाहरू पानी जस्तै
कालो समयभित्र डुबुल्की मार्छन्
घाम कालो लँगौटीमा
वागमतीबाट बाहिर निस्कन्छ

बिहानका घामका हात जस्ता
स-साना जिउ पानीमा फालेर
बालकहरू
वागमतीमा घाम डुबाउँछन्

म किरणको मसीले
कालो नदीमा
भग्न कथा लेख्छु

म
यो बाटो हिंडेको निकै समय भयो

मैले यस नदीको किनारामा
घामको किरण मुर्च्छा परेर
लडिरहेको देखेको छु।

२. झरी र आगो

झरी जमीनमा खस्छ
तर आगोमा परेझैं तर्सिन्छ
न त्यहाँ कुनै ताप छ
न त कुनै आतप छ

अदृश्य आगोको संघारमा
झरी आत्थु आत्थु गरेर भौतारिन्छ
आगो अदृश्य
पृथ्वीलाई पोलिरहेको छ
पानी दृष्टिगोचर
आकाश तानेर झारिरहेछ

पानी र आगोको अनौठो कथा
ज्वाला र शीतलताको कथा -
यो कथा
खाण्डब वनको मिथकमा बुनेको
पानी र आगोको
मानिसको सपना

आगो पृथ्वीमा सर्वत्र सल्किरहेछ
न पानीले निभाउँछ यसलाई
न यसलाई अगेनोभित्र राखेर
दन्त्यकथा हालेर वरिपरि
सपनाका हार बुनेर बस्न सकिन्छ

पृथ्वी माता
तिमीमाथि लागेको आगो निभाउँन
यिनै दुई चार शब्द छन्
मेरा निरीह औलाहरूबाट
जो टपटप आँसुका बूँद भएर झर्छन्।

३. हरियालीको कलिलो सपना

शहरमा हिंड्दा
धेरै समय हुन्छन्
एउटा दिनका घामले कोरेका सपना
सडक किनारामा
अँध्यारोको तकिया हालेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुत्ने तरखरमा हुन्छन्

म तिनलाई ब्युँझाउन
न बोली दिन सक्छु
न वागमतीको कञ्चन जल छर्किन सक्छु
न आफ्नै ठेगाना दिएर
कहीं गएर पर्खिन सक्छु

एउटा हावा चल्छ
कोही टिपेर लान्छ
कोही टिपेर ल्याउँछ

शहरभित्र काउकुति गर्न व्यस्त
यो हावा न हरिया रुखहरूमाथि कुद्छ
न दुर्गन्धरहित आकाशमा घुम्न सक्छ

एउटा आँधीले झारेको पखेटा
यो कलिलो सपना
हरियालीको ।

४. पटिरोकी धरती

हरेकपटक
तिमी आकाश बोकेर
चट्टानभित्र लुक्छौ
त्यति नै पटक
म तिमीलाई नै लिएर बग्छु
म हारेकी भूमि
म आकाश मात्र होइन
कलिला सपना बोकेर
राडीको न्यानोमा सुतेका
तिम्रा नानी र तिमीलाई पनि लिएर
एउटा मेरो आदिम कथातिर फर्किन्छु

म जङ्गलले छोडेर गएकी
एक निरीह छाती
जहाँ तिम्रा अजश्र धारहरु
आत्तिएर तँछाडमछाड गर्दै
कुद्छन् ।

म भीरमा उभिएकी
एक बादलकी कथा
विगतका हरियालीका कथा हालेर
निस्सहाय तिमीलाई
फुल्याएर बसेकी
गलित निराधार धरतीकी
एक सानी मण्डल

म
तिम्रो घर छेउकी
पहिरो लडेकी
जङ्गलहीन धरती

तर आश्चर्य
टेक्ने ठाउँ बग्दै गए पनि
हरियालीका अन्तरङ्ग क्षतविक्षत भए पनि
सपनाहरू त्यतिकै बुनिन्छन्
घामका किरणहरू बिहानै खस्न छोड्दैनन्
र असजिलै भए पनि
मान्छेका कथा अघि बढ्न रोकिदैनन्

म घाम र बितेको हरियालीका चोट बोकेर
बसेकी धरतीकी भग्न सपना ।

योग्यस्थान विषे मान सानाले पनि पाउँछ ।
कृष्णाको तटका ढुंगा देवता कहलाउँछ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तरुणवयसी

- दैवज्ञराज न्यौपाने

आँखाकी छन् चकित हरिणी बीच कम्बर छिनेकी
शोभा छर्दी तरुणवयसी सुन्दरी कोमलाङ्गी ।
गैह्रो नाभी जघन लचिला लोभ लाग्ने नितम्ब
देख्ता मेरो मन विचलियो झस्किए अङ्ग-अङ्ग ॥

*

उस्तै राम्रा नजर अधिका पोटिला पुष्ट छाती
टाडै बस्ता पनि रहरले दृष्टि मेरा समाती ।
घोच्छन् क्यारे प्रतिपल कडा वाँण वर्सेर आई,
पीडा नौलो पनि हुन गयो आज मीठो मलाई ॥

*

हेर्दै राम्री कुसुमकलिका मुस्कुराए समान
को होलिन् ती तरुणवयसी सुन्दरी नौजवान ।
खोज्छन् आँखा पल-पल उतै हेर्न के सग्वगाई
के के जस्तो किन- किन यसै कुत्कुती भो मलाई ॥

*

भन्छन् मेरा सहचर कुनै हेर के हेर्न खोज्छौ ?
मौका मिल्दा रहर नगरी के कुरा रोज्न खोज्छौ ?
भोग्दै जाऊ सुख छ यसमा भोग्नु हो जिन्दगानी
तिर्खा भन्दा परतिर कुनै छैन अर्को जवानी ॥

*

भन्छन् साँच्चै कि त रहरको तिर्सना मात्र बोल्छन् ?
यद्वा बोक्रो रस दिनु कुनै मात्र कोयो उकेल्छन् ?
जे होस् देख्ता तरुणवयका रङ्गरेखा तिलस्मी
खुल्दै जान्छन् पलपल नयाँ सृष्टिका शेषरस्मी ॥

*

भोगूँ के छन् रहर उनका या छ अर्कै वसन्त ?
इच्छा अर्कैतिर हुन गए पर्छ रे वन्नु सन्त ।
शङ्का मेरा सहज मनको भन्दियोस् क्वै मलाई
टाडा हेर्ने नजर नभए हुन्न हाम्रो भलाई ॥

*

माया साटौं मधुर-मनमा कालिमा क्यै नआओस्
आओस् उस्तै अटल रहने आत्मविश्वास आओस् ।
डुब्नैलाई रहर नवनोस् तैरनुपर्छ आँधी
आँधी आई विचलित नहोस् धीरताको समाधि ॥

*

सन्ध्या

- भुक्तनहरि सिग्देल

प्रश्नः

आँखा खोली सदृश पुतली शब्द वीणा बजाई
केही मर्की मतिर हलुका व्यङ्ग्य जस्तो उठाई ।
प्राज्ञा सोध्छिन् विवरण निकै सूर्यका अस्त वेला
जाँचे जस्तो मसँग यसको ज्ञान होला नहोला ॥

-१-

उत्तरः

देख्छ्यौ हेर्नू दिनकर ढले, प्राच्यमा पीत वर्ण
पोते सारा वन शिखरका माथ उम्दा सुवर्ण ।
जस्तो घस्छन् नरम वुकुवा अन्मिने व्याहुलीले
जस्तै खुल्छन् चउर पहरा चैतमा प्याउलीले ॥

-२-

मानौं गाले दिनभर खटी भानुले नै हिरण्य
मानौं पोते जलप यसको तुङ्गका शीर्षसम्म ।
झल्के जस्तो गजुर सुनको शृङ्खला वारपार
मानौं भै गो अतुल रमिता सृष्टिमा तम्तयार ॥

-३-

चारो खोज्दा उपर वनमा लाग्छ पोथी हराई
डाक्यो प्यारी प्रियतम भनी भ्याकुराले कराई ।
तित्रा फिष्टा ढुकुर र चिवे धोविनी कोकलेले
चाँडै आओ ! गुँडतिर भनी व्यग्रतासाथ बोले ॥

-४-

अथवाः

पोत्लान् ढल्की शिखर रविले स्वर्णका लेपलाई,
मेट्लान् पंछी हरिण गणले भोक औ प्यासलाई ।
पूर्वी डाँडा उपर जहिले चन्द्रिका च्याउनेछिन्
सोही वेला रवि-शशि मिली साँझ डाकी दिनेछन् ॥

-५-

जैले जैले विचलित वनी रुन्छ रे चक्रवाक
जैले खुल्ला शशिवदनका दिव्य शोभा रवाफ ।
ज्योस्नालाई अपलक भजी मुग्ध होला चकोर
सोही वेला प्रिय सुनयने ! हुन्छ सन्ध्या विचार ॥

-६-

जैले गर्दन् पति वरणका चाहना भामिनीले
जैले छोड्छन् नजर धनुका वाण नै कामिनीले।
जैले जालान् सुरत रतमा षोडशीका उमङ्ग
सोही वेला जगतभरमा साँझले भर्छ रङ्ग ॥

(मेनुका महाकाव्यबाट)

-७-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

... प्रेमको के कुरा

- पीताम्बर शर्मा दाहाल

बालकै कालमा चञ्चले चालमा
गाउँ छोडी हिँडे भीक्षुको तालमा
खान मिल्ने कतै बास बस्ने कतै
बालुवा बिस्तरा बन्दथे भ्न कतै ॥ १ ॥

गोठमा वस्तुका सङ्गमा सुत्तथेँ
घाँसका रासमा टाउको राख्तथेँ
भोकले रन्किदा जे मिले टिप्तथेँ
मानको के कुरा खानमा लिप्तथेँ ॥ २ ॥

मित्रता भो कतै शत्रुता भो कतै
आश लाग्ने कतै पास पर्ने कतै
न्यायवादी कुनै पक्षपाती कुनै
काम लाग्ने कुनै व्यर्थका छन् कुनै ॥ ३ ॥

माघका मासमा काम्दथेँ थर्थरी
शीत वर्षा हुँदा रातमा वर्वरी
ओढने रेसमी मेघमाला थियो
मारुती हातले फ्यास्स फाडी दियो ॥ ४ ॥

नाइटो टाउको जानुमा जोर्दथेँ
कण्टकी भूमिमा जीवनी कोर्दथेँ
पत्र लेखा बने बालुवा अङ्गमा
मङ्गै मान्दथेँ जन्तुको सङ्गमा ॥ ५ ॥

ह्रादिनी छेउमा घाटमा फाँटमा
हल्लिदै बित्न गो जोवैनै हाटमा
आँत सुक्तै गयो हात वैली गयो
जाँगरै गुम्न यो चित्त मैली गयो ॥ ६ ॥

मुर्चले माथिको चिप्लने ठाउँमा
मित्रता जुर्न गो लेकको गाउँमा
जूनकीरी, जुका, जङ्गली माकुरा
त्यो परिवारमा प्रेमको के कुरा ॥ ७ ॥

लेक लाग्ने हिमाली घना काँठमा
आरुपाते फलाहारको आँटमा
उक्लियो ओर्लियो जे जति कष्टभो
उक्लिदा ओर्लिदा जोवनै नष्टभो ॥ ८ ॥

चड्दछन् जो उँभो झर्दछन् ती उँधो
उक्लने ओर्लने सृष्टि सन्दर्भ हो
भन्छ कोही कठै ! ओर्लियो त्यो गयो
भन्छ अर्को अहा ! निर्विकारी भयो ॥ ९ ॥

भित्रको पेट रित्तो धरो आडमा
छैन भिर्ने, कठै के गरी माघमा
बाँचने, नून पीठो हरे भागमा
छैन, निर्वाह भो हल्हले सागमा ॥ १० ॥

अङ्गमा वस्त्रको झल्लरी शेष भो
लट्टिएको लिखा टल्कने केश भो
छैन टोपी शिरै माथि के लाउने ?
पाउमा पादुका झन् कहाँ पाउने ? ॥ ११ ॥

रक्तको रक्तता ओठको फेरियो
पीत भो, नासिका नीलिमा देखियो
कान छोप्ने स्वयं हातका पाखुरा
सूतभै, बन्दछन् मुद्रिका नै चुरा ॥ १२ ॥

बडाले जो गर्‍यो काम हुन्छ त्यो सर्वसम्मत ।
छैन शंकरको नंगा मगन्ते भेष निन्दित ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रण

- देवीप्रसाद सुवेदी"देवराज"

नेपाल जननी रुन्छिन् आँसु झारेर धर्धरी ।
रोकियोस् वेदना-भेल पीडामा आज के गरी ॥
॥ १ ॥
आमा ती मनका भाव उर्लदा हुन् नदी बनी ।
के बुझ्ला वेदना तिम्रो स्वार्थी मानव-जीवनी ॥
॥२॥
न रोऊ जननी मेरी आँसु झारेर बर्बरी ।
चसक्क दिल चस्कन्छ काँडै काँडा विझे सरी ॥
॥३॥
सधै आतङ्क बाँच्तैन हुनेछ शान्तिपालना ।
सधैं बादल छेक्दैन सूर्य-आलोक-लालिमा ॥
॥४॥
कर्मयोगी म बन्नेछु आत्मा गर्छु समर्पण ।
ज्ञान- विज्ञानको ज्योति पंखा हाली विहङ्गम ॥
॥५॥
मन- मस्तिष्कको शस्त्र बुद्धि-बाण-प्रहारले ।
रक्षा तिम्रो म गर्नेछु सारा सामर्थ्य शक्तिले ॥
॥६॥
कल्पद्रुम यहीं ल्याई तिम्रो समृद्धि गाउँला ।
उत्साह मनमा राखी पुष्पमाला चढाउँला ।
॥७॥
गहिरो सिन्धुमा आज फाल हाल्नै परे पनि ।
दन्केको अग्निमा आफ्नो देह होम्नै परे पनि
॥८॥
वनका सिंहका साथ साँच्चै भिड्नु परे पनि ।
छ तयार सबै मेरो बुद्धि सामर्थ्य जीवनी ॥
॥९॥
आमा रोकिन्छ आँसुको धारा यो यातनामय ।
जब यो पुत्रले गर्छ संकल्प महिमामय ॥
॥१०॥
म स्वार्थीभावको मैलो बगाइकन सिन्धुमा ।
शान्ति निर्माणको शंख फुक्नेछु गाउँ गाउँमा ॥
॥११॥
प्रण आजै गरें मैले विशाल जन माझमा ।
आँसु पुछेर आमाको गर्नेछु शान्ति-थापना ॥
॥१२॥

(सं.छा.वा. छात्र कार्य समितिद्वारा आयोजित उपत्यकाव्यापी अन्तरक्याम्पस कविता प्रतियोगितामा तृतीय)

खानेछ जिन्दगी सारा ईर्ष्या र अभिमानले

- अच्युतरमण अधिकारी

विगार्‍यौ घर यो सारा, ईर्ष्याले जे लियो लियो,
तिम्रो सर्वस्व खाएर आफैं मात्र बलिरह्यो ।
तिम्रो ईर्ष्या अहो ज्यादा ज्यादा भो अभिमानले,
झनै दम भयो गाँठे ! क्यै जानेन विवेकले ॥

*

विवेक छेउ लागेर गंगानेर पुग्यो बग्यो,
अभिमान अझै चम्क्यो व्योमकूट चढी बस्यो ।
तिम्रो दिमागको आगो विनाकाम बलिरह्यो ,
तिम्रो क्षीण भयो तेज अझ स्वास्थ्य झनै गयो ॥

*

तिम्रै सर्वस्व लाँग्दैछन् ईर्ष्या र अभिमानले,
तिम्रो मस्तिष्क जल्दैछ अर्काको अपमानले ।
अर्काले जे गर्‍यो भोग्यो त्यस्को अझ कति कति,
तिमीले भोग्नु पर्नेछ जिन्दगीमा अझै खती ॥

*

तसर्थ फर्क हे हेर ! होस राख सही बस
ईर्ष्या रोक अझै रोक अभिमान थिची बस !
ईर्ष्याले चम्कँदा आई अभिमान त्यहाँ चढी,
ज्यादै हाँकी लिई जान्छ मर्दछौ है तिमी डढी !!

*

त्यस्तै शंका बढे ज्यादा झनै चाँडो जलाउँछ,
त्रिवेणीमा परे डुब्छौ मर्छौ मर्छौ बगाउँछ ।
अभिमान र ईर्ष्याको शंकाको तीन शक्तिले,
विवेक पनि भाग्नेछ रोक संकल्प शक्तिले ॥

*

भोलि पर्सि तिमी रोई जे पुकार गरे पनि,
सुन्दैन क्वै यहाँ हेर त्यसै जाने छ जीवनी ।
आफू सोच स्वयं बाँच प्रयास त स्वयं गर,
अनि पो चिन्छ मान्छेले तिम्रो गम्भीर सागर ॥

*

अस्तु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

फूलको बस्ती उजाड बनेपछि

- ईश्वरवल्लभ

हामीले सोचेका पनि थिएनौं ,
उसले उकालोको थकाइ पसिनामा पुछ्यो,
पर धुवाँ जस्तो आकाश हेरेर भन्यो - "फूलको बस्ती
उजाड बनेको देखेपछि रुनै पऱ्यो" ।

हाम्रा गाउँ बस्तीहरूमा अचानक फूलहरू सब सल्केर
खरानी हुन थालेको देख्यौं ।
पात र डालीहरू हाँगा र हरिया वनस्पतिहरू सल्किन थाले ।
बारुदको गन्ध आउन थाल्यो !
रक्ताम्य भएर छाती टुट्न थाल्यो !
केही रासन अर्थात् प्राण धान्ने पर्जन्य त मागेका थियौं
तर, पूरा बस्ती सल्किन थाल्यो ।

हामीले सोध्दै न सोधी उसले भन्यो,
अस्ति त्यही गोरेटो हुँदै, कोही गाउँ जाँदै थियो,
सल्लाघारीनिर, गोली लाग्यो-त्यो मऱ्यो ,
बाटोभरि छरिएको रगत कसैले पुछेनन्
सबै निर्दयी भएछन् ।
पोहोर सालसम्म ऊ गीत गाउँथ्यो ।
माया लाउँथ्यो, पिरती गाँस्थ्यो, नाच नाँच्थ्यो,
गाउँकै सल्लाघारी निरै मऱ्यो ।

एउटा मानिस मऱ्यो तर बस्ती नै मऱ्यो ,
गाउँ नै मऱ्यो, नेपाल नै मऱ्यो, त्यसैले
"फूलको बस्ती उजाड बनेको देखेपछि
रुनै पऱ्यो" - उसले भन्यो ।

*

कुहिरोको घुम्टो

- सुस्मिता नेपाल

तिमी र म बीचमा
नागबेली परेका बाटाहरू
घुमिरहेका छन् फनफनी

म आइपुगें तिमीलाई सुमसुम्याउन
तिमी कुहिरोको घुम्टोले
लुकाउन खोज्छ्यौ आफ्नो दुःखलाई

टिलपिलाएका आँखामा
राख्न खोज्छ्यौ मलाई
म पनि दुःखका बाटाहरूसँग
बेरिएर उभिएँ तिम्रै सामु

तिमीले ओढेको घुम्टो
वेदनामा भतभती पोलिएका सङघर्षहरू
तिम्रै काखमा लुटपुटिएका भविष्यहरू
उस्तै छन्
हाम्रा लागि
आऊ
नलजाऊ
हाम्रा लक्ष्यहरूलाई
कुहिरोको घुम्टोले नछोपौं
मेरी दिदी
मेरी बहिनी
आऊ, हाम्रै दाजुभाइका अनुहारसँगै ।

*

२७९ औं पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवसको उपलक्ष्यमा
समस्त देशवासी दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय
शुभकामना व्यक्त गर्दछौं ।

गणेश बहादुर खड्गी
तथा
३१ वडा परिवार, का.म.न.पा.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जल्जला लेक मेरो

- जगन्नाथ रेग्मी

मेरो आफ्नै पन र गरिमा जिन्दगीको महान
आस्था मेरो अतिशय यहाँ टाकुरा शृङ्खलामा ।
बग्छन् मेरा रगत पसिना सिर्जना पाखुरीमा
मीठो बोली अझ शिखरिणी तालको माधुरीमा ॥

"१"

छङ् छङ् पानी कल कल गरी भावसञ्चार गर्छ
आत्मानन्दी कविहृदयमा चेतनामूल फुट्छ ।
पैलो झुल्का हिमशिखरमा लालिमा रम्य हुन्छ
नेपालीको मधुर ममता मन्दमुस्कान मै छ ॥

"२"

ढिंडो सिस्नो अतिशयमृदु खान्छु जो पत्थ्य हुन्छ
यात्रा मेरो अविरल यहीं जिन्दगी धन्य बन्छ ।
क्वैली बोल्छे कुहुकुहु गरी सम्य उद्यान डुल्छे
प्रेमीलाई थकितमनका भावसंगीत भर्छे ॥

"३"

गोठालाको मन मुटु छुने साहिंली गीत गम्छे
सारा पृथ्वी पुलकित हुने मोहिनी रुप भर्छे ।
छाहारी मै मनसदनको द्वार मैले कुँदेको
इन्द्रेणी झै हरितवनमा सप्तरंगी फुलेको ॥

"४"

जेठी कान्छी अझ सरस भै मारुनी नृत्य गर्छे
डम्फू झ्याली अनि मुरली झैं खैजंडी ताल भर्छे ।
वंशी बज्दा तिरिरिरि नयाँ राग आल्हाद दिन्छ
सुन्दा सुन्दै कविहृदयमा भावना सग्वगिन्छ ॥

"५"

खोज्दै जाँदा अझ सरसता मुग्ध गाम्भीर्य भेट्छौं
नेपालीको मधुर ममता तिर्सना मेट्न सक्छौं ।
यस्तै होला अमरपुरमा इन्द्रको राजधानी
हाम्रो जस्तै अपरिमितता प्रेमको जिन्दगानी ॥

"६"

चौंरी चर्ने चहुर हरियो कस्तुरीको सुवास
पाखा पैरो भिर र छहरा फुल्छ लाली गुराँस ।
मानौं धर्ती चुलुबुलु गरी नाच्न थालिन् कि जस्तो
मानौं पृथ्वी नववधु सरी हाँस्न थालिन् कि जस्तो ॥

"७"

खेती बाली हरसमयमा पक्व देखिन्छ फाँट
केटा केटी तरुण वयमा हर्ष उल्लास हास ।
खर्सु गोव्रे कति कति यहाँ गोकुली गन्ध धूपी
नाना नाना थरितरुलता इन्द्रउद्यान हो कि ॥

"८"

मेरो गाउँ अगणित धरा-धाममा सृष्टि पैलो
यद्वा हो कि अतुलितकलाकारिताले बनेको ।
मन्दाकान्ता पदचपलमा वाम मैले सरेको
सारा ईच्छा सुरभित हुने जल्जला लेक मेरो ॥

"९"

(सं.छा.वा. छात्र कार्यसमितिद्वारा आयोजित उपत्यकाव्यापी अन्तरक्याम्पस कविता प्रतियोगितामा द्वितीय)

२७९ औं पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवसको
उपलक्ष्यमा समस्त देशवासी दाजुभाइ तथा
दिदीबहिनीहरूमा हार्दिक मंगलमय
शुभकामना व्यक्त गर्दछौं ।

कृषि विकास बैंक
परिवार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अखण्ड आस्थाको उपासना

- कृष्ण ज्ञवाली

१

भनिन्छ - "विविधताभित्र सृष्टिको सौन्दर्य छरिएको हुन्छ,"
तर विविधता विभेद र वैषम्य बढाउनका लागि होइन,
आखिर लाखौं सरिताहरूको सर्वस्व
एकै महासागरमा पर्यवसित हुँदैन र !
त्यसैले आर्य संस्कृति भन्छ - "विविधता प्रतीति हो, तात्त्विकता होइन"

२

अनेकता विविधताको प्रतीति हो, वस्तुता होइन
नाम र रूपको वैचित्र्यमा पनि कहीं वस्तुता हुन्छ र !
अनेकता फगत् आवरण हो - अभिव्यक्तिको आवरण
तत्तत् रुचि र संस्कारहरूको
बेग्लाबेग्लै अभिव्यक्ति न हो अनेकता !
आवरणले पनि कतै एकल आस्थाको अखण्डता भत्काउन सक्छ र !
आखिर साधन र पथहरूको विभिन्नता न हो अनेकता,
साध्यको सम्पूर्णतामा त्यसले केही अन्तर पार्छ र !
त्यसैले त हिन्दू संस्कृति भन्छ - "अनेकता आभास हो, यथार्थ होइन"

३

आस्था अविरल बगिरहन्छ - हिमसरिताको सतत सलिलप्रवाह हो यो
निर्निमेष शुभ्र, स्वच्छ आभा फैलाइरहन्छ - अखण्ड दीपज्योतिको प्रकाश हो यो
आस्थामा अनेकता अटाउँदैन
उपासनामा ऊहापोहको स्थान छैन
निर्वाणमा संप्रदायको विद्वेष रहँदैन
किनभने जीवनमुक्ति अद्वैतको अवस्था हो,
द्वैतको विभेद र विभिन्नतालाई यहाँ स्थान छैन

४

त्यसैले आऊ, हामी सबै एकै अखण्ड आस्थाका उपासकहरू मिलेर
ज्ञानदीपको प्रज्वलन गरौं
ज्ञानदीप जो ज्ञानको ज्योतिपुञ्ज हो
ज्ञानदीप - जो "शुभ्र, शान्त र स्निग्ध छ", भूपीको "मैनवत्तीको शिखा" झैं
जसको शाश्वत् दीव्यतामा,
जसको अजस्र ज्ञानधारामा
अनेकन मत- मतान्तरहरू र द्वन्द्व- प्रतिद्वन्द्वहरू
विशाल जलराशिका क्षुद्र जलकण जस्ता लाग्छन्
र जसको प्राप्तिमा निःसीम आनन्द,
अनि अनिर्वचनीय सन्तुष्टि लुकेको हुन्छ,
त्यसैले, आस्था- अविकल रहनुपर्छ,
तर विभिन्नतामा होइन, एकतामा
द्वैतमा होइन, अद्वैतमा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रमेश पातालतिरै बिलायौ

- कोषराज न्यौपाने

लेखौं चिठी छैन पता कतै नै
बोलौं भने फोन भएन थाहा ।
रमेश पातालतिरै बिलायौ ?
नेपालको खै किन छैन चाहा ॥

॥ १ ॥

रमी रमाई कविता सुनिन्थ्यो
र फोनमा मस्तसँगै गफिन्थ्यो ।
सबै भएझैं छ कथा समान
अमेरिकामा कतिको छ मान ॥

॥ २ ॥

सुनिन्छ कैले उधुमै छ तिम्रो
पातालमा खूब रमाइरा' छौ ।
छ सम्झना त्यो दिलमा कि हाम्रो
कवित्व छिर्कासित खेलिरा' छौ ॥

॥ ३ ॥

छोरा बुहारी अनि ज्वाइँ छोरी
सँगै रमायौ दुइ पोइ जोई ।
सफा कपीमा दुइ शब्द कोरी
हुलाक जाने मन आज खोइ ?

॥ ४ ॥

संझी सधैं दीक्षित फोन गर्छन्
पराजुलीले पनि फोन गर्छन् ।
रमेशको हालत के छ भन्छन्
मलाइ अज्ञात फसाद पार्छन् ॥

॥ ५ ॥

रमेशको कोष भनी पियारो
ठान्दा रहेछन् सबले बुझेनौ ।
ती प्रश्न बन्छन् अब ता तगारो
कि पत्रको तत्व कुनै बुझेनौ ॥

॥ ६ ॥

रमी रमाई कि त काव्य लेख्छौ
कि खैरिनीका दिल भित्र पुग्छौ ।
अमेरिकाको झिलिली चुमेर
तेसै बिते क्या दिन ती घुमेर ॥

॥ ७ ॥

पैसातिरै गो कि सबै विचार
कि काव्यका खात बने हजार ।

सक्दिन्न बिर्सन नेपाल आमा

- रमेश खकुरेल

नेपाल छोडेर यता त आएँ
नठान है मित्र यतै हराएँ ।
घुम्दैछु मात्रै म अमेरिकामा
परन्तु बिर्सन्न कदापि आमा ॥

॥ १ ॥

अमेरिका देश कहाँ छ होला ?
हावा र पानी पनि के छ होला ?
मान्छेहरूको गति के छ होला ?
बजारमा कत्ति समृद्धि होला ?

॥ २ ॥

फल्छन् सजिलै रुखमा कि नोट ?
त्यहाँ कुनै छैन कि दोष खोट ?
संसारसारा किन जग्जगायो ?
प्रवाह उर्ली यस देश आयो ॥

॥ ३ ॥

इच्छा थियो भित्र पसेर हेर्ने
जे देख्छु सो कागत माथि कोर्ने ,
संयोगले आउन ता म आएँ
जे जत्ति देखें यसमै अटाएँ ॥

॥ ४ ॥

घरैपछे मार्ग फराकिला छन्
मान्छे पिछे मोटर चम्किला छन् ।
मुखै पिछे गाँस बिलासिला छन्
बोली पिछे व्यक्ति फरासिला छन् ॥

॥ ५ ॥

जता गयो देख्छु उतै हरीयो
बजार देख्दा मन नै भरी भो ।
आकाशचुम्बी घर छन् अनेक
उद्योगधन्दा पनि छन् अनेक ॥

॥ ६ ॥

विशाल खेती लटरम्म बाली
देखिन्न विस्तार कहाँ छ पारी ।
मेशीनले काम समस्त गर्छ
सयौं विघा एक किसान गर्छ ॥

॥ ७ ॥

क्रमशः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इमेल चिठी पनि आउँदैनन्
दिनेशले नै पनि क्यै भनेनन् ॥
॥ ८ ॥
परें बिरामी तिमीले बुझेनौ
पत्तो न भै पत्र कुनै जुरेन ।
संझेर आफैं पनि छट्पटाएँ
घांटी त्यहां खस्खस क्यै गरेन ? ॥
॥ ९ ॥
संचै छ के भाउजुमा तिमीमा
आराम नै भन्नु पऱ्यो यहाँ ता ।
विसन्च भै केवल देश दुख्छ
विदेश पस्ता पनि देश दुख्छ ? ॥
॥ १० ॥
प्रकोष्ठ गोष्ठीसँग रम्नुपर्दा
रमेशकै नाम सबै लिंदा छन् ।
हाँसो गफैमा सब जम्नुपर्दा
तिम्रै मिठो नाम सधैं लिंदा छन् ॥
॥ ११ ॥
मेरो नमस्कार छ भाउजूमा
बडो मिठो स्नेह छ सग्धरामा ।
छोरा बुहारी अनि ज्वाइं छोरी
पुगोस् मिठो स्नेह कपाल कोरी ॥
॥ १२ ॥
तिमी रमायौ र अमेरिकामा
संझी रुदैछिन् नयपाल आमा ।
रमेश खै ? कोष भनेर सोध्छिन्
कवित्वका साथ मिठास खोज्छिन् ॥
॥ १३ ॥
रक्सी पिई पारस खूब मात्यो
प्रवीणको सास समेत ताक्यो ।
संगीतको धड्कन आज छैन
भुजेल भो पारस फर्कदैन ॥
(शाहज्यादा पारसले चलाएको
गाडीले किचेर संगीतकार प्रवीण गुरुङको हत्या)
॥ १४ ॥
नेपालको संसद खूब घन्क्यो
प्यालेसको सम्म विचार रन्क्यो ।
भुजेलमा पारस रूप आयो
हाम्रो प्रजातन्त्र कता हरायो ॥
(पारसका सट्टा खड्ग भुजेललाई नक्कली ड्राइभर बनाएको)
॥ १५ ॥

समृद्धिको नाम रहेछ कर्म
यो बुझ्नु पर्ने सबले छ मर्म ,
इमानदारी नभई हुँदैन
"गरे कहाँ मात्र नभै रहन्न ?"
॥ ८ ॥
यो वाहिरी भाग त वेश लेखें
परन्तु भित्री मन भिन्न देखें ।
मान्छे यहाँ मेशिन भै सकेछ
सम्वेदिनी शक्ति मरीसकेछ ॥
॥ ९ ॥
विहान भो दौडनको हतार
सन्ध्या भयो जानु पऱ्यो बजार ,
दुबै गए दम्पति नोकरीमा
नानीहरु छन् अरुको भरैमा ॥
॥ १० ॥
बुढा- बुढी दुर्वल बाबु आमा
बेग्लै कतै भिन्न कुनै कुनामा,
बाँचे मरे खोज लिने भएनन्
सन्तानले फोन धरै गरेनन् ॥
॥ ११ ॥
हेर्दा भने सम्पतिको छ थुप्रो
सबै किनेको ऋणको को थुप्रो ।
मैना पुगी वेतन भित्रिइन्छ
चौथाइ ता व्याज दिदै सकिन्छ ॥
॥ १२ ॥
चौंथाइ जाने कर तिर्नलाई
आधा भयो वेतन हाइ-हाइ,
जागीर ठूलो तर हात शून्य
सम्झी लिंदामा मन हुन्छ खिन्न ॥
॥ १३ ॥
चढेर जो मोटर हिंड्न सक्छ
उही सबै ठाउँ यथेष्ट पुरुछ ,
गरीब जो पैदल यात्रुलाई
दिन्छन् यहाँ दण्ड पुलीस आई ॥
॥ १४ ॥

क्रमश.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपालको कानुन दैव जानून
भन्ने उखानै चरितार्थ भै गो ।
छ चैन ठूलाकन मोज मस्ती
छ ऐन सान कन आज यै भो ॥
॥ १६ ॥
अर्को चल्यो मोहन नाम यौटा
त्यो ता कलाकार रहेछ यौटा ।
बोल्यो त्यसै माइक आज टोक्छु
प्रधानमन्त्री कन आज ठोक्छु ॥
॥ १७ ॥
आज्ञा तथा बन्दुक आज देओ
भन्दै कुना मण्डुक भै करायो ।
त्यस्मा झनै संसद तातिहाल्यो
त्यो संसदी स्याल कराइहाल्यो ॥
॥ १८ ॥
काग्रेस लुच्चा झगडी रहेछन्
कम्निष्ट बुच्चा चिथरी रहेछन ।
यो देशको भो नि विजोक हाय
रमेशमा मात्र खुसी छ आहा ॥
॥ १९ ॥
प्रचण्ड झन् जण्ड छ बाबुराम
सहेर बस्ने जनता हराम ।
योदेशको दुर्गति कत्ति हाय
को गर्न सकला अब लौ सहाय ॥
(पराजुली खुब सिकिस्त भा' छन्)
॥ २० ॥
म के रचौं यो नहुने दुःखेसो
रमेशजी काल कटान मेसो ।
साथी भएनौं कविता जुराएँ
संझी मिठो प्रेम यही फुराएँ ॥
॥ २१ ॥
चिठी नलेखे पनि दुःख छैन
न संझ कैल्यै पनि दुःख छैन ।
कवित्वका खात लिएर आऊ
कवित्व बर्साउन मै रमाऊ ॥
॥ २२ ॥

गोरा र काला भनिदा छ एक
परन्तु गोरा नगरी विवेक ।
कालाहरूमाथि घृणा निकाल्छन्
मनुष्यता माथि कलङ्क पार्छन् ॥
॥ १५ ॥
हामी त गोरा न भयौं न काला
दुवै तिरबाट छ पेलपाल,
केही गरे उन्नति डाह गर्छन्
तलै खसे दङ्ग परेर हाँस्छन् ॥
॥ १६ ॥
नेपालका जो यस देश आए
होला कि भन्दै कति आश लाए ?
ती कोलका गोरु समान बन्दै
खर्ची रहेछन् श्रम काल गन्दै ॥
॥ १७ ॥
मौका मिले इन्टरनेट हेर्छन्
नेपालको दुर्गति मात्र देख्छन् ,
भन्छन् गयो देश त बिग्रिएर
सपार्न जान्नन् तर फर्किएर, ॥
॥ १८ ॥
बिर्से सबै संस्कृति भेश भाषा
सिकाउंछन् सन्तति विश्वभाषा,
नेपाल संझेर कुनै ऋदैन
ती दङ्ग छन् धन्न उहां म छैन ॥
॥१९ ॥
यहाँ छ धेरै सुख शान्ति चैन
के यी दुवै पाउन मार्ग छैन ?
यै तर्कनामित्र रुमल्लिदैछु
झट्टै उतैतर्फ म फर्कदैंछु ॥
॥ २० ॥

(श्री कोषराज न्यौपानेज्यूको पत्रको उत्तरमा अमेरिकाबाट रमेश खकुरेलज्यूले पठाउनु भएको पत्र)
- सम्पादक

(श्री कोषराज न्यौपानेज्यूले अमेरिकामा रहनुभएका आफ्ना मित्र रमेश खकुरेलज्यूलाई पठाउनु भएको पत्र ।)
- सम्पादक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गाउँ फेरियो रे !

- प्रभा भट्टराई

नालीवेली सुनिकन अहा ! वन्द गर्दै परेली
यौटा यौटा गरिकन खुले सम्झनाका तरेली
मेरो आँखा वरिपरि उही गाउँको चित्र आयो
आफ्नै प्यारो मधुर वयको याद आफैं रसायो ।
॥१॥

हेर्दाहेर्दै अब त गतिला काम धेरै भयो रे
शिक्षा-दीक्षा पनि शुरु भयो गाउँ नै फेरियो रे !
झोला वोकी अब लुरुलुरु पढ्न जाँदैछ काले
च्याण्टी, भुण्टी पनि खसमका पत्र पढ्छन् मजाले ।
॥२॥

लुच्चा, वाङ्गा, कुटिल मुखिया बन्नधाले मिजासी
वोल्छन् सानासँग पनि अहा ! दच्कँदै मान राखी ।
भ्याङ्ले घर्ती पनि अब भयो डाक्टरी पढ्न जाने
कान्छी छोरी बनिछ गुरु 'मा दंग पर्थ्यो सुवाने ।
॥३॥

वाटो पुग्ने पनि भइसक्यो हिंड्न भो रे सुविस्ता
खोला तर्दा पनि अब कतै खोल्न पर्दैन जुत्ता ।
हाँसी हाँसीकन प्रकृतिले नित्य गर्छिन् सुसार
आफ्नै प्यारो प्रकृति नगरी फकँदैछन् हजार !
॥४॥

व्यंग्यका चार टुक्रा

- प्रल्हाद पोखेल

१. आइडेन्टिटी कार्ड

साँचेको सपना थियो "प्र.म." हुने भेट्टाइयो ख्यालमै
पत्तो छैन कता पऱ्यो मत दिने "आइडेन्टिटी कार्ड"नै
मेरा निम्ति परेछ "योग" गतिलो "ओंकार" आफ्नै भयो
पाए पुग्छ "कपालिका" किन भने संसार आफ्नै छ यो ।

२. कुर्ता महिमा

मेरो नित्य छ चाहना सवजना पानै चपाईकन
जाऊन् सांसद ढुक्कले सदनमा कुर्ता लगाईकन
बोलून् वाक्य धरीथरी मनपरी लाजै पचाईकन
ज्यूँदा लास बनी मरून् सबजना कालै नआईकन ।

३. पौडी पर्व

पीडाले जनता गरून् छटपटी दुर्दान्त अन्योलमा
नेताजी तर बिक्नुपर्दछ सधैं बाखा-खसी मोलमा ।
नर्कै मात्र सुँघेर वस्नु जनता सारा सहर् टोलमा
नेताजी तर डुब्नुपर्दछ सधैं रक्सी र. को झोलमा ।

४. नौटङ्की नाच

नेता हो ! प्रतिपक्षका सब मिली भत्काइद्यौ माइक
सत्तास्वार्थ निमित्त रङ्ग वदली भाले विकेझैं बिक
नौटङ्की गर अर्थहीन भँडुवा नौला र आकर्षक
हेर्छौं अक्क न वक्क पक्कसितले हामी सयौं दर्शक ।

विजयादशमी

- लक्ष्मीप्रसाद रिजाल

विजयादशमी आशिस लिने आशिस दिने
आमावावुको पनि महत्व हुन्न स्वयम नचिने ।
दशैं दशैं हुने हो र महगा महगा मात्र किने
हिम्मतले पूर्खाको पन राखेर इतिहास लिने ॥
॥ १ ॥

दशैंलाई दशा भन्न कुन मुखले सक्छौं हामी
अस्वस्थ प्रतिस्पर्धामा हेरौं हृदय हामी ।
दुईतले विमान वनाउने अछुत भए किन कामी
अरु हुँदै होइन आफ्नोपन मात्र हो नामी ॥
॥ २ ॥

छातीमा हतियार खाएर बँचेको हो विजयादशमी
दानव संपूर्ण समाप्त भएको दिन हो नवमी ।
दशैंलाई दसा भनेर नगरौं आफ्नो पजनी
दशैंलाई दसा भन्नु हो केवल दानवको भजनी ॥
॥ ३ ॥

विजयादशमी भावनाले मित्रताको पल
एकता भएपछि मिल्दछ परालमा पनि वल ।
विजयादशमी ईश्वरले वर्षाएको अमृतरूपी जल
विष होइन यो युगौंयुगसम्मको संजीवनी फल ॥
॥ ४ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

म देशनिम्ति लड्दछु

- नन्दऋषि जोशी, सं.छा.वा.

अय्या नि ! मुटुको टुक्रा चट्ट टुक्रिदिए जसै ।
भक्कानो मुटमा फुट्छ दुख्छ छाति चिरे जसै ॥
उर्लिन्छ वेदना भित्र रोक्न सक्तिनँ भेल त्यो ।
मान्छे हो, कुर्लिएँ आज मुटुको कोलाहाल त्यो ॥
॥१॥

सहूँ म कसरी आज, मेरो माटो सिकिस्त छ ।
मेचीमा कोपरे फेरी, महाकाली सिकिस्त छ ॥
दिनका दिन झम्टिंदा समस्त देश काँप्दछ ।
"वलभद्र !" भनी डाक्छ, "भक्ति आऊ !" अलाप्दछ ॥
॥२॥

हे मात ! धरणी तिम्रो वेदना कष्ट बुझ्दछु ।
तिमीमा वज्रको पात परेको पनि बुझ्दछु ॥
अब यो कसरी हुन्छ ? जब म अघि वढ्दछु ।
पर्ख माता, म जीवन्त रहेसम्म त लड्दछु ॥
॥३॥

"नालापानी" लडेजस्तै "कालापानी" म लड्दछु ।
म हुँ यो देशको खम्वा, म देशनिम्ति लड्दछु ॥
मलाई किन जिस्क्यायौ ? किन मसंग जिस्कियौ ?
के थाहै छैन ए ! मेरो सामर्थ्य अनि जिस्कियौ ?
॥४॥

पर्ख, ए दानवी पञ्जा ! शान्तिमा किन क्रुद्ध छौ ?
के तिमी शान्ति चाहन्नौ ? अन्यथा किन जुद्धछौ ?
छाडिद्यौ युद्धको हाँक, या त लडछु, समर्थ छौ ?
के तिमी खुकुरी मेरो, सामु पर्न त सक्तछौ ?
॥५॥

युवा

- श्यामराज सुवेदी, सं.छा.वा.

शिक्षाको ज्योति पाएमा युवा मुखत्व छोड्दछन् ।
छोडे विवेक वीज्ञान मोहमा फस्न पुग्दछन् ॥

लिएमा ईष नै आदत् सहन्नन् पर उन्नति ।
विनम्रता अंगालेमा सक्छन् गर्न समुन्नति ॥

दिए सन्मार्गमा चित्त देश हाँक्न ति सक्तछन् ।
लागे कुलतमा यिन्ले जरैदेखि सुकाउँछन् ॥

जुटे संसारका सामु रही अस्तित्व उन्नति ।
बनेका देशमा यूवा हट्तैनन् ती कतै रति ॥

भई यशश्विला मन्ले करुणार्दले चित्तमा ।
लिई आखिन्नता साथै छोडी सबै उपद्रमा ॥

फुटे संसारका सामु पछौटे बन्न पुग्दछन् ।
लागे उद्योगमा नित्य स्वाभिमानी ती वन्दछन् ॥

नहुँदा वलले पूर्ण हेपीएका कठै कति ।
विनम्रता अंगालेमा सक्छन् गर्न समुन्नति ॥

२७९ औं पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवसको उपलक्ष्यमा
समस्त देशवासी दाजुभाइ तथा दिदीबहिनीहरूमा उत्तरोत्तर
प्रगतिको हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।
साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड
परिवार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तिमी आऊ

- आनन्द घिमिरे सं.छा.वा.

जर्जर बनेको धर्तीलाई
वर्षाद्को खाँचो छ
त्यसैले तिमी
फुस्स उड्ने वादल होइन
कालो मेघ बनेर आऊ
यी टाकुराहरूलाई
सिंगारिने रहर छ
त्यसैले तिमी
सधै वैरागी बन्ने हेमन्त होइन
वसन्त लिएर आऊ
पर्दामा छोपेको वास्तविकतालाई
उघारिदिन खाँचो छ
त्यसैले तिमी
इमान्दारीताको ताला खोल्न
सत्यताको साँचो लिएर आऊ
हामीलाई उन्नतिको खाँचो छ
त्यसैले तिमी
निर्माणको सपना लिएर आऊ,
क्षितिजको परिवेश लम्ब्याउनु छ
त्यसैले
संकुचित बदली होइन
स्निग्ध मौसम लिएर आऊ
शुभ्र आकाशबाट
अमृतका दाना दाना शीत बनेर बर्सिए झै
सबैको दिल फुलाउने
प्रीत बनेर आऊ
विन्दु-विन्दु, मिलेर सागर बने झैं
व्यक्ति-व्यक्ति, टुक्रा-टुक्राले समग्र बन्नुछ,
त्यसैले तिमीलाई
हामी स्वागत गर्छौं
पूर्णिमाका चन्द्र भएर उदाऊ
तिमी आऊ ।

माटो

- अवतार सुवेदी सं.छा.वा.

वजार्दै, तरवारको नोक भूईंमा,
पल्टाएर, राता वल्डेड्ग्रा आँखा ,
अग्लो सिंहासनको आसनबाट,
मदोन्मत्त शासकको हुंकारले सोध्यो,
को हुँ म ? मैले भनें, "माटो ! "
पर्गेल्दै, जीवनका गल्ली गल्ली ,
हिंड्दै जाँदा, गन्तव्यको खोजीमा,
छेकेर बाटो , गजधम्म,
भीमकाय सिसमहलले सोध्यो,
को हुँ म ? मैले भने, "माटो ! "
थचारिदै, भर्खरी मंगलबाट,
फ्याँकेर, ताता धूवाँका मुस्लाहरू
फिंजारेर, विज्ञानका सिद्धान्तहरू भूईभरि ,
गर्वोन्मत्त आकाशगामी यानले सोध्यो ,
को हुँ म ? मैले भने, "माटो ! "
घसेर चन्दन निधारभरि ,
मन्दिरका भगवानको आशिर्वाद,
बाँड्दै, दक्षिणाको साटो,
धर्मात्मा पूजारीले सोधे ,
को हुँ म ? मैले भने, "माटो ! "
मस्किदै र लठ्याउदै,
सजिएर, नवपरिधानमा सडकभरि,
लिएर भाका चञ्चल नयनको,
यौवनोन्मत्त मृदुमुस्कानले सोध्यो,
को हुँ म ? मैले भने, "माटो ! "
सजाएर, पदकहरू छातीभरि
प्रमाणपत्रका पत्रहरू लिएर हातमा
सफलताको सर्वोच्च शिखरबाट
तन्काउँदै स्वाभिमानको चाक्लो छाती
विजयोन्मत्त अभिमानले सोध्यो,
को हुँ म ? मैले भने, "माटो ! "
माटो, माटो र माटो !
बनेर माटो, माटोको निम्ति माटोमा !
छरेर माटो, माटो फलाउंन माटोमा !
घन्काएर भाका, माटोको आफ्नै माटोमा !
माटो थप्छ जो माटोको बाटोमा
अहँ सोधेन उसले , "म को हुँ भनेर,
तर मैले भनें, "माटो !"
माटो - हृदयको माटो !
माटो - स्वदेशी माटो !
माटो - माटोको माटो !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शारदी ! तिमी योद्धा बन

- यदु पन्थी

हैमश्रीका चहक बिचमा न्यायको ज्योति खिल्यो
'संगच्छध्वं' सँग पुलकिदै 'संवदध्वं' सुसेल्यो ।
हामी हाम्रोपनसँग रमी शारदी सङ्ग घुम्दा
'सिङ्गै धर्ती पुलकित भइन्' लाग्दथ्यो स्नेह झर्दा ॥

साँच्चै हाम्रा सरद ऋतुमा शारदी मख्ख पर्थिन्
प्रेमार्थीका हृदय तहमा प्रेमका रङ्ग भर्थिन् ।
दैवी शक्तिसँग अरुणिमा जिन्दगी चुम्न सक्थिन्
पूर्वी आस्थासँग धरतीमा वैदिकी राग छर्छिन् ॥

भाका खोल्दै मधु मिलनको शारदीले उषामा
मौका छोपी रविसँग कतै बोल्न खोज्दा प्रभामा ।
लाग्थ्यो मानौं 'नवहृदयको दुन्दुभि नाद बज्छ
मान्छेको यो हृदय छ खुला विश्वबन्धुत्व खुल्छ' ॥

फुल्दै सारा मन र मुटुमा शारदे ! झट्ट चम्क
मात्रै यौटा प्रकृतिसँगको शौर्यमाथि नगम्क ।
छैनन् ऐले नव कुमुदिनी स्निग्धता मात्र छर्ने
आभा भर्दै तिमिर विचमा चाँदनी सङ्ग रम्ने ॥

मेरो भित्री हृदयपटमा मानवी भाव रम्छे
माया मैत्रीसँग गहकिलो स्नेहधारा सुसेल्छे ।
यस्तो बेला किन धरतिमा दानवी शक्ति खिल्छ ?
मान्छे आफै उपर विजयी ? बन्न विध्वंश गर्छ ॥

ए; यो बेला बल दमनका स्वार्थमा जेलिएर
मान्छे आफै तँ तँ र म म को धारमा हेलिएर ।
पोखी शक्ति प्रकृति बिखरी आसुरी आड भर्दै
मान्छे, मान्छेसँग मद भरी खेल्छ, शान्ति हसुर्दै ॥

पैले जस्ती मृदुमय बनी शारदी ! है नबस्नू
चिन्मात्राका सँग पुलकिदै भावधारा नछर्नू ।
मान्छे ऐले प्रतिकूल बनी क्रूरतामा उठेर
आफ्नै आलो रगत पिउँदै नाँच्न लागिरहेछ ॥

राता रेखा रगतहरुका कोर्छ उस्ले मजाले
फाल्सा लुछ्दै मनुजहरुको ज्यूँछ उस्ले मजाले ।
मान्छे मारी भनन कसरी गर्छ उस्ले रजाई ?
साँचो मान्छे जिउनु कसरी ? स्नेहगुच्छा बिछाई ॥

खित्का मारी दनुज-लयमा मोज गर्छन् बसेर
मान्छे मारी जब विजयको शान मर्छन् लुटेर ।
आफ्नो स्वार्थीपनसँग उनीहरूले ध्वंश गर्छन्
धर्तिमाथि प्रलय सजिलै ल्याउने जोश भर्छन् ॥

साँचो मान्छे हरबखत नै शान्तिको ज्योति खोज्छ
माया मैत्री प्रखर करुणा मात्र सँझिरहन्छ ।
उस्का यस्ता हृदय बिचका माधुरी चाहना हुन्
सत्मान्छेले सुखमय रही ज्यूँन खोज्ने कला हुन् ॥

मेरो आस्था प्रकट कसरी ? गर्न सक्छु म ऐले
यस्तै आस्था बिखरित हुँदा मानवी रम्यी पैले ।
मान्छे माथि प्रकृति कसरी ? बन्दछिन् ध्वंशकर्मी
आऊ, योद्धा बन अब तिमी शारदी ! शोकहर्त्री ॥

बाढी आओस् तरुण मनमा स्वच्छ कारुण्य खिल्ने
मीठो आशा बिखरित गरी शारदीमै सुसेल्ने ।
स्निग्धे, तिम्रो अधरपुटको पान गर्दै निशामा
मान्छे खेलून् अभय गतिले प्रेमको सम्झनामा ॥

नेपालीका मनभरी तिमी एकताकी मुहान
बन्दै जाऊ प्रकृति पुतली भेट्न सक्छिन् बिहान ।
नाचून् दुर्गा विजय बटुली ध्वंश गर्दै असत्य,
क्रीडा गर्दै विजय-विजया सिर्जियून् ध्रुव सत्य ॥

हाम्रो पूर्वी अजर-वयका वैदिकी काव्य-सार
भित्री निष्ठा सँग पुलकिने आर्ष-सृष्टि अपार ।
खेल्छन्, यिन्कै तल सुललिता शारदी साम-गान
भर्दै, धर्ती अविरल बनून् मानवी शान्ति-धाम ॥

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रिये म जान्छु, जानद्यौ

- शिव सुवेदी

जलाई एक चाहना चुरोटको खिलीसरी
म जिन्दगी उडाउँछु प्रिये मलाई माफद्यौ ।
सुदूर लाल सूर्य झैं डुवेर जान्छु सुस्तरी
पुछेर आँसु प्यारका प्रिये म जान्छु जानद्यौं ॥

छचल्किएर आँखका परेलिवाट जानद्यौ
मलाई कान्त कोमल कपोलवाट जानद्यौ ।
सुदूर मेघदूत को मलीन यक्षले सरी
पुछेर आँसु प्यारका प्रिये म जान्छु जानद्यौ ॥

हँसीन चारु चेहरा भुलेर दूर जानद्यौ
दवाइ हिक्क कण्ठमै दिएर फूल जानद्यौ ।
सहेर हार फर्किदो निराश वीर सुस्तरी
पुछेर आँसु प्यारका प्रिये म जान्छु जानद्यौ ॥

रुझाइ नेत्र एक छिन् मुहार हेरि जानद्यौ
कपाइ ओठ सुस्तरी गएँ भनेर जानद्यौ ।
समाइ हात फूलका चुमेर हेरि जानद्यौ
पुछेर आँसु प्यारका प्रिये म जान्छु जानद्यौ ॥

वर्तमानका विद्यार्थी

- सुयोग श्रेष्ठ

हप्तामा छ दिन विद्यालय जान्छन्
पढाइ गर्ने केही हैन, मात्र शिक्षकका गाली खान्छन्
पढ्नु गुन्नु तेऱ्हे बाइस, चौबीसै घण्टा पश्चिमी पारा
कुरा गर्छन् वाऱ्ह सत्ताइस, भन्छन् उदार छन् मेरा विचारधारा

कुकुरलाई काम र फुर्सद दुवै नभए जस्तो
अत्यन्त व्यस्त छन् आजका विद्यार्थी जमात
उनका दृष्टिमा शिक्षा किन यति सस्तो
लामा केश पाली चिच्याउँछन् "वाह ! क्या बात्"

वित्त पढ्ने समय चलचित्र भवनमा
बाँकी समयमा डुल्छन् नायक-नायिका उनका मनमा
लोकलाज केही रहेन पारदर्शी वस्त्र छन् तनमा
थाहै नपाए झैं गर्छन् कति कष्ट छन् जीवनमा

परीक्षाको नतीजा निस्कँदा थाप्लामा दुवै हात
कारण खोतल्दा थाहा पाइन्छ लाग्दछ विषय सात
अनि खनिन्छन् शिक्षक उपर सकल दोष
यस्तो तालले देशमा शैक्षिक विकास कसरी होस् ?

"मलाई मन पर्छ"

- दीपकराज घिमिरे, सं.छा.वा.

डाँडामाथि उठेको त्यो, कपासले सजिएको दृश्य
मनोरम हिमश्रृंखला
मलाई मन पर्छ,
स्वर्गबाट बर्सेका अमृतमय थोपाहरू
जसले पृथ्वी सिञ्चित पार्छ, त्यसैले यसको सौन्दर्य
मलाई मन पर्छ,
नेपालको गरिमा बोकेको मेरुदण्डको प्रतीक
सगरमाथा,
गौरीशंकर र वरिपरिका हिमाल देख्दा
मलाई मन पर्छ,
हाम्रो संस्कृति, जसले हाम्रो अस्तित्वको पहिचान दिन्छ,
आफ्नो सभ्यता झल्काउने यो देशको संस्कृति,
मलाई मन पर्छ ।

के तपाई उत्पादन वृद्धि चाहनुहुन्छ ?

उत्पादन वृद्धि गर्न प्रमाणित चीनबाट आयात गरिएको डि.ए.पि. मलको प्रयोग गरी आर्जन बढाऔं । ने.ट्रे.लि. को सबै कार्यालयबाट उक्त मल उपलब्ध भैरहेको व्यहोरा समस्त ग्राहक वर्गलाई अवगत गराउँदछौं ।

नेशनल ट्रेडिंग लिमिटेड
बिक्री प्रवर्द्धन विभाग
केन्द्रीय कार्यालय, टेकू ।
फोन नं.: २४४९६२, २४४०३२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो कस्तो मिलन हो ?

- कृष्णहरि कोईराला, सं.छा.वा.

म आफ्नो यात्राको क्रममा हिंड्दा हिंड्दै
कसैको नयनले मलाई झस्कायो,
त्यसपछि मेरो आँखामा एक किसिमको भाव छायो
त्यस्तै किसिमको भाव उनमा पनि छायो
म एकदमै प्रफुल्लित भएको थिएँ
अब मेरो जिन्दगीमा वसन्त छायो भनेर
सायद उनमा पनि यस्तै भयो होला
क्रमशः हामीहरू दुईआँखाबाट चार आँखा भयौं
एक शरीरबाट दुई शरीर भयौं
फिल्महल रेस्टुरेन्टहरू हुँदै पार्क पनि गयौं
दक्षिणकाली साक्षी राखी कसम पनि खायौं,
समय विस्तारै विस्तारै बित्न थाल्यो उनी मलाई चाहन्थिन
म उनलाई चाहन्थें,
तर हाम्रो बीचमा 'ग्रेटवाल' पर्खाल थियो
दानवरुपी रुढिवादी संसारको ,
त्यसैले म एकातिर पछारिएँ उनि अर्कोतिर
अब हाम्रो मिलन सम्भव थिएन,
केवल सम्झनामा पागल बन्नु मेरो बानी बसेछ
अहिले त आफूभित्र उनलाई खोज्न हिंडिरहेको छु
कहिले सम्म खोजिरहनेछु त्यो त मलाई थाहा छैन
तर अपसोच, यो कस्तो यात्रा हो ?
जुन बाटो बिना नै हिंडनुपर्ने रहेछ
यो कस्तो सम्झना हो ? सपना बिना नै सम्झनु पर्ने
यो कस्तो मिलन हो ? विछोड पछि पनि तड्पिनु पर्ने ।

शहीद

- केशव प्र. घिमीरे 'मैदेली', सं.छा.वा.

उसले शरीरको चोक्टा चोइट्यायो ।
हाँसी हाँसी शरीरबाट रक्तनदीको सिर्जना गरायो
आज रक्तनदीका माछाहरू हामी भएका छौं
हामी रक्तजल पिइरहेका छौं
स्वतन्त्रताको छातामुनि ओत लागेका छौं ।
तर उसको सपना विपना पार्न
हाम्रो पाइताला दुखेको छ
हाम्रो सुकुमार हातहरू चाउरिएका छन्
कस्तो विडम्वना उस्ले आफ्नो जीवन
सजाउन सक्यो होला
उस्ले आफ्नो जीवनलाई
हाम्रो जस्तै स्वतन्त्र
पार्न सक्यो होला
तर अपशोच
उसले अन्याय, दमन, अत्याचार
सहन सकेन
तातो गोली स्वीकार्यो ।
केवल हाम्रो खुसीको लागि
हाम्रो स्वतन्त्रताको लागि
उस्ले आहुती दियो तर
आज उसको पूजा गरिदैन
यदि हामी उस्को पूजारी हौं भने
अबीर,फूलमालाले होइन
मष्तिष्क, पसिनाले पूजा गरौं
उस्को तस्विरलाई भित्तामा होइन
हाम्रो हृदयमा ठाँउ दिऔं
केवल समवेदनाले पुग्दैन
उस्को सपनालाई विपना पारौं

येषां न विद्या न तपो न दानं
ज्ञानं न शीलं न गुणो न धर्मः ।
ते मर्त्यलोके भुवि भारभूताः
मनुष्यरूपेण मृगाश्चरन्ति ॥

यावज्जीवेत् सुखं जीवेत्,
ऋणं कृत्वा घृतं पिबेत् ।
भष्मीभूतस्य देहस्य
पुनरागमनं कुतः ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरीबको कोखमा हजुर जन्म लिन पुगें

- रेवती निरौला

गरीबको कोखमा हजुर जन्म लिन पुगें
जति दुःख पाए पनि संघर्षमा जुधें
हेर्दा सानो काम ठूलो लुगा सिउने सियो
वाल्न खोज्छु निभिजान्छ आरोहको दियो ।

सुख पाउने गोरेटोमा पाइनँ मैले लिस्नो
रापो तोरी छर्ने नपाई उम्रिदिन्छ सिस्नो ।
भोक लाग्दा खान पाए आँटो पीठै रुच्छ
धेरै सुख चाहिँदैन जिउन पाऊँ पुग्छ ।

धनीलाई धन कमाउन सधैं लाग्ने रहर
चाहिँदैन ठूलो मलाई सहरको महल
झुपडीनै भए मलाई वस्न पाए पुग्छ
निमुखाको वेदना यो आज कस्ले सुन्छ ।

धन हुनेलाई धनकै सुर नहुनेलाई सारो
मरिजान सकिएन बाँच्न भयो गाह्रो ।
बाँच्दा भन्दा मर्दा चाहिन्छ छैन केही जोहो
पिरैपिरमा डुब्नु भन्दा मर्नै सजिलो भो ।

जोत्नेलाई हलो चाहियो लेख्नेलाई कलम
धेरै खोजें पाईनँ मैले मनको घाउको मलम ।
छैन कतै शीतल मलाई वेदनामै डुवें
गरीबको कोखमा हजुर जन्म लिन पुगें ।

नेपालको प्राकृतिक वर्णन

- फनेश्वर शर्मा काफ्ले

वाह्रै मास हरीया जंगलहरू फूलि फलेका वन
गाउँछन् झरना कल्कलगरी खुसि गराई मन
गैंडा वाघसिङे र चित्तलहरू नाची हिंडेका कता
हात्ति वाघ र अन्य जनावरहरू पनि रमेका यता
विश्वजीत हिमालको गोदमहा भएकी विराजन
गाँउ, वेसी, धुनि, तराई र मधेश गरेकी विभाजन
शीतल शान्त स्वभाव ली हिमगिरी सन्देश दर्शाउँछन्
उठ भोर भयो भनेर हामीलाई पवन वर्षाउँछन्
कर्णाली भेरी सेती गण्डकीहरू लिएर आफ्नै धुन
वग्छन् लिएर सन्देश दिदै अरु कति छन पुन :
वाह्रै मास सेचन गरेर हामीलाई हिमाल वर्षाउँछन्
हाम्रै सेवन खातीर नदीहरू वगेर ती आउँछन्
सञ्जिवनी वुटी र अन्य कति छन् खानी यो नेपालमा
पाउनु दुर्लभ चीज अन्य कति छन् विशाल हिमालमा
स्थिर गम्म हिमालको कोखमहा राडी विछाए सरी
लामो चट्ट परी रहेकी अवला उत्तर तरफ शिर गरी
यस्ती प्यारी जगत जननीको गर्नु छ सेवा कन
जुटौं भाइ सवै मिलेर हामीता लगाई तन मन
विकासको मूल मन्त्र कार्य गरनु खीयाई नङ्ग्राकन
प्राकृतिक सव चीज प्रर्याप्त हामीलाई लगाउँ तन मन ।

मान्छे थरि थरिका

- पीताम्बर लम्साल, सं.छा.वा.

कोही भेटे जति जम्मै झ्वाम् पार्छन्
कोही पाएकोमा पनि असन्तोष मान्छन्
कोही चैं त्यसैमा जात फाल्ने गर्छन्
कोही भने पाइयोस् भनी प्रार्थना नै गर्छन् ।

कोही पैसा धेर भएर विदेश जान्छन्
कोही पैसा थोर भएर विदेश जान्छन्
कोंही स्वदेश छोड्न विदेश जान्छन्
कोही चैं रोजगार भन्दै विदेश ताक्ने गर्छन् ।

कोही गलगिद्ध खाई डकार्ने गर्छन्
कोही अलि अलि मै आशा त्याग्छन्
असन्तोषीहरू पाए पनि खोसाखोस गर्छन्
कोही चैं यहाँ खानै नपाई भोकभोकै पर्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दशैं

- गणेश प्र. घिमिरे, सं.छा.वा.

माटो बाटो घरघरमहाँ लौन आयो नि वर्षा ।
साना ठूला वरपर सबै तर्फ छायो नि चर्चा ॥
खुल्ला माधुर्य अवनि महाँ आज फैलीरहेछ ।
कस्तो कस्तो शरदिय खुशी लौन आईरहेछ ॥

- १ -

डाँफे पंक्षी वन वन डुली गीत गाईरहेछन् ।
रामे भुन्टे लिइ सह सखी हर्ष बाँडीरहेछन् ।
अग्ला अग्ला हिमशिखरले स्वच्छ माधुर्य छर्छन् ।
साना ठूला वरपर बसी ज्ञानको वृष्टि गर्छन् ।

- २-

मैलो धर्ती सबतिर हटी सौम्य संसार खुल्छ ।
डाँडापाखा लहलह भई पुष्प माधुर्य फुल्छ ॥
काली देवी जननि सबकी शुभ गर्छिन् भनेर ।
गर्छन् पूजा सब मनुज ती लाभ हुन्छ भनेर ॥

- ३-

कोही हुन्छन् - सबसखिमिली पिङमा मच्चिएका ।
कोही हुन्छन् - घरघर नयाँ ढङ्गमा झुल्किएका ॥
कोही भन्छन् - गर गर छिटो "मैले" जानुछ आज ।
कोही भन्छन् - सबतिर गईज्ञान थाप्नुछ आज ॥

- ४-

कोही हाँस्छन् - यस समयमा हर्षको वृष्टि गर्दै ।
कोही रुन्छन् - घर भरि सबै मासुको लोभ गर्दै ॥
कोही भन्छन् - समय यहि हो खेल्नु पर्ला जमेर ।
कोही भन्छन् - समय यहि हो खानु पर्ला कनेर ॥

- ५-

नेपालीको अतिशय ठूलो चाड नै हो दशैं यो ।
आफ्नै पन्धै दिनहरुमहाँ बित्छ जो त्यो दशैं हो ॥
दुःखीलाई अतिशय कडा लाग्छ जो त्यो दशैं हो ।
हैन, त्यस्तो यदि भनिदिए हर्ष नै त्यो दशैं हो ॥

तिमी

- राजु रिमाल, सं.छा.वा.

तिमी कस्ती कस्ती मगमगसरी वास छरने
सहारा खोजेझैं गरिकन यसै स्वाँङ गरने ।
परेली त्यो सग्लो तलतल झरी प्रेम छरने
वनैमा जाने या घरघर डुली खेल रचने ॥

॥ १ ॥

उठेका ती छाती किन किन यसै टम्म तनमा
दुवै काँडा जस्ता मनमन पुगी घोच्छ दिलमा ।
तिमी राम्री छौ रे रनवन सबै गाउँ भरमा
सबैलाई पाछ्यौं कपटमनले काल वशमा ॥

॥ २ ॥

सुनी तिम्रो चर्चा म वरपर नै पुग्छु छलले
तिमीलाई आफ्नो अधरभरमा राख्छु वलले ।
म भै तिम्रो छायाँ नजरवशमा पार्छु मनले
गरौं माया धेरै छलरहित भै स्वच्छ दिलले ॥

॥ ३ ॥

असारैको वर्षा झमझम गरी झर्छ वनमा
सखीका साथैमा रहिकन तिमी खेल्नु जलमा ।
विहानीको मौका ढकमक सरी फुल्नु नभमा
सबैको माझैमा चमचम गरी चम्क जगमा ॥

॥ ४ ॥

त्यज दुर्जन संसर्गं भज साधुसमागमम् ।
कुरु पुण्यमहोरात्रं स्मर नितयमनित्यतः ॥

नैव पश्यन्ति जन्मान्ध कामान्धो नैव पश्यति : ।
मदोन्मत्ता न पश्यन्ति अर्थी दोषं न पश्यति : ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"मेरो कवितामा म"

- अच्युत प्र.रेग्मी, सं.छा.वा.

मेरो कवितामा म -
फूलै फूलको वहार पाउँदिन
शान्त र शीतल हार पाउँदिन
खुशीयाली भरिएको गीत पाउँदिन
आफ्नो भन्ने कुनै मीत पाउँदिन
त्यसैले त मेरो कवितालाई
म कविता भन्दिनँ
किनकि मेरो कवितामा
कोइलीको गीत पाउँदिन
मायालुको गीत पाउँदिन
त्यसमा
न पीडाको सङ्गीत हुन्छ ।
न मुस्कानको गीत हुन्छ ।
त्यसमा
न सा-रे-ग-म गुञ्जिन्छ ।
न मादलु नै घन्किन्छ ।
रुपक र अनुप्रास नमिलेको,
छन्द र लय नमिलेको,
माया र प्रीति नभरिएको त्यो
कवितामा म मेरो आफ्नो
कविता पाउँदिन
म मेरो सविता पाउँदिन
मेरो कवितामा म
माधुर्यपूर्ण अलङ्कार चाहन्छु ।
कोइलीको गीत चाहन्छु ।
मायालुको छन्द र नदीको तरङ्ग चाहन्छु ।
जहाँ मायाको कुनै गीत होस्
जहाँ इच्छाको कुनै सङ्गीत होस्
त्यसैले मेरो कवितामा म
असल कविको सरस छायाँ हेर्न चाहन्छु ।
असल आत्माको बलिदान नियाल्न चाहन्छु ।
सधैं सधैं
मेरो कवितामा म -
डुब्न चाहन्छु -
उब्रन चाहन्छु -
डुब्न चाहन्छु -
उब्रन चाहन्छु -

***

"के लेखौं कविता ?"

- बलराम दाहाल, सं.छा.वा.

खोई के लेख्नु कविता,
यो चिसो विहानीमा
कति चिसो कविता लेखूँ !
तातो त कतै परदेश लागेको छ ।
यतिखेर मसित
कुनै धुक्धुकी मनतातो मात्र बाँकी छ ।
न्यानो बाँडिन सक्दैन
खोई कति चिसो लेखूँ ?
कविताको अगेनीमा
खरानीका कति चिसा शब्दहरू खोजूँ ?
म त्यो चिसो विहानी कति लेखूँ ?
कागज च्यातेर फाल्न मन लागेको छ
मन निचोरेर पुगेन
निचोरिसकेको त्यो खोस्टालाई भूमिका बाँधेको छु
लेख्दा आगो देख्छु
पानी देख्तिनँ
पानी मरुवा कति लेखूँ ?
लेख्दा चिसो भात देख्छु
खोई कति कति वासीभात लेखूँ ?
कविता मन्त्र भएन
बुद्ध मन्त्रणा नै 'बुद्ध' भएका बेला
म बुद्ध - कविता लेख्न सक्दिनँ
यतिखेर मेरो कलमको होश हराएको छ ।
म चिसो विहानमा कुहिरोहरू मात्र लेख्दैछु ।
कति लेखूँ ? कुहिरोहरूको कविता ।
म कुहिरोमा कविता लेख्न सक्दिनँ
म बुद्धको कविता लेख्न सक्दिनँ ।
यतिखेर
अनि के गर्छस् त है वले ? टेरेसा र डायनालाई
सम्झन्छस् ? खोई ? के गर्ने गर्ने ?
खोई ? के लेख्नू ?
के ?
म फटाहाहरूको माझ
केही लेख्न सक्तिनँ
म वाङ्गेलाई सोझो भन्न सक्दिनँ ।
यतिखेर म केही लेख्न सक्तिनँ ।
म ढुङ्गाको देवता लेख्दिनँ
म सर्पको कविता लेख्दिनँ
यतिखेर,
म केही पनि
लेख्न सक्दिनँ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"कर्मठ नेपाली"

-वालकृष्ण पौडेल, सं.छा.वा.

न गर्छ कर्म नै दुष्ट, न केही नाश गर्दछ ।
वनेर पुष्प झैं राम्रो, माधुर्य गीत भर्दछ ॥
त्यस्तो राम्रो कहाँवाट सिर्जे रे सृष्टि रामले ।
त्यो वन्छ स्वच्छ आत्माले, त्यागले कर्मयोगले ॥

"१"

कर्तव्य कर्म नै ठानी, गर्दछ जो सदा- सदा ।
न हार्नेछ न मर्नेछ दुष्ट भाग्छ कता-कता ॥
परिश्रमी हलो बोकी जब झुल्कन्छ खेतमा ।
हरियो फरिया फेरी आउँछ नित्य कालमा ॥

"२"

सर्वदा राष्ट्रको लागि देशमा कार्य गर्छ जो ।
धरा पालक पुत्र त्यो राष्ट्रको उच्च शान हो ।
शत्रु आए नि भाग्दैन गोली गठ्ठा लिए पनि ।
लाग्छ यौद्धा नि युद्धैमा ज्यान आफ्नो गएपनि ॥

"३"

वीरभद्र बनी कैल्ये कहिले भिमसेन नै ।
गुमाए राष्ट्रको लागि जीवन प्रेम साथ नै ॥
त्यस्ता कर्मठ योद्धा ती, अमर पुत्र देशको ।
ज्ञान लिए, सिके मात्र हुन्छ विकास राष्ट्रको ॥

"४"

कर्मयोगी बनी सारा देशमा फेरि आउँछन् ।
निशाको ध्वान्त नासेर सूर्य झैं झल्मलाउँछन् ।
कान्ति बालेर झल्मल्ल, ब्योममा चन्द्र छाए झैं ।
अशान्ति नासि राष्ट्रैमा कर्मठ वीर आउँछ ॥

"५"

अपि स्वर्णमयी लङ्का न मे लक्ष्मण रोचते ।
जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी ॥

एतद्देशप्रसूतस्य सकाशादग्रजन्मनः ।
स्वं स्वं चरित्रं शिक्षेरन् पृथिव्यां सर्वमानवाः ॥

गौरीको मृत्युमा कविको वेदना

-गोविन्दप्रसाद दाहाल, सं. छा. वा.

गौरी हुन् कविकी प्रसन्न सँगिनी प्रेमी थिइन् सुन्दरी
ज्यादै थ्यो मिलती अतुल्य तिनमा कस्ती महान् किन्नरी ।
साथी हो म त जान्छु हेर्न तिनको आनन्दको जीवन
धेरैवेर सकिन्न देख्न उनको प्रारम्भको मीलन ॥

॥१॥

त्यो माया अनि प्रेम जीवनभरी हाँस्दैन रे आखिर
हे गौरी किन हो तिमी गइगयौ विर्सेर प्राणेश्वर ।
यो वैधूर्य व्यथा कसोरि सहनू आँखा रसाउँन् वरु
आँसु थाम्न सकिन्न नै यदि भने सम्झन्न पीडा अरु ॥

॥२॥

हे नारायण के भयो भनि कवी रुन्छन् विलौना गरी
पोख्छन् ती कविता बनाई निशिमा आत्था र ऐया भनी ।
वन्छन् है अघि नै निराश कवि ती मूर्छा परी आखिर
हेर्छन् ती नभमा उराठ घरमा गौरी बनिन् खातिर ॥

॥३॥

रुन्छन् हे कविका सुपुत्री दुइटी आमा कि आमा भनी
जान्दैनन् कलिला अनाथ टुहुरी गर्छन् विलौना अनि ।
एक्लै छन् कवि ती महाविरहमा को बुझ्छ मर्का यहाँ
देखिन्नन् कविकी उनै प्रियतमा गौरी कहाँछिन् कहाँ ?

॥४॥

कोट्यायो जति यो विलाप उति नै उर्लन्छ आँधी सरी
सम्झायो जति यो दुखान्त घटना रुन्छन् सबै आखिरी ।
देखिन्नन् कविकी उदार सँगिनी छिन् भूमिमा ती कहाँ
फर्कन्नन् कहिल्यै उनी अब यहाँ छिन् दिव्यधामै जहाँ ॥

॥५॥

लेखिन्छन् कविका दुखान्त घटना रुन्छन् सबै आकुल
देखिन्छन् जब ती उदास धरती हुन्छन् सबै व्याकुल
क्या हो यो विधिको कठोर महिमा आतिन्छु सुन्दा पनि
आफ्नै दर्द र वेदना मनन भै चस्कन्छ छाती अति ॥

॥ ६ ॥

के हुन्थ्यो भगवान् अनाथ कविकी पत्नी नचूँडे पनि
के भो हा ! विधिले असहय दुखको संसार सिर्जे पनि
झस्टन्छौ किन हे अघोर निशिमा लाग्दैन माया कति
निन्द्रैमा पनि आउँछौ लिन भनी निष्ठूर बन्छौ अति ॥

॥७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विद्यार्थी साथीहरू

- धीमन्तराज न्यौपाने

साँच्चै लेख्न भनेर उत्सुक भएँ साथीहरूको कथा
धेरै लेख्दिन है खुलस्तसँगले मर्मान्तकारी व्यथा
हाम्रो क्याम्पसमा बडो गजबका साथीहरू पढ्दछौं
खोज्दै जीवनमार्ग अग्रगतिको हामी जहाँ बढ्दछौं ॥ १ ॥

कोही छौं अति सौम्य भद्र गतिला उद्योगमा लम्किने
कोही छौं अति नै छुचा र हठिला मुड्की लिई उफ्रिने
यौटा पढ्दछ शान्त साथ घरको सम्झेर आफ्नो गति
अर्को सड्दछ वोर्ड वेञ्च र सिसा फोर्ने लिई दुर्मति ॥ २ ॥

यौटा वस्छ दिमागमा वल सवै सुम्पेर ध्यान प्रिय
अर्को वस्दछ वाहुमा वललिई मै मत मुड्की प्रिय
यौटा भन्छ दिमागमा मत सधैं भर्नेछु खोजी गुदी
अर्को चेतनहीन स्वाँठ उसको खाली छ जम्मै गिदी ॥ ३ ॥

धेरै रङ्ग विरङ्ग छात्रजनको कच्चा पदार्थ त हो
यो कच्चा अलि पढ्नमा मनदिए सच्चा स्वयं वन्दथ्यो
वाबाको शिरमा सधैं गिर गुडी के थेक्छ लौ सम्झ है
तिम्रो आदत विग्रिए धुरुधुरु यो देश नै रुन्छ है ॥ ४ ॥

रजिष्ट्रर्ग नं.: ४८०/०५६/०५७
श्री ५ को सरकारबाट स्वीकृति प्राप्त
मितेरीबहुउद्देश्यीयसहकारीसंस्थालिमिटेड
(सहकारी ऐन २०४८ अन्तर्गत स्थापित)
बचत गरौं, भविष्य सुरक्षित पारौं।
२०५६
Miteri Multiple Co-operative Ltd.
Thamel, Kathmandu, Tel: 230577
प्रधान कार्यालय ठमेल काठमाण्डौं
फोनः २३०५७७

"म"

- "अधुरो ज्योत्स्ना" सं.छा.वा.

म माटो हुँ धर्ती यस सगरको चुम्बन विधि
म फैलिन्छू ज्योती जग-जगमहाँ कीर्ति म निधि।
म छोरा नेपाली तर म अति नै कर्मठ विर
म योद्धा गोर्खाली तर म अति नै छू शुरविर ॥

म आशा, मर्यादा यस शिखरको शीतल जल
म आमा-वावाको अनि जलधिको कोमल फुल।
म वैरागी कान्छो समय अति नै त्यो चहकिलो
म नेपाली केटो तर म अति नै छू गहकिलो ॥

म ज्योत्स्ना धर्तीको अतिशय ठूलो भीषण वली
म सारा विश्वात्मा जन हृदयको चेतन कली।
म नौलो आविष्कार जति-जति भए शान्त भवको
म सानो शेर्पा रे तर पनि म नै शान हिमको ॥

म आगो कैल्ये त दन-दन गरी वल्छु जगमा
म पानी ऐल्ये ता झर-झर गरी झर्छ झरना।
म हाँस्दा संसारै यस वखतमा रम्दछ यहाँ
म चुक्दा वाजीमा जन हृदय नै खस्दछ जहाँ ॥

म कैल्ये ओराली तल-तल झरी घुम्दछु भव
म कैल्ये माथी नै सगर तहमा रम्दछु जव।
म सेना-आकांक्षा यस जगतको पर्वत म हुँ
म माटो नै चोखो अवनि सबको चेतना म हुँ ॥

म घौराली चौतारि पथिक सबको शीतल म हुँ
म छोरा नेपाली सुन अकवरी केवल म हुँ।
म झर्ना, छाँगा हुँ जन-जिवनको सेवक म हुँ
म सानो नेपाली यस धरतिको सेवक म हुँ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साक्षात्कार

- प्रकाश 'वावु' निरौला, सं.छा.वा.

चौतारीको तलतिर वसी गीत गाइरहेकी
घुम्दै वन्मा गुनगुन गरी गुन्गुनाइरहेकी ।
यौटी बाला कसरी मनको आइछन् कुन्नि भित्र
कस्तो कस्तो मनहुनगयो के भयो यो विचित्र ॥

तीरै छुट्ने नयन विचमा कृष्ण मोती सरी भै
प्रेमज्योती मनविच भयो मैनवत्ती सरी झैं ।
रुपै देख्दा परिहरुपनि झुक्दछन् लाज मानी
मै आँखा हुँ तर तिमि चंहि रुपकी हौ नि रानी ॥

नौनी जस्तै मन भइगयो पग्लिई वग्न थाल्यो
आँखै लाटा भइकन रहे देखि रुप्को उज्यालो ।
मै पर्देशी पथविच भुलें पाउ नै चल्न छाडे
हे मृगाक्षी ! अव त तिमीले साथ कैल्यै नछाडे ॥

मै हुँ भौंरो वनचर तिमी चाहि हौ फूल कमलको
तिमी नै छौ मनविच पनि आउने भै झ-झल्को ।
वस्छु तिम्रो मलमल नरम् दील दर्वार भित्र
स्वीकृतिले चुपभइ बसी हौ कि ता भित्र-भित्र ॥

यात्री आजै रनभुल भयो लक्ष्य विर्सी यसोरी
विधाताले कुँदिकन भयो रुप यस्तो कसोरी ।
वस्छु आजै यहिं पथविषे जान्न कैल्यै उठेर
जान्छ्यौ छाडी अव पनि भने जाउ शव् कुल्विएर ॥

म के गरुँ ?

- वोधराज वधिकारी, सं.छा.वा.

हाँसेर मरौं कि मरेर हासौं ?
खाएर वाचौं कि वाँचेर खाउँ ?
लाएर नाचौं कि नाचेर लाउँ ?
मारेर मरौं कि मरेर मारौं ?
'म के गरुँ ?'
उठेर सुतौं कि सुतेर उठौं ?
खेलेर वसौं कि वसेर खेलौं ?
पढेर लेखौं कि लेखेर पढौं ?
रोएर हासौं कि हासेर रोउँ ?
'म के गरुँ ?'
दिएर लिउँ कि लिएर दिउँ ?
चोरेर भाँगु कि भागेर चोरुँ ?
सोधेर जाउँ कि गएर सोधुँ ?
वोकेर ल्याउँ कि ल्याएर वोकौं ?
'म के गरुँ ?
कविता लेखुँ कि लेखेर कवि हुँ ?
गाएर गायक कि गधा म वनुँ ?
म राष्ट्रवादी कि म राष्ट्रघाती ?
म एक शान्त कि अशान्तवादी ?
खुशीले नाचुँ कि नाचेर खुशी हुँ ?
सडेर वाँचौं कि वाँचेर सडौं ?
'म के गरुँ?'
लौ भनन - म के गरुँ ??
सुने नौं ! तिमी लाई सोध्दैछु -
भनन 'म के गरुँ ??'

अनन्तपारं किल शब्दशास्त्रं
स्वल्पं तथायुर्बहवश्च विघ्नाः ।
सारं ततो ग्राह्यमपास्य फाल्गु
हंसैर्यथा क्षीरमिवाम्बुमध्यात् ॥

न निर्मिता केन न दृष्ट पूर्वा
न श्रूयते हेममयी कुरुङ्गी ।
तथापि तृष्णा रघुनन्दनस्य
विनाशकाले विपरीतबुद्धिः ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आयामै छ वसन्तको तर यहाँ हेमन्त पो आउँछ

- उप.प्रा. मुकुन्दप्रसाद लामिछाने

बत्ती बल्न सकेन नव्य घरमा आँधीहुरी आउँछन्
शोभा बाहिर निस्किएन पथमा पर्खाल तेर्स्याउँछन् ।
लक्ष्मीका घरमा बसेर शठले दारिद्र्य बोलाउँछ
आयामै छ वसन्तको तर यहाँ हेमन्त पो आउँछ ॥
॥ १ ॥

गर्नू पाप गरेर भित्र घरमा, मन्दिरमा धाउँछ
माखो मार्न न सक्छ किन्तु पुरमा धक्कू ठुलो लाउँछ ।
रोगीका निहुँमा अरुण जन नै सर्वस्व कुल्याउँछ
आयामै छ वसन्तको तर यहाँ हेमन्त पो आउँछ ॥
॥ २ ॥

बाटो खल्न भनेर हिंड्छु पथमा लुट्छन् सबै साधन
डुङ्गा हाँक्न दिइन्न सिन्धुबिचमा गाहो छ माझी हुन ।
आँखा चिम्म गरेर मानिस यहाँ चस्मा नयाँ लाउँछ
आयामै छ वसन्तको तर यहाँ हेमन्त पो आउँछ ॥
॥ ३ ॥

च्याती फ्याँक्न तयार छौं तिमिरको पर्दा पुरानो तर
नौलोमा नवज्योति झल्मल हुने विश्वास पो के छ र ?
बाटो दिव्य खनौं त आज पहिल्यै भूकम्प भत्काउँछ
आयामै छ वसन्तको तर यहाँ हेमन्त पो आउँछ ॥
॥ ४ ॥

बत्ती बाल्न भनेर मानिसहरू आए र जम्मा भए
बर्षाई जल भारी भित्र घरकै आगो निभाई गए ।
टोपी किन्न भुलेर मानिस यहाँ टाई भिरी आउँछ
आयामै छ वसन्तको तर यहाँ हेमन्त पो आउँछ ॥
॥ ५ ॥

बाटो भत्कनुको कडा दुःख सबै बोकेर थाप्ला भर
चौडा मार्ग बनेर फैलन यहाँ खोज्दो छु आफैं तर ।
मेरो मस्तकमा अशिष्टदलले पाषाण बर्षाउँछ
आयामै छ वसन्तको तर यहाँ हेमन्त पो आउँछ ॥
॥ ६ ॥

मायाको सम्झना कुर्कुरे बैंशमा

- खेमराज ओझा, सं.छा.वा

प्रेम थियो यहाँ फूलको झममा
झुल्कने प्रीयसी प्रीयको प्रीतमा ।
शब्दमा प्रेम हो प्रेमका भावमा
प्रीयको सम्झना प्रेमिका तड्पमा ॥१ ॥

प्रीयसी सुन्दरी रूपवाली भइन्
प्रीयको सम्झना छातिमा बोकिइन् ।
गल्किने प्रेमि नै शुन्य संसारमा
लल्कियो प्रेमि नै प्रीयको माझमा ॥२ ॥

प्रेमका प्रीतिका ती जवानीहरू
गोप्य संसारका ती कहानीहरू ।
प्रेम गर्नू कतै भूल भन्छ्यौ भने
पूर्ण संसार नै प्रेममा तड्पने ॥३॥

कत्ति टाढा तिमी सायमा कल्पना
गर्न ता सक्दछ्यौ प्रेमको सम्झना ।
फूलका वासना प्रीयसी तिर्सना
प्रेमका जालमा प्रीतका वासना ॥४॥

प्रेम जोड्नेहरू तिर्सना बिसंदा
प्रेम गर्नेहरू भावमा पौडिंदा ।
मायको तिर्सना प्रेमको बिर्सना
टुक्रियो काँच झैं मायको सम्झना ॥५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रधानको भतिजो

✍ नारायण ढकाल

पंचायतविरोधी पोष्टर कसले टाँस्छ भन्ने कुरा खुल्नु भन्दा पहिले अर्को एउटा घटना घट्यो। मेरो निम्ति त्यो घटना एकदमै सामान्य थियो। तर त्यसलाई मेरा वाले असाधारण रूपमा लिए। उनले त्यस कुरालाई यति गंभीर बनाए कि यसपछि उनी मलाई सख्त घृणा गर्न थाले। उता हजुरबा भने यस विषयमा लामो समयसम्म तटष्थ रहे।

"यो तेरो कोखबाट जन्मेको मुसल हो बुझिस्।" आमासित वाले भने।

"केटाकेटी यस्तै त हुन्छन् नि। उसको सानोतिनो भुललाई लिएर तपाई किन रिसाउनुहुन्छ ?" आमाले भनिन्।

"यसलाई केटाकेटी भन्छेस्। यो भुस्तिघ्रे अझै केटाकेटी छ ? विहे गरेको भए अहिले नै केटाकेटीको बाउ बन्ने वेला भयो, अब यो कसरी केटाकेटी ? यसको उमेरमा मैले घरव्यवहार सम्हाल्न थालिसकेको थिएँ। यसले त्यो कुरा बुझ्दैन भनेर कसरी भन्छेस् ?"

"यसले त्यति ठूलो भूल त गरेको पनि त होइन। जाँड र क्सी खाएर हिंडेको छैन। एउटा नाथे कुनचाहिं संगठनको सदस्य बन्दिन भनेछ। अब यत्तिकैमा तिमी आँधी तुफान मच्चाउँछौ।"आमाले प्रतिवाद गरिन्। "यसले जे गऱ्यो, त्यसले हाम्रो कुलको सर्वनाश गर्देछ। यसले आफूलाई त झ्यालखाना पुऱ्याउने नै भयो। तर हामीलाई पनि सुख नदिने भो।" वाले भने।

"नकराऊ, लाछी बुढा। एउटा केटाकेटीले कन्ना पछाडि राजाको विरोध गरेछ होइन ? त्यत्तिले झ्यालखाना जानुपर्छ भने जावोस् मेरो छोरो"

आमाको चर्को प्रतिवादपछि वाको बोली बन्द भयो।

गाउँफर्कको दबदबा बढ्न थालेको समय थियो त्यो। पंचायतले वर्गीय संगठनहरूमार्फत् विभिन्न तप्काका जनतालाई गोलबद्ध गर्ने लक्ष्य राखेको थियो। त्यसैवखत प्रधानपञ्चको भतिजो बलरामले नेपाल युवक संगठनको सदस्यता रसिद गाउँका युवकमाझ प्रस्तुत गऱ्यो।

"युवाहरू एक गढ हुनुपऱ्यो। गाउँको विकास गर्न युवाहरूको भूमिका महत्वपूर्ण हुन्छ। त्यसैले हामीले पनि यो गाउँमा नेपाल युवक संगठन इकाइ बनाउनु पऱ्यो।"

वलराम मेरो स्कूलदेखिको साथी थियो। हामी एकदमै मिल्थ्यौं। संगै स्कूल जाने र संगै फर्कने जोडीमा हाम्रो नाम चढिसकेको थियो। वर्षायाममा स्कूलबाट भागेर पौडी खेल्न जानेमा पनि हामी संगै हुन्थ्यौं। हामी यति धेरै घनिष्ट थियौं कि-हामी एक अर्काका कमजोरी पनि लुकाउँदैनथ्यौं।

तर वलरामको एउटा खराव स्वभाव थियो - अर्काको कुरा लगाएर आफू ठूलो हुने। ऊ पहिले आफैं कुनै गलत काम गर्न उक्साउँथ्यो र पछि त्यही काम गरेको कुरा लगाउँदै वा-आमालाई उकास्थ्यो। एकपटक मैले उसैको उक्साहटमा आमाको थैलीबाट एक रुपियाँ चोरेर गाउँ नजिकैको जंगलमा ऐंसेलु खान जाँदा त्यो रुपियाँ हरायो। कमिजको माथ्लो खल्तीमा राखेको थिएँ। वेलावेलामा छाम्थें। नहराओस् भनेर सवै ध्यान त्यतै केन्द्रित थियो। तर जादुमय तरिकाले त्यो नोट हरायो। त्यो कुरा वलरामले आमालाई सुनायो। फलस्वरूप मैले यति धेरै कुटाइ खाएँ संभवतः केटाकेटी कालमा उपल्लो गरेर चुटाई खाएका सवै घटनाको सुचीमा त्यो सवभन्दा अगाडि आउँछ।

त्यसपछि अर्को एउटा घटनामा उसले मलाई अप्ठेरोमा पाऱ्यो। त्यसताका हामी एक घण्टा हिंडेर शहरनजिकको एउटा आदर्श गाउँमा पढ्न जान्थ्यौं। मेरो गाउँमा चार क्लाससम्म मात्र पढाइन्थ्यो जहाँ मेरा बाबु शिक्षक थिए। उनी अंग्रेजी जान्दैनथे त्यसैले कक्षा पाँच खुलेको थिएन। त्यसवेला कक्षा पाँचसम्मको विद्यालयलाई प्राथमिक स्तर प्राप्त थियो र त्यही कक्षामा पुगेपछि मात्र अंग्रेजी पढाइन्थ्यो। त्यसैले हामीलाई माध्यमिक कक्षाको निम्ति अन्यत्र जानुपर्ने अनिवार्यता थियो।

गाउँबाट एक कोष पश्चिम हिंडेर जानुपर्दा भोक र थकाइले अत्यधिक सताउँथ्यो। त्यसवेला मेरो लागि पाँच-दश पैसा पनि महत्वपूर्ण हुन्थ्यो। कसैले पैसा दिंदैनथ्यो। त्यसरी दिनको पाँच-दश पैसा खर्च गर्ने सामर्थ्य हाम्रो गाउँमा अरु धेरैको थिएन। त्यसवेला हामीलाई पैसा आवश्यक पऱ्यो भने घरको अन्न चोर्ने र बजारमा लगेर बेच्ने काम गर्थ्यौं। चुरोट खाने लत भएका केटाहरूको निम्ति यो कर्म नियमित र सनातन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन्थ्यो । म त्यस वेलासम्म चुरोट खान्न थें । तर पनि एक दिन वलरामले भन्यो -

"राजाको जन्मोत्सवमा स्कूलले हामीलाई शहर लैजान्छ । त्यसैवेला सिनेमा हेर्नुपर्छ । त्यसैले तँ पनि घरमा केही चामल चोर, म पनि चोर्छु ।"

मैले स्वीकृति जनाएँ । चामल चोरेर हामीले सिनेमा हेऱ्यौं । बरफ खायौं । तर पछि उसले मेरो वालाई त्यो सबैकुरा लगायो । त्यसपटक मैले बाको हातवाट अर्को रामधुलाइ भेट्नुपऱ्यो ।

त्यस पटक पनि बलरामले त्यस्तै गऱ्यो । काला अक्षरहरू छापिएको सेतो रसिद फर्काएर उसले मलाई भन्यो -"तैंले पनि यसको सदस्यता लिनुपर्छ । यसबाट धेरै फाइदा हुन्छ । माथिका नेताहरूसित चिनजान हुन्छ । गाउँको विकास हुन्छ । अरु अघि बढ्दै गयो भने राष्ट्रिय पंचायत सदस्य र मन्त्री पनि हुन सकिन्छ । "

"यो नाङ्गोरूपमा पंचायतको दलाली हो । म यसको सदस्यता पनि लिन्नँ र दलाल पनि बन्दिनँ ।"

मलाई थाहा छैन, मेरो मनमा त्यस किसिमको विचार कसरी आयो । बोलेपछि बलराम एकदमै डरायो । ऊ एकछिन बहस गर्ने मुडमा थियो तर उसको दिमागमा कुनै कुरा चढेन । ऊ सभामा बेइज्जती कमाएर दण्डित भएको पात्र झैं निरीह भएर हिंड्यो । पछि थाहा भयो - उसले सबै कुरा बालाई सुनाएछ ।

त्यसपछि बा धेरै डराए । उनी डराउनुको मुख्य कारण मैले राजाको विरोध गरेको मात्र थिएन । डराउनुको मुख्य कारण दिनहुँ जस्तो गाउँमा पंचायत व्यवस्थाविरोधी पोष्टरहरू टाँसिएका थिए र राजाका पुलिसहरू ती पोष्टर टाँस्ने हातहरूको खोजीमा थिएँ । त्यसैले बाको एकमात्र चिन्ता थियो - यसको चुलबुले स्वभावको कारण त्यो सबै अभियोग यसमाथि नलागोस् ।

त्यसपटक बाले मलाई एक थप्पड पनि पिटेनन् । त्यसको विपरीत उनले जे गरे त्यसले मेरो मनमा उनीप्रति सहानुभूतिको बदला वैरभाव मात्र उत्पन्न गऱ्यो । पहिले-पहिले चुटाइ खाँदा कहिल्यै त्यस्तो अनुभव भएको थिएन । पहिले कुनै एकपटक उनले मलाई गाउँको माझको पोखरीमा लगेर चोबलेका थिए । हिउँदको समय थियो । जाडोले मेरो शरीरका रौंहरू आलपिन झैं ठडिएका थिए । पिटाइ खाएपछि केहीबेर रोएँ । त्यस रात मैले भात खाइनँ । राती सुँक्कसुँक्क गर्दै सुतें । भोलिपल्टदेखि नै मैले त्यो कुरा बिर्सिएँ । शायद बाले पनि भोलिपल्ट त्यो कुरा बिर्सिए । किनकि त्यो दिन स्कूलमा अन्तिम परीक्षाको परीक्षाफल प्रकाशित भएको थियो, कक्षा चारमा पनि म पहिला भएको थिएँ । त्यसपछि खुशी हुदै बाले वेलुकी आमालाई भने -"सुनिस्, तेरो छोरो किस्ने निकै प्रतिभाशाली छ । अहिलेसम्म गाउँमा उसका कुनै सहपाठीहरूले उसलाई उछिन्न सकेका छैनन् । अब माध्यमिक विद्यालयमा गएर पनि यसै गर्न सक्यो भने यो गाउँको नाक राख्ने यही हुनेछ ।" बलराम कुरा लगाउन आएको समय म घरमा थिइनँ । दिसामैदानको निम्ति फाँटतिर ओर्लिएको थिएँ । शायद ऊ मेरो चियो गर्दै थियो । म नभएको मौका पारेर घरमा घुस्यो ।

घरमा फर्किंदा हजुरबा र बा भात खान धोती फेरेर चुल्होमा गइसकेका थिए । आमाले मलाई पनि तुरुन्त लुगाफु कालेर खान आउन भनिन् । धोती फेरें र हात मुख धोएर म चुल्होमा उक्लें । बाले मतिर हेर्दै हेरेनन् । शायद उनलाई खाना पहिले झैं रुचिकर पनि भएन । उनी औपचारिकता पूरा गरेझैं उत्साहहीन मनोविज्ञानमा तिहुन र ढिंडो मुखबाट हुलिरहेका थिए । मैले खाइसक्दा नसक्दा बा स्कूल जान तयार भएर ओर्लिइसकेका थिए । त्यसैवेला उनले मलाई भने -"सुन् किस्ने, यो गाउँमा मेरो निकै मान सम्मान छ । कसैले मलाई दुर्जन भन्दैन । तँ मेरो छोरो होस् । अब एउटा आदर्श छोराले आफ्नो बाबुको इज्जत कसरी जोगाउनुपर्छ, आफैं विचार गर् । अब तँ केटाकेटी चाँही होइनस् । "प्राप्तेषु षोडशे वर्षे... ... ..." मेरो सुझाव यही हो, आगे तेरो विचार जे छ त्यही गर् । बाको यसपटकको गंभीर भनाइले वातावरण एकदमै स्तब्ध बनाएको थियो । यसपटक आमा पनि शब्दहीन अवस्थामा पुगिन् । मलाई लाग्छ - त्यसवखत हजुर बाको अनुहारमा पंचायती शासनका आतंकका सबै कथाहरू प्रतिविम्बित भएका थिए, शायद आमाले पनि त्यही अथाह गंभीरतालाई प्रतिकार गर्न सकिनन् । त्यसपछि म पेटै नभरी भान्साबाट उठेर बाहिर गएँ ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२७९ औं पृथ्वी जयन्ती

तथा

राष्ट्रिय एकता दिवसको उपलक्ष्यमा समस्त देशवासी दाजुभाइ तथा दिदीबहिनीहरूमा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

राष्ट्रिय बाणिज्य बैंक

परिवार

We Support Your Business Growth

We Help you to Match your Financial Needs
with our Financial Services.

*Avail Loans & Advances at Lower Interest Rates.
* Speedy Financial Services to take Advantage of
Investment Opportunities.

NSLMB

Nepal Sri Lanka Merchant Bank Ltd.

(Incorporated Under the Finance Company Act 2042)
P.O.Box 12248, NB Building, Bagbazar, Kathmandu, Nepal
Ph: 227555, Fax: 240674, E-mail: bank@nslmb.mos.com.np

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उज्यालोको खोजी

✍ सनत रेग्मी

ऊ जन्मान्ध थियो । अन्धोपनको अत्याधुनिक चिकित्सा प्रणालीमा उसले सुविधाप्राप्त अस्पतालहरूमा आफ्नो गच्छेअनुसारको चिकित्सा प्राप्त गर्ने प्रयत्न गरिसकेको थियो । तर पुनर्दृष्टि पाउने कुनै सम्भावना उसले देखेन । आफ्नो अन्धकारमय जीवन उसलाई व्यर्थ लागिरहेको थियो । अन्धोपनका कारण उसले पढ्न सकेको थिएन, त्यसैले उसका ज्ञान जाग्रत थिएनन् । यो जीवन र जगत्लाई कसरी हेर्ने ? जीवनको पूर्णता कसरी पाउने ? आशाको झीनो झल्को समेत उसले पाएन । निराशाको चरम क्षणमा ऊ आत्मघात गर्न तम्सियो । ऊ पहाडको चुचुरोमा पुगेर तल हाम्फाल्न चाहन्थ्यो । निकै ऊहापोह पछि एकदिन उ एउटा भीरको छेउमा पुगेर हाम्फाल्न तम्सियो । हठात् दुई बलिया हातले उसलाई आफूतर्फ तानेर भीरबाट हाम्फाल्न दिएनन् ।

-आत्महत्या त पाप हो । ईश्वरप्रदत्त यो अमूल्य जीवन त्यसै नष्ट गर्नुहुँदैन । तिमी किन आत्महत्या गर्न तम्सिएको बाबु ?

-म के गरौं ? मेरो जीवन अन्धकारमय छ । जन्मेदेखि नै म अन्धो । उज्यालो कस्तो हुन्छ मैले थाहा पाउन सकेको छैन । पाइला-पाइलामा ठेसबाहेक मैले केही पाएको छैन । यस्तो दुःखपूर्ण जीवनको के सार ?

-बाबु, तिमीले प्रकाश खोज्ने प्रयत्न नै गरेनौ । तिमी त ईश्वरको सृष्टि हौ । त्यसैले उज्यालो पनि तिमीभित्र नै छ र अन्धकार पनि । मात्र उज्यालोलाई चिन्न सक्ने शक्ति चाहिन्छ । दृष्टि नहुँदैमा उज्यालो हेर्न नसक्ने हो र ? ईश्वरले दृष्टि दिन बिर्सिए पनि अन्तर्दृष्टि त दिएकै छन् । त्यही अन्तर्दृष्टिलाई खोल, तिमीले आफूलाई उज्यालोमा पाउँछौं । त्यसै अँध्यारोसँग तर्सिएर ज्यान फाल्न खोज्ने हो ?

- नैले त अहिलेसम्म दृष्टिहीनता र अँध्यारो नै देख्न सकेको छु । उज्यालो कस्तो हुन्छ मैले कसरी थाहा पाउने ?

-बाबु, हृदय र मष्तिष्कलाई ढपाउनु अँध्यारो हो । म र मेरोको वृत्तमा घेरिनु अँध्यारो हो । शुभप्रति अनास्था र अशुभको आतङ्क अँध्यारो हो । मनोयोगपूर्वक बाँच्न नसक्नु अँध्यारो हो । हताशको मृत्यु अँध्यारो हो । तिमी त उज्यालो खोज्न नसकेर झन अँध्यारोमा जाकिन खोज्दै थियौ । तिमी उज्यालो खोज, तिमीले पाउँछौं । सदासर्वदा हाँस्नु र मुस्कुराउनु उज्यालो हो । सुरताल बुझ्न सक्नु उज्यालो हो । अरुलाई माया गर्नु उज्यालो हो । कष्ट बिर्सनु र आनन्दको अनुभूति गर्न सक्नु उज्यालो हो । जीवनलाई सहजरूपमा बाँच्न सक्नु उज्यालो हो । तिम्रो अन्धोपनले यी सबैकुरा जान्न, बुझ्न र अनुभव गर्न कुनै बाधा पुऱ्याउँदैन । त्यसो हुनाले तिमी अन्धकार मात्र होइन उज्यालो पनि हेर्न सक्छौ । प्रकृतिले हाम्रो आवश्यकता भएको एउटा कमजोरीको पूर्ति गर्न शरीरका अवयवहरूमा अतिरिक्त शक्ति दिएको हुन्छ । त्यही शक्तिले जीवनलाई पूर्णता दिन्छ । मानव जुनीमा दुई चक्षु हुन्छ । एउटा स्थूल भौतिक चक्षु र अर्को आत्मप्रकाशले प्रज्ज्वलित प्रज्ञा चक्षु । तिमीमा पनि त्यो चक्षु छ । तिमी निराश नहोऊ, अन्धकारबाट प्रकाशतिर बढने प्रयत्न गर । आत्मप्रकाशलाई प्रज्ज्वलित गर, तिम्रो प्रज्ञाचक्षु खुल्नेछ त्यस प्रज्ञाचक्षुले सबैकुरा देख्न सक्नेछौ ।

ऊ, उसलाई समाउने व्यक्तिको खुट्टामा छाँदहाल्दै भन्न थाल्यो-तपाई को हुनुहुन्छ महात्मन् ? तपाईंको उपदेशबाट मैले अँध्यारो र उज्यालोलाई चिन्नसक्ने भएँ । यही चिन्नसक्नुले नै मलाई उज्यालो हेर्नसक्ने शक्ति दिनेछ । आत्मप्रकाशको उज्यालोमा मेरा प्रज्ञाचक्षु खुल्नेछन् ।

- बाबु, म विवेक हुँ । मानवमात्रका कल्याणका लागि मानिसहरूकै माझ निवास गर्नु मेरो जीविका हो । तिमीजस्ता प्राणीलाई बाटो देखाउनु मेरो कर्तव्य हो । अहिले मेरो कर्तव्य पूरा भयो । आउने दिनहरूमा म एक जना प्रज्ञा-चक्षुलाई सदैव भेट्न पाउनेछु ।

उसलाई अँठ्याएर समातेका दुवै हात अलप भए । ऊ एउटा दृढता लिएर उज्यालोको खोजीमा गाउँतर्फ फर्कियो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कस्तो न्याय ?

✍ डा. बद्री पोखरेल

सजाय पनि त गल्ती मनासिवकै हुन पर्छ। पुरुषार्थ भन्दा ठूलो पुरस्कारले जस्तै सुझबुझ विनाको तडपाहटले मान्छे गर्विन्छ, बिग्रिन्छ, फेरि उसले पुरस्कारको आशा नराखे पनि हुन्छ। उसको जिन्दगीको सफलताको मञ्चमा कालो ठूलो पर्दा लाग्न सक्छ।

मीराले गल्ती गरेकी छ, यसमा अदालतको निर्णय किन चाहियो ? प्रत्येक आत्माले मीराको गल्तीलाई टड्कारो रूपले हेरिरहेको छ। ऊ अब कसैका सामुन्ने पनि निर्दोष छैन, निष्कलङ्क छैन, जीवन पक्षको लामो वाटोलाई उसले भूलिसकेकी छ। उसको जिन्दगीको वाटो छोट्टिइसकेको छ, यसमा कुनै निर्णयको दर्कार छैन, मीराको दुश्चरित्रताप्रति सबैको आँखा तानिइसकेको छ। मान्छे जस्तो जागरुक प्राणीको त के कुरा गाईभैंसी र अरु घरमा पालेको वस्तुभाउ समेत पनि अब मीराको अनुहारपट्टि हेर्न मुन्टो उठाउँदैनन्। सधैंसधैं मीराको हात चाट्न खोज्ने गाईका वाछाहरू पनि आज उनलाई देख्नेवित्तिकै पराङ्मुखी बन्दछन्। मीराको काख, छाति, पिठियुँ र काँधमा चढ्न आउने वाखाका पाठाहरू पनि केही दिनयतावाट उनीदेखि तृप्त भैसकेका जस्ता देखापर्न थालेका छन्। मीराकी भाउजूको त के कुरा उनलाई आजकल घरमा सबैभन्दा इमान्दार, सती र पतिव्रता साबित गराउन ठूलो मौका मिलेको छ। केही दिनअघिसम्म त्यस घरमा उनले भोग्नुपरेका र सहनुपरेका विवशताहरूले आज उनीलाई छुट दिइरहेका छन्, मानौं आज तिनै अतीतका विवशता र दुःखहरू सुख र सफलतामा परिवर्तित भएका जस्ता प्रतीत भइरहेका छन्। त्यसो त मीराले पहिले भोगेका सुख र मीराले अर्कालाई थोपरेका बोझहरू गणना गर्ने हो भने जतिसुकै रजिष्टरहरूमा दर्ता गर्न थाले पनि अट्दैनन्। यो संसार यस्तै छ, सुख र दुःख त आपसी ओराला र उकाला मात्र हुन्। यिनीहरूमाथि चढ्नुपर्छ, यिनीहरूबाटै ओर्लिनुपर्छ।

मीराले गल्ती गर्ने कुरा पनि त त्यै समाजबाट सिकेकी हुन्। समाजले नै उनलाई अगाडि बढ्ने र पछाडि हट्ने घोडा बनाइरहेको छ। समाज लगाम नबनिदिने हो भने आज मीराको अपराध या त त्यसै धुँवा भएर रङ्मगिंन्थ्यो, भित्रभित्रै गुम्सिन्थ्यो, कसैको पनि चर्चाको विषय हुँदैनथ्यो। यो त उनले गरेको कामको भोग, सुख वा दुःख जे भए पनि उनैले भोग्नु पर्थ्यो। यसैले आज मीराको अवस्थालाई यस रूपमा उद्घाटन गरिदिने काम कसले गऱ्यो भनेर सोध्यो भने जो सुकैले पनि सजिलैसँग उत्तर दिन सक्छ - "समाजले" भनेर।

यो समाज पनि विचित्रकै छ। लिंकन, गान्धी र देवकोटा यै समाजबाट जन्मिए, नेपोलियन, हिट्लर र भीमसेन थापा पनि यै समाजकै उपज हुन्। शकुन्तला, तारा र भृकुटी पनि यै माटोबाट उम्रिएको पानी पिएर समाजको ऐनामा मुहार प्रदर्शन गराउन आएका थिए। तर ... तर यी सबैको आचरण र कर्मप्रति हामी सोचौं, एकपटक यिनै विगतका इतिहासलाई हाम्रो विचारको विषय बनाऔं। हामी निस्फिक्रीसँग भन्न सक्छौं "अवश्य पनि मीराले गल्ती गरेकी छैन"। मीराले गल्ती सिकेकी पनि छैन। उसले त समाजले रचेको खेल खेलिदिएको मात्र हो। ऊ त एउटा साधारण खेलाडी मात्र हो। खेल सकिएपछि उसको के अस्तित्व, मञ्चमा पाठ सकिएको पात्रको अर्को दृश्यमा के प्रयोजन ? समाज त निरवच्छिन्न जीवित रहिरहने पासो हो। त्यहाँबाट कत्ति उम्कन्छन्, कत्ति त्यसैमा पस्छन्, फस्छन्। के गणना र ? जे होस् मीरा अहिले त्यै पासोमा फसेकी छन्। उनी मनमनै त्यसबाट मुक्त हुन चाहन्छिन् होला, तर ... तर अपशोच उनको हातमा बलियो हत्कडी लागिसकेको छ, खुट्टामा साङ्लो बाँधिइसकेको छ, के गरोस्।

हिजोआज मीराले मनमनै सोच्न थालेकी छन्। उनी उत्तिखेरै प्रसन्न मुद्रामा देखिन्छिन्। हँसिलो अनुहार, मुस्कुराएको लाली, मीठो वचन। उत्ति नै खेरी चिन्तातुर हुन्छिन्, केही हराएजस्तो, केही विराएजस्तो, केही शर्माएजस्तो, कहिले निहुरोमुन्टो लगाएर साडीका आँचलले आँसु पुछेझैं गर्छिन् भने कहिले गोडाका बुढीऔंलाले भुई कोट्याउँदै ठिंग उभिएकी हुन्छिन्। चेप्टिएको छाती, अग्लिएको स्तन युगल, मिलेका सेता दाँत, ठूलो निधार, बीचमा रातो टीका, रित्तो सिउँदो, साँच्चै भन्ने हो भने प्रकृतिले सहसा जन्माएकी जस्ती, चित्रकारले धेरै दिन लगाएर बनाएको मनमोहक चित्रजस्तो लाग्छ मीराको अनुहार। नारी स्वभावलाई प्रकट गर्न आफ्सेआफ कसिला देखिएका नितम्बले र सर्लक्क पारेर होच्याइएका काला कपालले पछाडिपट्टिबाट पनि आफ्नो सुन्दरता प्रदर्शन गराउन महत गरिरहेका स्पष्ट देखिन्थ्यो। जे मीरा बोल्छिन्, हाँसेर मात्र दुईवटा ओठ चालाउँछिन्। कृष्णवर्णको अनुहार हुनाले उनका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सेता दाँतको महत्व झन बढी हुने नै भयो , त्यसमाथि गालामा लगाएका फा र पाउडरले त अत्तरलई विर्साइदिन्थ्यो । उमेरले गर्दा उनलाई स्वभावतः आफ्नो गोडादेखि लिएर छातीसम्म हेर्न मन लाग्थ्यो । अरु समवयस्का केटीहरूमा भन्दा उनीमा केही कुराको कमी अनुभव हुँदैनथ्यो ।

अहिलेको समाज र परिस्थिति बडो विचित्रको छ । लाग्छ, यसमा केही दोष त पक्कै पनि छ । मान्छेले जतिसुकै ठूलो गल्ती गरे पनि समाज उसलाई निर्दोष सावित गरिदिनसक्छ । ज्यानमारालाई पनि दण्डको दर्कार पर्दैन, उसले ज्यान मारेको होइन भनेर सफाइ लिन सक्यो भने । यो त एउटा साधारण कुरो मात्र हो । अरबौं रुपियाँ मूल्य जाने पराधीन वस्तु पनि आज मान्छे नहिच्किचाइकन स्वाधीन बनाउन सक्छ, त्यसबाट पनि ऊ समाजको दागी बन्नु त कता हो कता साधु पो बन्न पुगेको हुन्छ । यो कसरी हुन्छ ? यै कुरा आज झण्डै झण्डै मीराको जीवनकालमा घट्न आइपुगेको छ ।

एउटा साधारण परिवारमा जन्मिएर बढेकी मीराले आफ्नो यौवनकालमा नराम्री वा राम्री बन्ने आकांक्षा के आफूले राखेकी थिई ? यदि उसलाई प्रकृतिले नै कालो अनुहार, ओठ भन्दा बाहिर आएको दाँत, सानो निधार, त्यै पनि रौं उम्रिएका, नाकको टुप्पामा कालो अरलो कोठी, देख्दै रीस उठ्दो, खस्रा हात पाखुरा बनाइदिएको भए पनि त उसले प्रतिवाद गर्ने ठाउँ थिएन नि । अवश्य पनि मेरो अनुहार राम्रै चाहिन्छ भन्न सक्तिनथी । उजूर गर्न पनि जान्थी । यो ध्रुवसत्य हो । त्यसको बदला आज ऊ प्रकृतिबाट राम्री हुन पुगी त उसको यहाँ के दोष ? के म राम्रीको सट्टा नराम्री हुँ भनोस् उसले ?

यौनिक उन्मादबाट आउने रंगीचंगी क्रमशः मीरामा पनि देखा परिरहेको थियो । यौवनको उन्माद अनुसार उनले आफ्नो स्वभाविक प्रकृतिलाई अगाडि बढाउँदै थिइन् । अझ बढाउँदै थिइन् । यसमा मीराका बाबुआमाले किन केही पनि सोचेनन् ? छोरी जन्मिएकी छ, यसलाई योग्य केटो खोजेर बिहा गरिदिनुपर्छ भनेर मीराका बाबुआमाले कुनै दिन विचार गरेका थिए ? प्रतिदिन मीरा बढेको पनि उनीहरूले देखेकै थिए । भरिलो यौवनको लाली चढ्न लागेको छ मीराको जीउमा भन्ने कुरा पनि उनीहरूलाई थाहा थियो । यसमा उनीहरू किन मौन रहे ? मीराको अहिलेको निर्णयमा मीराका बाबु-आमा दोषी छैनन् ? फेरि, मीराका बाबु निरक्षर थिएनन् पढेलेखेका थिए । उनलाई आफ्नो संस्कृतिबारे बढी ज्ञान थियो । आज आएर मीराले उनबाट किन गाली पाउँने ? मीराका बाबुको विचारमा मीराले आफ्नो संस्कृतिअनुसार चल्नुपर्थ्यो रे । मीराले उनका बाबुआमालाई समाजको कलंक बनाइन् रे, अब उनीहरूले गाउँमा र समाजमा मुख देखाउने ठाउँ छैन रे । के कुरा हो ? जातभातको के कुरा ? के आँखा चिम्लिएर पुरानै लोकमा हिंडिरहनु नै आफ्नो संस्कृति हो ? यसमा त मीराका बाबुले बोल्ने ठाउँ नै थिएन । उनले त खाली मीरालाई राम्रो मुखले गहीरो आशीर्वाद दिएर आफ्नो औकातले भ्याउँने दाइजोसाथ विदा गर्नुपर्थ्यो ।

मीराले पनि त आफ्नो यौनिक उन्मादलाई जहाँ पायो उहीं लगेर फ्याँकेकी थिइन् र ? थिइनन् । बुद्धि पुऱ्याएरै खुट्टा टेकेकी थिइन् । जिन्दगीलाई सुखमय बनाउने आकांक्षा अवश्य उनमा पनि थियो । सामान्य घरपरिवारमा जन्मिएर हुर्किएकी मीराले एउटा जर्मन प्रोजेक्टमा काम गर्न आएको जर्मनीसँग बिहा गर्ने प्रस्ताव राख्नु के अपराध थियो र ? उनलाई अदालतमा धाउनुपर्ने परिस्थिति पारियो, यत्रो ठूलो अपराध उनले के गरेकी थिइन् ? के विदेशीसँग बिहा गर्ने प्रस्ताव राख्नु अपराध हो ?

जर्मन नवयुवक हेनरी ड्राक्मा मीराकै गाउँमा काम गर्न आएको ३ वर्ष जति भैसकेको थियो । तीनवर्षभित्रका विगत एक वर्षदेखि उनीहरूको सहमिलन सुरु भएको थियो । के मीराले कुनै विदेशीसँग जीवन सम्बन्ध जोड्नु अपराध हो ? अथवा आफ्नो जीवनसाथी आफूले रोज्नु अपराध हो ? अथवा आफ्नो साँघुरो संस्कृतिलाई त्यागेर आफूभन्दा विद्वान्, धनी परिवारसँग बिहा गर्नु अपराध हो कि ? त्यसो नभए एउटी ब्राह्मण परिवारकी छोरी भएर एउटा क्रिश्चियनसँग बिहा गर्नु उनको अपराध थियो कि ? के कारणले उनलाई अदालतका सामु उभ्याइएको हो ? यो उनकै बाबुले जानून् ।

आन्तरिक दिलबाट जन्मिएको आत्मीयताद्वारा वरण गरेको क्रिश्चियनसँग भएको बिहालाई एउटा न्यायाधीशले सानो एक टुक्रा कागजमा कोरिदिदैमा विच्छेद हुनसक्छ भने यो कस्तो न्याय हो ?उनकै बाबु जानून् । विधर्मीसँगको विवाह वैध भएको निर्णय दिन रिसबत नै खोज्नु न्याय हो ? आफूले भोलि मुद्दामा हार्नुछ वा आफूबाट निकालिएको विवादरूपी पाशोमा आफै पर्नुछ भने किन त्यो पाशो रचना गर्ने ? हाम्रा पण्डितहरू किन यति धेरै अनुदार बन्ने गर्छन् ? यो कुरा किन मीराका बाबुले बुझ्न सकेनन् ? के यस्तो कुरामा पनि न्यायाधीशको निर्णय मीरा वा अरु कुनै नवोढाप्रति जीवनसापेक्षताको पहिरन हुन सक्ला ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निम्मो

✍ रमेश तूफान

धरानस्थित पुरानो बजारको एउटा परिचित मात्र नभएर आतंकित नाम हो - निम्मो । आतंक यस अर्थमा कि उनको मानसिक असन्तुलनबाट कुनै पनि क्षति या अप्रिय घटना घट्न सक्तथ्यो । धेरैपटक त्यस्तो घटना पनि घटिसकेको थियो । कसैको टाउको फुटाउनु, कुनै पनि पसललाई क्षति पुऱ्याउनु प्रायः सामान्य नै भइसकेको थियो । त्यसैले पनि होला, त्यस आतंकबाट त्रसित बजारवासीहरू उनलाई चित्त बुझाउन बढी आतुर देखिन्थे । वास्तवमा आफूप्रति त्यस्तो व्यवहार गर्दा उनी अलि नम्र पनि भइदिन्थिन् ।

निम्मोको मानसिक असन्तुलन हठात्को परिणति नभएर एउटा दुर्घटना थियो । जुन उनीबाट बेलाबखतमा व्यक्त भावबाट पनि पुष्टि हुन्थ्यो । उनीप्रति सहानुभूति दर्शाउनेहरू नभएका होइनन् तर पनि केही गर्न असक्षम थिए । सबैलाई थाहा भएर पनि उनीमाथिको ज्यादतीको इन्साफका लागि अदालत जान चाहँदैन थिए । कारण पीडित पक्षको मानसिक सन्तुलन विग्रिएकाले न्यायकेन्द्रले गर्ने निर्णयको आधार कसैको बयान हुन सक्तैन थियो । यसबाट अभियुक्तहरूले पनि आफूलाई बचाउन सफल भएका थिए ।

एउटा लामो कथा र अन्तरपीडालाई गुम्साएर आफ्नै समाजबाट टाढिनुपर्ने अपराध उनबाट नभएतापनि उनी अपराधबोधको मानसिक असन्तुलनलाई ग्रहण गरेर पिण्डेश्वरस्थान परिसरको एउटा डिलस्थित रुखमा ओत लाग्न विवश भइन् र त्यही स्थानलाई उनले विश्वासको केन्द्र बनाइन् ।

उनले जीवनमा सुख भन्ने कुरा कहिल्यै पाइनन् । अतीतदेखि वर्तमानसम्म भोगेका पीडाबाट यति भन्न सकिन्छ उनको जीवन अन्तरपीडाको थुप्रो थियो । उनको जीवनको दुई महत्वपूर्ण पक्ष अति कठिन परिस्थितिबाट गुज्रिएको थियो र अन्त्यमा आइलागेको परिस्थितिबाट उनले वर्तमानलाई आत्मसात् गर्न बाध्य भइन् । अथवा भनौं मानसिक असन्तुलन उनको त्यही परिस्थितिको नासो थियो ।

जीवनको महत्वपूर्ण पक्ष उनको बाल्यकाल र यौवनावस्था थियो । बाल्यकाल छँदा नै आमाको निधन भयो । त्यसपछि रात-रात चौकीदारी गरेर जीवन निर्वाह गर्ने उनको बाबुको दमबाट मृत्यु भयो । निम्मोको पालनपोषणको जिम्मा एकजना साहूले लिए जुन साहूकहाँ उनको बाबुले लामो समय चौकीदारी गरेका थिए । आफ्नो वफादार चौकीदारकी नाबालकलाई साहूले पनि छोरीको दर्जामा राख्यो । दिनकर अर्थात् निम्मोको धर्मपिता धर्मभिरु व्यक्ति थियो -दान धर्ममा विशेष रुचि राख्ने । उसले दुःखी र असहाय निम्मोको लालनपालनमा कुनै कमी आउन दिएन । दिनकरको वात्सल्यतामा निम्मोको यौवनावस्था सूर्यमुखी झैं फक्रिरहेको थियो । शिक्षाको निरन्तरता र बढ्दो यौवनावस्थाले उनलाई त्यति नै परिपक्व र गम्भीर बनाएको थियो ।

उनको स्वभावका कारण उनीप्रति आकर्षित युवकहरूले उनलाई आफ्नो विश्वासमा लिन सकेका थिएनन् । तर प्रभुरामसँग भने उनी गलेकी थिइन् । उसले उनलाई सहजै विश्वासमा लिन सकेको थियो । प्रभुरामको त्यो सफलता सम्भवतः उसको पिताको कारणबाट भएको हुनसक्छ । उसको पिता अर्थात् दिनकरले उनीप्रति जुन वात्सल्यता देखाएको थियो त्यसैले पनि हुनसक्छ निम्मो अलि उदार देखिएकी, अन्यथा प्रभुराम पनि उनको नजरबाट टाढा रहन सक्तथ्यो ।

एकदिन दिनकरले निम्मो र प्रभुबीचको प्रेमसम्बन्ध बारे थाहा पायो । पहिले त उसलाई विश्वास पनि भएन, तर पछि जब पुष्टि भयो क्रोधले उसको सीमा नाघ्यो । तत्काल ऊ प्रभुमाथि जाइलाग्यो, त्यसपछि निम्मोमाथि । प्रभुले आफ्नो दोषलाई हठात् बचाउने प्रयास गऱ्यो । उसले आफ्नो प्रेमलाई पूर्णरूपले अस्वीकार गऱ्यो । प्रभुको त्यस व्यवहारले निम्मोको मनमा ठूलो ठेस पुग्न गयो । उनी निर्दोष भएर पनि दोष स्वीकार गर्न बाध्य भइन् । उनलाई प्रभुको व्यवहारप्रति घृणा लागेर आयो ।

निम्मोले दोष स्वीकार गर्न बाध्य भएपछि उनले नैतिक रूपमा पनि त्यस घरमा बस्नु उचित ठानिनन् र अन्यत्र लागिन् । अनायास निम्मोले घर छाडेर गएकोमा दिनकरलाई आश्चर्य लाग्यो । तथापि उनको जुन रूपमा खोज तलास गर्नुपर्दथ्यो, त्यसप्रति उनले त्यति चासो दिएनन् । तर किन हो त्यस घटनाले प्रभुलाई निकै चिन्तित तुल्याएको थियो । उसलाई निम्मोप्रति गरेको विश्वासघातबाट ग्लानि महशुस भइरहेको थियो । उसले निम्मोको खोजीनीति गऱ्यो तर कतै फेला पार्न सकेन । जे

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

होस् ऊ निराश देखियो ।

अन्ततः दिनकरले प्रभुको विवाह गर्ने टुंगो लगाई छाड्यो । तर विवाह निम्मोसँग नभएर एउटा जिम्दारकी छोरीसँग गर्ने निधो गऱ्यो । इच्छा नहुँदा-नहुँदै पनि बुबाको करबलका सामु प्रभुले झुक्न बाध्य हुनुपऱ्यो । निम्मोले पनि प्रभुको विवाहको कुरा थाहा पाइसकेकी थिइन् । त्यस घटनाले उनलाई अझ गहिरो चोट पुग्न गयो । सम्भवतः त्यही कारणले पनि उनी पागल हुन पुगिन् । उनी आजभन्दा चार-पाँच महिनाअगाडि पिण्डेश्वरस्थान परिसरको त्यस डिलमा आई बसेकी थिइन् ।

उनी मुर्च्छित अवस्थामा लडिरहेकी थिइन् । उनी सम्पूर्ण रूपमा निर्वस्त्र थिइन् । उनका सम्पूर्ण लुगाहरू छयाल्लव्याल्ल भएका थिए । उनको त्यस अवस्थालाई हेर्दा जो कोहीले पनि उनीमाथि बलात्कार भएको सहजै अनुमान लगाउन सक्दथ्यो । केही झ्याप्ले केटाहरूले उनलाई बलात्कार गरेका थिए । उनलाई बेहोश अवस्थामा अस्पताल पुऱ्याइएको केहीबेरपछि होश आयो । उनी हठात् आक्रोशित मुद्रामा चिच्याइन् र सुन्नै नहुने गरी तथानाम फोहर गाली गर्न थालिन् ।

उनको पागलपनले सीमा नाघिसकेको थियो । उनी कुनै पनि पुरुषलाई देख्नासाथ या त त्यसको कपाल समाउन पुग्थिन् नभए तथानाम गाली गरेर प्रतिशोध लिन्थिन् । उनको पुरुषप्रतिको क्रोध सम्भवतः आफूमाथिको विश्वासघात र ज्यादतीको कारण हो । मानसिक असन्तुलन पनि त्यही कारणबाट भएको होस् !

अन्ततः उनले त्यही डिलमा एउटा बच्चालाई जन्म दिइन् । रगतले लतपत त्यस बच्चाको सम्पूर्ण शरीरलाई कन्तुरबाट टालो झिकेर पुछिन् र तत्काल बच्चालाई आफ्नो दूध पिलाइन् । त्यतिबेलासम्म पनि बच्चाको नाभि काटिएको थिएन । त्यो छटपटाइ रहेको थियो । बच्चाको त्यस अवस्थाबाट चिन्तित उनी घरी छातीमा राखेर थपथपाउन थाल्थिन् भने घरी लोरी सुनाएर त्यसलाई चुप लगाउने प्रयास गर्दथिन् । उनको आफ्नो बच्चाप्रतिको त्यस व्यवहारलाई हेर्दा मानसिक सन्तुलन बिग्रिएकी आइमाईमा पनि मातृत्वको सुझबुझ आउनसक्दो रहेछ भन्ने विचार आउनसक्छ । तर पनि एउटा प्रश्न त्यतिकै उठिरहेको थियो - त्यस्तो अवस्थामा पनि उनमा नाभि काट्नुपर्छ भन्ने विचार किन आउन सकेन भनेर ।

एउटी बौलाही आइमाईले बच्चा पाएको खबर पूरै धरानमा फैलियो । त्यसलाई हेर्ने मानिसको घुइँचो लाग्न थाल्यो । केही आइमाईलाई बच्चाको स्थिति देखेर दया जाग्यो र सघाउने प्रयास पनि गरे । तर उनले तिनीहरूलाई आफ्नो बच्चालाई छुन समेत दिइनन् र लघार्न थालिन् । त्यसपछि बच्चालाई काखमा च्यापेर पुरानो बजारतिर लागिन् । यता आइमाइहरूले 'बौलाहीले बच्चालाई त्यसै मार्ने भई' भनेर एक आपसमा चिन्ता व्यक्त गर्न थाले ।

निम्मोले पुरानो बजारमा फेला पारेको एउटा बिलेडले बच्चाको नाभि काट्नासाथ रगतको खोला बग्न थाल्यो । उनले रगतलाई रोक्न निकै प्रयास गरिन् र पनि रगत रोकिएन । उनी अत्तालिएर पिण्डेश्वरस्थानतर्फ लागिन् । पिण्डेश्वरस्थानका पूजारीलाई बच्चाको स्थिति देख्नासाथ दया जागेर आयो र फकाई-फुल्याई बच्चाको नाभिमा डिटोल लगाइदियो । केही बेरपछि रगत पनि रोकियो ।

हठात् निम्मोको मस्तिष्कको तापमान बढ्न थाल्दछ । क्रोध र आक्रोशले उनी उद्वेलित हुन थाल्दछिन् । उनमा अघिसम्म देखिएको वात्सल्यता हठात् हराउन थाल्दछ र आफ्नो बच्चाप्रति उनमा कुनै दयाभाव देखिन्न । मानौं त्यो बच्चा उनको होइन, जस्तो गरी व्यवहार गर्न थाल्दछिन् । कहिले हठात् दयामाया जनाएर अँगालोमा हाल्छिन् भने कहिले अनायास त्यसलाई टोक्न थाल्छिन् । दाँतको पीडा सहन नसकेर बच्चा झनै कहालिएर रुन थाल्दछ । उनमा दयाको सानो अंश पनि देखिन्न । बरु क्रोधित भएर त्यसलाई डिलबाट हुत्याइदिन्छिन् । एउटा भर्खर जन्मिएको बच्चालाई त्यसरी हुत्याएपछि कसरी बाँचोस् । बच्चाको चिच्याहट हठात् शान्त हुन्छ । त्यो बच्चा मर्दछ । उनी अनायास रमाउन थालिन् । रमाउँदा रमाउँदै हठात् गम्भीर भएर त्यही डिलबाट हाम फालिन् र मृत बच्चालाई समाउन पुगिन् । सम्भवतः त्यो मऱ्यो भन्ने उनले महशुस गरेकी थिइनन् । उनले त्यसलाई अँगालोमा हालेर चुम्न थालिन् र दूधको लाम्टामा त्यसको मुख पुऱ्याइदिइन् । दूधको लाम्टा पर्नासाथ मुख बाउनुपर्ने बच्चाले नबाएपछि उनको मनमा चिसो पस्न थाल्यो र उनी डाको छोडेर रुन थालिन् र मृतक त्यस बच्चालाई तुर्क खोलाको छेउमा लगेर गाडिदिइन् ।

धेरै दिन भयो हिजोआज निम्मो पुरानो बजारको चर्चाको विषय नभएको, बजारका मानिसहरू आतंकबाट त्रसित नभएको । उनी हठात् त्यहाँबाट गायब भइन् । कहाँ गइन्, कसैले थाहा पाउन सकेनन् । तर उनको कथा-व्यथाको चर्चा परिचर्चा भने प्रायः चलिरह्यो । हेरौं, त्यो परिचर्चा कतिञ्जेलसम्म चल्ने हो !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विद्याप्रताप

✍ अतुलराज पौडेल, सं.छा.वा.

विद्याको सत्प्रयोगले विद्या अत्यन्त प्रभावकारी सिद्ध हुन्छ। विद्या प्राप्त गर्दै जाँदा मानिस नम्र विनयसम्पन्न हुँदै जान्छ। तसर्थ विनय प्रदान गर्ने विद्या नै सर्वोतम विद्या मानिएको छ।"विद्याको सदुपयोग गर्दा विद्याको शक्ति अत्यन्त प्रभावकारी हुन्छ" भन्ने सम्बन्धमा एउटा कथा प्रस्तुत गरिएको छ।

धारानगरीमा सिंधुल नामका राजा राज्य गर्दथे। उनी आफ्ना प्रजाहरूलाई औरसपुत्र झैं प्रेमपूर्वक पालन गर्दथे। राजाको राज्य अकण्टक थियो साथै प्रजाजन पनि प्रसन्न थिए। राजाको एकमात्र दुःखको कारण सन्तानद्वारा वञ्चित हुनु थियो। राजाले पुत्रप्राप्तिहेतु दान, पुण्य, व्रतादि गरे जसको प्रभावले उनलाई वृद्धावस्थामा पुत्रप्राप्ति भयो। उनले पुत्रप्राप्तिको अवसरमा जनतालाई कर छुट, विभिन्न दानादिकार्य कैदीहरूको मुक्ति प्रदान गरे, राज्यभरी हर्षोत्सव मनाइयो, दियो ज़लाएर दीपावली मनाइयो। राजाले ज्योतिषी बोलाएर जन्मपत्रिका तयार गर्न लगाए। ज्योतिषीले पनि जन्मलग्नानुसार यो राजकुमार ठूलो भएर यशस्वी हुनेछन्, राज्यमा कोही पनि मुर्ख हुने छैनन्, यी राजा भोजनामले प्रख्यात चक्रवर्ती हुनेछन् तर बाल्यावस्थामा कष्ट झेल्नुपर्ने हुन्छ। सुख-दुःख आफ्नो कर्मानुसार प्राप्त हुनेहुँदा विषाद गर्नु व्यर्थ छ। ज्योतिषीको यस्तो वचन सुनेर राजाले दक्षिणा दिएर बिदा गरे।

जब राजकुमार पाँचवर्षका भए सिंधुल राजा पनि अत्यन्त वृद्ध भइसकेका थिए। उनले बन्धुबान्धव राज्यादि वैभव त्याग्ने विचार गरी "छोरा हुँदाहुँदै कसरी भाइलाई राज्य दिनु, यदि पुत्र भोजलाई राज्य दिउँ भने पनि भाइ मञ्जु बलवान् छ र उसले राज्य हडप गर्दछ र भोजलाई मार्दछ, भनिएको पनि छ -

लोभात्क्रोधः प्रभवति क्रोहाद् द्रोहः प्रवर्तते।
द्रोहेण नरकं याति शास्त्रज्ञोऽपि विचक्षणः॥
मातरं पितरं पुत्रं भ्रातरं वा सुहृत्तमम्।
लोभाविष्टो नरो हन्ति स्वामिनं वा सहोदरम्॥

(लोभबाट क्रोध उत्पन्न हुन्छ, क्रोध र द्वेष लोभबाट हुन्छ, पापको कारण लोभ हो। लोभी मनुष्य मातापिता, भाइबन्धु, मित्रस्वामी वा जो कोहीलाई पनि लोभको वशीभूत भएर मार्दछ।)

त्यसकारण भोजलाई राज्य दिएता पनि मुञ्ज अवश्य उसलाई मार्दछ जसबाट मेरो वंश नष्ट हुनेछ। त्यसकारण उत्तम यही हुनेछ कि मुञ्जलाई राजकाज दिएर भोजलाई उसको हातमा सुम्पिदिउँ जसबाट भोज पूर्ण आयु भएपछि आफ्नो राज्य लिन सकोस्। यस्तो विचार गरेर मन्त्रीसँग पनि सल्लाह गरी अनुमोदन भएर राज्यभार एवं पुत्र मुञ्जलाई सुम्पे। उनले भने अहिले यो सानै छ जब समर्थ हुनेछ तब राज्य दिएर तिमी आफ्नो गाउँ सम्हाल्नू।

राजा वन गएर भागवदाराधना गर्दै भगवान्मा प्राप्त भए। यता धारानगरीमा उनको काजक्रियापश्चात् ठूलो समारोहका बीच मुञ्ज राजसिंहासनमा आसीन भयो। मुञ्ज लोभी एवं स्वार्थी राजा थियो। जब उसलाई एक्कासि राज्य प्राप्त भयो, उसले आफ्ना अनुकूलका कर्मचारी नियुक्ति एवं प्रतिकूललाई हटाउँदै गयो। जब भोज सात बर्षका भए त्यसबेला मुञ्जले उसलाई विद्याभ्यास गराउने निश्चय गरेर उनको निमित्त छुट्टै पाठशाला खोलेर विद्वान्लाई अध्यापन गर्न नियुक्त गरे। भोज सानो उमेरका भएतापनि अत्यन्त लगनशील थिए र विद्या अध्ययनमा विशेष चाख राख्दथेः उनको चातुर्य र उत्तम आचरण देखेर आचार्य पनि उनलाई अधिक प्रेम गर्दथे। उनले थोरै समयमा नै अनेक विद्याहरू कला मन्त्र तन्त्र आदि विषयमा पारङ्गतता प्राप्त गरे। एक दिन मुञ्ज जब पाठशाला हेर्न आयो त्यसबेला युवराज भोज मात्र तेह्रवर्षका थिए। उनलाई प्रत्येक विषयमा चतुर देखेर "यतिसानै उमेरमा त यस्तो चतुर छ जब यो समर्थ हुनेछ अवश्य नै मबाट राज्य लिनेछ।" यस्तो विचार गरी "यसलाई सानैमा मार्नुपर्दछ जसबाट मेरो राज्य अकण्टक हुनेछ" भन्ने ठानेर मुञ्जले वत्सराज नामक मन्त्रीलाई भोजलाई रात्रिमा लगेर वनमा मारेर आउनु र उसको टाउको काटेर ल्याउने आज्ञा दियो। मन्त्रीले राजालाई सम्झाउँदै निहत्या भोजलाइ मार्न नहुने फेरी ऊ आज्ञाकारी पनि भएको धारणा व्यक्त गऱ्यो। न्याउरी मारी पछुतो झै होला भन्ने तर्क प्रस्तुत गऱ्यो। तर राजाले उसलाई स्वामीको अनुकूल नभएको भन्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आरोप लगाए । वत्सराजले पनि मूर्खलाई सम्झाउनु व्यर्थ छ भन्ने ठानेर भन्न लागे - "महाराज अज्ञानवश मैंले जे भने त्यसको लागि क्षमा चाहन्छु, यदि हजुर आज्ञा गर्नु हुन्छ भने भोजको त के कुरा आफ्नै शिर काटेर हाजिर गर्दछु ।"

यस्तो मन्त्रीको वचन सुनेर राजाले म तिम्रो अपराध क्षमा गर्दछु तर काम आजै गर्नु भने । वत्सराज पनि पाठशाला गएर भोजलाई लिएर रथमा हालेर जङ्गलतर्फ गए । मन्त्री उनलाई तर्साउन थाल्यो । निहत्था भोज चिच्याउन थाले । उसले छिटो यस्तो भयङ्कर जंगलमा लग्यो जहाँ बाघ, भालु, सिंहको घोर गर्जना सुनिन्थ्यो । यस्तो भयङ्कर जङ्गलमा पुगेर बालक भोज पहिला त डराए तर पछि विस्तारै धैर्यधारण गरे । वत्सराजले उसलाई रथबाट निकालेर मुञ्जले मार्न पठाएको कुरा बतायो र मर्न तयार हुन आग्रह गऱ्यो । मन्त्रीको यस्तो वचन सुनेपछि भोज भन्दछन् "हे मन्त्री यदि मेरो मृत्यु अहिल्यै छ भने टर्न सक्दैन, यदि प्रारब्धमा यस्तै मृत्यु लेखेको छ भने तपाईको अपराध छैन । तपाई राजसेवकको कर्तव्यपालना गर्नुहोस्" म अन्त्यमा मुञ्जलाई एकपत्र लेख्दछु दिनुहोला भन्दै बायाँहातको छैठौं आँला काटेर एउटा श्लोक लेखेर वत्सराजलाई दिए । वत्सराजले उक्त श्लोक पढ्दैमा हातबाट खड्ग खस्यो र नम्र भएर भन्यो "यस्तो विद्वान् महाराजलाई मार्न आँटने मलाई धिक्कार छ, हजुरको मृत्युको बदलामा म आफ्नै प्राण अर्पण गर्दछु भनी चरणमा पऱ्यो । अब मेरो घर हिड्नुहोस् रातको समय छ अन्धकारमा कसैले देख्दैन" भनेर भोजलाई एकान्तमा ल्याएर राखे । भोजलाई बचाएतापनि राजासमक्ष यो रहस्य खुलेमा आफू मारिन्छु भन्ने सोचे । राजाले भोजको मस्तक मागेका थिए अब कसरी भोजको मस्तक लैजाउँ भन्ने विचार गर्दागर्दै मन्त्रीलाई एउटा जुक्ति आयो ।

उनी धारानगरीको अत्यन्त चतुर शिल्पकारकहाँ गए जो मनुष्यको साक्षात् पत्थरको वा माटोको मूर्ति बनाउन सक्थ्यो । त्यहाँ गएर भोजको टाउकोझैं माटोको मूर्ति त्यहीं रात्रिमा बनाएर ल्याए जसलाई देखेर प्रत्येक मानिस चिन्नसक्थे कि यो भोजको मस्तक हो । त्यसलाई खसीको रगतमा भिजाएर दोस्रोदिन राजसभामा भोज मरेको सूचना दिए । राजाले भने- त्यो टाउको टाढा हटाओ । वत्सराजले पनि त्यो लगेर एकान्तमा फुटाए । पछि राजाले मन्त्रीलाई एकान्तमा भने - वत्सराज ! भोजले मर्ने वेलामा मलाई केही भन्यो ? उत्तरमा मन्त्रीले भोजको पत्र राजाको हातमा राखिदिए । राजाले पत्र एकान्तमा गएरपढे जसमा एक यस्तो श्लोक थियो -

मांधाता च महिपतिः कृत युगालंकार भूतोगत :,
सेतुर्येन महोदधौ विरचितः क्वासौ दशास्यान्तकः ।
अन्ये चाऽपि युधिष्ठिरप्रभृतयो याता दिवं भूपते !
नैकेनाऽपि समंगता वसुमति नूनं त्वया यास्यति ॥

अर्थात् (सत्ययुगमा महाराज मांधाता भए तिनी पनि पृथ्वीलाई त्यागेर गए । समुद्रमा पुल बाँध्ने दशाननान्तक रामचन्द्र पनि कहाँ गए ? युधिष्ठिर आदि गरिएका वीरराजाहरूले पनि पृथ्वीलाई त्यागे, कसैको साथमा पृथ्वी गइनन् तर तिम्रो साथमा अवस्य पृथ्वी पनि जानेछिन् ।)

राजा मुञ्ज श्लोक पढ्दापढ्दै मुर्छित भए र होस आएपछि हा भाज ! हा भोज ! भन्न लागे छाति पिटीपिटी रुन थाले । भोजलाई सम्झदै उनका दिनरात वियोगपूर्ण र पश्चातापले भरिपूर्ण हुँदै गए । राजाको भोक निद्रा हट्दै जान थाल्यो अन्त्यमा राजाले निराहार समाधिद्वारा शरीर त्यागन आँटेको देखी मन्त्री वत्सराजले एक जुक्ति सोची राजालाई एक योगी भेटेको कुरा बताए जसले मृत व्यक्तिलाई पनि जीवित बनाउने अवगत गराए । आज्ञा भए भोजको विषयमा पनि कुरा गर्ने थिएँ, राजाले ढाढस पाए झैं सुस्केरा हाली 'त्यसै गर्नु' भने । उसले प्रधान, बुद्धिसागरलाई योगीको भेष बनाएर यज्ञकुण्ड तयार गरी राजाको आँखा छलेर रात्रिको यज्ञमा धुवाँ अत्यधिक पारेर लुकाएको भोजलाई निकाले जसको केही क्षणपूर्व नै योगीलाई गायब पारिएको थियो । जब राजाले मन्त्रीलाई योगीको बारेमा सोधे उनले अनभिज्ञता प्रकट गरे । भोलिपल्ट भोज जीवित रहेको कुरा सारा राज्यभर फैलियो । राजा मुञ्ज पनि वैराग्यले युक्त भई भोजलाई राज्य दिएर वन गए । भोजको राज्यकालमा राज्यमा कोही पनि अशिक्षित र मुर्ख भएनन् ।

यसरी विद्याको प्रतापले (सहायताले) भोज कसरी कालको मुखबाट निक्लन सफल भए भन्ने प्रष्ट हुन्छ । विद्याको सत्प्रयोगले ठूलो उपलब्धि एवं दुरुपयोगबाट संकट आउने कुरामा दुईमत छैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनायासै वर्षिएका भावनाहरू

✍ रामचन्द्र ढकाल, सं.छा.वा.

आज मेरो सामु सब ती अतीतका पलहरू अन्तर आत्मालाई घच्घच्याउँदै विलीन हुने गर्छन्, त्यसवखत कताकता यो नवनिर्मित मुटुका कोमल तन्तुहरूले ती कठोर प्रहारको वेदना सहन गर्न नसकी यही मुटुको कुनै भित्री कुनाबाट एक किसिमको तरल पदार्थ यी दुई नयनका माध्यमबाट बहँदा आज यो मन सम्पूर्ण शरीरलाई नै त्यही दहमा डुबुल्की मारेको महशुस गदैछ ।

ईश्वरको लीला भनूँ या यो चोलाको भाग्य, यही समयले मेरो कोमल मुटुलाई खुसीको लहराले वैदैं सुन्तलाकेस्रे सम्झनाहरूको उपहार प्रदान गऱ्यो । मैले पनि ती रहस्यका देशबाट आएका वैशाखका पाहुनाहरूलाई सहर्ष स्वीकार गर्दै ती पाहुनाहरूसँगै रम्ने मौका पाएँ । जब तिम्रा चञ्चल नयनहरू मेरा नयनका माध्यम हुँदै शरीरका प्रत्येक तन्तुहरूसँग परिचित हुने गर्थे तब यो मनभित्र अनेकौं कुराहरूले घर बनाई यो पूरै शरीरलाई चञ्चलता प्रदान गर्थे । अस्तिसम्म अर्थहीन अवस्थामा दौडिरहेको जीवन हिजो धेरै महत्वपूर्ण र रोचक लागिरह्यो । जब यी ढुकढुकीले तिमी मलाई अत्यन्तै चाहन्छौ भन्ने कुरा एवं सम्पूर्ण जीवन मेरो लागि समर्पित गर्न चाहन्छौ भन्ने कुराको जानकारी पायो त्यो घडी शायद मेरो जीवनको लागि प्रथम र अन्तिम कसीको रूपमा रहन गयो । तिमीले नै मलाई मायाको पाठ पढाएका थियौ । मायाको बाटोमा हिंड्न सिकाएका थियौ, त्यसैअनुरूप मैले पनि तिम्रो मायाको न्यानो काखमा सुसज्जित हुँदै आफ्नो पछ्यौरीको शीतल छहारीमा तिमीलाई नै लुकाउने कसम खाएको थिएँ । विवाहको लागि बाबा आमासँग कुरा गरी तयार अवस्थामा पुगी सधैं "हामी" भनिरहेका यी कोमल ओठहरू आज "म" मात्र भन्न समर्थ भएका छन् । खै, आज म तिमीलाई पाउन असमर्थ भएकी छु । मायाको शिखर नचुम्दै, दाम्पत्य जीवनको बीजारोपण नगर्दै आज तिमी कता हरायौ । ती मेरा रक्त कणिकाद्वारा सिञ्चित तिम्रा नयनहरूलाई आज म ठम्याउन सकिरहेकी छैन । मैले त तिमीलाई दुबोजस्तै चोखो माया र शितल पछ्यौरीको छायाँ दिएकी थिएँ । यसको बदला तिमी मलाई यो वेदना र अश्रुदहमा डुबाएर टाढा जान्छौ भन्ने कुरा मेरो निर्दोष मनलाई थाहै थिएन । आज म एक्लो भएको बेला मेरो मायाको नासो भनौं या तिम्रो हाँसो, तिमीले दिएको आकर्षक आँठीमात्र मेरो अगाडि रोइरहेको मुटुलाई जिस्क्याइरहेको छ । मैले तिमीलाई, मेरो मायालाई गुमाए पनि तिमीद्वारा हस्तान्तरित यो आँठीले तिम्रो मायाको परिपूर्ति गर्ने कोशिस गरिरहेको छ । निर्दयी माया आज तिमीलाई नदेखेको पनि ४ वर्ष वितिसक्यो, सुनेको थिएँ तिमी विदेशमा जागीरे भयौ रे । कहाँ छौ, के गर्छौं यसको कुनै अत्तोपत्तो छैन । "तिमीसँगै विवाह गर्छु" भनी आश्वासन दिएर गएको तिमी आज ४ वर्ष वितिसक्दा पनि मलाई नचिनेर कता गयौ कता । यो कोमल हृदयसँगै हाँसिरहेको मुटुमा मायाको पाठ पढाएर खै, पाप गऱ्यौ भनूँ या पुण्य । अब त तिमी धेरै परिवर्तन भयौ होला, छुट्टै संसारमा विशाल महल ठड्याइसक्यौ होला । तर मलाई हेर, जस्ताको तस्तै उही झुप्रो, उही खेत, उही पखेरो, उही पँधेरो उही गाली कुनै परिवर्तन भएको छैन । केवल पहिलो मायाको आभाष पाउँदा चञ्चल एवं खुसी हुने यो मन आज क्रमशः शान्त हुँदै गइरहेको छ । तिमी नै सोच त, यति ठूलो पीडा म यत्री सानी भर्खरै फक्रन लागेको कोपीला जस्ती तिम्रो मायाले कसरी सहनसक्छे । हुन त सहनसक्छे भनेर नै मलाई छाडेर बिरानो मुलकमा अलप भयौ । आज म त्यो नवनिर्मित संसारमा अल्मलिरहेको मेरो मायालाई एवं मेरो पछ्यौरीसँग समेत परिचित तिम्रो त्यो सुन्दर अनुहारलाई ठम्याउन अत्यन्तै आतुर भएको छु । कतै त्यो तिम्रो सुन्दर अनुहार त्यो तिम्रो नासोस्वरूप मसँगै रहेको आँठीमा देखिन्छ कि भनेर कैयौंपटक नियाल्ने प्रयास गरें तैपनि तिम्रो अनुहारको कुनै भाग पनि त्यहाँ प्रतिविम्बित भएको मैले पाउन सकिनँ । जबजब यस धर्तीलाई अन्धकारले चारैतिरबाट आक्रमण गरी मरणासन्न अवस्थामा पुऱ्याउने गर्दछ । त्यसवखत तिम्रो अभावमा खै शरीरको कुनाकुनाबाट आँसुका धाराहरू आँखालाई मुहान बनाउँदै बहने गर्छन् । त्यसबेला कतै त्यो तिम्रो मायाअंकित सुन्दर औठीलाई त्यही आँसुले धोएर पखाल्दा तिम्रो वास्तविक अनुहारलाई चिनेर यो विशाल पृथ्वीमा तिम्रो अनुहार खोज्नसक्छु भन्ने आशासहित कैयौंपटक त्यस आँठीलाई भावविह्वल नयनबाट वर्सिएका अश्रुधारामा नुहाइदिएँ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तैपनि तिम्रो अनुहार त्यहाँ प्रतिविम्बित पाउँन सकिनँ । तिमी त साह्रै निष्ठुरी रहेछौ । तिमीले यति पनि सोचेनौ कि तिम्रो अभावमा तिम्री सानीमाया अनेकौं वेदनाहरू काखी च्यापेर रुँदै बाटैमा अलपत्र पर्छिन् भनेर । कमसेकम तिम्रो एकपटक त्यो सुन्दर अनुहारको दर्शन यो दासीलाई भिक्षास्वरूप अर्पण गरेको भए म तिम्रो दासी मन वुझाएर बाँच्ने आश गर्ने थिए । आज मैले मेरो मायाको अधुरो छायाँसमेत पाउँन सकेकी छैन । जे भए पनि आफ्नी आमाको मृत्युको वेदना र कान्छीआमाको कुटाइ र गाली खाँदै हुर्किएकी म सानी बच्चीलाई मायाको पाठ र विवाह समेत गर्नेछु भन्ने अमृतरूपी आश्वासन दिएर यो सानु मनलाई केही समयको लागि भए पनि खुसी एवं सुखी तुल्याइदिएकोमा म तिम्रो दासी अन्तरहृदयदेखि नै धन्यवाद चढाउँन चाहन्छु र मैले यो जीवनमा तिमीले सोचेजस्तो माया शायद दिन सकिनँ, फलस्वरूप म तिमीदेखि धेरै टाढा बस्नुपऱ्यो । यो विछोडको पीडा शायद कान्छीआमाको गाली र आमाको देहान्तको वेदनाभन्दा कम भएकोले होला, यसलाई क्रमशः बिर्सिदै आफ्नो खुट्टामा उभिने कोशिस गदै मनभरी पीडाहरू भएपनि समाजको अगाडि हँसिलो शिर ठड्याएर बाँच्दै र बाँच्ने प्रेरणा दिदैछु । आफू एक नारी भएकोले समाजमा आफ्नो इज्जत बचाउन कसैको मायाको छानोमुनि त्यही औंठीलाई वैशाखी बनाएर हरकदममा डगमगाइरहेका पाइलाहरूलाई नियन्त्रण गर्ने प्रयास गर्दै बाँचेकी छु ।

लागू पदार्थबाट बचौं

१. सावधान !
लागू पदार्थ सेवन, गयो अमूल्य जीवन ।

२. आजका किशोर युवा-युवती राष्ट्रका भविष्यका आशा-पुञ्ज हुन् । त्यसैले आफ्ना सन्ततिहरूलाई लागू औषधको सेवनबाट टाढै राखौं, स्वच्छ र सुखी जीवन प्रदान गरौं ।

३. क्षणिक आनन्दको मोहमा परेर अमूल्य जीवन नष्ट नगरौं, लागू पदार्थको सेवनबाट आफू बचौं र अरुलाई पनि बचाऔं ।

४. लागू पदार्थ त्यागौं, स्वस्थ र स्वच्छ जीवन रोजौं ।

५. आफ्नो अमूल्य जीवन आफैले बर्बाद नगरौं, आफ्नो जीवनमा आफैंले आगो नलगाऔं । लागू पदार्थ त्यागौं, आफ्नो भविष्य उज्वल बनाऔं ।

श्री ५ को सरकार

गृह मन्त्रालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिस्थिति

✍ चेतनाथ अधिकारी, सं.छा.वा.

"ए सानी यता आ त ! त्यहाँबाट बञ्चरो लिएर आ ।" यति आफ्नो लोग्नेको वचन श्रवण गरिसकेपछि "हुन्छ हो ! एकछिन है" भन्दै सानी दमिनी कोठाभित्र प्रवेश गर्छे। यताउता चारैतर्फ डाँडाकाँडा रमाउँदै हाँसेका छन् कोइलीहरू मधुर स्वरमा गुन्गुनाइरहेका छन् । छहरा-पहरा छन्छनाइरहेका छन् , मरुत् सुस्त-सुस्त चलिरहेको छ ।

ठीक त्यस समयमै फुच्चे दमाईको छोरो साने पनि भैंसी चराइसकेर घरमा आउँछ र भन्छ-"आमा ! भोक लाग्यो " घरभित्र पसेकी दमिनी हातमा बञ्चरो लिएर आफ्नो लोग्नेलाई 'लाऊ' भन्दै दिन्छे र छोरालाई "बाबु ! एकछिन पख है "भन्दै फेरि भित्र दगुर्छे ।

परिस्थिति एवंरीतले चलिरहेछ, घरको समस्या, सानो छोराको पढाइ, तरुनी स्वास्नी, कसरी पुऱ्याउनु, रामे चिन्तित छ । अब भएन, मुग्लान नपसी गुजारा चल्ला जस्तो छैन । बरु अनुजेसँगै मुग्लान पस्नुपर्ला । हेर ! कति प्रगति गरिसक्यो त्यसले, के थियो र त्यसको ? आज कति शानका साथ हिंड्छ । यहाँ बसेर त खान पनि राम्ररी पुग्दैन । उता साहूको ऋण त्यस्तै छ - ब्याजमाथि ब्याज, अझ दोब्बर, चौबर बढ्दैछ , उता परिवारको अवस्था दयनीय एवं नाजुक छ" । यति सोच्दै बञ्चरोले रुखका मुढा काट्दै थियो, परबाट साहूका भरौटे हातमा लाठी लिएर आउँछन् र भन्छन् -" ए रामे ! साहूले भनेका - ब्याज तिर्नुपर्दैन रे ? दिने भए छिटो अहिले दे नत्र ? भैंसी फुकाएर ल्याउनु भन्ने आदेश छ । यस्तो दुर्बचन सुनेपछि उ तिनीहरूतर्फ फर्केर बिस्तारै भन्छ -"हेर्नुस् ! म गरीब, कसरी साहूको पैसा यति चाडैं दिन सक्छु । यसपाली त फसल पनि त्यति राम्रो भएन, तपाईहरूलाई त थाहा छँदैछ । एकपल्टलाई छाडिदिनोस् न । अलिकति समय पाए त म तिरिहाल्यें नि । " तर जति बिन्ति बिसाए पनि उसको भावना र परिस्थिति बुझ्ने त्यहाँ कोही थिएन । सबै भरौटे मात्र थिए । साहूको आज्ञानुसार भैंसी फुकायो एउटालें । साने "नाई ! मेरो भैंसी नलग, मेरो भैंसी नलग " भन्दैछ । तर अर्कोले चलाएको पिउसो आफैं चल्ने भए पो ? ऊ त जता भन्यो उतै जान्छ । त्यस्तो सानो बच्चाको करुणक्रन्दन सुन्दा पनि भैंसी घिच्याइ-घिच्याइ लगे साहूका भरौटेले । उनीहरू पनि के गरून् परिस्थितिको मारमा परेर मिच्चिएका छन्, आफ्नै गाउँघरका दाजुभाइमा नराम्रो व्यवहार गर्न बाध्य छन् ।

परिस्थितिले मानवलाई कहाँ-कहाँ पुऱ्याउँछ, कसलाई कहाँ लगेर धकेल्छ, कसैलाई थाहा छैन । रातमा साने रोइरहेछ, रामे दमाई चैं सानीसँग सानेलाई काखमा लिई कुरो गर्छ -'हेर् ! सानी अब म देश पस्छु, केही पैसा पाए गुजारा चलाउन सजिलो हुन्छ, त्यो अनुजे झैं शानले हिंड्न सकिन्छ, अनि हाम्रो पनि राम्रो गत हुनेछ । मैले आजै साहूको नाममा घरखेत राखी पैसा ल्याएको छु । तैंले सानेलाई राम्ररी पालेस् । म उताबाट पैसा पठाउँला अनि साहूको ब्याज पनि तिर्नु, तिमीहरूलाई पनि बाँच्न सजिलो हुन्छ । सानेलाई राम्ररी पढाउनू ।' यति मात्र के भनेको थियो साने फेरि रुन थाल्यो -"बा ! मेरो भैंसी," अनि फेरि ऊ छोरालाई फकाउन लाग्छ - "न रो बा नरो ! म देश गएर आएपछि तँलाई अर्को भैंसी किनिदिउँला ।" तर बालकको मन न हो, के बुझ्छ त्यसले परिस्थिति, के बुझोस् बाध्यता, ऊ त रोको छ रोको छ अविरल । बल्ल -बल्ल फकाएर सुताउँछ । रामे पनि गगनका तारासगैं भोलि देश पस्ने आशामा सपनीको यात्रामा दगुर्छ ।

निशा शनै शनै बगिरहेछ, गाउँका कुखुराको भाले बास्न थालिसकेको छ, रामे उठेर स्वास्नी र छोरालाई 'बस है' भनी अगाडिको घरको अनुजेलाई उठाई अनुजेको पछिपछि लागी त्यहाँबाट टाढा-टाढा हुन्छ, सूर्योदयको आगमनमा निशाको जून झैं । परिस्थिति र बाध्यताको अगाडि घुँडा टेकेर आज फेरि अर्को नेपाली पर चक्रीको सेवामा हाजिर हुन गएको छ ।, के गरोस् ? बिचरा, आफ्नो परिस्थिति दयनीय भएपछि । दिन बिस्तारै चल्दै थियो, एकदिन झाडा विनामेघको वर्षा झैं सबैतिर बर्स्यो । वर्सिरह्यो । हठात् त्यसैबेला त्यो वर्षातले रामेको घरलाई पनि छाडेन । उता गाउँभरी हल्ला चल्यो , पैसा कमाउन गएको रामे पनि रेलको लिगमा परी मऱ्यो रे । सानी अचेत भई, सानेको अवस्था यता यस्तो छ । आज परिस्थितिको सामना गर्न नसकेर रामे मऱ्यो, उसको परिवार तहसनहस भयो । उता पतिको त्यस्तो खवर, यता छोराको अवस्था, सानी केवल एक्ली, के गरोस् बिचरी परिस्थिति पनि कस्तो ? यता छोरा, उता लोग्ने, छोरा पनि छिन-छिनमा आँखा पल्टाउने कोशिस गर्छ, ऊ शिथिल भइसकेको छ, अब त्यसलाई पनि निर्दयी दैवले चुँडेर लग्ला कि भनेर सानी आतुर छे - र भन्छे धामीलाई -"लौन ! धामी दाई, यसलाई बचाइदेऊ, मेरो प्राणलाई बचाइदेऊ" । तर अब धामी पनि निराश छ, त्यो परिस्थितिको सामना न धामीले गर्न सक्छ, न सानी, न गाउँले नै । उसको प्राणप्रिय छोरा पनि परिस्थितिको शिकार भएर गयो । अब ऊ झन अचेत भई, बाँचेर पनि मरेतुल्य भई परिस्थितिले गर्दा, जुन परिस्थितिले गर्दा नै उनीहरूको सुन्दर संसार मसानघाटमा परिणत भयो, लोग्ने गयो, घरबार गयो , छोरा गयो, ममता गयो, अनि परिस्थितिकै चपेटामा परेर सानी पनि पागल झैं गई टाढा निकै टाढा परिस्थितिले गर्दा, समयले गर्दा टाढा धेरै धेरै टाढा .....॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ऐतिहासिक नाला शहर

✍ दीपक शर्मा दाहाल "निशान्त", सं.छा.वा.

नेपाल एउटा मन्दिर तथा मूर्तिको देश हो भन्ने कुरा विश्वमा प्रख्यात छ । नेपालका ७५ जिल्ला मध्येको एउटा काभ्रेपलाञ्चोक हो । यो राजधानीको समीपमा रहेको उपत्यकाभन्दा बाहिरको जिल्ला हो । जुन साँगा भञ्ज्याङ्गदेखि पूर्वमा रामेछापको सीमासम्म, त्यसैगरी पश्चिममा भक्तपुर, उत्तरमा सिन्धुपाल्चोक, दोलखा र दक्षिणमा मकवानपुर र सिन्धुली जिल्लाले घेरिएर रहेको छ ।

यस जिल्लामा विभिन्न पर्यटकीय तथा विविध धार्मिकस्थलहरू छन् । बनेपा, धुलिखेल, पनौती, दाप्चा, पाँचखाल, कुन्तावेसी, महादेववेंसी, भकुण्डेवेसी, दोलालघाट, नमोबुद्ध, पलाञ्चोकभगवतीस्थान जस्ता अनेकौं स्थानमध्ये नाला बजारमा पनि उग्रचण्डी भगवती, शुभचामुण्डा माई, तथा करुणामय लोकेश्वरको मन्दिरले गर्दा नाला शहरलाई पनि हामी विर्सन सक्दैनौं । विशेषतः नाला बजार नेपालको पूर्व १ नं. काभ्रेपलाञ्चोक जिल्लामा रहेका ९१ गा.वि.स. मध्येको एउटा गा.वि.स. उग्रचण्डी नाला अन्तर्गत पर्दछ । नाला शहर एउटा सानो उपत्यका जस्तो रहेकोले यस नालालाई पनि, नाला छाप (जुन भक्तपुरमा पर्दछ) नाला टुकुचा (उत्तरी भेग) उग्रचण्डी नाला र दक्षिणपट्टिको केही भागले बनेपालाई छोएको छ । यस शहरले आफ्नै मौलिकता र ऐतिहासिकतालाई बोकेको छ । यस शहरमा ऐतिहासिक, धार्मिक एवं पुरातात्त्विक सबै प्रकारले नाला शहरको गरिमा बढाएको छ ।

राजधानीबाट २३ किलोमिटर पूर्वमा समुद्री सतहबाट ४५०० फिटदेखि ५००० फिटसम्मको उचाइमा अवस्थित उग्रचण्डी नाला गाउँ विकास समितिको पूर्वमा नयाँगाउँ र देवीटार, पश्चिममा टुकुचा र नालाछाप, उत्तरमा देउपुर र नगरकोट तथा दक्षिणपट्टि बनेपा नगर पालिका र उग्रतारा गा. वि.स. पर्दछन् र यस गा. वि.स. ले ९.४ वर्गकिलोमिटर भूमि ओगटेको छ ।

नाला शहरको ऐतिहासिकता -

दीर्घरथ राजासम्बन्धी कथामा नगिनीपुर (नाला) मा सत्ययुगमा नै बस्ती बसिसकेको उल्लेख गरिएको पाईन्छ । त्यसैगरी उग्रचण्डी भगवती मन्दिर अगाडि रहेको दुङ्गेधारामाथिको शिलालेखमा वि.सं. ७५१ ज्येष्ठ शुक्ल दशमीका दिन राजा शिवदेव द्वितीयको पालामा नालाग्राम (नाला) निवासी ध्रुवशील र उनका भाइ अजङ्गशीलले यो धारा निर्माण गरेको उल्लेख छ । नालाङ्ग्राम किराँती भाषाबाट आएको र किराँतकालमै व्यवस्थित बस्ती बसाइ सकिएको अनुमान इतिहासकारहरूले लगाएका छन् । यो ठाउँ विभिन्न समयमा नगिनीपुर, किराँत र लिच्छविकालमा नालाङ्ग्राम, नाला नामले प्रसिद्ध थियो ।

यस शहरमा खासगरी करुणामय (सृष्टिकान्त लोकेश्वर) र उग्रचण्डी भगवती र केही पूर्व टुसाल गाउँमा शुभचामुण्डा देवीको ठूलो मन्दिरका साथै अन्य थुप्रै देवदेवीका मूर्ति तथा मन्दिरहरू पनि शहरका विभिन्न भागमा अवस्थित छन् । यहाँ युधिष्ठिर पशुपति, गणेश, हरिहर, सरस्वतीका मूर्तिहरू र अशोकचैत्य जस्ता धार्मिक स्थलहरू छन् । त्यसैगरी कृष्ण, विष्णु, लक्ष्मी, बुद्ध, भीमसेन, नन्दादेवीका मन्दिर र मूर्तिहरूले गर्दा शहरको शोभा बढाएका छन् ।

यसैगरी हालै नाला बजारमा मनकामना भगवतीको मूर्तिका साथै राम्रो मन्दिर बनाउने काम पनि सम्पन्न भएको छ । शहरको उत्तरपट्टि नगरकोटको फेदमा सपनेश्वर महादेवको स्थान पनि छ ।

१.नाला करुणामय (श्री सृष्टिकान्त लोकेश्वर)

कतै कतै ३६० लोकेश्वर रहेको उल्लेख गरिएको पाइए पनि १०८ लोकेश्वरहरू चित्रांकित नै गरिएका पाइन्छन् । ३६० लोकेश्वरमा पनि चार लोकेश्वर प्रसिद्ध छन् । ती हुन्: १) बुङ्गमे लोकेश्वर रातो (बुङ्गमती) २) अवलोकेश्वर सेतो (जनबहाल) ३) चोभारस्थित रातो आदिनाथ लोकेश्वर र ४) नाला उत्तरापन्थ महावीरस्थित श्री सृष्टिकान्त लोकेश्वर (सेतो) ।

लोकेश्वर सत्ययुगमा नै प्रसिद्ध भएको कुरा बौद्ध धार्मिक ग्रन्थहरूमा उल्लिखित छ - यिनै लोकेश्वर का प्रभावले सत्ययुगीन नगिनीपुरमा राजा दीर्घरथ तथा यिनका प्रजाको उद्धार भएको थियो । लोकेश्वर मल्लकालमा पनि त्यत्तिकै प्रसिद्ध थिए भन्ने कुरा तत्कालीन पाटनका राजा श्रीनिवास मल्लले चौकोट दरबारको मूल झ्यालमा श्री सृष्टिकान्त लोकेश्वर र अन्य देवदेवी कुँदिएका सुवर्णमय झ्याल राखेबाट पनि स्पष्ट हुन्छ । नालास्थित लोकेश्वर मन्दिरनिर्माणको मिति भने फेला पार्न सकिएको छैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पहिले यहाँ दीपंकर बुद्ध (सम्यक् देवता) को मूर्ति थियो । सोही मन्दिरमा नै लोकेश्वरको लागि पद्मासन निर्माण गरी स्थापना गरिएको र पछि यसलाई ठूलो बनाई पुनः निर्माण गरिएको हो भन्ने बुद्धिजीवी तथा आम स्थानीय बासिन्दाको मत छ । दुई तला भएको यस मन्दिरलाई वि.सं. १९९० सालको महाप्रलयकारी भूकम्पले क्षति पुऱ्याएकोले श्री ३ महाराज जुद्धशमशेरबाट बक्स भएको ५०० रुपैयाँ र जनसहयोगबाट वि.सं. १९९२ सालमा यसको जीर्णोद्धार कार्य सम्पन्न भएको थियो । हालसालै २०५६ सालमा पनि यस मन्दिरको निर्माणको कार्य फ्रान्स सरकारको सहयोगबाट सम्पन्न भएको छ । पहिला पोखरीको बीचभागमा स्नानमण्डप थिएन, वि.सं. २००९ सालमा देवालयको अगाडि स्नानपोखरीको निर्माण गरेको पाइन्छ । नियमित रूपले पूजा गराउने उद्देश्यले यस मन्दिरको पुजारीको व्यवस्था पनि गरिएको छ । वि.सं. २०११ सालमा मण्डपको वरिपरि पोखरीको निर्माण भएको थियो । एक जोडी प्रस्तर सिंहले पहरा दिएको यस मण्डपको बीचमा श्वेतपद्मासन निर्माण गरिएको छ । २०३४ सालसम्म यो मन्दिरको दुवै छाना झिंगटीले छाएको थियो । २०३४ सालमा माथिल्लो छानामा झिंगटी झिकी तामाको छानाले छाएको थियो र अग्रभागमा सुनको जलप लगाई सुवर्णमय अष्टमंगलयुक्त पताका चढाई २०३५ सालमा निर्माणकार्य पूरा गरियो । यसैगरी २०४५ सालमा तल्लो छानामा पनि झिंगटी झिकी तामाको छाना, १०८ लोकेश्वर, लोकेश्वर युक्त टुँडाल तथा मन्दिरको बाहिरी भित्तामा मार्बल छाप्ने काम सम्पन्न गरी पोखरीको बीचभागमा खम्बा निर्माण गरी अखण्ड दीपको स्थापना गरी पूजा चलाउने व्यवस्था गरियो ।

२) उग्रचण्डी नाला भगवती -

उग्रचण्डी भगवती नेपालमा रहेका चार भगवती, पलाञ्चोक भगवती, मनकामना भगवती, शोभा भगवती र उग्रचण्डी भगवतीमध्ये एक हुन् । उग्रचण्डी भगवतीको इतिहास पनि लोकेश्वरसँग गाँसिएको तथ्यलाई धार्मिक ग्रन्थहरूले पुष्टि गर्दछन् । उग्रचण्डी भगवतीको उत्पत्तिका सम्बन्धमा प्राप्त कथामा सत्ययुगमा नगिनीपुरका राजा दीर्घरथकी रानी सुधर्मादेवीकों भक्तिभावले लोकेश्वर प्रसन्न भई बाह्र (१२) बर्षसम्म जलवृष्टि नभएको नगिनीपुर (नाला) मा श्री लोकेश्वर सुखावती भुवनबाट चन्द्रादेवीको रूप धारण गरी सुरुमा राजालाई मोहित पार्न उनको प्रिय श्वेत अश्वको रूप धारण गरी बगैंचामा चरेको र पछि राजालाई अनकण्टार जंगलमा छोडी चन्द्रावती देवीको रूपमा दर्शन दिएको कुरा वर्णित छ । यिनै चन्द्रावती देवीद्वारा सिकाइएको व्रतविधि र यसको महिमाबाट प्रभावित राजाले उनले भनेबमोजिम हरेक महिनाको शुक्लअष्टमीको दिन पुण्य तीर्थमा व्रत उपवास गर्नाले राज्यमा जलवृष्टि भएर सबै फाँटहरू हरियाली भई सुख शान्ति भएको पनि कथाले बताउँछ । यसबाट स्वर्गका राजा ईन्द्र ईर्ष्याले छटपटिई अष्टभुज-त्रिनेत्र धारण गरी हतियारले सुसज्जित भई व्रतस्थलमा दुःख दिन थालेकाले चन्द्रावतीले उग्रचण्डी भगवतीको रूप धारण गरी ईन्द्रलाई लखेटी नगिनीपुर राज्यका जनताहरूको रक्षा गरी ठूलो ढुंगामा आफू अन्तर्ध्यान भई राजालाई भवगतीले मूर्ति बनाउन लगाएको वर्णन पनि पाइन्छ ।

यिनै भवगती नालामा उग्रचण्डीका रूपमा रहेको बौद्धग्रन्थमा उल्लेख भएको पाइन्छ । उग्रचण्डी भगवतीको चारतले मन्दिर छत्रशैलीमा निर्माण गरिएको छ । यस मन्दिरको पहिलो तल्ला ने.सं. ७६१, दोश्रो तल्ला ७६३, तेस्रो तल्ला र चौथो तल्ला ७६७ मा राजा जगत् प्रकाशमल्लको पालामा बनाइएको थियो । चौथो तल्ला तामाले छाएको छ भने अन्य ठाउँमा झिंगटीले छाएको छ । शिरमा सुवर्णमय गजुर राखिएको छ । वि.सं. १८२० कार्तिक १० मा चढाइएको ताम्रपत्र मन्दिरको भित्तामा राखिएको छ । बली चक्रमा राजा जगत्प्रकाश मल्लको नाम र ने. सं. ७६७ बैशाख रोज २ उल्लेख गरिएको छ । मन्दिरको अगाडि रहेको ठूलो घण्ट रणजीत मल्लले ने.सं. ८८२ बैशाख २ मा चढाएका थिए ।

उग्रचण्डी भवतीका दुईवटा मन्दिरमध्ये एउटा लाँगाटोलस्थित कलात्मक मन्दिर हो भने अर्को विजयापति टोलमा रहेको धोछें मन्दिर हो । यी सुवर्णमय मन्दिरहरू नालानिवासी "किसी" श्रेष्ठ खलकले स्थापना गरेको भनाइ छ । उग्रचण्डी भवगती पूजामा "किसी" खलकका थकालीले पूजारी भएर दैनिक पूजा गर्ने चलन छ ।

ऐतिहासिक एवं धार्मिक रूपले प्रख्यात रहेको नालाबजार र नाला गाउँमा रहेको संस्कृतिक धार्मिक वस्तुहरूको समय अनुसार उचित संभार गर्दै गएमा नाला शहरले सधैं आफ्नो अस्तित्व बचाई राख्नेछ र पर्यटकहरू पनि अरु बढ्ने संभावना छ । त्यसैले प्रत्येक नेपालीले नाला शहरलाई एकचोटी अवलोकन गर्नुपर्छ र उग्रचण्डी भगवतीले सम्पूर्ण मानवको कल्याण गर्दछिन् ।

***

कालः पचति भूतानि कालः संहरते प्रजाः।
कालः सुप्तेषु जागर्ति कालो हि दुरतिक्रमः ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राष्ट्रिय ट्रंक सेवा (एस.टि.डी.) सहुलियत दररेट

क) आइतबारदेखि शुक्रबारसम्म प्रत्येक दिन बिहान ७:०० बजेदेखि साँझ ६:०० बजेसम्ममा प्रचलित दररेट (Full Rate) लागू हुनेछ ।

ख) आइतबारदेखि शुक्रबारसम्म प्रत्येक दिन साँझ ६:०० बजेदेखि बेलुकी ९:०० बजेसम्म प्रचलित दररेटमा ३३ प्रतिशत छुट हुनेछ ।

ग) आइतबारदेखि शुक्रबारसम्म राति ९:०० बजेदेखि भोलिपल्ट बिहान ७:०० बजेसम्म प्रचलित दररेटमा ५० प्रतिशत छुट हुनेछ ।

घ) हरेक शनिबार बिहान ७:०० बजेदेखि आइतबार बिहान ७:०० बजेसम्म (२४ घण्टा) प्रचलित दररेटमा ५० प्रतिशत छुट रहनेछ ।

ङ) विजयादशमीको पावन अवसरमा फूलपातीको एकदिन अगाडि बेलुकी ९:०० बजेदेखि द्वादशीको बिहान ७:०० बजेसम्म प्रचलित दररेटमा ५० प्रतिशत विशेष छुट हुनेछ ।

च) भाइटीकाको शुभ-उपलक्ष्यमा लक्ष्मीपूजाको एक दिनअगाडि बेलुकी ९:०० बजेदेखि भाइटीकाको भोलिपल्ट बिहान ७:०० बजेसम्म प्रचलित दररेटमा ५० प्रतिशत छुट हुनेछ ।

नेपाल दूरसंचार संस्थान
केन्द्रीय कार्यालय
सिंहदरबार काठमाण्डौ ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपहार

✍ लक्ष्मी "निराला", सं.छा.वा.

(एउटा वसन्त ऋतु झैं ढकमक्क फुलिरहेको वगैंचा । वीचमा एउटा ठूलो रुख र त्यसको मुन्तिर वस्न लायकको हरियो दूवो घाँस । एक षोडशी युवतीको प्रवेश । युवती अधैर्य भएर घडी हेर्दै र बेलाबेलामा च्व ! कस्तो ? जस्ता ध्वनि निकाली झुकिरहेकी । युवकको प्रवेश हुन्छ)

युवक - (अत्तालिदै) सरी दिव्या ! आज पनि ढीलो आउन वाध्य भएँ । (केटी 'हु..' गर्ने सुरमा टाउको घुमाउँछिन् तर कुरा पूरा बुझेपछि खुशी हुन्छिन् ।)

युवती - ठीकै छ नि म रिसाएकी छैन । प्रतीक्षाको फल मीठो हुन्छ भनेरै त म यसरी कुरिरहेकी । ल अब देखाऊ, तिमीले के उपहार ल्यायौ ?

युवक - (अचम्मित हुँदै) हँ ? के को उपहार ? कस्तो उपहार ? कस्लाई उपहार ? युवती - (ठुस्किएको भावमा) हुँ ... झन उपहार लिन जाँदा ढीलो भयो होला भनेर चूप लागेकी त के को उपहार ? कस्लाई उपहार ? हुँ ..

युवक - यता हेर त दिव्या । (हातमा सिकी हल्लाउदै) ढ्यान्ट्याङ्ग ...

युवती - (फर्केर हेर्दै) जाबो सिकी ? साथीका व्वाइफ्रेण्डहरू कस्तो-कस्तो उपहार दिन्छन् । अमेरिका, जापान घुमाउन लान्छन् । कस्ताकस्ता विदेशी खानेकुरा खुवाउँछन् । तिमी त ...

युवक - (गम्भीर हुँद), ठीकै छ । तिमीलाई यो सिक्री चाहिदैन, हैन त ... ?

युवती - चाहिन्न के चाहिन्न । तिमी उपहारै भनेर दिन कर लगाउँछौं भने लेउ, लगि दिन्छु (युवकको हातबाट सिक्री तान्छे ।)

युवक - दिव्या, यो लगेर के गछ्यौं ?

युवती - यस्ता जावा त मसँग कत्ति छन् कत्ति ? लगेर फाल्दिन्छु नि ।

युवक - भन, कहाँ फाल्छ्यौं ?

युवती - जहाँ लगेर फालेपनि मेरो हातको कुरा, तिमीलाई किन यत्रो सरोकार ?

युवक - फाल्ने भए मैले देख्ने ठाउँमा फाल ल ? किनकि त्यो मैले टिप्न सकूँ र फेरि तिमीलाई त्यही उपहार दिन पाऊँ ।

युवती - (आँखा तर्दै) छि : कस्तो लोभी होला ? आखिर वाहुनकै त छोरा पऱ्यौ ? (ठुस्किदै फेरि) हुँ.. तिमीले मलाई कहिल्यै राम्रो उपहार ...

युवक - (कुरा काट्दै) छोड दिव्या ! अब हाम्रो विवाह हुन संभव छैन ।

युवती - (छिटो) किन किन ? किन संभव छैन ?

युवक - (सम्झाउने हेतुले) हेर म परें उत्कृष्ट खानदान, वाहुनको छोरा तर तिमी तल्लो जातकी , दमिनी ...

युवती - (वसेको ठाँउवाट उठेर लखेट्दै) के रे ? फेरि भन त खूव माथिल्लो जातको भै खाएको । धोकेवाज, हुँ....

युवक - (युवतीलाई चप्प समातेर मुखमा हेर्दै) हेर तिम्रो यो 'हुँ...हुँ' समस्याको समाधान होइन । वरु कुनै उपाय सोचौं । मेरो वुवालाई मनाउने केही जुक्ति त रच ।

युवती - ठीक छ । ल आउ हामी एकछिन विचार गरौं । (दुवै जना शीतल छहारीमुनी वसेर कुराको हाउभाउ देखाउछँन् फेरि सोचेको जस्तो 'अँ...' भनेर वस्छन् । यत्तिकैमा एक जँड्याहाको प्रवेश । हातमा आधा वियरको सिसी छ ।)

जँड्याहा - (लर्खरिदै) पागल प्रेमी म ... । वहुला प्रेमी म ... (झोक्किदै) सालीलाई जे भन्यो त्यही उपहार दिनुपर्ने नत्र भने ... त्यसको वाउको जे दियो खुरुक्क लिन छोडेर, फलानो भएन, र ढिस्कानो भएन ? (वियर खान्छ) त्यसको वाउको घडी पनि सुनकै चाहिने ? औंठी पनि हीराकै चाहिने ? ... त्यसको वाउको मुटुमाथि ढुंगा राखी त्यत्रो राम्रो सिक्री दिएँ, गधिनीलाई त्यो कुहिएको केराको बोक्रा जस्तो रे, ठुस्स गनाउने (नाक बन्द गर्दै) खोइ? के गनायो? (नाकले सुँ सुँ सुँघ्दै) केही पनि रहेनछ । (हातले नाकमा हम्किदै) छि : छि : छि : ... (वियर हेर्छ र फेरि घुट्की लगाउँछ) त्यस्तो वाउको रीवन डोरी ल्याइदिएँ चुल्ठो वाट्ली भनेर, कुकुर्नीले कपाल केटाको जस्तो पो पारेर काटिछ ... त्यस्को वाउको ... त्यस्लाई मैले के उपहार दिइन र ? ... (सोंचिदै) फलामको सिक्री, तामाको मुन्द्री, पित्तलको औंठी, सिलावरको ... के के दिएँ, के के ? त्यस्को वाउको त्यस्लाई सुनको चाहिने .... हिरा को चाहिने, मोतीको चाहिने, तर म कालेको किन नचाहिने? (झस्किदै) हँ ... ? त्यसको वाउको हुँदाहुँदा म पनि ह्याण्डसमै भएन रे । त्यस्को वाउको ! सारा उपहार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुम्ल्याएपछि बाटो पो लाग्न खोज्छे त्यसको बाउको । (लास्ट घुड्की खाइसक्छ) र त्यसको बाउको (उठ्न खोज्छ र फेरि लर्खरिदै लड्न खोज्छ) अरे ... त्यस्को बाउको लौ ... जा ... । (त्यो जँड्याहा त्यही सुत्छ, चलमल नगरीकन पर सोचिरहेका जोडी पनि अझै सोच्दैछन् । फेरि मञ्चमा 'एक युवक र एक युवतीको प्रवेश ।)

युवक - (टहलिदै) यस्तो ह्याण्डसम छु । खै अहिले सम्म कसैले पत्याएकै हैन ।

युवती - (विस्तारै) खै यो पार्कमा पनि केटै आउँदा रहेनछन् कि क्या हो ? आफू भने ह्याण्डसम खोज्दै हिंडेको, आजको दिन पनि उसै जाला जस्तो छ । तिनीहरू दुवै जना यताउति हेरी हिंडिरहेका हुन्छन् । केटा नजिकै आइपुगेपछि केटी तर्सेर लर्खरिन्छे र हिल जुत्ताले गर्दा लड्छे मौका छोपेर केटा पनि केटी माथि विस्तारै लड्छ (केटी सोचिरहन्छे, केटा मुखमा हेरिरहन्छ ।)

युवती - (मख्ख पर्दै, मनमनै) तिम्रो त्यो आँखामा को बस्छ ? हाय ! क्या च्वाँक यस्ले थिच्दा पनि क्या मज्जा आयो, अझै थिच्दा पनि क्या मज्जा आयो, अझै थिच्न ए मर्द आहा... धनाढ्य छ जस्तो छ तर दुनियाँले यो चर्तिकला देखिराख्या होला (हत्तारिदै) छोड्नुस् । यसरी अर्काको गौउमाथि आनन्दसँग दुनियाले देख्ने गरी सुत्न लाज लाग्दैन ?

युवक - क्षमा गर्नुहोला । मैले तपाईं माथि सुतेर स्वर्गीय आनन्दको सुख लुटें । के म तपाईलाई उठाउन सक्छु ?

युवती - (तुरुन्तै) होइन, होइन । म पनि तपाई जस्तै एक्लै ।

युवती -त्यसो भए के म प्रेमको प्रस्ताव राख्न सक्छु, प्लीज?

युवक - किन नसक्नु ? आइ लव यू । (युवती हात समाएर) हाम्रो प्रेमको शुरुवातमा म के उपहार दिउँ होला ?

युवती - जे छ दिनुस् न आखिर प्रेमको उपहार न हो घडी, सिक्री , ।

युवक - (झिक्दै युवतीको हातमा राखिदिदै) यो सुनको घडी, यो हीराको सिक्री, यो मोतीको औठी र ... मेरो दिल पनि ।

युवती-(मख्ख परे झैं) तपाई निकै राम्रो हुनुहुन्छ । अब कहिले भेटूँजस्तो लाग्न थाल्यो । म तपाईलाई छोडेर कहाँजाउँ? कसरी जाउँ ?

युवक -(सम्झाउँदै) प्रेम वसेपछि यस्तै हुन्छ, तर यो मिलन र विछोड प्रेमी प्रेमिकाको लागि ठूलो चोट हो । तर हाम्रो बाध्यता हो । भोलि यही ठाउँमा मेरो जिन्दगीको ठूलो उपहार दिनेछु यही आउँ हुन्छ ?

युवती - हुन्छ, हुन्छ । बाइ ... बाइ ... ।

(युवक र युवती विपरीत बाटो तर्फ लाग्छन् र मञ्चमा मधुरप्रकाश हुन नपाउँदै युवती फेरी आउँछे र भन्छे)

युवती - वा यत्रो उपहार ? यो प्रेमी त पहिलेको मेरो भन्दा पनि धनी रहेछ । भोलि एउटा अमूल्य उपहार लिएपछि त म टाप कस्छु । हा ... हा... हा ...

(प्रकाश निभ्छ । युवती जान्छे । एउटा पाको उमेरको बूढो चौतारिमा आएर बस्छ । ऊ सभ्य केश सेतै फूलेको छ र हातमा लौरो पनि छ ।)

बूढो - (यताउति हेर्दै) समय चक्रले एक्काइसौं शताब्दीको उपहार दिएर गयो , मेरो काल नजिकै आएको कैले हो कुन्नि ? मैले मृत्युको उपहार लिनुपर्ने धत्तेरिका म सधैं यही कुरामा डराइरएको हुन्छु भन्या खै? कता गयो शीतल हावा ? (टोपिले हम्किदै) अब धूवाँ-धूलोको स्वच्छ हावा खाए त हो नि । खै कोइली पनि कराउँदैन । के गर्नु र ? प्रकृतिको अनुपम उपहार कस्ले चोऱ्यो कस्ले ? जन्मनु र मर्नु त रहेछ सबैभन्दा ठूलो उपहार । अब मेरो बाँच्ने इच्छा पनि छैन यो धूलो धूवाँ खाएर । बरु स्वर्गमै बसेर आनन्दले ... (संझिदै) साँच्ची छोराको बिहे गर्दिन पाए उसले पनि उपहार पाउँथ्यो, आफ्नो श्वास पनि सजिलै जान्थ्यो । हैन छोराले आज ठूलो उपहार देखाउँछु भन्या थियो , कहाँ गएछ कुन्नि ?

(परबाट युवा -युवती अंगालोमा बाँधिएर आइरहेको देखिन्छ । हठात् त्यो बूढो देख्ने वित्तिकै युवकले युवती पछाडि लुकाउँछ र भन्छ)

युवक -(डराउँदै) बुवा ! हजुर कसरी यहाँ ?

बूढो - गर्मी भयो शीतल तापूँ भनेर । तँ नि हल्लिएर ? तँ के गर्दैछस् ?

युवक - (हड्वडाउँदै) बुवा ! के भने नि उपहार हजुरलाई ...

बूढो - अँ अँ देखा देखा । खै कस्तो छ उपहार ?

(युवकले केटीलाई पछाडिबाट देखाउँछ, युवती मुस्काउँदै देखा पर्छिन्)

युवक - यही हो बुवा उपहार । हजुरकी बुहारी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बूढा - (अलि ठूलो स्वरले) ठीक छ। ए मोरा ? तैले नलाई पनि आफू जस्तै लव गर्न आएको भन्ठानिस् कि क्या हो ? (दुवै जना हाँस्छन् र बूढो पनि हाँस्छ र युवती पनि अलि अलि डराएर सोध्न खोज्छे।)

युवती - मैले के भन्न खोजेकी भने नि ... जातपात ... दमिनी ... ?

बूढो - (थर्काएर) के रे ? म यस्तो जातपात मान्दिन भन्ने कुरा थाहा छैन तिमीलाई ?

युवती - (झन डराउँछे र युवकतिर हेरेर) तर तिमीले त मलाई ...

युवक - ए... है ... है... त्यो त मैले तिमीलाई भुलाएर राख्न। तिमी उपहार भनेर

बम्किन थाल्छयौ। अनि के गर्नु त तिमीलाई मन भरि हेर्न चाहन्थें शायद तिमीले धेरै सोच्यौ होला तर मैले तिम्रो ? मुख वाहेक केही देखिन। बुझ्यौ त मेरी ...

युवती - ए ... तिमीले मलाई (लखेट्न थाल्छे, बुढोको वरिपरी घुम्छन्)

बूढो - (सम्झाउने प्रयत्नले) हेर बाबु हो ! संसारमा पति पत्नी नै एक अर्काका ठूला उपहार हुन्। जीवनमा संगै मर्ने बाँच्ने वाचा वाहेक अर्को उपहारै छैन। यी देखावटी सुन, चाँदी, हीरा, मोती सारा दिया मात्र हुन्। यिनले दुःखको चोट बढाउँछन्। हेर ' मन नै सर्वेसर्वा उपहार हो। तिमीहरू एक-अर्कालाई मन देओ यही काफी छ। यदि तिमीहरू उपहार लिन दिन चाहन्छौ भने मन, वचन र कर्मले एक-अर्काप्रति समर्पण देऊ। यही नै जीवनको सुखद र अविस्मरणीय उपहार हुनेछ।

युवक - बुवा यो त आदर्श मात्र भयो, यथार्थमा त्यो हुन्न। हेर्नुस् हजुरको बुहारी भनाउँदीलाई मैले उपहारै गरेर आधा सम्पत्ति चढाइसकें नैपनि महारानीको चित्त ...

युवती - (अलि सम्हालिएर) होइन बुवा, क्षमा चाहन्छु। मैले पनि उनी (युवकतिर हेरेर) बाहेक अर्को उपहार देखेकी सुनेकी पनि छैन। मैले त महाशयको सोझोपनको फाइदा उठाएकी जाँच पो लिएकी ...

युवक - (तत्काले) के रे ? फेरि भन त ? मलाई टाट पल्टाउने बेला यो भएन र ऊ भएन रे, अहिले जाँच लिएकी रे ?

युवती - (उपहार देखाउदै) अनि के त ? यी बुवा मलाई धाक लगाउन महाशयले दिएको उपहार ? मलाई फूर्ति लगाउन (बूढोलाइ दिन्छे।)

बूढो - (खुशी हुँदै) स्याबास छोरी ! तिमी यति बुद्धिमानी रहेछौ। ल तिमीहरूको उपहार (युवक र युवतीको हात मिलाइदिन्छ र पोको खोल्छ) आहा मलाई मनपर्ने पनि रहिछ, के म यो उपहार लैजाऊँ ? (सबै जना हाँस्छन् र पर जाँड खाएर पल्टिरहेको मान्छे पनि बिउँझिन्छ)

जँड्याहा - (नजिकै आएर) त्यसो भए यो उपहार त्यसको बाउको हजुरले लिने ? ए बुवा ! मेरो पनि प्रेमिकालाई 'उपहार हेडेक' भएको छ। उपचार गराइदिनुस् न। म पनि मुक्ति पाउँथे ... हे... हे... (हाँस्छ)

बूढो - जाबो उपहार हेडेक होइन ! म कहाँ 'उपहार, क्यान्सर' 'उपहार एडस्' भएको बिरामी ल्याउनु ठीक गरिहाल्छु नि, त्यस्तो भारेभुरे ...

जँड्याहा - हा... हा ... हा ... हजुर त जस्तो मान्छे, उस्तै व्यवहार हा...हा...हा...(संगै संगै युवा-युवती पनि हाँस्छन र अलि पर फेरि प्रेमजोडी देखापर्छन् युवक एकातिरबाट युवती अर्कोतिरबाट आइरहेको देख्छन् र खुशी हुन्छन्।)

युवती - (मख्ख पर्दै) हाय राम् आयौ तिमी ? सरी ! हजुर ? कस्तो बेलैमा भेट भयो है। भन्नुहोस् आज के उपहार ल्याउनु भएको छ। त्यस्तो अद्भुत ?

युवक- (गम्भीर चेहराले) जिन्दगी। मेरो दिल। मेरो हृदयमा सदासदाको वासको लागि उपहार ल्याएर आएको छु। मेरो अन्तर्आत्मासँग समाहित भएर आफ्नो उपहार लैजाऊ सुन्दरी।

युवती - (रिसाउँदै) झन् के के न उपहार ल्यायो होला भन्या त दिल रे : कसैको नभाको दिल।

(परवाट युवक-युवती, बुढो र जँड्याहाहरू तिनीहरूको चर्तिकला देखेर एकछिन मुखामुख गर्छन् र बूढा आएर संझाउँछन्।)

बूढा - हेर नानी ! (आफ्नो छोरा बुहारी तर्फ औल्याउदै) तिनीहरूले एक अर्कालाई के उपहार आदान प्रदान गरेका छन्। हातसँग हात। कहिल्यै नछुट्टिने कसम। जीवन यात्रा सँगसँगै काट्ने वाचा यही हो उपहार। संसारको अमूल्य उपहार। (त्यसपछि बूढोले हात माथि हात राखिदिन्छ। उज्यालो अलि गाढा भएर देखापर्दछ। दुवै जोडीहरू एक अर्काको हात पाएर मख्ख देखिन्छन्। त्यो जँड्याहा हत्तपत्त आएर बूढोसँग भन्छ)

जँड्याहा - हैन बुवा ! हजुरको र मेरो मात्र हात खालि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

किन ? खै हजुरको पनि हात दिनोस् । (हात समाउँछन्) (सबै जना गलल हाँस्छन् । प्रकाश अलिक मधुरो हुन्छ र
बूढा - ल, ल कतै तिमी मसँग त प्रेम गर्न लागेनौ ? पर्दा बन्द हुन्छ ।)

तुलसी जडिबूटी चिया

शुद्ध जडिबूटीहरूद्वारा निर्मित तथा सधैं सबैका लागि स्वास्थ्यकर एवं कास, श्वास प्रतिश्याय (रुघा) आदिमा समेत उपयोगी सि.वै. तुलसी चिया नियमित रूपमा पिउने गरौं ।

उत्पादक

श्री ५ को सरकार स्वास्थ्य मन्त्रालय

सिंहदरबार वैद्यखान विकास समिति, फोन नं. ४२११७४

Enjoy

Our New Services and Facilities

* **Virtual Telebanking**
* **Computer On-Line Service from Home/Office**
* **Business Query Through Customer Dedicated Computer within Bank Premises**
* **Personal Housing Loans Scheme**
* **Free Personal Accident Insurance Policy plus medical Expenses to Savings Account Holders**
* **Interest on Savings Account on Daily Balance**
* **Self-Employment Scheme and *many more* ..... !**

Your Business Bank

नेपाल-बैंक अफ सिलोन लि.
Nepal-Bank of Ceylon Ltd

Head Office	:	Siddarthanagar, Rupandehi Tel: (071) 21952/Fax: (071)21953
Kathmandu Main Branch	:	Bagbazar, Kathmandu Tel: 2-46991/Fax: 2-44610
Barabise Branch	:	Barabise Bazar, Sindhupalchowk Tel/Fax: (011) 62095
Lumbini Branch	:	Mahilawar Rupandehi Tel/Fax: (071) 80152
Thankot Branch	:	Thankot, Kathmandu Tel: 3-11927 / Fax 3-11928
Banepa Branch	:	Banepa, Kavre, Tel/Fax : (011) 62076
Newroad Branch	:	Newroad, Kathmandu (Opening Shortly)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२७९ औं पृथ्वी जयन्ती

तथा

राष्ट्रिय एकता दिवसको

उपलक्ष्यमा समस्त देशवासी

दाजुभाइ तथा दिदीबहिनीहरूमा

उत्तरोत्तर प्रगतिको हार्दिक

मंगलमय शुभकामना

व्यक्त गर्दछौं ।

महेन्द्र संस्कृत विश्वविद्यालय

परिवार

बेलझुण्डी, दाङ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२७९ औं पृथ्वी जयन्ती

तथा

राष्ट्रिय एकता दिवसको

उपलक्ष्यमा समस्त देशवासी

दाजुभाइ तथा दिदीबहिनीहरूमा

उत्तरोत्तर प्रगतिको हार्दिक

मंगलमय शुभकामना

व्यक्त गर्दछौं।

अरुणोदय परिवार

संस्कृत छात्रावास

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu